# सिक्किम
# र
# प्रजातन्त्र

**पवन चामलिङको विचार संकलन**
(प्रथम खण्ड)

सम्पादक
**वीरू बाङदेल**

प्रकाशक
सी० बी० कार्की

सिक्किम र प्रजातन्त्र
पवन चामलिङको विचार संकलन
प्रथम खण्ड

प्रकाशक
सी० बी० कार्की
संस्करण : प्रथम, १९९६
मूल्य : ५०/- मात्र

प्रकाशकमा

SKKIM PRAJATANTRA
SELECTED SPEECHES OF PAWAN CHAMLING
(Vol.-II)
IN NEPALI
EDITED BY BEERU BANGDEL

कम्प्यूटर सेटिङ्ग
मुद्रक
दास प्रिन्टर्स, सिलगड़ी

## अनुक्रमणिका


- हाम्रो उद्देश्य – जनता राजमा जनतै राजा !/१
- हामीले सबै संस्कृतिको सम्मान र सम्वर्द्धन गर्न पर्दछ/१९
- सिक्किमलाई समृद्धशाली र आत्म-निर्भर बनाऔं/२७
- हाम्रो सरकार पसिना बगाएर, पाखुरा बजाए खानेहरूको हो/६२
- मेरो राजनीतिको केन्द्रमा सिक्किमे जनता छन्/७३
- म बरू मरि जाउँला, तर गरीबलाई कहिल्यै धोका दिन्नँ/८१
- हामीले पार्टीको गठन सानो र सीमित स्वार्थले गरेका होइनौं/९२
- हामी जात-जातमा फुट्नु होइन, जूट्न सक्नु पर्छ/१०३
- हामीलाई सिद्धान्त ज्जानभन्दा पनि प्यारो छ/१०९
- दिशा – निर्देश/१५२
- जारी छ क्रान्ति, जारी रहनेछ/१६२

# आमुख

मुख्यमन्त्री श्री चामलिङका विचार एवं धारणालाई संगठीत गर्ने क्रममा यो संकल्प तयार पार्न सम्भव बन्यो। उहाँले विभिन्न उपलक्ष्यहरूमा राख्नु भएका भाषणहरूमध्ये चुनिएका कतिपय भाषणहरू मात्र यस संकलनमा गाभ्ने काम यहाँ गरिइएको छ। त्यस नाताले उहाँके विचार एवं धारणाको मूल अन्तर्वस्तु तथा स्वरूपलाई पहिल्याउन चाहनु हुने पाठकहरूका निम्ति यो संकलन उपयुक्त हुनेछ भन्ने हाम्रो विश्वास छ।

मूल रूपमा यहाँ संकलित सबै भाषणहरू सरकारी सीमानाभित्र राखिएका भाषणहरू हुन्। त्यसको साथै यी भाषणहरू मूलतः सिक्किमे सन्दर्भमा आवेष्ठित भाषण पनि हुन्, जसले अनिवार्यतः सिक्किम सम्बन्धी धारणाको प्रतिबिम्बन र प्रतिनिधित्व गर्दछ। त्यस अर्थमा राजनीतिका सामन्यीकृत धारणाहरूलाई सिक्किमको सन्दर्भमा वर्तमान सरकार तथा सरकार प्रमुखले कुन रूपमा ठम्याउन खोजेको छ, त्यसको समेत आधारभूत संकेत यस संकलनबाट मिल्न सक्ने कुरोमा हामी आशावादी छौं

झण्डै एक वर्षको समयावधिभित्र भएका विभिन्न जमघटहरूलाई सम्बोधन गर्ने क्रममा मुख्यमन्त्री श्री पवन चामलिङले व्यक्त गर्नु भएका यी वक्तव्यहरूलाई एकै जग्गा भेला गर्ने कार्य गरिंदासक्दो एउटै विषय घरि-घरि नदोहोरियोस् भन्ने हामीले चाहेका छौं। तर विशेष उद्देश्यमा निष्ठा राखेर बोलिएको कुरामी अलग-अलग विषयको अतिरिक्त पनि साम्य देखिनु स्वाभाविक नै हुन्छ। र त्यो यसै संकलनमा समेत भएको महसुस हामीले गरेका छौं। मूलरूपमा यस संकलनको ध्येय श्री पवन चामलिङको वैचारिक क्रान्ति को स्वरूपलाई ठम्याउने प्रारम्भिक प्रयास भएको हुँदा भित्र-भित्र भाषणहरूमा दोहोरिएर प्रसंगहरूलाई काँट-छाँट गर्ने बाहेक अरू जस्ताको तस्तै राख्ने काम गरिएखओ छ। र हामीलाई आशा छ कि यसो गरिएबाट पाठक तथा अध्येताहरूले श्री चामलिङका मूल एवं मौलिक विचारहरूसँग सोझै परिचित हुन पाउनेछन्।

वैचारिक अस्पष्टता तथा त्रुटि-बिच्यूतिहरू रहेमा सचेत जनले होशियारी गराउनु नै हुनेछ भन्ने आशा साँच्दै यस संकलनलाई यतिकै सुम्पन्छौं।

## हाम्रो उदेश्य – जनता राजमा जनतै राजा!

### (एस० डी० एफ० सरकारको प्रथम वर्षगाँठको उपलक्ष्यमा सिक्किमे जनताप्रति मुख्यमन्त्री श्री पवन चामलिङको सन्देश)

(१२.१२.१९९५)

आदरणीय जन-समुदाय,

सानो तर सुन्दर हाम्रो राज्य सिक्किममा सिक्किममा सिक्किम डेमोक्रेटिक फ्रन्टको अगुवाइमा जनताको सरकार गठन भएको एक वर्ष पूरा हुँदैछ। सिक्किमे जनताको, र विशेषतः गरीब सिक्किमेलीहरूको हितलाई सर्वस्व ठान्ने हाम्रो सरकारको प्रथम वर्षगाँठ मेहनती जनताको निम्ति हर्षको उत्सव नै बनेको छ। सिक्किमको चारै-कुनामा जनताहरू खुशी बाँड़िरहेका छन्। यो सुखद अवसरमा सर्वप्रथम सिक्किमेली जनसमुदायमा हार्दिक अभिनन्दन टक्रयाउँछु, र तपाईंहरूका हर्षमा सगौरव सामेल हुन चाहन्छु।

संसदीय राज्य-व्यवस्था भएको भारतमा निर्वाचनद्वारा सरकार फेरिनु स्वाभाविक प्रकृया हो। तर सिक्किममा भने यहाँ विद्यामान विशिष्ट परिस्थितिका कारण एक वर्ष अघिको सरकार परिवर्तनको घटना सिक्किमको इतिहासको सर्वाधिक महत्वपूर्ण घटनामध्ये एक बन्न पुग्यो। इतिहासको गर्भबाट नै वर्तमानको जन्म हुनाले यस महत्वपूर्ण घड़ीमा हाम्रो प्रजातान्त्रिक आन्दोलनको उद्भवर विकासको सम्बन्धमा छोटो चर्चा गर्नु उचित ठान्दछु। त्यसपछि मात्र सरकारले एक वर्षमा गरेका र गर्न बाँकी रहेका कामहरूको लेखा-जोखा गर्दा सरकारको सही तस्वीर अगाड़ि आउनेछ।

सैकड़ौं वर्षको सामन्ती शासन भोगेका सिक्किमेली जनताले सिक्किम भारतको अंग बनेपछि भारतीय संविधान अनुसार सरकार चुन्ने अधिकार त पाए तर जनाधिकारको घाँटी निमोठ्ने ब्वाँसाहरूलाई तह लगाउने चेतना र तागत पाएनन्। यसैले हो कि जन्म-सिद्ध राजतन्त्रको ठाउँ निर्वाचित तानाशाही प्रवृतिले लियो। सिक्किमलाई निर्णयको त कुरै छाड़ौं, त्यस विषयमा सोंच्नु पनि त्यसबेलाको सरकारले अपराध ठान्थ्यो। फरक-फरक विचारहरूले स्वस्थ ढंगले होड़ गर्न पाउनु प्रजातन्त्रको मौलिक सिद्धान्त हो। यो अधिकारको हत्या भएको ठाउँमा प्रजातन्त्रले

पालुवा समेत हाल्न सक्तैन; फल्ने-फुल्ने कुरो त परै जावास्। समाजको वास्तविकतालाई उजागार गर्ने पत्रकार र बुद्धिजीविहरू मात्र होइनन्, आफ्नो माग राख्न खोज्ने सामान्य जनता समेत सरकारी दमनको शिकार भए। आत्ममा बेच्नेहरूलाई किनेर अनि स्वाभिमानीहरूलाई दमन गरेर सम्पूर्ण सिक्किममा शासन गर्‍यो। राज्य आतंक यति चरम बनेको थियो कि लाग्थ्यो हामी सत्रौं शताब्दीमा बाँच्दैछौं। त्यो क्रुर हिस्रक शासनले सोझा सिक्किमेलाई यति विध्न आतंकित पार्‍यो कि जनता निर्धा बने। यो पहाड़का सरल चेलीहरूको सौन्दर्य र तारूण्य देख्दा शासनको टुप्पामा बस्ने राजनेताहरू चँगेज खाँले नगर देखे जस्तो गर्न थाले। जसरी घुमन्तेहरूका सरदार चँगेज खाँ नगर देख्दा/देख्नसाथ आक्रमण गर्थ्यो र त्यसलाई बर्बाद गरेर मजा लिने गर्दथ्यो, त्यसरी नै हाम्रा यी आधुनिक चँगेज खाँहरू हाम्रा चेलीहरूका अस्मिता, मर्यादा, कौमार्य र स्वाभिमानमाथि झम्टिने गर्दथे र जनताका करूण चित्कारहरूमा राक्षसी अट्टहास गर्दथे। यस्तो अमानवीय अत्याचारमुनि सिक्किमे जनता निस्सहाय बनेर बाँच्न विवश थिए। हिजोको यो कहाली लाग्दो यथार्थसँग आजको स्थितिलाई दाँजेर हेर्दा मात्र हाम्रो प्रजातान्त्रिक आन्दोलनको मर्म र यसले दिएको उपलब्धि स्पष्ट हुनेछ।

भारतमा पछि सामेल भएको विकट पहाड़ी राज्य सिक्किमका गरीब जनताको उत्थानको निम्ति केन्द्रले पठाएको हाम्रो अंशको सहयोगलाई भूतपूर्व शासकहरूले निजी सम्पत्ति सरह उपयोग गरे। यसैको परिणाम हो कि गरीब राज्य सिक्किमका तानाशाही प्रवृतिका नाइके र यसका मतियाहरू भारतकै धनाढ्य बने अनि सिक्किमे जनता भने घोर गरीबमा बाँच्न विवश भए। यतिका वर्षपछि पनि उद्योगका कुनै पनि पूर्वाधारहरू (Infrastructure) समेत निर्माण हुन नसक्नु र सिक्किले हरेक कुराको निम्ति आशे भएर बाँच्नु पर्ने स्थितिले यो छर्लङ्ग भइजान्छ कि हाम्रा भनाइहरू सतही राजनैतिक आरोप नभएर तथ्यको मसीले लेखिएका सत्यहरू हुन्।

बोल्ने, लेख्ने अधिकार अपहरण गरेर भाषा-सेवक बनेको दावा गर्नु भनेको खसीको टाउको झुण्डाएर कुकुरको मासु बेच्नु जस्तै हो भन्ने कुरा अब सर्वसाधारणले पनि बुझ्दै आएका छन्। भाषा, एक-अर्कालाई जोड़ने र विचारदेखि डराउने तानाशाही

मति भएकाहरूलाई भाषाप्रेमीको पगरी गुँथाई दिनु भनेको आखिर गिद्धको घाँटीमा तुलसीको माला लगाई दिनु जस्तै न हो!

यस्तो विसंगत परिस्थितिमा हामीले सिक्किमे जनतालाई सिक्किमको वास्तविक मालिक बनाउने सपना देख्यौं, र त्यो सपनालाई विपनामा परिणत गर्ने लामो र कष्टसाध्य यात्राको थालनी गर्‍यौं। त्यही यात्रुको नाउँ हो सिक्किम डेमोक्रेटिक फ्रण्ट। मुट्ठीभर शासक र तिनका मतियारहरूलाई अरबपति बनाउने र जनताको विशाल हिस्सालाई कंगाल बनाउने हिजोको परिपाटी विरूद्ध हामीले पहिलो शंखघोष गर्दा फगत जनताको आन्तरिक समर्थन हामीसँग थियो। संघर्षको मैदानमा आन्दोलनकारीहरू नगण्य संख्यामा मात्र थियौं। धन-दौलत र सत्ताको उन्मादले चूर अत्याचारीहरू आफ्नो पाशविक बलले संघर्षको त्यो सानो झिल्कोलाई हेलै निभाउने घमण्ड बघार्थे। तर हामीलाई विश्वास थियो यो सानो झिल्को एकदिन दावानल बन्नेछ र यसले तानाशाही शासन र यसका पृष्ठपोषकहरूलाई पत्कर डढाए झैं भष्मीभूत गर्नेछ। दुनियाँभरिका जनपक्षीय संघर्ष सिक्किमे जनताको प्रजातान्त्रिक युगमा प्रवेश गर्ने उत्कट इच्छा हाम्रो प्रेरणाको श्रोत थियो। अत्याचारीहरूलाई तह लगाउन, भ्रष्टचारीहरूको मुखमा महला लगाउन प्रजातान्त्रिक युद्धको सिपाही बन्ने युवाहरूको उत्साह र जाँगर हाम्रो भरोशाको केन्द्र थियो। यसबाहेक इज्जत र अस्मिता बचाउन चाहने चेलीहरूको खतरामा परेको स्वाभिमान, आफ्ना सन्तानहरू वित्यास लाग्दो भविष्य सम्झेर डराएका बृद्ध आमा-बाबाहरूको मुजा परेको गालाबाट बगिरहेको आँशु, कामको दाम-नपाएका मजदूरहरूको हातमा कठोर परिश्रमले उठेको ठेला, आधा पेट खाएर, आधा आँग लाएर, आधा जीवन बाँच्न विवश किसानहरूको दुःखले कुप्रिएको शरीर हाम्रा मन-मस्तिष्कमा टाँसिएका थिए। अनि बादलको वरिपरि चाँदीको घेरा टाँगिए झैं जनताका दुःख वरिपरि इतिहासलाई बदल्न सक्ने जनताको विपुल शक्तिको पनि हामीलाई ज्ञान थियो। यसैले त हो निर्भयताको कवच पौह्रिएर हामीले जनताका बैरीहरूलाई ललकार्‍यौं।

सिक्किमेली जनताको पक्षमा हाम्रो पार्टीले अघि सारेको प्रगतिन्मुख नीति र कार्यक्रम तथा सिक्किमको विशेष स्थितिमा यसलाई सुहाउने नीति प्रतिपादन गरेर त्यसलाई लागू गर्ने प्रतिबद्ध नेतृत्वलाई सिक्किमका गरीब जनताले विश्वास गरे।

यसैले नै हो विभिन्न तहका जनता विभिन्न मोर्चामा डट्न थाले। शताब्दीऔंदेखि शोषणको मारमा अचाना बन्न बाध्य स्नेहालू, दयालू र विवेकी चेलीहरूले यो आन्दोलनमा निभाएको भूमिका सिक्किमको इतिहासमा अमिट भएर रहनेछ। आन्दोलनको प्रारम्भदेखि आजपर्यन्त आधा आकाश उचाल्ने आधा धरतीका मालिक चेलीहरूले जुन लगन र साहसका साथ आन्दोलनलाई अघि बढ़ाउनु भयो त्यसलाई म क्रान्तिकारी अभिनन्दन गर्दछु।

जाँगरिला शरीर र संवेदनशील मन भएका युवा-युवतीहरूका बलिया पाखुरा आन्दोलनका निम्ति नसल्बलाई दिएको भए हाम्रो आन्दोलन यो तीब्र चालमा अघि बढ्न सक्दैनथ्यो। न्यायप्रतिको प्रतिबद्धता र अन्यायप्रतिको तीब्र घृणाका कारण अत्याचारीहरूसँग संघर्ष गर्न म आफूलाई सदा तत्पर पाउँदछु। यसैले हो भावनात्मक रूपमा म आफूलाई युवक नै ठान्दछु। मेरो यो भावनालाई बुझेर नै हो कि मेरो आव्हानमा सिक्किमे युवा-युवतीहरूले संघर्षको अग्रिम पंक्तिमा उभिएर त्याग र बलिदान अनुकरणीय उदाहरण पेश गरे।

आफ्नो पौरखले दुनियाँको निर्माण गर्ने मजदूर र किसानहरूप्रति मेरो ह्रदयमा असीम सम्मान र प्रगाढ़ विश्वासको भावना रहेको छ। मुक्तिकामी मजदूर र किसान वर्गलाई मैले चट्टान झैं बलियो आड़ सम्झने गरेको छु यो आन्दोलनमा उनीहरूको सक्रिय सहभागिताले मेरो विश्वासलाई अझ मजबुत बनाएको छ। कृषिप्रधान राज्य सिक्किममा जनताको दुःख हो भन्ने ठान्दछु। अर्को शब्दमा सिक्किम गाउँमा छ। किसानहरू विशाल संख्या विपुल उत्साहका साथ आन्दोलनमा संलग्न भएपछि नै आन्दोलन गन्तव्यतर्फ तीब्र गतिमा अघि बढ़न सक्यो। जनसंख्याको ८०% भन्दा बढ़ी हिस्सा ओगट्ने किसानहरूलाई हाम्रो शक्तिको श्रोत भन्दा हुन्छ। उनीहरूमा व्याप्त सामन्ती चिन्तनको प्रभाव क्रमशः हट्दै जानुसँगै त्यही प्रभावलाई उपयोग गरेर शासनमा बसेको प्रतिक्रियावादी वर्ग पछारिएको सत्य त हाम्रो अगाड़िनै स्पष्ट छ।

शिक्षा र चेतनाका जुनकिरी बनेका प्यारा गरूबा, गुरूआमा, डाक्टर, वकिल, प्राध्यपक, पत्रकार तथा सिक्किमेको भलो चाहाने कर्मचारीहरू समेतको आन्तरिक आस्था प्रजातन्त्रको पक्षमा रही दिएकाले प्रतिक्रियाका शक्तिहरू झन्पछि छन् कमजोर बन्दै गए र जनताको किल्ला समयसँगै मजबुत बन्दै आएको छ। विभिन्न

तहमा काम गर्ने कर्मचारी र उच्च अधिकृतवर्ग (Officers) ले आफ्नो कर्तव्य र उत्तरदायित्व बुझेर जनताको सेवाको निम्ति काम गरे मात्र सिक्किमले प्रगति गर्न सक्नेछ। तपाईंहरू समाजका शिक्षित र सचेत नागरिक भएकोले नयाँ र सुखी सिक्किम बनाउने जनताको निर्णयलाई व्यवहारमा सफल पार्न तपाईंहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुनेछ भन्ने कुरामा म आशावादी छु।

कर्मचारी तथा अफिसरका निम्ति पन यथाशक्य सकारात्मक कदमहरू चालेर सहयोग पुर्‍याउने र तपाईंहरूका हक-हितहरूका जर्गेना गर्ने दिशामा हाम्रो सरकारले सोंचेको छ। केन्द्रीय सरकारको वेतन आयोग (Pay Commission) को रिपोर्ट आउनसाथ सिक्किम राज्यमा पनि नयाँ वेतन आयोग प्रकाशमा ल्याई सबै सम्भव सुविधा र सहुलियतहरू तपाईं कर्मचारी/अफिसरवर्गलाई दिलाउन हामी वचनवद्ध छौं।

आज स्थितिमा आएको बदलावले प्रजातन्त्रका केही मौलिक सिद्धान्तहरूलाई पुनः एकपटक उद्‌घाटित गरेको छ। प्रजातन्त्र आयात-निर्यात गर्ने विषय होइन, यो कसैले दान वा बकसिसमा दिने उपहार होइन र यो कानूनको ठेलीको ठेलीमा लेखिदिंदा सहज प्राप्त हुने कुरा पनि होइन रहेछ। विद्धता छाँटेर शीत-ताप नियन्त्रित कोठामा बसेर बातचीत गरेर लच्छेदार भाषामा (Resolution) रेजुलेशन पास गरेर प्रजातन्त्र नआउँदो रहेछ भन्ने कुरा पनि १४ वर्षे तानाशाही समाप्त गर्ने घोषणासहित राजनीतिमा ओर्ल्हेका यस अघिका कतिपय नेताहरूको घोर असफलता र पलायनले प्रष्ट पार्‍यो। सामन्ती मान्यता र संस्कृतिको अँध्यारो युगमा छटपटाइ रहेका सिक्किमेलीको मतदान गर्ने अधिकार त शोषकलाई शासनमा पुर्‍याउने भर्‍याङ मात्र बन्न सक्यो। निर्वाचित तानाशाहीको चरम दमनमा जनता निस्सासिरहेको अवस्थामा हामीले विद्रोहलाई न्यायसंगत घोषणा गरेर मैदानमा ओह्राल्ने अठोट गरेको थियौं। हामीले दुइ बैरीहरूसँग एकसाथ लड़नु परेको थियो, र छ पनि एकातिर हामीले जनताका दुश्मन विरूद्ध सम्झौताहीन संघर्ष गर्नु परेको छ भने अर्कोतिर जनताका पंक्तिभित्र ती शोषकहरूले हालेको विषालू प्रभाव हटाउनु पनि हामीले अविराम वैचारिक आन्दोलन चलाउनु परेको छ।

जे होस्, सिक्किमका सोझा निमुखा जनता समयसँगै जागे। हाम्रो सचेत प्रत्यत्नले जनताभित्र रहेको अपार शक्तिलाई अलिकति भए पनि बाहिर ल्याउन

सक्यो। सिक्किममे जनताको क्रान्तिको हुँकारले वर्षौंदेखि जरा गाड़ेको मनपरीतन्त्रलाई चारचिर पारेर पछारिदिएको छ। तर त्यो समाप्त भने भएको छैन। गत सालको निर्वाचनमा प्रतिक्रियाका शक्तिहरूको पराजय जनताको विजयलाई यस ढंगले बुझ्नु नै इतिहासका नियमहरूका अनुकुल हुनेछ भन्ने हाम्रो मान्यतालाई म यहाँ विनम्रतापूर्वक राख्न चाहन्छु।

चुनाउपूर्व हामीले भनेका थियौं सिक्किमे जनतालाई हामी दास होइन सिक्किमको मालिक बनाउनेछौं। राजनैतिक स्वतन्त्रताको ग्यारेण्टी, मानव अधिकारको बहाली, विभिन्न विचारधाराले निर्विध्न चलखेल गर्न पाउने जनतान्त्रिक वातावरणको निर्माण हाम्रा राजनैतिक एजेण्डाहरू थिए। प्रजातन्त्रप्रतिको पूर्ण आस्थाका साथ हामीले चुनाउपूर्व गरेका वाचाहरूमा हामी इमान्दार छौं/छैनौं त्यसको निष्पक्ष मूल्याङ्कन गर्न पनि म सिक्किमे जनतासँगै अनुरोध गर्दछुछ प्रजातन्त्र, मानव अधिकार आदि आन्दोलनसँगै सरोकार राख्ने सिक्किमभित्र र बाहिरका बुद्धिजीविहरूलाई पनि हिजोको सिक्किम र एस० डी० एप० – को सरकार गठन भएपछिको सिक्किमको तुलना गरेर यथार्थ कुरा अगाड़ि ल्याउन म हार्दिक स्वागत गर्दछु।

युगौदेखि शिर निहुराएर निर्धो बनी बाँच्न विवश सिक्किमेलाई स्वाभिमानले शिर उच्च पारेर मान्छे जस्तो बाँच्न सक्ने बनाउनु, तानाशाहको दमनले कठाङ्ग्रिएका सिक्किमे समाजलाई ज्यूँदा जाग्दा सिक्किमेहरूको समाज बनाउनु कठिन कार्य हो। हामी दावा गर्दछौं कि हामीले यो एकवर्षभित्र यो कठिन अभियानको थालनी गरेका छौं। सिक्किमेलाई सिक्किमको मालिक बनाउनु भनेको नयाँ र सुखी सिक्किम निर्माण गर्ने कार्यमा जनतालाई सहभागी गराउनु भनेको हो। सिक्किमलाई कस्तो बनाउने र कसरी बनाउने? यो अधिकार आज मिन्तोगाङमा कैद छैन। यो अधिकार कुनै ठालूको 'पेरोल' - मा छट्पराई रहेको पनि छैन। यो अधिकार आज हामीले जनतामा ल्याएका छौं, सिक्किमे साधारण जनतालाई दिएका छौं। हिजोको नेताहरू जनतासमक्ष उभिएर यो नगर्नु भन्ने आदेश छाँट्थे, हामी आज के गर्ने र के नगर्ने भन्ने आदेश माग्न जनताबीच जाने गर्दछौं। निर्वाचनमा जितेर मुख्यमन्त्री भएपछि सिक्किमको कुना-काप्चादेखि शहर-बजारसम्म भ्रमण गरेर मैले जनतासँग के गर्ने भन्ने आदेश मागेको छु / माग्ने गरेको छु। निश्चय नै अन्य नागरिक सरह म पनि आफ्नो राय सुनाउँछु, तर सिक्किमलाई कसरी अगाड़ि बढ़ाउने भन्ने अन्तिम फैसला जनताले गरिरहेछन् र हामीले त्यो आदेशलाई शिरोपर गरी जनताको सरकार चलाउँदैछौं।

राजतन्त्रमा युगौं बसेका सिक्किमे जनताले हिजो आफ्नै मतले मुख्यमन्त्री बनेकाहरूलाई पनि राज अर्थात् जन्मजात शासक सम्झिन पुगे। शासनमा बस्ने

मानिसलाई राजा ठान्ने र आफूलाई निरीह रैती ठान्ने परिस्थितिमा क्रान्तिकारी परिवर्तन ल्याउन हामीले नारा अगाड़ि बढ़ायौं कि "जनता राजमा जनतै राजा"। सरकार र प्रशासनहरू जनताका सेवक मात्र रहेछन् र मालिक त जनता स्वयं रहेछन् भन्ने जनताले बुझ्न थालेका छन्। सबै राजनैतिक विचारहरूले आज चल-खेल गर्न, इन्कार गर्न पाएका छन्। स्वतन्त्रता देखिन नभएर अनुभव गरिने कुरा हो। समयसंग-सँगै यो स्वतन्त्रताको महत्व झन्-झन् स्पष्ट हुँदै जानेछ। मलाई विश्वास छ भविष्यमा आउने सन्तानले स्वतन्त्रताको यो बहालीलाई अभिवादन गर्नेछन्, र एस० डी० एफ० - ले चलाएको प्रजातान्त्रिक आन्दोलन उनीहरूका निम्ति पनि प्रेरणादायक बन्नेछ।

हामीले कबोल गरे सरह मजदूरको ज्यालामा दोब्बर वृद्धि गरेका छौं। सयप्रतिशत बृद्धि यस्तो रेकर्ड हो, जसले सिक्किम बाहिर पनि हलचल मच्चाएको छ। स्कूले नानीहरूको युनिफर्मका निम्ति गरीब आमाको माखामुन्द्री बेच्नु पर्ने दिन घुर्चिएको छ। युनिफर्म सरकारले बाँड़न थालेको छ सबभन्दा गरीब आमा-बाबाका सन्तानले पनि धनीका छोरा-छोरी सरहको युनिफर्म लगाएर स्कूल जाने अवसर सरकारले प्रदान गरेको छ। गरीबी र अभावका कारण स्कूल जाने उमेरका नानीहरूले बाख्रा गोठालो अथवा गाई-गोठालो बन्नु पर्ने र कतिपय अवस्थामा धनीहरूको घरेलू नोकर बन्नु पर्ने स्थितिको हामी अन्त गर्नेछौं। गरीब किसानहरूलाई गरी खाने बनाउन अदुवाको बीऊ, दुहुना गाई राम्रो जातको सुँगूर वितरण गरेको छ। च्यादर, ल्याट्रिन, राड़ी, प्रेसर कुकर आदि पाउन जनताले मगन्ते सरह शासक पार्टीको चाकड़ी गर्नु पर्ने दिन डाँड़ापारीको कुरा भयो। ज्यादर पाउन सरकारमा पुगेको पार्टीमा लाग्नै पर्ने हिजोको बाध्यताको अन्त्य भएको छ। आवश्यकता अनुरूप च्यादर र अन्य यस्ता नियमित सुविधाहरू पाउनु जनताको हकको कुरा भएको छ। यसमा जात छुट्याइएको छैन, पार्टी छुट्याइएको छैन, धर्म छुट्याइएको छैन। केवल, यति छुट्याइएको छ कि गरीब छ? र कसलाई यसको बढ़ी आवश्यकता छ? सुकुमबासीलाई सिक्किमबासी बनाउने अभियान अन्तर्गत आफ्नो बस्ने बास नभएकाहरूलाई जग्गा दिन थालिएको छ। जमीनको मालिक बनाउन थालिइसकेको छ। घड़ेरी भएका तर घर बनाउन असमर्थहरूलाई सरकारले घर बनाइदिने योजना अन्तर्गत यसवर्ष छ हजार घर निर्माणका निम्ति प्रति परिवार २० हजारका दरले नगद अनुदान प्रदान गरिएको छ। यो सरकारको मियादभरिमा सबै गरीबहरूको घर सरकारले बनाइदिने निर्णय गरेको छ भने उसैगरी सबै सुकुमबासीलाई घड़ेरीको लागि जमीन दिएर, सिक्किमवासी बनाउने पनि फैसला गरेको छ। जाड़ोको निम्ति कम्बल वितरण गरिएको छ, अनिकालग्रस्त ठाउँहरूमा चामल वितरण गरिएको छ। सबभन्दा महत्वपूर्ण कुरा यसरी वितरण गर्दा यो हामीले खुशी भएर, भोट दिए भनेर दिएको होइन, यो तपाईंहरूको हकमा पर्ने अंश हो भनेर वितरण गरिएको छ।

यसबाहेक पहिलेको सरकारले उपेक्षा गरेको सिक्किमका गरीब जनताको हित गर्ने महत्वपूर्ण माँगहरू पूरा गर्न सरकार गठन भएदेखि नै हामीले तत्परता देखायौं। राज्य सूची (State-list) अन्तर्गतका निम्ति मागहरूलाई हाम्रो सरकारले एक वर्षभित्रमै पूरा गरिसकेको छ –

(क) पछौटे वर्गले पाउन पर्ने रोकिएका सहुलियतहरू पछौटे वर्गमा परेकाहरूलाई प्रदान गरियो। नोकरी-चाकरी आदिमा ओ० बी० सी० तथा सेड्युल्ड काष्ट र ट्राइबलहरूलाई आरक्षण (Reservation) दिइयो।

(ख) पहिलेको सरकारको भेदभावपूर्ण नीतिका कारण पछौटे वर्गमा नपरेका छेत्री, बाहुन, नेवार, जोगी सन्यासी र थामीलाई पछौटे वर्गमा सामेल गरिनु पर्छ भन्ने प्रस्ताव विधानसभा तथा क्याबिनेटमा पास गरी केन्द्रसमक्ष राखिएको छ।

(ग) रेभेन्यू अर्डर नम्बर १ लगायत सिक्किमका सबै पुराना कानूनहरूको रक्षा मन, वचन र कर्मले गर्न सरकारले प्रतिबद्धता जाहेर गर्‍यो।

(घ) पञ्चायतहरूलाई मासिक भत्ता दिने प्रबन्ध गरिइनुका साथै नयाँ पञ्यायत ऐन लागू गरिएको छ।

(ङ) हाट-बजारमा आफ्ना उत्पादनहरू बिक्री गर्न आउन सिक्किमे जनताले शेयर (हाट कर बुझाउनु पर्ने नियम खारेज गरी बजार शेयर मिनाहा गरिएको छ।

(च) नारीहरूलाई प्रगतिको हरेक क्षेत्रमा आधा हिस्सा दिलाउन सरकार कटिबद्ध छ। नारीका निम्ति पंचायतमा ३०% आरक्षण गर्नुका साथै कमसेकम एक जिल्ला सभापति नारीलाई बनाउने निर्णय गरिएको छ। नारीहरूले पहिले पाउने २ महिनाको प्रशव-विदालाई तीन महिना बनाइएको छ। यसका साथै गरीब महिलाहरूलाई दुइवटा नानी जन्मँदासम्म प्रशव-भत्ता दिने निर्णय पनि भएको छ।

राज्य सूचीका यी कामहरूसँगै केन्द्रीय सूचीमा परेका माँगहरू पनि केन्द्र समक्ष यथाशीघ्र पूरा गरिदिन जोड़दार मागहरू राखिएका छन्। गत अगस्त महिनामा ५८ जनाको प्रतिनिधि टोलीसहित प्रधान मन्त्री तथा अन्य मन्त्रीहरूसँग मैले भेट गरी निम्म मागहरू गरेको छु, र त्यससम्बन्धमा सकारात्मक आश्वासनहरू पनि हामीले पाएका छौं।

(क) ओ० बी० सी० मा नपरेका छेत्री, बाहुन, नेवार, जोगी, सन्यासी र थामीहरूलाई ओ० बी० बी० - मा सामेल गरिइनु पर्दछ।

(ख) भोटिया-लेप्चा-लिम्बू भाषालाई संविधानको आठौं अनुसूचीमा अन्तर्भुक्त गरिइनु पर्दछ।

(ग) सिक्किमलाई आयर (Income Tax) बाट मुक्त राखिइनु पर्दछ।

(घ) नेपाली र लिम्बू समुदायको लागि विधानसभामा पुनः सीट आरक्षण (Seat Reservation) दिइनु पर्दछ।

(ङ) घरेलु उद्योग शुरू गर्न सहयोग दिने निर्णय लिइएको छ।

(च) भोकेशनल शिक्षा प्रतिष्ठानहरू (स्वावलम्बन शिक्षा केन्द्र) स्थापना गर्ने निर्णय गरिएको छ।

यी सबै निर्णयहरू गरेर हाम्रो सरकारले युवाशक्तिलाई दिग्भ्रमित हुन नदिन स्वरोजगार (Self-employment) –का अवसरहरू दिने लक्ष्य राखेको छ। उद्यमी र जाँगरिला युवाहरूलाई स्वरोजगारका अवसरहरू दिएर सिक्किमलाई आत्मनिर्भर बनाउने सरकारको लक्ष्य अनुरूप नै हामीले काम गरेका छौं।

अनुदान र सहयोगले मात्र जनताको जीवनस्तर उठ्न सक्दैन भन्ने कुरा पनि म यहाँ स्पष्ट पार्न चाहन्छु। हाम्रो खर्च बढ़ेको छ हरेक कुरामा। पहिले घरमै बुनेको घुमले काम चल्थ्यो, अहिले प्रत्येकलाई छाता चाहिएको छ। उहिले राँको बालेर वरपर गर्ने ठाउँमा अहिले टर्चलाइट पुगेको छ, अझ शहर-बजारमा त इमर्जेन्सी लाइट! लाबरकै भए पनि जुत्ता चाहिएको छ। यी आधुनिक सामग्रीहरूको प्रयोग हुनु राम्रो कुरा होछ अझ यो भन्दा पनि विकसित सामानहरू प्रयोग गर्न सक्ने हामी हुनुपर्दछ। तर हाम्रो आम्दानी भने बढ़ेको छैन। बाजेले फापर, मकै कोदो छर्ने ठाउँमा हामी पनि फापर, मकै, कोदो नै छर्दैछौं, बराज्यूले गहते-बारी भनेको ठाऊँमा हामी पनि गहत नै उमार्दैछौं।

खेतीको तरीका, प्रविधि, बीऊ सबै परानै छन्। यसरी खर्चमा त विकास भयो, तर आम्दानीमा विकास भएको छैन। यो आम्दानी र खर्चबीचको अन्तर (Gap) मेट्रन हामीले जमीनको माटोको परिक्षण (Soil Test) विशेषज्ञहरूद्वारा गराउने निर्णय गरेका छौं। माटो र हावा-पानी सुहाउँदो ठाउँहरूमा चियापत्ति, अदुवा, अलैंची, ठेकीफल (Kiwi Fruit) जस्ता नगदी बाली (Cash Crops) – को विकास गराउन सरकारले महत्वकांक्षी योजनाहरू शुरू गरेको छ उत्पादनका साधन, उत्पादन प्रविधि र उत्पादकहरूको स्थितिमा समेत गुणात्मक परिवर्तन ल्याउने उद्देश्यले थालिएको यो अभियान जनताको सक्रिय सहभागिता र जाँगर बिना अघि बढ़न सक्दैन। त्यसैले सरकारका यी जनपक्षीय कार्यक्रमहरूलाई सफल पार्न झण्डाको रंग नहेरी कार्यक्रम मात्र हेरेर सक्रियतापूर्वक सहभागी बन्न म आम जनसमुदायसँग हार्दिक अपील गर्दछु।

अधिकार बिनाको कर्त्तव्य र कर्त्तव्य बिनाको अधिकार लङ्गड़ो र असन्तुलित हुन्छ। त्यसले समाजको भलो गर्न सक्दैन। पहिलेको शासनमा जनतालाई अधिकार थिएन, तर पूरा गर्न पर्ने कर्त्तव्यको राश उड्याएको थियो। आज जनता अधिकार सम्पन्न भएका छन्। थ अधिकार र कर्त्तव्य एकअर्काका सम्पूरक भएकाले प्रजातन्त्रमा अधिकारको उपयोग गर्नुसँगै जनताले कर्त्तव्य र उत्तरदायित्वको निर्वाह गर्नु पर्दछ।

म खाऊँ, मै लाऊँ सुख-सयल वा मोज म गरूँ,

म बाँचू, मै नाचूँ अरू सब मरून् दुर्बलहरू

जस्तो भावनालाई त्यागेर अरूको पनि खुशी र समृद्धि चाहने असल नागरिक बन्न सकेमात्र समग्र सिक्किमको उन्नति हुनेछ। यस प्रसङ्‌गमा देवकोटा लिखित 'मार्ग' शीर्षक कविताका निम्न हरफहरूबाट हामीले प्रेरणा लिनु पर्छ –

'खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ?

आफू मिटाई अरूलाई दिनु जहाँ छ।'

आफ्नो अधिकारको उपभोग गर्दा अरूको अधिकार ननिचोरियोस्, आफू धनी हुने दौड़मा अरू कंगाल नबनुन् भन्ने न्यायसंगत सामाजिक भावनाको विकास गर्न हामी सबै जुट्नु परेको छ। यसका निम्ति विद्यार्थी, कर्मचारी, महिला, बुद्धिजीवी, पत्रकार, डाक्टर, वकिल, प्राध्यापक, व्यापारी लगायतका जनता समेतको सामूहिक प्रयत्न जरूरी छ। यो अभियानमा पंचायतहरूले अहम् भूमिका निर्वाह गरेर जनशक्तिको परिचालन गर्नु पर्दछ।

सुस्पष्ट दर्शन र सिद्धान्त, ठोस राजनैकि कार्यदिशाको अभावले लर्खराएका विपक्षी पार्टीहरूको नीतिहीनता सबैको सामु स्पष्ट हुँदैछ। हामी रचनात्मक विरोधको स्वागत गर्दछौं। प्रजातन्त्रमा त्याग अनिवार्य हुँदछ। तर अहिलेका विपक्षी नेताहरू विरोधका निम्ति विरोध गर्दछन्। विकासका निम्ति, प्रगतिका निम्ति, सिक्किमको हितका निम्ति हाम्रा त्रुटिहरू औल्याई दिने विपक्षी पार्टी राज्यमा नभएकोले हाम्रा त्रुटिहरू औंल्याई दिने काम पनि आम जनता, पत्रकार, बुद्धिजीवीहरूको थाप्लोमा पर्न गएको छ। राजनैतिक दिवालियापन कै कारण विपक्षी नेता भनाउँदाहरू जात, धर्म, सम्प्रदाय अझ नाक, अनुहार आदिको बनावटका कुरा गरेर सिक्किमे राजनीतिलाई विषालू पार्न खोज्दैछन्। यस्ता महामारीका किटाणू जनतामा फैलाउन खोज्नेहरूलाई दुरूत्साहित पारेर उनीहरूको घैंटोमा पनि ज्ञानको घाम छिराउन हामीले प्रयत्न गर्नु परेको छ।

सिक्किम भोटे, लेप्चा, नेपालीको साझा किपट भए सरह भारत हाम्रो साझा देश हो। त्यसैले हाम्रो देशको रक्षा, प्रगति र उत्थानका निम्ति पनि हामीले सचेत प्रयत्नहरू थाल्नु परेको छ। भारतका अन्य राज्यका जनता जस्तै हामी पनि यो

देशका साझा हकदार हौं। साथ-साथै देश निर्माणको दायित्व पनि हाम्रो काँधमा छ। यसकारण सिक्किमका निम्ति मात्र नभएर सम्पूर्ण देशकै योग्य सन्तान बन्ने स्वस्थ होड़मा सामेल हुन म जनसमुदायमा विनम्र आव्हान गर्दछु।

प्रजातन्त्रमा कर्त्तव्य र अधिकार दुइ कुरैंहरू अन्तर्निहीत भए झैं समाजका पनि दुइ जीवनहरू छन् ह- भौतिक र मानसिक जीवन। भौतिक उन्नति त भयो तर मानसिक उन्नति हुन सकेन भने हामी शरीर मात्र भएको मष्तिष्क नभएको जीवित प्राणी मात्र बन्नेछौं। मानसिक उन्नति नभएको मानिसले आधुनिक भौतिक सामानहरूको उपभोग गर्नु सर्कसमा वन्य प्राणीले साइकल कुदाउनु जस्तै हो। त्यसै गरी मानसिक विकास भएको तर भौतिक विकास नभएको समाज भनेको ठूलो टाउको र झिनो शरीर भएको मान्छे जस्तै हो। त्यसैले स्वस्थ समाजको निर्माणको निम्ति भौतिक तथा मानसिक दुवै उन्नति आवश्यक छ। भौतिक उन्नति भनेको मानिसको अस्तित्वका निम्ति नभइ नहुने वस्तुहरूको उत्पादन हो। जुन वस्तुहरू बिना मानिस बाँच्नै सक्दैन, जस्तै माना नाना र छाना। समाजको मानसिक जीवन भनेको चाहिं कला, दर्शन, सिद्धान्त, राजनीति, कानून, रीति-रिवाज, भाषा, साहित्य, संस्कृति, धर्म, नैतिकता आदि यावत कुराहरू हुन्। यी तमाम कुराहरूमा प्रगति भएपछि नै समाजको सर्वाङ्गीन विकास सम्भव भएकोले सामाजिक जीवनको हरेक क्षेत्रमा उन्नति गर्न हाम्रो सरकारले प्रयत्नहरू थालेको छ। प्रत्येक गाउँमा पुस्तकालय, प्रतिभाशाली रचनाकारहरूका समाजोपयोगी रचनाहरूको प्रकाशन यही उद्देश्यले थालिएको हो।

राज्यको उन्नति र जनताको खुशीहालीको निम्ति हामीले निश्चित राजनैतिक, आर्थिक तथा सांस्कृतिक कार्यक्रमहरू अघि सारेका छौं। नयाँ सिक्किम, सुखी र सम्पन्न सिक्किम, आत्म-मर्यादाले पूर्ण सिक्किमेहरूको सिक्किम निर्माणका निम्ति हामीले दीर्घकालीन नीतिहरू तय गरेका छौं, र त्यो लक्ष्यमा पुग्नका निम्ति सोही बमोजिमका कार्यनीतिहरू पूरा गर्दैछौं। कतिपय जस्ता कार्यक्रमहरू छन् जसबाट जनतालाई तत्कालै राहत र सहायता पुग्दछ, जस्तै अदुवाको बीऊ, सिकर्मीका ज्याबलहरू, युनिफर्म, चामल, सुंगुर तथा गाई, घर बनाउने पैसा, सुकुम्बासीलाई घड़ेरी आदि। अनि कतिपय यस्ता कार्यक्रमहरू छन् जसलाई पूरा गर्न जनताले

अहिले नै खट्नु पर्दछ, तर त्यसको फल धेरैपछि मात्र प्राप्त हुनेछ। जस्तै बन-जंगलको सुरक्षा, जल-संसाधनको उपयोगद्वारा उर्जा उत्पादन आदि। सिक्किमलाई आत्म-निर्भर बनाउन चाहिने पूर्वाधारहरू धमाधम निर्माण गरिंदैछन् यसबाहेक राज्यको सर्वाङ्गीन विकासका निम्ति नाम्चीमा डिग्री कलेज स्थापना गरिसकिएको छ। राक्दोङ तिन्तेकमा संस्कृत महाविद्यालय तथा गान्तोकमा मेडिकल कलेज आगामी वर्षदेखि शुरू गरिंदैछ। सिक्किमका गुम्बाहरूमा मोनाष्टिक स्कूलको स्थापना पनि चाँड़ै नै गर्ने निर्णय सरकारले गरिसकेको छ। यस अतिरिक्त व्यावसायिक प्राविधिक तथा पोली-टेक्नीकल शिक्षाका निम्ति सिक्किमभित्रै स्कूल र कलेजहरू खोल्ने सरकारको लक्ष्य र उद्देश्य रहेको छ। यसबाट राज्यको चौतर्फी विकास हुने र सिक्किम हरेक क्षेत्रमा आत्म-निर्भर बन्दै जाने भएकाले यी योजनाहरू हाम्रा दीर्घकालिन नीति अन्तर्गत संचालित छन्।

बिछट्ट सुन्दर प्राकृतिक दृश्य र रमणीय स्थानहरूले भरिएको हाम्रो राज्यमा पर्यटन उद्योगको विकास ठीक ढंगले गर्न सकियो भने यसले राज्यको आर्थिक जीवनलाई मजबुत बनाउने कुरा निश्चित छ। यसैले पर्यटन विकासका निम्ति हामीले दीर्घकालीन योजनाहरू तयार पारेका छौं। पर्यटन उद्योगका आवश्यक पूर्वाधारहरू निर्माण गर्न सरकारले कतिपय पाइलाहरू समेत चालिसकेको छ। जस अन्तर्गत राज्यमा हवाई सेवाको निम्ति पनि पूर्वधार तयार गर्ने कार्यहरू गरिने भएको छ। देश-विदेशबाट आउने पर्यटकहरूका सुविधाका निम्ति पर्यटन स्थलहरूमा राम्रो सत्कार गर्न सक्ने स्तरीय होटलहरू खोल्ने दिशामा पनि कार्यहरू शुरू भएको छ।

जे रोप्यो त्यही उम्रिने कुरा सबैले बुझेको कुरा हो। सत्ययुगमा यस्तै हुँदैथियो, कलियुगमा पनि यस्तै हुँदैछ। मकै छरेको ठाउँमा धानले बाला हाल्दैन, कोदो रोपेको ठाउँमा मकैको धानचामर आउँदैन। हिजोको सरकार भ्रष्चारको थाङ्ग्रो बनेको थियो, त्यसैले राज्यको हरेक क्षेत्रमा भ्रष्टचार झाँगिएको थियो। हामीले सरकार गठन गरेको भर्खर एकवर्ष पुग्दैछ। यति छोटो समयमा जादूको छड़ी घुमाएर भ्रष्चारको उन्मुलन गर्नु सम्भव छैन, तर यसलाई सखाप पार्न हामीले सम्पूर्ण प्रयत्यनहरू थालेका छौं। जुन क्षेत्रमा हात हाल्यो, हिजोको सरकारले छाड़ि गएको भ्रष्टचार, ढीला, सुस्ती, स्वार्थी, लम्पटपनसँग जम्‌ाकभेट हुन्छ। पहिलेको सरकारले राज्ययन्त्रमा भ्रष्टचार

धुसामा सातू हाले जस्तो हालेको छ, टक्टकाउँदा नझर्ने हिसाबले, तर यसको धुलाई गर्न हामी कृतसंकल्पित छौं। यसलाई हामी सफा पारी छाड्नेछौं। भ्रष्टचार केवल माथिल्लो तहमा मात्र छैन, तल-तलसम्म पुगेको छ। करोड़को भ्रष्टचार र सयको भ्रष्टचारबीच मात्राको न फरक, हो, भ्रष्टचार त दुवा भ्रष्टचार नै हो। जनताको काम गर्नाकै निम्ति कर्मचारीहरूले तलब पाउँछन्, नानीहरूलाई शिक्षा दिनकै निम्ति शिक्षकहरूले तलब पाउँछन्। यदि ती आफ्ना जिम्मेवारीहरू पूरा नगरे कसैले दिन कटाउँछ भने त्यो पनि त भ्रष्टचारै भयो। यस बाहेक पहिलेको सरकारले जनताको नैतिक जीवनलाई भ्रष्ट पार्न त कुनै कसर राखेन। सत्ता र सम्पत्तिको तुजुकमा इज्जत र अस्मिता लुट्ने जनविरोधी शोषकहरूले चेलीको इज्जतलाई खरीद-बिक्रीको वस्तु बनाएको कुरा त गाउँ-बस्तीमा कथा बनिसकेको छ। त्यसको विषालू प्रभावले हामी सबैलाई ग्रस्त पारेको छ। यो नैतिक भ्रष्टचारका विरूद्ध बाहिर र भित्र संघर्ष थाल्नु आजको अहम आवश्यकता हो। नैतिकवान, सच्चरित्र सिक्किमेहरूको सिक्किम बनाउने लड़ाईमा हामीभित्रैका पशुवत चरित्र विरूद्ध पनि लड़ाई लड्नु छ। यस प्रसङ्गमा Self shold be the target of this movement भन्ने भनाइलाई दह्रो गरी समात्नु पर्दछ। नयाँ सिक्किम-सुखी सिक्किम बनाउने आन्दोलनको यो थालनी मात्र हो। यो अभियानमा क्रान्तिकारी उत्साहका साथ जुट्न सम्पूर्ण सिक्किमेलाई आव्हान गर्दै पुनः एकपटक यो वर्षगाँठको उपलक्ष्यमा परिवर्तनगामी भावनासहित अभिनन्दन जनाउँदछु।

अन्तमा सिक्किमे जनताको अनवरत प्रयत्नद्वारा हासिल भएको प्रजातन्त्रको संस्थागत विकास विपुल सम्भावना बोकेर आएको नव-वर्ष १९९६ को शुभकामना टक्याउँदछु।

# हामीले सबै संस्कृतिको सम्मान र सम्बर्द्धन गर्न सक्नु पर्दछ

## (१९८१ औं भानु जयन्ती समारोह, सिङताम – १३ जुलाई, १९९५)

आदरणीय भाषा-साहित्यप्रेमी सज्जनगण,

कवि भानुभक्त आचार्यको १८१ औं जन्मदिवसको उपलक्ष्यमा यहाँहरू सबैलाई हार्दिक अभिवादन र शुभकामना टक्राउँदछु। सिङताममा भानुजयन्ती धुमधामले मनाइने कुरो सुनेर मलाई खुशी लागेको थियो, आज कार्यक्रममै उपस्थित हुन पाएर झन् बढ़ता खुशी लाग्यो। यहाँ म त्यही खुशी मनाउन उभिएको छु।

यसपालि सरकार फेरिएको यसैपाला मलाई सिङतामको भानुजयन्तीमा आउने भाग्य जुर्‍यो/ तपाईंहरूले जुराइदिनु भयो। गान्तोक नबसेर वा नाम्ची आफ्नो क्षेत्रतिर नगएर चामलिङ सिङताम झर्‍यो, पक्कै पनि यिनका यहाँ 'पोल्टिक्स' छ। पोहोर यहाँ भानुभक्तको सालिगको नाक समाज विरोधीहरूले काटिदिएको कुरो मलाई थाहा थियो। भानुभक्तको त्यही काटिएको नाक जोड्ने 'पोल्टिक्स्' लिएर म सिङताम आएको छु। मेरो चाहना छ कि अब उसो सिक्किममा कसैको नाक नकाटियोस्; सबैले समान हैसियत राखी शिर खड़ा गरी बाँच्न पाऊन! कसैले कसैलाई हेप्न र हेला-होंचो गर्न नगरून्। भानुभक्तप्रतिको मेरो चोखो श्रद्धाञ्जलि यही हो। म भानुभक्तप्रति यही श्रद्धाञ्जलि चढ़ाउने 'पोल्टिक्स्' लिएर आएको छु। यस्तो बेलामा आज तपाईंहरूले मलाई मुख्यमंत्री नठानिदिनु होला। म एक कलाप्रेमी, साहित्यप्रेमी वा संस्कृतिकर्मीको रूपमा यहाँ उपस्थित छु। यो सुन्दर सिक्किममा हामी सबै सिक्किमेहरूको आ-आफ्नै संस्कृति छ। सिक्किमे हुनुको नाताले हरेक भाषा, हरेक संस्कृतिको हामीले सम्मान, संरक्षण र सम्बर्द्धन गर्न सक्नु पर्दछ। यही उदार मनोभाव नै भानुभक्त जस्ता विभूतिहरूप्रति श्रद्धाञ्जलि हुन सक्दछ। तर सिक्किममा विडम्बना नै छ कि दौरा-सुरूवाल लगाउन नेपालीहरू डराउँछन्, गादा लगाउन लाप्चेहरू डराउँछन्, बक्खु लगाउन भोटेहरू डराउँछन्। यहाँ यो मनोवैज्ञानिक आतंक छ। कहाँबाट जन्मँदैछ यस्तो आतंक? कसले जन्मायो यो आतंक? यो सिक्किममा अस्ति हुँदी फैलाइएको दुषित विचारको परिणाम हो, जहाँ आफ्नो जातिय भेष-भुषा

लाउनेहरूलाई ठाड़ै 'कम्यूनल' (Communal) भन्ने गरिन्थ्यो। सरकार नयाँ आयो, तर हाम्रो मानसिकता पुरानै छ। त्यही थोत्रो मानसिकताले हामी बाँधिएका छौं। अझै पनि बिहारी दाजु भाइहरू धोति लगाउन धक मान्छन् – पहिले नै 'धोतिगाँठे' भन्ने गालि पाएकाले। म त भन्छु आजको सिक्किममा नेपालीले नेपाली जस्तो भएर, भोटेले भोटे जस्तो भएर र लेप्चाले लेप्चा जस्तो भएर बाँच्न पाउनु पर्‍यो। सबैले मिलेर, डरको भावना नराखी आफ्नो जातिय भेषभुषा लगाउँदा 'कम्यूनल' पो भनिन्छ कि भन्ने डर नराखीकन सिक्किमहरूले बाँच्न पाउनु पर्‍यो - म यही चाहन्छु।

कति दुःख लाग्दो स्थिति छ कि आज भानुजयन्तीलाई 'दौरा-दिवश', 'चौबन्दी दिवश' भनी व्यंग्य गरिन्छ। स्थिति नै त्यस्तै छ। नेपालीले आफ्नो आचरण बिर्सेको छ। मैले भनिहालें आफ्नो संस्कार र संस्कृति भुलेको छ। नेपालीले नेपाली जस्तो भएर-नबाँचेपछि यो दौरा दिवश, चौबन्दी दिवश नहोस् किन र? हेर्नोस् त आज नेपाली भाषाले मान्यता पायो - यो एउटा समृद्ध भाषा हो, स्तरीय भाषा हो। तर भाषाले मान्यता पाइसकेर पनि त्यसको फाइदा चाहिं हामीले पाएकै छैनौं। यसको दोष अरू कसैलाई नभएर हाम्रैहरूलाई जान्छ। हाम्रा दाजु-भाइहरू नै आज नेपाली भाषा जान्दिनँ भन्छन्! अर्थात् उनीहरू अंग्रजी मात्र जान्दछन्!!! आफ्नो भाषा, आफ्नो साहित्य, आफ्नो संस्कृतिलाई स्वीकार्न नसक्नेहरू कसरी अर्काको स्वीकार्न सक्छन् मलाई उदेक लाग्छ। आफ्नै आमाले बोलेको र सिकाएको भाषा सिक्न नसक्नेहरू अरूका भाषा सिक्न सक्छन् भन्ने मलाई चाहिं पत्यारिलो लाग्दैन। आज नेपालीहरू नेपाली किताब र पत्र-पत्रिकाहरू किन्दैनन्; फिल्म-फेयर, स्टारडस्ट र डेबोनेयर किन्छन्। किन्छन् मात्र होइन, त्यो किन्नुलाई गर्वबोध गर्छन्। भन्नोस् त हाम्रो स्तर कति तल छ, कति दयनीय छ ? यो गतिमा बाँच्नेहरूका कविको नाक नकाटिएर अरू कसको काटियोस् त!

हाम्रा मानिसहरू आफ्नो भाषा-बोल्नमा किन हीनताबोध गर्छन् त्यो कुरो म बुझ्दिनँ। आफूसँग भएको समृद्ध, सरस र सरल भाषालाई झन् मीठो बनाउने तर्फ लाग्नु पर्ने, झन् धनी बनाउन पट्टि लाग्नु पर्ने, तर हामीहरू बेकारण 'कम्प्लेक्स' लिएर बाँचेका छौं। यो शिक्षितहरूलाई नसुहाउने प्रवृति भयो – शिक्षितहरू यस्तो प्रवृति लिएर बाँच्नु भएन।

हामी मान्छेको जात। हामी पशु होइनौं। हामी साहित्य सृजना गर्छौं, संस्कृति मन पराउँछौं, कला-संगीतहरूमा विमुग्ध हुन्छौं। भैंसीको अगाड़ि बसेर बाँसुरीको मधुर धुन कोही बजाउँदैन। बाँसुरीको मधुर धुन सुनेर भाव-विव्हाल हुन सक्ने क्षमताको विराट अभाव छ भैंसीमा। पशु जगतमा। झन् त्यसको सौन्दर्य र मूल्य परख गर्ने कुरा त कल्पनै नगरौं। तर मान्छे त्यस्तो होइन। मान्छे हेर्छ, सुन्छ, जोख्छ-चिन्तन र मनन पनि गर्छ। र महान कृतिहरूको सृजना पनि गर्छ। कुनै पशुले गुलाबको फूल देखेर कुनै भाव जाहेर गर्छ र? तर मान्छेले गरिहाल्छ। हामी मानिस मात्र त्यस्ता प्राणी हौं – जससँग ज्ञान र समवेदना छ; हामीमा नै सुन्दर र कुरूप; असल र कमसल बीच छुट्याउने क्षमता छ। त्यसैको फलस्वरूपहो कि हामीमा सृजना गर्ने विपूल क्षमता पनि छ। हामी सधैं सृजनारत हुन सक्दछौं। आफ्नो जीवनलाई नयाँ-नयाँ उचाइमा अगाड़ि बढ़ाउन सक्दछौं। मानिसमा भएको त्यति चेतना र त्यही अग्रगामी क्षमताले गर्दा नै हामीसँग साहित्य छ, कला छ, दर्शन, संगीत छ र ती सबैको समन्वयले सिर्जेको सुन्दर संस्कृति छ संस्कृतिहीन मानिस हुनु भनेको पशु हुनु हो, असभ्य र बर्बर हुनु हो। आज हामी करीब-करीब त्यै तहमा पुगिसकेका छौं।

हामीले भानुजयन्ती किन मनाएको? भानुजयन्ती भनेको के मनोरञ्जन गर्नु हो? होइन, बिल्कुलै होइन। हामी भानुजयन्ती यसकारण मनाउँछौं कि हामीलाई मानिस बनाउनमा, हामीलाई भाषा-साहित्य जगेर्ना गर्नमा/गरिदुनुमा आदिकवि भानुभक्तको विशेष देन छ, योगदान छ। बाँदर, श्याल वा कुखुरा, बाख्राले आफ्नो पूर्वजको स्मरण गर्ने कुरो हुँदैन। उनीहरूको कुनै मूल्य हुँदैन, कुनै मान्यता हुँदैन र नैतिक मापदण्ड नै हुँदैन। उनीहरू श्रद्धा, इज्जत भन्ने सामाजिक मूल्य नै जान्दैनन्। यी त नितान्त मानवीय गुणहरू हुन्। त्यसैले मानिस मात्र आफ्ना पूर्वजहरूलाई पनि स्मृतिमा राख्न सक्छन्, उनीहरूको सश्रद्धा स्मरण गर्न सक्छन् र उनीहरूलाई अनुशरण गर्नु सक्छन्। त्यसैले हामी भानुजयन्ती मनाउँछौं, भानुभक्त आचार्य भन्ने यी ऐतिहासिक पुरूष नजन्मिंदा हुन् त हामी आज यहाँ यस रूपमा हुन्थ्यौं वा हुँदैन थियौं – त्यो शंकाको विषय छ। हाम्रो भाषालाई ठोस रूप दिए भानुभक्तले हामीलाई भुलिनसक्नुको गुण लाएका छन् – त्यसै गुणको सम्झना गरेर, त्यसै देनको स्मरण

गरेर हामी प्रत्येक साल भानुजयन्ती मनाउँछौं - उनीप्रति श्रद्धा जाहेर गर्दछौं। त्यसैले भानुजयन्ती मनाउनु केवल औपचारिकता मात्र नभई मानवीय वृतिको निर्वाह पनि हो।

तर आज साहित्य-भाषा-संस्कृति जस्ता कुराहरूप्रति हाम्रो समाजमा उपेक्षाको भाव छ। साहित्यप्रति, कलाप्रति, संस्कृतिप्रति कुनै सिकिमको चाख र रूचि मानिसहरूमा देखिन्न। हाम्रो मानसिकता नै शिथिल बन्दै गइरहेको छ। सुसभ्य र सुसंस्कृत बन्ने नाउँमा आज नक्कल मात्र गरिंदैछ, अन्धो अनुकरण मात्र गरिंदैछ। कति अद्भूत र दुःखदायी स्थिति आज छ! हामी सतही बनिरहेको छौं, हल्का र साह्रो फितलो बन्दै गइरहेको हाम्रो चाल, ढर्रा र ढाँचा पतनको दिशामा छ। हाम्रो चेतनाको तह यति निम्न छ कि हामीलाई आफ्नो उँचाइ धरी थाह छैन। हामीले आफ्नो संस्कृतिलाई विकास गर्न सकिरहेका छैनौं, तर अरूका संस्कृतिको भरमार नक्कल गर्न खोज्दैछौं। अरूहरूका संस्कृतिमा मिसिने अनर्थको ढोंग गर्दछौं। मेरो तात्पर्य अरूहरूका संस्कृतिप्रति घृणाको भाव राख्नु पर्छ भन्ने अथवा अरूको संस्कृतिलाई अपेक्षा गर्नुपर्छ भन्ने होइन। तर आफ्नो संस्कृतिलाई अपेक्षा गर्न मिल्दैन भन्ने मात्र हो। आफ्नो कुराहरूमै पारंगत नभई अरूहरूका संस्कृति पछ्याउनु भनेको "आफैं त महादेव" भन्ने उखानलाई चरितार्थ पार्नु मात्रै हो। राम्रो त यही हुन्छ कि अरूहरूका संस्कृतिका राम्रा र नराम्रा चीजहरूलाई छुट्याउन सक्ने बनौं र तिनका असल र राम्रा चीजहरूलाई आफूमा समेट्ने योग्य बनौं।

पछौटिएको समाज, पछौटिएको चिन्तन र पछौटिएको जीवन पद्धति हाम्रा छन्। तर हाम्रा आफ्ना विशेषताहरू पनि त छन् — जो अरूहरूमा खोजेर मरे भेटिन्न। हामीले 'आफ्नो' लाई स्वीकार्नु पर्छ, अंगीकार गर्नुपर्छ भन्नु तात्पर्य आफ्नो पछौटिएको स्थितिलाई बँचाइ राख्नु पर्दछ भन्ने एकदमै होइन/तर यो चाहिं अवश्य हो कि हामीले हाम्रा आफ्ना विशेषताहरूलाई/आफ्ना मौलिक गुणहरूलाई चिन्नु, बुझ्नु, र हुर्काउनु पर्दछ। त्यसरी र त्यसरी मात्र हामी विकसित र सभ्य भएखओ ठहरिन्छौं। डिस्कोमा कम्मर मर्काएर वा आधुनिक सामानहरू उपयोग गरेर मात्र हामी सभ्य ठहरिन्छौं भन्ठान्नु आफ्नै अवमूल्यन ठहरिन्छ।

साहित्य, कला, संगीत तथा संस्कृतिको जरूरत यहीं पर्दछ। समृद्ध सांस्कृतिक, साहित्यिक तथा कलात्मक भण्डार आफ्नो नबनाइ कुनै जाति उन्नत बन्न

सकेको उदाहरण मान्छेको इतिहास छैन। मानिसको अथवा कुनै जाति वा राष्ट्रको सांस्कृतिक सम्पदाको भण्डारमा जड़िने यिनै अलङ्कारहरूको सृजना र निर्माणमा त्यस जाति वा राष्ट्रको वैचारिक एवं आत्मिक तथा तिनैद्वारा निर्देशित/प्रभावित भौतिक उन्नति आधारित हुँदछ। यस मानेमा साहित्य-कला तथा संस्कृतिको महत्व अत्यन्त गम्भीर छ र त्यसको सिर्जनाको काम पनि अत्यन्त जटिल छ। आज हामीले त्यही जटिलताबाट भाग्रे सजिलो माध्यम पाएका छौं र अरूको नक्कल गरेर ढुक्क बन्ने गरेका छौं। यो बाटो अत्यन्त सरल छ र छ सहज पनि। तर मनुष्यको विकास सधैं सजिलो बाटो खोजेर सम्भव छैन। जटिल परिस्थितिहरूको सामना गरेर नै हामीले समाजलाई र स्वयंलाई पनि अगाड़ि बढ़ाउन सक्दछौं। आज नव पिढ़ीका सम्मुख यही अजीर्ण समस्या खड़ा छ। म सिक्किमका नव पिढ़ीलाई सोध्न चाहन्छु, साथीहरू तपाईंहरू सजिलो बाटो हिंड्न चाहनु हुन्छ कि यो विकट बाटो? तपाईंहरू आत्महारा बन्न चाहनुहुन्छ कि आत्मप्रतिष्ठाले गर्वित बन्न चाहनुहुन्छ? यो कुरामा तपाईंहरूले गम्भीर बनेर सोंच्नुहोस् र निर्णय गर्नुहोस्। भविष्य तपाईंहरूको हातमा छ। यसलाई उज्ज्वल बनाउनु वा अन्धकारमय बनाउनु तपाईंहरूको निर्णयमा छ।

आज हाम्रो सरकारले भन्दैछ सिक्किमेहरू गरी खाने हुनुपर्छ, मागी खाने होइन। यसो किन भनिएको वा यसो गर्न किन खोजिएको? यो कुरा हाम्रो मानसिकतासित जड़ित प्रश्न हो। हाम्रो सामाजिक मानसिकता नै सधैं दब्बु बन्यो। आज पनि परीक्षा गरि हेर्नोस्। यो मानसिकता समाजमा सर्वव्याप्त छ। अल्पशिक्षित र अशिक्षितहरूको प्रश्न परै छाड़िदिऊँ, तर पढ़ा लेखाहरूमा नै पनि मानसिकता सिमेण्ट भएर जमेको छ। शिक्षितहरू आफ्ना नानीहरूलाई नोकर बन्ने सपना सानै उमेरमा हुलिदिन्छन्। सपना त नानीहरूलाई दिइनु पर्छ, तर नोकर भन्दा केही पर/चाकरभन्दा अलि माथि उठेकै सपना दिइनु उत्तम हुन्छ। आज हाम्रा नानीरूलाई उद्यामी बन्ने, कर्मयोगी बन्ने हौसला र भावना हामीले दिनुपर्छ। अझ हाम्रा नानीहरूलाई त राम्रो कवि बन्ने, राम्रो कलाकार बन्ने, राम्रो नेता बन्ने, राम्रो शिक्षित बन्ने सपना र आकांक्षाको बीउ हामीले हातमा थमाइ दिन सक्नुपर्छ। नानीहरूमा अन्तर्निहीत कौशल र क्षमतालाई आमा-बाबुको सपना लदाएर मारिदिने मानसिकताबाट हाम्रो समाज आज बिल्कुलै मुक्त छैन। हो, यसमा हाम्रो आर्थिक

असुरक्षाको भावना पनि केही मात्रामा जिम्मेवार छ, तर त्यसो भन्दैमा नानीहरूको मानसिकतालाई शत-प्रतिशत अर्थोपार्जनतर्फ बर्गेल्याउनु चाहिं उचित होइन, र त्यै पनि नौकरी मार्फत हुने अर्थोपार्जन मात्र त हुँदै होइन। यसरी भौतिक उन्नति नै नभए पछि आत्मिक उन्नति भने मुश्किललै होला।

साहित्य-कला भन्ने कुराहरू हाम्रो सामाजिक मनोविज्ञानका अन्तर्तम् सत्यलाई खोजीनिकाल्ने साधनहरू हुन्। सामाजिक सत्यलाई जति गहिरो गरी हेर्न सक्यो - साहित्य र कलाको मर्म पनि उत्तिकै सबल र प्रभावकारी बन्न सक्दछ। सामाजिक जीवनदेखि पर रहेर वा एकान्तमा आफैंभित्र सिमेटिएर साहित्य सृजना सम्भव छ भन्ने कुरालाई स्वीकार गर्न सकिंदैन। विश्व साहित्यमा प्रतिपादित विभिन्न धारा, आन्दोलन तथा स्कूलहरू मध्ये यस किसिमका स्कूलहरू पनि प्रशस्त पाइन्छन्। तर साहित्य वा कला मात्र वैयक्तिक अनुभव तथा आत्मप्रलाप नहुनाको कारणले यसको क्षेत्र व्यापक र यसको चरित्र स्वाभाविक रूपले नै सामाजिक हुने गर्दछ। र हुनु पनि पर्दछ। सामाजिक उपदेयता रहेका साहित्य कला नै कालजयी हुन सक्दछन्, शाश्वत र चिरन्तर बन्न सक्दछन्। त्यसैले मानवीय इतिहास र विद्यमान समाजको समृद्ध अनुभवहरूबाट निचोरिएर कलात्मक ढंगले अभिव्यक्त भएका मानवीय भावनाहरूले मात्रै साहित्य-कलालाई जीवन्तता दिन सक्दछ। किनभने साहित्य तथा कलासँग नै त्यो क्षमता छ जसले शिशिरमा पनि वसन्त ल्याइदिन सक्दछ, तुमूल निराशबीच पनि आशाको ज्योति फिंजाउन सक्दछ र मानवीय भविष्यप्रति हामीमा आशावादी बन्ने प्रेरणा जागृत गराउन सक्दछ।

मान्छेभित्र असीमित सम्भावनाहरू रहन्छन्। त्यसैले मान्छेले आफ्नो क्षमताको सर्वोच्च प्रयोग गर्नु नितान्त जरूरी छ। हामी सबैले सबै क्षेत्रमा प्रतिशपर्धा गर्नु पर्दछ। होड़मा जो श्रेष्ठ निक्लन्छ, त्यसलाई कुनै तागतले रोकेर रोक्न सक्दैन। त्यसैले नानीहरूले त्यो क्षमतालाई प्रयोग गरून् भन्ने सरकारले चिताएको छ। म सिक्किमेहरूलाई मालिक बनाउन चाहन्छु, तपाईंहरूले कर्ममा खरा उत्रेर मालिक भइदिन सक्नु पर्‍यो।

# सिक्किमलाई समृद्धशाली र आत्म-निर्भर बनाऔं

## (विधान सभा, बजेट अधिवेशन १९९५ को समापन सम्भाषण)

अध्यक्ष महोदय,

२२, मार्चदेखि लिएर आजसम्म यो सदन सुचारू रूपले संचालन भयो। २२ देखि २८ मार्चसम्मको एक हप्ताको समय बितेको थाह नै भएन। यो एक हप्ताभित्र सिक्किमका जनताको हक अधिकारको अथवा जनताको सार्वत्रिक कल्याणको निम्ति हामीले यस सदनमा जे जति चर्चा-परिचर्चा गर्‍यौं, बहस र छलफल गर्‍यौं त्यसको दिशा जनमुखी रह्यो, र बहुसंख्यक जनताको हितानुकुल नीति निर्धारण गर्ने हाम्रो आकांक्षा अनुकुल सम्मपन्न भयो। यस अर्थमा मलाई खुशी मिलेको छ कि यसको फल सिक्किम र सिक्किमे जनताले अवश्य पाउनेछन्। हामीले तीवटा विधेयकहरू-नगर निगम विधेयक (Municipal Corporation) परिवहन विधेयक (Motor-Vehicles Bill) तथा भाषा-विधेयक (Language Bill) — पनि विशेष महत्व र तदारूकताका साथ पारित गर्‍यौं। यस अतिरिक्त १९९५-९६ को वार्षिक बजेटलाई स्वीकृति दिनका साथै धेरै महत्वपूर्ण विषयहरूमा उद्देश्यपूर्ण बातचीत भए, जसको निम्ति धन्यवाद ज्ञापन गर्न म खड़ा भएको छु।

यो सदनले १९९५-९६ को बजेट पारित गरिसकेको छ, जसमा गत वर्षको तुलनामा ४२% अधिक योजना धनराशी रहेको तथ्य सदनलाई जानकारी भइसकेको छ। यस धनराशीले आउने वर्षमा सिक्किम र सिक्किमे जनताको सर्वाङ्गीन विकास गर्नमा महत्वपूर्ण भूमिका निभाउनेछ। जनताको हक जनताले पाउनेछन् भन्ने कुरामा आज सिक्किम विश्वस्त छ, र सरकारले पनि यही दिशामा काम गर्नेछ। जुन धनराशी हामीले पारित गरेका छौं, त्यसको सही रूपमा जनताको आर्थिक उन्नतिको निम्ति प्रयोग गर्न हामी सबैले इमान्दारीपूर्वक काम गर्नु परेको छ। जनताको विकास जनताले नै पाउनु पर्दछ। धनराशी आएर मात्र हुँदैन, खर्च गरेर मात्र हुँदैन। खर्च कहाँ गर्नु पर्ने? कुन योजनामा लगाउनु पर्ने? जस्ता प्रश्नहरू छन्। How you spent is more important than where you spent भने झैं कुन योजनामा कसरी खर्च गर्दा सिक्किमको आर्थिक अवस्था सुध्रिएर जान्छ? यस विषयमा पनि हामीले सतर्कतासाथ

काम गर्नु परेको छ। तपाईं सदनका माननीय सदस्यहरूले यी कुराहरू मनमा राखिदिनु हुनेछ।

सदनलाई मैले एउटा खुशीको खबर दिनु पर्ने छ कि दशौं वित्त आयोग (Finance Commission) - ले सिक्किमलाई कति दियो भनेर सदनमा प्रश्न पनि उठेको थियो। आज म त्यसै विषयको घोषणा गर्दैछु कि दशौं वित्त आयोगले सिक्किमलाई बढ़ाएर दिएको छ। यो धनराशी लगभग रू० ७०० करोड़ छ। नवौं वित्त आयोगले मात्र २५० करोड़ दिएको थियो। हामी सिक्किमे जनताको भाग्य राम्रो बनाउन सरकारमा आएका हौं। मैले आज सदनलाई भन्न कर लाग्यो कि हामीलाई भाग्यले साथ दिएको तथा समयले साथ दिएको हुनाले नै सबै प्रकारका सहयोगहरू बढ़ेर आउँदैछन्। जनताको निम्ति इमान्दार भएर, मेहनती भएर, बुद्धि लगाएर काम गर्‍यौं भने सिक्किमको अवस्था धेरै सुध्रिएर जानेछ भन्ने कुरामा शंका छैन।

पहिलेको सरकारमा जति पनि काम कुराहरू भए, ती सबै विषयलाई लिएर पहिलेको सरकारको हिसाब किताब के भएको थियो र विकासको पैसा कहाँ खर्च गरिएका थिए? अथवा के-के कमजोरी र भूलहरू भएका थिए? इत्यादि कुराहरूको दस्तावेज श्वेतपत्र (White Paper) आज यस सदनमा जारी भएको छ। यो श्वतपत्र कसैलाई नोक्सानी पुर्‍याउने हेतुले तयार पारिएको नभएर यो सिक्किमको आर्थिक इतिहासको लागि एउटा माइलखुट्टी हो। पहिलेका सरकारमा के-के भूलहरू भए? ती भूलहरू हामीले उल्लेख गरिदिएका छौं भने अर्कोतिर होशियार भएर सिक्किमलाई अझै राम्रोसँग अघि बढ़ाउनमा हामी सबैलाई मद्दत पुर्‍याउनेछ। श्वेतपत्र हामीले छापिसकेका छौं, र अब हाम्रो सरकार ५ वर्षका लागि आएको हुनाले हामीबाट पनि के-के भूलहरू र त्रुटिहरू हुन्छन्, ती विषयमा पनि पछि आउने सरकारले यसै गरी श्वेत-पत्र जारी गर्न सक्नेछन्। यस्तो पत्र जारी गरेर हामीले जनतालाई सत्य कुरोको जानकारी दिने प्रयास गरेका छौं। पहिलेको सरकारमा भएको भ्रष्टचारको जानकारी जनतालाई होस् भन्ने उद्देश्य पनि हो। त्यसैले यसको नाउँ श्वेत-पत्र भए पनि विगत दिनहरूमा भ्रष्टचार गर्ने अधिकारीवर्ग र विगतका सरकारमा बसेका नेताहरूका लागि भने यो श्याम-पत्र पनि हुन पुग्ला, त्यो उहाँहरूकै नियति हो। तर यसलाई सिक्किमे जनताले एकदिन अवश्य राम्ररी मूल्यांकन गर्नेछन्। हाम्रो सरकारले बजेटको ७०

प्रतिशत रकम ग्रामीण इलाकामा खर्च गर्ने निर्णय लिएको छ, जसबाट हाम्रा गाउँले गरीबहरूको अर्थिक स्तर माथि उठाउन सकियोस्। हामी यही चाहन्छौं। सिक्किम भनेको गान्तोक र अन्य शहर मात्र होइन। तर ८० प्रतिशत गाउँ मिलेर सिक्किम बनेको छ। यो गाउँ नै गाउँ मिलेर बनेको सिक्किमलाई विकासको द्रुत गतिमा अघि बढ़ाउनु पर्ने आजको आवश्यक्तालाई ध्यानमा राखी विकासको ७० प्रतिशत खर्च गाउँहरूको विकासमा लगाउने निर्णय हामीले लिएका छौं। ७०% बजेट गाउँको विकासमा लगाउनु भनेको बहुसंख्यक गाउँले जनताको जीवन स्तरलाई माथि उठाउने र आर्थिक क्षेत्रमा अघि बढ़ाउने कार्यक्रम र निर्णय हो। यसपल्टको यो बजेट जनमुखी छ, र यो सिक्किमको गरीब जनताको विकासको लागि बनाइएको बजेट छ, जो सदनले याद गर्नु पर्ने विषय छ।

हामीले सोंचेका छौं सिक्किममा आर्थिक अनुशासन आउनु जरूरी छ। आर्थिक क्षेत्रमा अनुशासन भनेको आर्थिक क्षेत्रमा आय श्रोत्र बढ़ाउनु मात्र होइन, अनुशासनमा बसेर हाम्रो आयश्रोत्र, व्यय-क्रम र बजेट जे जस्तो छ, त्यसलाई सही काममा खर्च गर्नु नै सही आर्थिक अनुशासन भएको कुरो हाम्रो सरकारले महसुस गरेको छ। त्यसैले हामीले सरकारमा आउनसाथ मितव्ययितामा जोड़ दिएको छौं। जतिपति खर्चिला साधनहरू छन्, भोग-विलाशका चीजहरू छन्, ती सबैलाई कटौति खर्चमा २० प्रतिशत कटौति गर्ने हाम्रो सरकारले निर्णय लिएको हो। भन्ने कुरामा विश्वास गर्दै आर्थिक अनुशासनको पालना गर्ने विषयलाई सोचेको छौं।

विशेष गरेर गरीब वर्गको उत्थान हुने कामहरू हामीले थालेका छौं। आज हामी के चाहन्छौं भने गरीब जनताको उत्थान होस् र उनीहरूको आर्थिक विकास हुनुपर्दछ भन्ने हाम्रो विचार छ। हामी कुनै वर्ग र 'वाद' को विरोधमा छैनौं। धनीको विरोधमा पनि हाम्रो सरकार छैन, र उनीहरू नोक्सान गर्न पनि यो सरकारले चाहेको होइन। हामी र गरीब जनतालाई उठाउन मात्र चाहन्छौं। सिक्किमका गरीब जनता र कर्मचारीहरूको आर्थिक स्तर माथि उठाउने हाम्रो कार्यक्रम हो, धनीवर्गलाई नोक्सान गर्न हाम्रो नीति छैन। विशेष गरेर हामी के चाहन्छौं भने हाम्रो पार्टीको नीति र कार्यक्रम अनुसार गरीब वर्गले बाँच्न पाउनु पर्दछ, र धनी वर्गले पनि हाँस्न पाउनु पर्दछ भन्ने बीचको मानवतावादी नीति रहेको छ, जुन कुरोलाई तपाईं सबैले सोंचि

दिनुपर्दछ। हामी समानताको पक्षधर छौं। मैले चाहेको समानता भनेको आर्थिक समानता मात्र होइन, तर सामाजिक, राजनैतिक, आर्थिक र सांस्कृतिक समानता पनि हो।

भ्रष्टचार रोक्ने र निर्मुल पार्ने हाम्रो अर्को अभियान हो। भ्रष्टचारलाई रोक्न सकिएको खण्डमा सिक्किममा प्रचुर विकाश गर्न सकिन्छ। धेरै मात्रामा हामीले भ्रष्टचारमा ताला लगाएका छौं। भ्रष्टचार रोकिनु नै जनताको विकासमा सघाऊ पुग्नु हो। यो त्याग विषय हो, र यस विषयमा कार्य थालनी गरिसकिएको छ।

चुनावमा हाम्रो पार्टीले जनतालाई जुन विचार, कार्यक्रम र वचनहरू दिएको थियो, अर्थात् चुनाव घोषणा पत्रमा हामीले जनतालाई जे आश्वान दिएका थियौं, आज हामीले ती काम कुराहरूलाई सरकारमा आउनसाथ कार्यरूप दिन थालेका छौं। अहिले सरकार चलेको मात्र तीन महीना हुँदैछ, तर यति छोटो समयावधिभित्रै यो सरकारले जनतालाई दिएका वचनहरू धमाधम पूरा गर्दैछ। यो सहज कुरो होइन। यी कुरा इतिहासले नै स्मरण गर्ला। राज्यको अधिकार सुचीभित्र रहेका जति पनि कामहरू छन् सबै एक-एक गरी पूरा गर्दै आफ्ना वचनमा दृढ बनी अघि बढ्ने सरकारको उद्देश्य छ।

सिक्किमका ६ वटा भाषाहरू नेवारी, गुरूङ, तामाङ, शेर्पा, राई र मगर भाषालाई राज्यभाषाका रूपमा सदनले मान्यता प्रदान गर्‍यो - यो ऐतिहासिक काम भएको छ। यी भाषाहरूलाई एकैचोटी मान्यता प्रदान गर्नुको कारण हो साझा र जनताको सरकार। यो सरकार प्रजातान्त्रिक विचारधारामा मान्यता राख्दछ। हामीलाई जनताले यिनै कामहरू गर्न सरकारमा ल्याएका हुन्, हामी जनताको आकांक्षा विरूद्ध जान सक्दैनौं, र जाँदैनौं पनि। यी भाषाहरूलाई मान्यता दिंदा अरू भाषालाई नोक्सानी हुन्छ भनी कसैले भन्छ भने त्यो सम्बन्धितहरूको आत्म केन्द्रित चिन्तनको ग्रन्थीबाट निक्लेको विष मात्र हो। यसले कसैको नोक्सानी गर्दैन। बरू फायदा नै गर्दछ।

म राजनैतिक नेताहरूलाई पनि आव्हान गर्छु, हामी हाम्रो कामको लागि नेता बनौं, जनताको निम्ति नेता बनौं। आज पवन चामलिङ यो सदनको नेता छ, भोलि अरू नै व्यक्ति यहाँ नेता हुन सक्छ। जो नेता हुन्छ उसले निर्माणको कामहरू लिएर

आओस्। सिक्किम र सिक्किमे जनताको हितु भलाइ सोचेर आओस्। यो सदन र चौकीका लागि आज जो पनि नेता छन्, उनीहरू सबैले उच्च विचार र जनताको हक-हितको काम लिएर सदनमा आउनुपर्दछ भन्ने चोखो भावना हुनपर्दछ। चौकीकोलागि नभएर जनसेवाको लागि सदनमा आउनु पर्दछ। 'कर्म गर, फलको आशा नगर' भन्ने महान विचार धारा लिएर जो मान्छे व्यवहारिक रूपमा बाँच्न सक्दछ, उ साँच्चै सफल र महान हुन्छ। यसको पछि ठूलो कुरो छ कि कर्म गर फलको आशा नगर' भन्ने वाक्यलाई साम्यवादीहरूले पूँजीवादी विचारधाराको नारा हो भनी भन्छन्। धनीहरूले गरीबलाई सधैं शोषण गरिरहोस् भनेर 'गीता' - मा यसो भनिएको हो भनेर भन्ने गर्छन्। तर साम्यवादीहरूको यो विचार एकपक्षीय भएको छ। कर्म गर भन्नको सही तात्पर्य काम गर, कर्मयोगी बन, कर्त्तव्य गर भनिएको हो। कर्त्तव्य र काम गरेपछि त्यसको फल त पाइ नै हालिन्छ। तर कर्त्तव्य नगरी फलको आशा मात्र गरेर बस्यो भने त्यो मान्छे कहिल्यै पनि आफ्नो लक्ष्यमा पुग्ने छैन। उदाहरणको लागि एउटा विद्यार्थीले म एम० ए० पास गर्छु भनी घरमा सुतेर बस्दछ भने उसले म्याट्रिक पनि पास गर्न सक्दैन। तर म्याट्रिक मात्र गर्छु भनी मेहनत गर्नेले पी० एच० डी० पनि गर्न सक्दछ। त्यसरी नै हाम्रो जीवनमा पनि प्रत्येक विद्यार्थी, किसान वा नेताहरूमा त्यो चरित्र र मानसिकताको विकास हुनु जरूरी छ। काम गर्‍यो भनेको ठूलो मान्छे बन्दैन? म त मुख्य मन्त्री भएँ। म पहिले एम० एल० ए० हुँदा सोच्दथें कि म एउटा सफल एम० एल० ए० बन्नेछु। मन्त्री भएँ, म सफल मन्त्री बन्छु भन्ने सोंचे। र आज मुख्य मन्त्री भएको छु, र एउटै सपना छ मेरो कि म एक सफल मुख्यमन्त्री बन्नेछु। म तब नै सफल मुख्य मन्त्री बन्छु, जब म नीतिवान भएर काम गर्दछु। यही क्रममा आज मिन्तोगाङमा रक्सी बन्द भएको छ, गाड़ी छ देखि घटेर २ मा आइपुगेको छ। यी सबै कर्महरू हुन् — कर्म गर्नु हामीले जान्नुपर्दछ। काम गरेर नै सदनका पक्ष वा विपक्षका नेताहरूले सिक्किम र सिक्किमे जनताको सेवामा सफलतामा पाउनु हुनेछ। तपाईंहरूले कर्म गरिदिए मात्र सिक्किमका गरीब दुःखीहरूले फायदा पाउनेछन् भन्ने मेरो अभिप्राय हो। सिक्किम सरकारका अधीनमा रहेका मांगहरू त यो सरकारले पूरा गर्दै लगेको तपाईंहरूले देखिनै रहनु भएको छ। तीन महिनामा त यति काम गरियो भने जनताले हामीलाई ५ वर्ष काम गर्ने जनादेश

दिएका छन्। हुन ता कसै-कसैले भन्ने गर्दछन् रे कि यो सरकार ५ वर्षसम्म टिक्दैन। भन्नेको मुख थुन्न सकिन्दैन। भन्नलाई त हामी सरकारमै आउँदैनौं भन्नेहरू पनि थिए, तर आयौं। सरकार चलाउनै सक्दैन भन्थे, चलाउँदैछौं। दिल्लीबाट पैसा ल्याउन सक्दैन भन्थे, अझ ४२% बढ़ी ल्याएर आयौं। दशौं वित्त आयोग त के हो कोनी भन्थे, ७०० करोड़ ल्यायौं। अहिले यहाँका नेताहरू दिल्लीसँग के-के पोल-झोस् गर्नुपर्छ भनी कुरा गरिहिंड़ेको सुनिन्छ। खै के भनौं? आफैं भोटमा हार्नेहरूले आफ्नो कुरा दिल्लीले कसरी पत्याउँछ भन्ने ठान्छन् कोनी! कुरा पत्याउनलाई त जतन र मितव्ययिताको नीति मान्ने, चारैतिर विकासको कार्यक्रम चलाउने हाम्रो सरकार जस्तो पो हुनुपर्छ। हाम्रा कामकुरा हेरेरै दिल्ली प्रभावित भएको हो, त्यसै ४२% बजेट बढ़ाइ दिएको होइन। जनताले हामीलाई काम गर्न पठाएको हुँदा ५ वर्ष हामी काम गर्छौं नै, र त्यो पनि राम्रो काम नै हामी गर्नेछौं। त्यसपछि फेरि जनताले कसलाई पठाउँछन्, त्यो हामी जान्दैनौं, जनता जान्दछन्। जनताको राजमा जनता नै राजा अनि यस्ता गरीब राजाहरूलाई म सधैं पूजा गर्छु, ती पूज्य हुन्। पूज्य रहनेछन्।

'शान्ति' सबैले चाहन्छन्, त्यसमा पनि कविहरू त बढ़ी नै जोड़ दिएर दोहोर्‍याउँछन् पनि। शान्ति न देख्न सकिन्छ, न किन्न सकिन्छ, तापनि हामीलाई शान्ति चाहिन्छ। पहिलेको सरकारले शान्ति 'थियो' भन्छ भने हामी 'छ' भन्छौं। हिज कति शान्ति राज्यले पाएको थियो, त्यो नकोट्याउँ। तर आज जुन शान्ति सिक्किम र सिक्किमेहरूले पाएका छन्, त्यो शान्ति हिजको जस्तो 'शान्ति' नभएर बोल्ने पाउने, लेख्न पाउने, मनमा लागेका कुराहरू खुलस्त भन्न पाउने अधिकारले सिंगारिएको शान्ति आज छ। विरोध गर्न पाउने, गुनासो पोख्न पाउने शान्ति आज सिक्किमेहरूले भोग गर्न पाइरहेका छन्। सिक्किममा हामी यो प्रकारको शान्ति कायम गर्न चाहन्छौं,र त्यो गर्न हाम्रो सरकार सक्षम छ। प्रत्येक जनता आफ्नो गोरव र आत्मसम्मानसहित बाँच्न पाउन भन्ने हाम्रो धारणा छ। कसैको डर, त्रास र गुलामी नगरी कसैको आशीर्वाद बिना नै शान्तिसँग सिक्किमे जनता बाँच्न सकून भन्ने हाम्रो चाहना छ। प्रत्येक सिक्किमे जनता आफ्नो हर र अधिकार लिएर बाँचून्। म चाहन्छु सिक्किमे जनताले सरकारको दयामायामा बाँच्न नपरोस् सबैले आफ्ना हक र अधिकार प्रयोग गरी बाँच्न सकून्। प्रजान्त्र, शान्ति र आत्मसम्मान भन्ने कुरा अनुभव गरिने विषय हुन्,

जो आज सबैले अनुभव गरिरहेछन्। आज पवन चामलिङ मुख्य मन्त्री भएको १०७ दिन मात्र हुँदैछ। मुख्य मन्त्रीलाई भेट्दा वा देख्दा कुनै पनि व्यक्तिले आज संकोच र अप्ठेरो महसुस गर्दैन। म पहिले जस्तो ढाँचामा थिएँ, आज पनि त्यही ढाँचामा छु। अनि त्यसैले नै हो मलाई आज पनि सबैले एक हितैषी साथीको व्यवहार र दृष्टिकोण राख्दछन्। साँचो प्रजातन्त्रको भावना यसरी नै पलाउन सक्दछ भन्ने म ठान्दछु। तर पहिलेको सरकारसँग जनता सधैं त्रसित र भयभीत रहन्थे प्रजातन्त्रको ग्रन्थ पनि जनताले महसुस गर्न पाएनन्। प्रजातन्त्र भन्ने कुरा कसैले दिने र पाउने विषय नभएर आपसी समझदारी एवं सम्झौताबाट तय हुने चीज हो। The spirit of democracy is not a mechanical thing to be adjusted in the evolution of forms. It requires change of heart प्रस्तावले मात्र प्रजातन्त्र ल्याउँदथ्यो भने १६ मई १९७५ देखि नै सिक्किममा प्रजातन्त्र आएको हुनु पर्ने, तर त्यो हुँदैन्थ्यो, र भएन पनि। त्यसैले आज हामी चाहन्छौं कि त्यस्तो प्रजातन्त्र सिक्किममा ल्याऊँ, जसलाई प्रत्येक सिक्किमे जनताले सहर्ष, निर्विध्न र निर्बाध रूपले उपभोग गर्न सकून्, जसले गर्दा आफ्ना हक र उत्तरदायित्व प्रति हरेक जनता सचेत बन्न सकून् भन्ने मेरो इच्छा छ।

कानून व्यवस्थाको विषयमा कुरा गर्दा हाम्रो सरकारमा कानून व्यवस्था राम्रो छ, र कोही पनि कानूनदेखि माथि छैन भन्ने कुरोमा हामी विश्वास राख्दछौं। पुलिस विभागलाई कानून व्यवस्था संचालन गर्न बिना अवरोध पूर्ण अधिकार दिएको यस सरकारले। तपाईंहरू देख्दै नै हुनुहुन्छ कि गान्तोकमा पहिले जस्तो गुण्डागर्दी, कुटपीट, लुटपाट र व्यभिचारहरू छैनन्। जनतामा सुरक्षा र शान्तिप्रति विश्वास पैदा भइसकेको छ। यस विश्वासलाई कायम राख्न सरकार, कर्मचारी र पुलिस विभाग सधैं क्रियाशील रहनुपर्दछ।

राज्य शासन सधैं सफा हुनु आवश्यक छ। सफा शासनको निम्ति भ्रष्टचार नगर्ने, फायलहरू त्यसै थन्काएर नराख्ने कसैलाई दुःख नदिने र जसरी भए पनि जनताको काम छिटो र सजिलैसँग गर्ने गर्नु पनि त्यतिकै आवश्यक छ। सरकारको शासन प्रभावकारी हुनुपर्दछ, जनतालाई कुनै प्रकारको दग्दी र दुःख हुनुहुँदैन भनी कर्मचारी वर्गलाई निर्देश दिइएको छ। म सबै मन्त्री, विधायक, अधिकारीवर्ग र उपस्थित सबैमा आग्रह गर्दछु कि हाम्रो सरकार शासन गर्न होइन, तर सेवा गर्न

आएको हो। पवन चामलिङ आज शासन गर्न नभएर सेवा गर्न मुख्यमन्त्री भएर आएको छ। म सेवाको भावनाले सरकारमा आएको छु। जनताको सेवाद्वारा नै सिक्किमको भविष्य उज्ज्वल बन्न सक्नेछ। लगभग पाँच लाख जन्संख्या भएको सिक्किम राज्यमा हामी सबैले सेवा भावले काम गर्‍यौं भने आगामी ५ वर्षमा यसको रूप अर्कै भएर जानेछ, र दश वर्षभित्र सिक्किम आर्थिक क्षेत्रमा आत्म-निर्भर बन्नेछ भन्ने कुराको मलाई पूर्ण विश्वास छ। सिक्किममा नेता र कर्मचारीवर्गले तथा समाजका सबै तहका जनता-जनार्दनले पनि कड़ा मेहनत, इमान्दारी र लगनशीलताका साथ काम गरेको खण्डमा आगामी दशवर्षभित्रमा सिक्किम भारतको एक समृद्धशाली र धनी राज्य कहलाइनेछ। सिक्किमलाई शिक्षा, कृषि, स्वास्थ्य, उद्योग र अन्य सबै क्षेत्रमा आत्म-निर्भर बनाउने दिशामा सरकारले कार्यहरूको थालनी गरिसकेको छ। अर्को महत्वपूर्ण विषय रहेको छ। साम्प्रदायिक सद्भावना र जातिय एकताको चिन्तन। यो नारा सिक्किमको राजनीतिक आकाशमा धेरै नै गुञ्जेको नारा हो, यद्यपि यसले नाराको सीमा काटेर व्यवहारको ऐनामा झल्किनु कहिले पनि पाएन। जातिय एकता र सद्भावना भनेको एउटा जातिले अर्को जातिको भलो चिताउनु भनेको हो। एकले अर्कोको निम्ति त्याग गर्नु, एकले अर्कोको अहित नचिताउनु र एकले अर्कोलाई आफू जस्तै सोच्नु नै जातिय सद्भावनाको सार हो। हाम्रो सरकारले यस विषयमा सोचेर-सम्झेर काम गर्दैछ। हामी दृढ़तापूर्वक यो नारालाई व्यवहारमा कार्यान्वयन गरेका छौं। भोटे, लेप्चा, नेपाली मिलेर बनेको यस सिक्किम राज्यमा जुनसुकै धर्म-कर्म र व्यवसायका व्यक्ति भए पनि हामी सिक्किमे हौ, हामी सबैको मेल-मिलाप नै भोलिको उज्जवल सिक्किमको रूप हो। हामीमा एकता र अनुशासन र भए मात्र सिक्किम सुखी र समृद्धशाली बन्न सक्नेछ। तर सिक्किमेहरूबीचनै फूट आयो भने सिक्किम र सिक्किमे दुवैको अस्तित्वले संकट बेहोर्नु पर्नेछ। त्यसैकारण हामी सबै मिलेर काम गर्नु आवश्यक छ। मन सबैभन्दा ठूलो कुरो हो, हाम्रो मन मिल्यो भने संसारको कुनै पनि शक्तिले हल्लाउन सक्दैन। सिक्किममा कतिपय नेताहरूले जात-पात जस्ता मानवताघाती कुरा झिकी जनतालाई अप्ठ्यारोतिर धकेल्दैछन्, तर हामीमा सधैं सिक्किमे भएर बाँच्ने भावना जागृत भए यस्ता कुनियत बोकेका नेताहरू आफैं-आप एक्लिएर रूनेछन्। हामी यहीं जन्मियौं, र

यहीं मर्ने पनि छौं। जब जन्मिने, बाँच्ने र मर्ने सबै नित्य भविताहरू मिल्न सक्दछन् भने हामी एक भइ मिलेर बस्न किन सक्दैनौं? आज हामीमा एक भई बाँच्ने भावना जन्मनु जरूरी छ। यसो भएको खण्डमा हाम्रो सिक्किममा सबै थोक ठूलो र फराकिलो हुनेछ; जसको निम्ति हाम्रो मन ठूलो र फराकिलो किन बनाउने? एकता र सद्भावनालाई व्यवहारिक रूप दिनु जरूरी भएको कुरा तपाईंहरूले मनमा राखिदिनु हुनेछ। मिलेर काम गर्दा हुन नसक्ने कुरो केही छैन। सबै जात र धर्मका मानिसहरू हाम्रो लागि समान छन्, हामीले सबैलाई बराबर सोंचेका छौं। यस दिशामा हामी सचेत छौं, र भोटे-लेप्चा-नेपाली जाति निर्विशेषमा सबैलाई समान सामाजिक आर्थिक र राजनैतिक न्याय र हक दिलाएर राख्ने हाम्रो नीति एवं कार्यक्रम छ।

सिक्किममा बेकारी समस्या बढ़ेर जाँदैछ। बेकारी समस्यालाई पनि विकासको लक्षणको नै मान्नु पर्दछ कि जति-जति मानिसहरू शिक्षित बन्छन्, त्यति नै शिक्षित बेकारी समस्या पनि बढ़दै जान्छ। विद्वान एवं शिक्षित बन्नु भनेको नोकरी गर्ने नोकर बन्नु होइन, आत्मनिर्भर (Self-reliant) बन्नु हो। तर अफसोश, सिक्किमका अधिकांश शिक्षित एवं विद्वान मानिसहरूको उद्देश्य नोकर बन्ने मात्र छ। यो प्रवृतिले सिक्किमे जनतालाई अघि होइन पछि पार्नेछ। यस प्रवृतिले सिक्किमे नव-पीढ़िलाई मुक्ति दिलाउनु पर्नेछ। फेरि बेकारी समस्या सिक्किमको र भारतको मात्र समस्या नभएर अन्तर्राष्ट्रिय समस्या हो। यो समस्याले बील क्लिण्टनलाई पनि छाड़ेको छैन किनभने गत चुनावमा क्लिण्टनले बेकारी समस्यालाई पनि एउटा राजनैतिक मुद्दा बनाउनु परेको थियो। यो महारोग नै भएको छ, जसको समाधान सरकारले एक्लै गर्न सक्दैन। समाजका सबै वर्गका व्यक्तिहरू मिलेर यसको समाधान निकाल्न सक्नु पर्दछ।

शिक्षित बेरोजगार भाइ-बहिनीहरूले पनि आफ्नो शैक्षिक प्रतिश्पर्धाको माध्यमद्वारा सिक्किममा मात्र आश्रित नभई सिक्किमदेखि बाहिर सारा भारतमा आफ्नो निम्ति प्रतिश्पर्धाको वातावरण सृजना गर्नु जरूरी छ। मान्छेको लागि सारा संसार नै एउटा कर्मभूमि हो भन्ने कुरा हाम्रा भाइ-बहिनीहरूले चिन्तन गर्नु पर्ने विषय हो। मैले भर्खरै 'इण्डिया टूडे' पत्रिकामा पढ़ें कि भारतमा क्याप्टेन पदको निम्ति ८००० पदहरू खालि छन्। तर हाम्रो तन्देरी पुस्ताले त्यतातिर सोच्ने गरेकै छैनन्।

एउटा क्याप्टेन पदको लागि यति पदहरू खालि छन् भन्ने अन्य ठाउँतिर झन् कति होलान्? अहिले सिक्किममा बेकारी समस्या बढ्नुको मुख्य कारण पहिलेको सरकारमा त्यसबेला आवश्यक नभएका पदहरूमा धमाधम मानिस भर्ना गराइए। पछिका लागि जनशक्ति परिचालन गर्ने रूपरेखा तयार गरिदिएको भए अहिले त्यति अप्ठेरो पर्ने थिएन। उदाहरणको लागि आज सिक्किममा गणित शिक्षकको खाँचो छ, तर भेटनेरी डाक्टर काम नपाई बसेका छन्। सिक्किममा आज इलेक्ट्रीक इञ्जीनियरहरू बेकारी बसेका छन्, सिविल इञ्जीनियरहरू बेकार बसेका छन्। तरिकावद्ध कार्यक्रम र कुशल जनशक्ति (Skilled Manpower) परिचालनको पूर्वाधार तयार नपारी जताभावी शिक्षा दिने विगत सरकारको नीतिको प्रतिफल हो - आजको बेकारी समस्या। त्यसैकारण यी सबै विषयलाई मध्यनजरमा राखी आज हाम्रो सरकारले विभिन्न योजनाहरू बनाउँदैछ, र म पुनः हाम्रा विद्यार्थीहरूमा प्रतिशपर्द्धाको भावना जागरण गराउने आव्हान पनि गर्दछु। भविष्यमा हाम्रो सिक्किमको लागि कस्ता विशेषज्ञ, शिक्षक, प्रविधिज्ञ र इञ्जीनियरहरूको खाँचो पर्नेछ र त्यसको पूर्ति कसरी गर्न सकिन्छ भन्ने सोचि जनशक्ति तयार गर्ने विषयमा सरकारले विशेष ध्यान दिनेछ। त्यसैकारण हामीले स्कूलहरूमा पनि मनपरीसँग बढ़ोत्तरी (Upgradation) नदिने निर्णय लिएको हौं।

म सदनका ओजस्वी सदस्यहरूलाई अवगत गराउन चाहन्छु कि यस्ता विषयहरूमा हामीलाई आफ्नो व्यक्तिगत स्वार्थको निम्ति करकाप नगरी दिनु होला। सिक्किम र सिक्किमे जनताको उज्जवल भविष्य निर्माणको जिम्मा मुख्यमन्त्री र मन्त्रीहरूको हात मात्र नभएर सम्पूर्ण सिक्किमे जनताको हातमा छ — तपाईंहरूको हातमा छ। त्यसैकारण हामीले आज प्राथमिक शिक्षामा विशेष जोड़ दिनु परेको छ। यो यसकारणले कि आज हामीसँग त्यस स्तरमा काम गर्ने योग्य मान्छेहरू मात्र छन्। यदि त्यसो नगरेर सेकण्ड्री र हाइस्कूलहरू बढ़ाउने पाइला चाल्यौं भने गणित, विज्ञान, अंग्रेजी विषयका शिक्षकहरू बाहिरबाट ल्याउन बाध्य हुनेछौं, किनकि त्यो जनशक्ति सिक्किममा तयार छैन। यसको साथै बेकारी समस्या समाधान गर्ने अरू पनि उपायहरूबारे हामी सोच्दैछौं जस्तो 'भोकेशनल कोर्स' (Vocational Course)

गराउने, इलम सिकाउने, साना र ठूला उद्योगहरू खोल्ने जहाँ धेरै बेरोजगाहरूले रोजगारी पाउन सकून्। यी विषयहरूमा यो सरकारले खोजी गरी निचोड़ निकाल्नेछ।

शिक्षा विषयमा हाम्रो सरकारले विशेष चासोका साथ सोंचिरहेकोछ। शिक्षाको संख्यात्मक भन्दा गुणात्मक सुधार गरिनु आजको आवश्यकत्ता देखिएको छ। हुनता यस विषयमा अघिदेखि नै सदनमा धेरै गफहरू हाँकिए, तापनि कार्यक्रममा अझै केही हुन सकेको छैन। त्यसैले हाम्रो सरकार सिक्किममा आफ्नै शिक्षा नीति बनाउने, आफ्नै शिक्षा बोर्ड बनाउने र शिक्षामा गुणात्मक सुधार ल्याउने विषयमा वचनवद्ध छ। एउटा विश्वविद्यालयको स्थापना आजको आवश्यकता हुन आएको छ। हाम्रो आफ्नो प्रोफेसर, लेक्चरर र भाइस चान्सलर नरहेको अवस्थामा हामीलाई विश्वविद्यालय खोल्न हिच्किचाउनु पर्ने स्थिति छ। तापनि आजको परिप्रेक्ष्यमा सिक्किममा विश्वविद्यालय नखोलि नहुने समय आएको छ। म चाहन्छु कि हाम्रा नानीहरू उच्च शइक्षा हासिल गरी प्रतिशपर्धामा उत्रने बनून्, आफ्नो खुट्टामा आफैं उभिन सक्ने बनून्। त्यसैकारण शिक्षाका गुणास्तरप्रति हामी विशेष जोड़ दिंदैछौं। वर्तमान सिक्किमको शिक्षा पद्धति अनुसार नानीहरू, जसले बस्तीका स्कूलबाट दशौं वा बाह्रौं श्रेणी उत्तीर्ण गरेका छन्, एल० डी० सी० र यस्तै परीक्षामा बस्दा उत्तीर्ण हुन नसक्ने हालतमा छन्। त्यसको मूल कारण हो जग बलियो नभएको र झुण्डिएर पास हुँदै आएखओ। तर अब आउने लट वा बथान हाम्रो होस् भन्ने म चाहन्छु। त्यसका निम्ति हामी सबैले हाम्रा भावी सन्तानको उज्जव भविष्यको निर्माण गर्ने कामनासहित सोच्नु जरूरी छ।

स्वास्थ्य क्षेत्रमा पनि हामी बढ़ी सजग भएर अघि बढ़िरहेछौं। हुनत संसारभरि नै आज यसबारे नानाथरीका नाराहरू चलिरहेका छन्, तर नाराले मात्र हामीलाई पुग्दैन। हामीले पहिले यस विषयतर्फ ध्यान दिनु जरूरी हुन्छ कि मान्छे किन विरामी हुन्छ? विरामी भइसकेपछि उपचार गर्नुभन्दा सकेसम्म विरामी नै हुन नदिनु राम्रो। तर मलाई लाग्छ मानिस विरामी हुनुको प्रमुख कारण उसको गरीबी हो। शरीरको लागि चाहिने आवश्यक पौष्टिक पदार्थहरूको अभावमा हाम्रा मानिसहरू विरामी हुन पुग्दछन्। त्यसै गरी गाउँ-गाउँ-घरका दिनी-बहिनीहरू आज आमा बन्नेवाला हुन्छन् त्यसबेला उनीहरूको आफ्नो शरीरलाई चाहिने पर्याप्त भिटामीन र पौष्टिक आहार

आदि नपाउनाले जन्मने बच्चा रोगी हुन पुग्छ साथै रगत आदिको कमीले ती महिला रोगी हुन पुग्छिन्, र कतिपय अवस्थामा त मृत्यु पनि हुने गरेको छ। यस्तो रोग एवं मृत्युको श्रोत गरीबी नै हो। आर्थिक र वैचारिक गरीबीबाट सिक्किमे जनतालाई मुक्ति दिलाउन सकिएको खण्डमा यति धेरै रूपियाँको दवाई पनि सिक्किमले किन्नु पर्ने थिएन होला। त्यसैले हामी सबैमा कसरी गरीबी उन्मूलन गर्न सकिन्छ भन्ने चिन्ता रहनु जरूरी छ।

सिक्किममा पिउने पानीको समस्या पनि एउटा ठूलो र महत्वपूर्ण विषय रहेको छ। बाँच्नको निम्ति नभई नहुने पानी कसरी घर-घर पुर्‍याउन सकिन्छ भन्ने विषय भन्दा उक्त पानी कसरी नसुक्ने बनाउने भन्ने विषयतर्फ हामीले विशेष ध्यान पुर्‍याउनु आवश्यक देखिन्छ। पानी नसुक्ने बनाउनको निम्ति रूख-पातहरू रोप्नु जरूरी हुन्छ। पर्यावरण सन्तुलनको विशातर्फ हामीले गम्भीरतापूर्वक सोच्नु पर्ने र कामहरू थाल्नु पर्ने समय आएको छ। यस विषयमा सिक्किममा 'विरूवा रोपौं' आन्दोलन नै शुरू गरिनु पर्दछ। सिक्किमका प्रत्येक जनता, कर्मचारी र विद्यार्थीहरू लगायत पञ्चायत स्तरदेखि नै विरूवा रोपौं भन्ने भावना जागृत गराइ कार्यको थालनी गरिनु पर्ने दिन आएको छ। यस प्रकारले नै सरकारले सिक्किममा एउटा 'हरित क्रान्ति' शुरू गर्ने सोचेको छ। सिक्किमको कुनै पनि खाली जमीनमा हामीले विरूवा रोप्ने कार्यको थालनी गर्नु परेको छ। बन विभागले कानून नै बनाउनु पर्नेछ कि एउटा रूख काटियो भने त्यसको सट्टामा कमसेकम पचास विरूवा रोप्नै पर्दछ। उत्त रूखको 'रोयल्टी' नलिएर बरू ५० विरूवा रोप्नै पर्ने कानून होस्, जसका लागि हाम्रा कर्मचारीहरू, फरेष्ट गार्डहरू इमान्दार हुनुपर्दछ, र सो कार्य भयो या भएन भन्ने विषयको लेखाजोखा पनि हुनुपर्दछ। यस कार्यमा बन-विभाग, ग्राम विकास विभाग र पञ्चायत तहमा नयाँ जागरूकता पैदा गराउनु आजको आवश्यकता हुनु आएको छ। यस प्रकारको वृक्ष रोपण अभियानले सिक्किममा पानीको अभाव अवश्य हट्नेछ। 'सिक्किमको धन-हरियो बन' बृद्धि हुनासाथै पर्यावरण शुद्ध र सफा भई हाम्रा मान्छेहरू निरोगी बन्न सक्नेछन्, साथै सिक्किम प्रदुषणमुक्त राज्य बन्न सक्नेछ। वृक्षरोपण कार्यक्रम सफल बनाएर सिक्किमलाई भारतको सबभन्दा सुन्दर र समृद्धशाली राज्य बनाउने हाम्रो लक्ष्य रहेको छ।

विद्युत क्षेत्रमा सिक्किममा तुलनात्मक रूपले धेरै काम हुनाको साथै अन्य धेरै विद्युत योजनाहरू पनि कार्यान्वयन हुँदैछन्। हाम्रो जलशक्तिद्वारा धेरै आर्थिक आम्दानी भई त्यसले सिक्किमलाई आत्म-निर्भर बनाउने दिशामा महत्वपूर्ण कार्य गर्नेछ भन्ने विषयमा हामी पूर्ण रूपले विश्वस्त छौं। विद्युत विभागको लागि सकेसम्म आर्थिक लगानीको पूर्वधार तयार गरी त्यसलाई अरू उन्नत र उत्पादनशील बनाइनेछ। यसको विकास र विद्युत उत्पादनका लागि सरकारले पनि सहयोग गर्ने साथै निजी पार्टीहरूलाई पनि यसमा संलग्न गरी यसको क्षमतामा वृद्धि ल्याउने विषयमा पनि सरकार क्रियाशील रहेको छ। सिक्किममा मात्र नभएर भारत र विश्वका अन्य मुलुहरूमा पनि यस्ता विद्युत उत्पादन सम्बन्धी कामहरू निजी पार्टीहरूद्वारा नै गराइने गरिएको पाइन्छ, र हामीले पनि यस विषयमा गम्भीरतापूर्वक सोचेका छौं। सिक्किमको निम्ति विद्युत विभाग यस्तो महत्वपूर्ण र सशक्त विभाग हो, जसले राज्यमा सबैभन्दा बढ़ी राजस्व आर्जन गरी सरकारलाई उल्लेखनीय सहयोग पुर्‍याउन सक्दछ। यस्ता विषयलाई हाम्रो सरकारले बढ़ी प्राममिकता दिई काम गर्ने, गराउनेछ।

पशु विकाश विभाग (Animal Husbandry) — को सिक्किममा बेग्लै र महत्वपूर्ण स्थान छ। सिक्किम कृषिप्रधान राज्य भएकोले किशानहरूको आयश्रोतको दोस्रो मुख्य साधन पशुपालन हुन गएको छ। सिक्किमको हावा-पानी र माटोमा पशुहरू फस्टाउने र फायदा दिने हुँदा हाम्रो सरकारले यस विभाग मार्फत् सिक्किमका गरीब किसानलाई गाई, सुँगुर र अन्य पशुहरू निःशुल्क वितरण गर्ने योजना तयार गरिएको छ। किशानहरूको आर्थिक जीवनमा सुधार ल्याउने विशेष योजना तर्जुमा गरी सिक्किमे जनतालाई आत्म-निर्भर बनाउने दिशामा महत्वपूर्ण पाइला चालिएको छ। यस राज्यमा वर्षैपिच्छे ५/६ करोड़का गाईहरू र ह्न करोड़का भेड़ा, खसी र सुँगुरहरू बिक्री हुन्छन्। सिक्किमे जनता र सिक्किमस्थित सेना यी सब बस्तुका प्रमुख उपभोक्ता हुन्। यो मासु सधैं बाहिरबाट ल्याउनु पर्दैछ। यी सबै विषयलाई ध्यानमा राखी सिक्किममै पशुपालन र उत्पादन बढ़ाउने विषयमा हाम्रो सरकारले सोचेको छ।

सिक्किम राज्यको अर्को राजस्वको श्रोत हो पर्यटन (Tourism) यस सम्बन्ध हाम्रो सरकारले विशेष ध्यान दिई काम गर्ने छ। पर्यटन विभागको विकासको निम्ति

एउटा जापानी कम्पनीसँग हाम्रो कुराकानी भएको छ। सिक्किमलाई विश्वको एक आकर्षक पर्यटन स्थलको रूपमा चिनाउने दिशामा गुरू योजना (Master Plan) बनाइ काम गर्न हाम्रो सरकार सक्रिय रूपमा अघि बढ़िरहेको छ। पर्यटन विभाग विषयमा सदनमा कुरा पनि उठेको थियो कि यसको विकासको लागि विश्व ब्याङ्कबाट फण्ड किन ल्याउँदैन? सम्पूर्ण भारत र त्यसका अन्य राज्यहरूले पनि विश्व ब्याङ्कको सहायता लिइरहेकाले सिक्किमले पनि यस विषयमा सोच्नु पर्दछ भन्ने आदि धेरै विषयका प्रश्नहरू राखिएका थिए। यस विषयमा हामीले पनि सोचेका छौं। सिक्किममा पर्यटन उद्योगको विकास गरी गान्तोक नजिकै सेटसाइट टाउन वा उपनगर बनाउने, र सबै क्षेत्रमा उन्नति गर्दै लैजाने, र धेरैभन्दा धेरै पर्यटन-स्थलहरू (Tourist Spots) बनाई विकास गर्दै लैजाने विषयमा हाम्रो सरकार सचेष्ट रहेको छ। यस विषयमा काम गर्न विश्व ब्याङ्क, निजी कम्पनीहरू, र एन० आर० आई० ग्रूपलाई पनि निम्त्याउने हाम्रो सोचाइ छ। उनीहरूले हामीलाई सहयोग पुर्‌याउनेछन् भन्ने सम्बन्धमा हामी आशावान छौं।

एस० एन० टी०, मोटर भेहिकल, र अन्य विभागहरूले सिक्किमे जनसाधारणलाई धेरै सहयोग पुर्‌याइराखेका छन्। यसको थप विकासको लागि अरू नयाँ बसहरू ल्याएर सिक्किमका प्रत्येक गाउँ-बस्तीमा बस सेवा पुर्‌याउने विषयमा यस सरकारले निर्णय लिएको छ। प्रश्नकालमा सदनमा बस, टाटा र ट्याङ्करहरूमा दुलो परेको छ भन्ने कुरो उठ्यो। प्रत्येक वर्ष घाटा देखिएको छ र यसलाई नीजिकरण गरियोस् भन्ने माँग पनि भयो। यसमा दुइ प्रकारले सोचिनु पर्दछ कि नीजिकरण (Privatisation) गरिएको खण्डमा सरकारी भार र अवश्य कम हुन्छ, तर त्यसो गर्दा जसरी एस० एन० टी० र मोटर भेहिकल विभागले जनताको सेवा गरिरहेका छन्, त्यो सेवा-नीजिकरणबाट हुन सक्दैन। नीजि कम्पनीको हातमा परेपछि त्यो ट्रान्सपोर्ट उसैको इच्छा र स्वार्थ अनुरूप मात्र चल्न जान्छ। नाफा नोक्सानदेखि अलग्गै एस० एन० टी० - ले जनताको हित र सेवा गरिरहेको छ, त्यो पनि हामीले उल्लेखनीय नै मान्नु पर्दछ। अर्को कुरा टाटा र ट्याँकरमा दूलो टाल्ने प्रयत्न गर्दा-गर्दै पनि कहीं न कहींबाट चुहि नै रहन्छ भन्नुको तात्पर्य टाटा-ट्याङ्करमा मात्र नभएप हाम्रो मान्छेको विचारमा समेत दूलो परेको ेछ भन्नु नै हो।

जबसम्म स्वार्थ र भ्रष्टचारको दूलो टालिंनदैन साथै ड्राइभर-कण्डक्टर वा अधिकृतहरूका मनमा पनि सिक्किम मेरो हो, यी गाड़ीहरू हाम्रा हुन् र यसको जनत गरी विकास कार्यमा सरकार र जनतालाई सहयोग गरौं भन्ने भाव जागृत हुन सक्दैन, ट्याँकी र टाटाको मरम्मतिले मात्र काम बन्दैन। यस्तो भावना ल्याउन तपाईं-हामी सबैमा सहयोग र लगनको आवश्यकता छ। इमान्दारीको खाँचो छ। यस्तो प्रकारको विचार हामी सिक्किममा किन आउँदैन? हामीमा के कुरोको कमी छ? सिक्किमलाई भारतको उदाहरणीय राज्य बनाउनेतर्फ हामी किन सोच्दैनौं? यो हाम्रो कमजोरी हो र यस्ता कामजोरीहरू हटाइ सबै एक मत भएर सिक्किम र सिक्किमे जनताको उन्नतिको लागि अधि बढ्नु समयको माग हो।

सिक्किम सरकारको जनकार्य विभाग पनि एउटा यस्तो महत्वपूर्ण विभाग हो, जुन विभागसित सिक्किमको उज्ज्वल भविष्यको लेखाजोखा रेखांकित छ। सिक्किम र सिक्किमे जनताको विकासका निम्ति कैयौं महत्वपूर्ण भवन र बाटो घाटोहरू यस विभागद्वारा बनाइएका छन्, तापनि अझ यस दिशामा थप प्रगति गर्नु आजको आवश्यक्ता रहेको ठान्दछु। सकेसम्म कम खर्चमा धेरै राम्रो काम गरिनु पर्ने विषयमा म सम्बन्धित सबैको ध्यान आकर्षण गर्न चाहन्छु।

ग्राम विकास विभागका कामहरू अति नै महत्वपूर्ण र सराहनीय छन्। आजसम्म पनि विभागले गाउँ बस्ती पञ्चायत स्तरमा पनि धेरै कामहरू पूरा गरिसकेको छ। यो विभाग अझै पनि त्यस्ता कामहरू गर्न क्रियाशील छ। पञ्चायत चुनावको प्रश्न पनि उठेको छ। चुनाव गरे पनि नगरे पनि १९९२ सालमा भारत सरकारले संविधानको ७३ औं संशोधन गरी कानून पास गरिसकेको छ। र हामीले पनि सिक्किममा नयाँ पंचायत कानून संशोधन गरी पञ्चायत अझ बढ़ी सुसंगठित गरी कार्य गर्नु परेको छ। पञ्चायतले आफ्नो उत्तरदायित्वलाई सेवा-भावले पूरा गर्नु पर्नेछ। ग्राम विकास विभागले अरू पनि थुप्रै कार्यहरू थालिसकेको छ, र यसबाट सिक्किमे जनता अवश्य लाभान्वित हुनेछन्। कल्याण विभागमा पनि थुप्रै महत्वपूर्ण कामहरू भइरहेका छन्। यसै विभाग अन्तर्गत वृद्धावस्थाका व्यक्तिहरूलाई पेन्सन दिने काम तदारूकताका साथ भइरहेको छ।

हवाई सेवाद्वारा सिक्किमलाई जोड्ने विषयमा पनि हामीले सोचिरहेका छौं। दिल्लीमा गएर यो देऊ, त्यो देऊ भनी हात जोड्ने प्रवृत्ति छोड़ी सिक्किम भारतको २२ औं राज्य भएको नाताले हामीले के-के पाउनु पर्छ; अन्य राज्यसरह हाम्रो राज्यमा के-के छुट्याइएको छ, सो हामीलाई चाहियो भन्न सक्नु पर्दछ। हामीलाई दया-माया होइन, अधिकार चाहिन्छ भन्ने भावना प्रत्येक सिक्किमेको मनमा हुनु जरूरी छ। हामी प्रत्येक सिक्किमेमा सिक्किमप्रति जागरूकता र दायित्व, इमान्दारी र सिक्किमे हुनुको गर्वबोध वा गौरवको भावना अति जरूरी छ। म चाहन्छु कि सिक्किमे जनताले आफ्नो शान र मान कायम राखी बाँच्न सक्नुपर्दछ। आज हामीले आफ्नो हक र अधिकार लिनका लागि किन कसैसँग खुशामदी गर्ने? हामी यो कुपा मान्दैनौं, र हामीलाई चाहिने एयर-लिङ्ग दिनैपर्छ। भारतका केन्द्रीय नेताहरू अरूलाई पन्छाए जस्तै गरि एयरलिङ्गका लागि यति र उति लाग्छ भनी बिङ्गा लगाउँदछन्, तर हामी ती सब कुरा जान्दैनौं। हाम्रो राज्यले पाउन पर्ने के कति हक र वण्डा पाउनुपर्छ, त्यो जति लागे पनि हामीलाई एयरलिङ्ग र अन्य सुविधाहरू चाहियो भनी हामीले प्रष्टसँग कुराहरू राखी सकेका छौं।

हामीले गान्तोक शहरलाई सफा र सुन्दर राख्नु पर्छ। गान्तोक मात्र नभएर सिक्किमका सबै बजारहरू पनि सुन्दर र सफा हुनु जरूरी छ। हाम्रो सिक्किमका फायर बिग्रेडका क्रमाचारीहरूलाई दिन-दिन काम पुग्दैन। कहीं आगलागी भएको खण्डमा त उनीहरूले त्यहीं गई काम गर्ने पर्दछ तर, त्यसो नभएको बखतमा त्यसै हात बाँधेर किन बस्ने? मैले यस अघि पनि सम्बन्धित अधिकारीवर्गलाई भनिसकेको छु कि फायर बिग्रेड सरकारी विभाग हो र त्यसै बस्नु भन्दा असल शहर सफा गर्नु पर्दछ। काम गर्दा कोही पनि सानो हुँदैन, ठूलो हुन्छ। पवन चामलिङ मुख्य मन्त्री भए पनि आफ्नो फायल आफैं बोकेर हिंड्छ। बरू फायर बिग्रेडका जवानहरूलाई केही सहूलियत दिऊँ, र शहर सफा गरिइनु पर्छ भन्ने विषयमा हामी सबैले सोच्नु पर्दछ। गान्तोक सिक्किमको राजधानी भएकोले र सम्पूर्ण राज्यको शासन गर्ने अधिकारीवर्ग पनि गान्तोकमा बस्ने हुँदा हाम्रो राज्यको गौरव यो शहरको सफाइ र सुन्दरताप्रति हामी सबैको ध्यान जानु जरूरी ठहर्दछ। भएको चीजलाई त हामी राम्रो र सुरक्षित राख्न सक्दैनौं भने कसरी यहाँ सेटलाइट टाउन बनाउन सकिएला भन्ने

विषयमा पनि सबैको ध्यान जानु जरूरी भएको छ। यद्यपि एउटा उपनगर गान्तोक छेउछाउ स्थापित गर्ने काम अत्यन्त जरूरी भएको छ।

विकासका दुइ रूप हुन्छन्। एउटा विकास त देखिन्छ। र हामी सहजै विश्वास पनि गरिहाल्दछौं। स्कूल बनाएको देखिन्छ, बाटो खनेको देखिन्छ र च्यादर बाँड़ेको पनि देखिन्छ। म यस्तो देखावटी विकासमा विश्वास गर्दिन। म हाम्रो मान्छेको भौतिक र आत्मिक – दुवै थरीका विकास गर्न चाहन्छु। जनतालाई म राम्रो बाटोमा लान चाहुन्छु। विशेष गरेर मलाई भौतिकवादी वा भौतिक कुरामा बढ़ी महत्व दिने भन्छन्, तापनि म भौतिक र आध्यात्मिक दुवै कुरोमा ध्यान दिन्छु। वास्तवमा भन्ने हो भनी यी दुवै कुरा मानव जीवनका निम्ति बराबर रूपमा हुनु जरूरी हुन्छ। यसको सन्तुलन आवश्यक छ। आज संसारमा मानिसहरू धेरै धनी भएर पनि किन सुखी छैनन्? भौतिक क्षेत्रमा सम्पन्न भएर पनि मान्छे खुशी हुँदैनन्। मानिसमा भौतिक तथा मानसिक चेतनाको विकास समान रूपले भए मात्र मान्छे सुखी बन्न सक्दछ। सही अर्थमा प्रगति भौतिक र आध्यात्मिक दुइ विकासको संयुक्त माध्यमद्वारा नै सम्भव हुन्छ। यसै विषयलाई मध्यनजरमा राखेर सिक्किममा प्रत्येक गाउँ-पंचायत स्तरमा पुस्तकालय खोल्ने निर्णय लिएका छौं। यस प्रकारको विचार र धारणा आजसम्म अरू पार्टीका नेताहरूको थिएन र छैन पनि। यो पुस्तकालय खोलेर न चामलिङले भोट पाउने हो, न कसैले स्याबासी नै दिने हो। पुस्तकालयको अर्थ पुस्तकहरू थुपार्नु मात्र होइन, त्यसको महत्व हाम्रा मानिसहरूले क्रमशः बुझ्दै जानेछन्। मेरो विचारमा गाउँ – गाउँमा यस्तो पुस्तकालयको स्थापना नै नयाँ विचार र कर्मको थालनी हो। चेतनाको उद्घोष हो। हाम्रा बस्तीका पढ़े-लेखेका युवा भाइ - बहिनीहरू नोकरी नपाई विचलित भएर भौतारिंदै कुलतर्फ, जाँड़ रक्सी-जुवा तास र अन्य व्यभिचार तर्फ नलागुन्। बरू फूर्सदका बेला पुस्तकालयमा गई पुस्तक पत्र-पत्रिका अध्ययन गरी विश्व स्थितिको जानकारी लिंदै दक्ष र आत्म-निर्भर बनुन् र आफ्नो मनलाई पनि शान्ति दिन सकून् भन्ने उद्देश्य राखी यस्ता पुस्तकालयहरूको स्थापना गर्ने भएका छौं। हामीले पुस्तकालयको माध्यमद्वारा सिक्किम र सिक्किमे भाइ-बहिनीहरूलाई राम्रो बाटोमा हिंड़ाउने सोंच राखेका छौं। यो एक प्रकारको आन्दोलन नै हो, यसलाई सफल बनाउनु पर्छ भन्ने सोचाइ हामी सबैमा भइदिए राम्रो हुनेछ।

अर्को हाम्रो समाजलाई बिगार्ने चीज छ रक्सी। रक्सी विभागको सरकारले खान-पीन र उपहार गरी वर्षै पिच्छे रू० ५० लाख खर्च गर्दैथियो, जसलाई हामीले सरकारमा आउनसाथ पूर्णरूपले प्रतिबन्ध लगायौं। कुनै पनि सरकारी भोजतिर यसलाई प्रयोग नगरी जनताको पैसा बचाउने उद्देश्यले यो कमद चालिएको हो। हुनत ५० लाखको खर्चमा कमी गर्‍यो भनेर स्याबासी पाउनलाई नभएर एउटा राम्रो कामको थालनी हामीले गरेका छौं। हामी आशा गर्छौं कि यस महत्वपूर्ण कदमबाट प्रेरणा लिएर धेरै मान्छेले रक्सी पिउन छोड्ने छन्। आज हामीले थालेका छौं, भोलि अर्को मुख्यमन्त्री र सरकार आएर यो नियम पालन गर्दै लगेको खण्डमा भविष्यसम्म परम्परा कायममै रहनेछ। कसै न कसैले यो परम्परा शुरू गर्नु पर्ने थियो सो हामीले गरेका छौं।

सिक्किमलाई सबै क्षेत्रमा आत्म-निर्भर बनाउने हाम्रो कार्यक्रम रहेक छ। राज्यमा राजस्व बढ़ाउनेतर्फ पनि हामीले सोचेका छौं। जस्तै रक्सीमा केही एक्साइज ड्यूटी (Excise Duty) बढ़ाउने निर्णय लिएका छौं। पहिलेको सरकारले मूल्यमा पनि वृद्धि गरेको थियो। यसरी सबै क्षेत्रबाट बढ़ी राजस्व संकलन हुनगइ सिक्किमलाई आत्म-निर्भर हुनुमा सहयोग पुग्नेछ। सिक्किमलाई आत्म-निर्भर बनाउन केवल रक्सीको मूल्य वृद्धि गरेर मात्र हुँदैन, तर प्रत्येक नागरिकले कड़ा परिश्रम पनि गर्नु पर्दछ। मान्छे बेकामे र अल्छे हुनु भएन। पहिलेको सरकारमा करारमा (Negotiation) काम पाउँ, र त्यसलाई बेची सहज पैसा (Easy money) कामऊँ भन्ने प्रवृत्तिको विकास भयो। सरकारको नीति नै त्यसबेला त्यस्तै थियो। अहिलेको सरकारमा कसरी बढ़ी मेहनत गरी बढ़ी पैसा कमाऊँ भन्ने नीति र कार्यक्रम रहेको छ। हामी सिक्किमलाई उद्यमी र स्वावलम्बी बनाउन चाहन्छौं।

द्वितीय विश्वयुद्धपछि जापान संसारमा गरीब देशमध्ये एक बन्न पुगेको थियो। तर त्यहाँका नेताहरूले आफ्ना जनतालाई कड़ा परिश्रम गरी आफू र आफ्नो देश धनी बनाउन सिक भन्ने सन्देशका साथ काम गर्दा आज जापान विश्वमा सार्वाधिक धनी र सम्पन्न राष्ट्रमध्ये एक बन्न पुगेको छ। त्यसबेला नेताहरूले बुद्धी नपुर्‍याएको भए, ती जनताले मेहनत नगरेका भए जापान आज अर्को इथोपिया बन्ने थियो। सिक्किममा पनि पहिलेको सरकारले जनतालाई ‘मलाई भोट देऊ, त्यसको सट्टामा

च्यादर, नोकरी र के-के सबै लेऊ', भन्दा सिक्किमे जनता पूर्णरूपमा आश्रित भई काम नगर्ने भएर आफ्नो बानी बिगारे। तर हाम्रो सरकारको नीति छ कि प्रत्येक जनताले आ-आप्नो काम गरी खाने हुनु पर्दछ। हाम्रो यस्तो नीतिप्रति असन्तुष्ट भएर अर्कोचोटी हामीलाई भोट दिनु-नदिनु आ-आफ्नो विचार हो। तर सिक्किमे जनतालाई आत्म-निर्भर बनाउने हाम्रो प्रतिज्ञा जारी नै रहनेछ। हामी काम दिन्छौं-काम गर। जसले बढ़ी काम गर्छ उसले बढ़ी कमाउँछ। हाम्रो सरकारमा गरेर खानु पर्छ। प्रत्येक जनतामा क्रयशक्ति बढ़ाउन विभिन्न उद्यमहरू गरिनुपर्छ। खेति गर्नु पर्छ, पशुपालन गर्नुपर्छ, ठिकादारी र सप्लाई सबै काम गर्नुपर्छ – गरौं। तर काम नबेचौं, आफ्नो हात र आफ्नो विवेकले पूरा गरौं। जसले गर्दा भोलि आफू सजिलैसित आत्म-निर्भर बन्न सकियोस्। त्यसो गर्दा चित्त नबुझी भोलि भोट नदिएर हार्नु परेको खण्डमा सबैभन्दा बढ़ी खुशी पवन चामलिङ हुनेछ। यदि हामीले भोट हार्दा सिक्किमे जनताको जीत हुन्छ भने, यदि हामीले भोट हार्दा सिक्किमे जनताको भविष्य उज्यालिन्छ भने हामी एकपल्ट होइन हजारौं चोटी हार्न पनि तयार छौं। जनताको भविष्यलाई नष्ट पारेर हामी भोट जित्न चाहँदैनौं। यो विषयलाई मनमा राखेर तपाईहरू जानुहुन्छ भन्ने कुरामा म तपाईहरूलाई बिन्ती गर्न चाहन्छु।

अर्को कुरा, म मेरा साथीहरू क्रान्ति गरेर सरकारमा आएका हौं। हामी लड़ेर आएका हौं, र जितेर पनि आएका हौं। हिजको क्रान्ति सिक्किममा सरकार परिवर्तन गर्ने क्रान्ति थियो भने आज पनि हामी क्रान्तिमा छौं-हाम्रो क्रान्ति सकिएको छैन। पवन चामलिङको क्रान्ति सकिएको छैन। आज मेरो क्रान्ति छ शान्तिको लागि, आज मेरो क्रान्ति छ न्यायको लागि, आज मैले गर्ने क्रान्ति छ सिक्किमको विकासको लागि, सिक्किमको राजनैतिक समानताको लागि। प्रत्येक जनतालाई उनीहरूका हक र सुरक्षा दिलाउने क्रान्तिमा आज पनि म संलग्न छु। मेरो क्रान्ति सिद्धिएको छैन। मेरो जन्म पनि एक क्रान्ति थियो भने आज पनि म क्रान्ति नै बोल्दैछु, बोल्दै नै जानेछु-मेरो क्रान्ति राम्रोको लागि छ। विपक्षमा बसेका वा विरोध गर्ने कुनै पनि शक्तिले नसंझिउन् कि सत्तामा पुगेर पवन चामलिङ बद्लियो वा क्रान्ति पथबाट अलग्गियो। पवन चामलिङले सरकार चलाउनलाई कसरी काम गराउनुपर्छ त्यो पनि जानेको छ,यो सरकारलाई पाँच वर्ष कसरी काम गराउनुपर्छ त्यो पनि पवन

चामलिङले जानेको छ। सिक्किमे जनतालाई कुनबाटो लैजानु पर्छ, त्यो पनि पवन चामलिङले जानेको छ। हिज पनि पवन चामलिङ लड़ेर सत्तामा आएको थियो र अहिले पनि सरकारमा बसेर यसले क्रान्ति गर्न जानेको छ। विपक्षीहरूले पनि बुझिराखुन् पवन चामलिङ भनेको क्रान्ति र विचारको अर्को नाम हो। उसले जनादेशभरिको पाँच वर्ष पहरो भएर टिक्ने र जनताको निम्ति क्रान्तिकारी काम गर्ने भीष्म प्रतिज्ञा लिएको छ।

लामो सैद्धान्तिक संघर्षपछि संघर्षपछि आज सिक्किममा नीतिवान राजनीतिको अर्थ खुलेको छ। गरीब र अन्यायमा परेकाहरूको निम्ति बोल्ने र उनीहरूका प्रतिगामीहरूसँग टक्कर लिने क्रान्तिमा म अग्रसर छु। मेरो सिद्धान्त नै आजसम्म आर्थिक, राजनैतिक र सामाजिक अन्यायमा परेका सबै सिक्किमेहरूलाई न्याय दिनु हो। तर आज विपक्षी नेताहरूमा सिद्धान्तको अनिकाल र महामारी छ। पहिलो सरकारका केही नारा र नाटकवाला शासक विचारहरू आज जनताको लुटेको धनमा करोड़ौंको लगातमा बनाइएको याक्सामा, लाख पर्ने पलङमा, सात समुद्रपारीको रक्सी धोकेर हजारौंको ओड्ने ओड़ेर सुत्दा पनि निदाउन सकेका छैनन्। धन दौलतले करोड़ौं महल, लाखौं रूपियाँको पलङ किन्न सकिन्छ छ तर त्यस पलङमा शान्तिसँग सुत्ने निद्रा किन्न सकिंदैन। यसैले म करोड़ौंको याक्सा निर्माण गर्ने सपना लिएर होइन तर सबै सिक्किमेलाई इज्जतको दुइ गाँस, एउटा एउटा पानी नचहुने वास र त्यस घरमा बांच्ने प्रत्येक सिक्किमेको मनमा शान्ति, अनुहारमा खुशीको लहर अनि ओठमा मुस्कान खिलाउने कार्यक्रम लिएर आएको छु – त्यो हो एउटा नयाँ र सुखी अनि आत्म-निर्भर सिक्किमको नवनिर्माणको कार्यक्रम।

नारी उत्थानको निम्ति काम गर्न हाम्रो सरकार वचनवद्ध छ। सबै क्षेत्रमा नारीहरूलाई समान हक दिई काम गर्ने दिशामा सरकार कटिबद्ध छ। तर नारी जातिले यो अधिकार पाउँदैमा केही हुँदैन। नारी जाति स्वयं अघि नबढ़ेसम्म यी हक र अधिकारहरू प्राप्त भएको मानिन्नन्। नारी जागे मात्र हाम्रो सिक्किमे जाति जाग्छ, नारी जागे मात्र देशको विकास हुन्छ, र हाम्रो भविष्य नारीको हातमा सुरक्षित रहेको हुन्छ। आफ्नो नानीलाई भोलिको कस्तो नागरि बनाउने भन्ने अहम् उत्तरदायित्व बोकेका नारीमा जिम्मेवारी पनि उत्ति नै छ। त्यसको लागि नारीहरूले अब जाग्नु

पर्दछ र अघि बढ्नु पर्ने दिन आएको छ। धर्मशात्रमा र नीति विज्ञानमा पनि भनिएको छ कि जहाँ नारीको पूजा हुन्छ, त्यहाँ देवताको बास हुन्छ। त्यसैले हाम्रो सरकारमा नारीलाई मर्यादा र इज्जतसाथै बाँच्ने अधिकार प्राप्त छ। हामी नारीको मर्यादालाई बचाएर राख्नेछौं, र नारी अस्मिताको सुरक्षा गर्नेछौं। हाम्रो सरकारमा पवन चामलिङ नारीहरूका निम्ति एउटा माइती हो भने चेलीको सुरक्षा गर्न यो सरकार पनि हट्ने छैन। राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा समानरूपले नारीहरू सहभागी बन्न सकून् भन्ने हाम्रो सपना र कार्यक्रम छ। यो सपना सिक्किमका सबै नारीको पनि सपना हो। यो सपना तब मात्र सरकार बन्नेछ, जब स्वयं नारीहरू अघि बढ्न सक्नेछन्।

आज विद्यार्थी भोलिका देश निर्माता हुन्। यी विद्यार्थीहरूका लागि हाम्रो सरकारले धेरै कार्यक्रमहरूको थालनी गरेको छ। विद्यार्थीहरूले सही दिशामा अघि बढ्नु आवस्यक छ। यो सरकार चाहन्छ कि सिक्किमे विद्यार्थी भोलिको सिङ्गो भारतीय विद्यार्थीहरूको दाँजोमा अग्रपंक्तिमा उभिन सकून्।

किसानका लागि सरकारले विशेष प्राथमिकता दिएको छ। कृषि विभागलाई सक्षम र जनमुखी बनाइने कुरो मैले अधिकारीवर्गसँग गरिसकेको छु। कृषि विभागका जति पनि संयुक्त निर्देशक तहका अधिकारीवर्ग छन्, उनीहरूलाई अधिकार दिएर जिल्ला-जिल्लामा पठाइनेछ। हाम्रो विचारमा प्रत्येक गाउँ-गाउँमा उपनिर्देशक स्तरका अधिकारीहरू रहनुपर्दछ। उनीहरू गाउँ-गाउँमा गएर किसानहरूलाई खेति गर्ने तालिम दिनुपर्दछ। गान्तोकमा बसेर फाइल लेखेर मात्र हुँदैन अब। गाउँको विकास गर्ने हाम्रो लक्ष्य अनुसार गाउँलाई विशेष प्राथमिकता दिइनुपर्दछ।

प्रजातन्त्रमा विपक्षी पार्टी भनेको सरकारकै एउटा खाँबो हो — विपक्षी बिना प्रजातन्त्र नै लङ्गड़ो बन्दछ। एउटा घर बनाउँदा त्यसमा लाइएका जम्मै खाँबा बलिया छैनन् भने घर कमजोर भएर भत्किन सक्दछ। यस्तै गरी विपक्षीहरूको पनि सोंचाइ र काम गराइ सधैं सिर्जनात्मक हुनु जरूरी हुँदछ। सरकारलाई सही सल्लाह दिएर निर्माणको बाटोमा अघि बढ़ाउनुमा विपक्षीको पनि भूमिका रहनुपर्दछ। आलोचना र विरोध मात्र विपक्षीको काम-कर्त्तव्य होइनन्। स्वस्थ्य आलोचना र सिर्जनात्मक विरोधद्वारा नै जनतालाई न्याय दिलाउन सकिन्छ भन्ने विचारको अभाव

आज सिक्किमका विपक्षीहरूमा देखिन्छ। राजनीतिमा उत्रिएपछि जनताले तिनैलाई चौकीमा पुर्‍याउँछन्, जसले राम्रो काम गर्दछ। भोलि तपाईंहरू पनि त्यस चौकीमा पुग्न सक्नुहुन्छ। जो राम्रो काम गर्छ उ पक्कै पनि सत्तामा पुग्छ, र हामीले पनि भोलि तपाईंहरूको ठाउँमा जानुपर्छ, यो चौकी स्थायी होइन। यहाँ उपस्थित ९०% साथीहरूले त पवन चामलिङ जितेर आउँछ भन्ने विश्वासै गरेका थिएनन्, तर हामी जितेर सरकारमा आयौं। जनताको शक्ति नै अजेय शक्ति हो, जनताले खुशी राखेमा सत्तामा जनता स्वयंले ल्याउँछन्, कुनै शक्तिले छेकेर छेक्न सक्दैन। मैले विपक्षका साथीहरूलाई यो एउटा प्रेरणाको विषय बताएको हुँ, र तपाईंहरू पनि भोलि सरकारमा आउन सक्नु हुनेछ भन्ने शुभकामना व्यक्त गरेको हुँ। कुनै पनि फल पाकेपछि मात्र स्वादिष्ट हुन्छ, कलिलैमा ढालेको केरा नपाकेर कुहिन्छ र विपक्षी कहिल्यै नकुहियोस् भन्ने मेरो अर्को शुभकामना छ। म विपक्षीहरूप्रति धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु। यसपल्ट साथीहरूले धेरै प्रश्न र टीकाटिप्पणी गरेर हामीलाई धेरै सुझाव दिनु भयो। विपक्षी नभएर आफ्नै सरकारका सल्लाहकारले जस्तो जुन सुझावहरू तपाईंहरूले हामीलाई दिनु भयो, ती सबै कुराहरू मनमा राखेर हामी काम गर्दै जानेछौं। जनताका हक हितका कुनै पनि कामहरू गर्नका लागि तपाईं साथीहरूले सीधै सम्पर्क राखिदिनुहोस्, हामी तपाईंहरूको काम गर्नेछौं। हाम्रो सरकार प्रजातान्त्रिक सरकार भएको हुँदा बिना रोक-टोक र बिना हिच्चिचाहट हामी काम गर्नेछौं, गर्दै आएको छौं। पार्टी-पोलिटिक्स र नीतिहरू आ-आफ्नै ठाउँमा छन् भने म सिक्किमको मुख्यमन्त्री भएको नाताले मेरो ढोका सधैं तपाईंहरूको निम्ति खुल्ला छ।

आज केन्द्र र राज्य बीचको सम्बन्ध अति राम्रो छ। हामीले केन्द्र सरकारसँग राम्रो सम्बन्ध राखेको कारणले नै सिक्किममा सबै काम कुरो राम्रो भएको कुरा तपाईंहरू सामु प्रष्ट छ। हामी दुइ-जिब्रे (Double Standard) राजनीति गर्दैनौं। यहाँ जे भन्छौं, तल गएर त्यही भन्छौं, र तल जे कुरा हुन्छ यहाँ त्यही कुरा गर्छौं। हाम्रो सरकार नै सीधा काम गर्दैछौं। भए हुन्छ, नभए हुँदैन। हामीलाई कुनै कुरोको डर छैन, हामीलाई त केवल जनताको काम गर्नुछ। केन्द्र सरकार त्यति अबुझ छैन। त्यसैले विपक्षका साथीहरूले जनतालाई भ्रममा पार्ने काम नगर्नु, बरू साँचो कुरो

गर्नुछ अझ त्यो भन्दा बढ़ी काम गर्नु, एस० डी० एफ० पार्टी र सरकारले भन्दा बढ़ी काम गर्नु। हामीले ढुंगामा खोपेको अक्षर जस्तो काम गरेका छौं, भने तपाईंहरूले पनि सुनमा खोपेको अक्षर जस्तो काम गर्नु। हामीले गरीबलाई जमीन दिने वचन दियौं, आज जमीन दिंदैछौं। ज्याला २० रू० देखि ४० रू० गरी बढ़ाउँछौं भन्यौं, बढायौं तपाईंहरू पनि जनतासमक्ष रू० १०० को प्रस्ताव राख्नुहोस्, हामी झन् खुशी हुन्छौं। हामीलाई जनताले काम गर्नुको निम्ति पठाएका हुन्, हामी काम गरेरै देखाउँछौं। त्यसबेलासम्म हामी काम गर्न विफल भयौं भने तपाईंहरू सफल बन्नुहोस् तर बीचमा हामीलाई बाधा नदिनुहोस्। बाधा सिर्जना गर्ने पट्टि लाग्नु भयो भने त्यसको जवाफ निकै महँगो पर्नेछ, यति सम्झि राख्नुहोस्। पहिले पवन चामलिङ एकलै गर्जिदा त तानाशाही शक्तिले थाम्न सकेन भने अहिले  उ एक्लो छैनछ सिक्किमको विपक्षी मात्र किन, दिल्लीले समेत थाम्न सक्ने अवस्था छैन। अब पोल-चुक्लीमा दिल्लीले पनि विश्वास गर्दैन, र हाम्रो केन्द्रसँगको सम्बन्धमा कसैले पनि बाधा हाल्न सक्दैन।

सिक्किमलाई प्रगति पथमा अगाड़ि बढ़ाउन र न्याय दिनका लागि, अहिलेसम्म बिग्रिएको व्यवस्था सुधारी हाम्रो व्यवस्थाद्वारा सरकार चलाउन र दिशा निर्देश गर्नका लागि हामीले धेरै महत्वपूर्ण कुरोको निर्णय लिएका छौं। यसका लागि सिक्किम स्टेट प्लानिङ बोर्ड गठन (Sikim State Planning Board) गर्ने निर्णय लिएका छौं। सिक्किम कृषि प्रधान राज्य भएको र बहुसंख्यक जनताको जीवन कृषिमा आधारित भएको हुनाले सिक्किममा कृषि विकास तथा कृषक कल्याण बोर्ड (Agricultural Development and Farmer's Welfare Board) को पनि गठन गरिनेछ। उक्त बोर्डमा कृषि विशेषज्ञ, एनीमल हस्बेण्ड्री तथा कृषि विभागका सचिवहरू र अधिकारीहरू रहनेछन् र गाउँका प्रगतिशील किसानहरू पनि यसका सदस्य रहनेछन्। यसको मुख्य उद्देश्य किसानहरूलाई कृषि क्षेत्रमा आत्म-निर्भर बनाउनु हो। उद्योग विषयमा उद्योग विकास तथा मजदूर कल्याण बोर्ड (Industrial Development and Labour Welfare Board) को गठन गरिनेछ। सिक्किम के-के कारणहरूले गर्दा उद्योगहरू बिमार भएका छन्? अब के गर्दा यहाँ उद्योगहरू फस्टाउन सक्दछन्? र के गर्दा उद्योगहरूको विकास हुन्छ भन्ने विषयलाई सोचेर यो बोर्डको गठन गर्ने निर्णय

लिइएको हो। यस बोर्डमा मजदूर स्वयं सदस्य हुने हुँदा के गर्दा उनीहरूको हित हुन्छ भन्ने कुरा सोचिने नै छ।

सिक्किमका जम्मै-जाति भोटे, लेप्चा, नेपाली र अन्य सबै जाति विशेषका रीति-रिवाज, परम्परा र संस्कृतिको संबर्द्धन र सुरक्षा गरी उनीहरूको आफ्नोपनलाई जीवित बनाई राख्ने हाम्रो अभिलाषा छ। सिक्किममा भोटेहरूले बक्खु लगाउँदा एक पटक सोच्नु पर्दथ्यो कि मलाई कसैले 'कम्यूनल' त भन्दैन? लाप्चेको गादा लगाउनु अघि र नेपालीले दौरा-सरूवाल लगाउन अघि एकपटक सोच्नु पर्दथ्यो। त्यसैले अब सिक्किममा सबै जातिको धर्म, परम्परा, संस्कृति र भेषभूषाको कदर गरी सबैमा आफ्नो अस्तित्वको रक्षा गर्न पाउमे खुल्ला वातावरणको सृजना गर्न अनिवार्य भएको छ। यसै गरी सिक्किममा संगीत र नृत्य स्कूलको स्थापना तर्फ पनि हामीले कार्य शुरू गरिसकेका छौं, जसले गर्दा हाम्रा आफ्नै भाइ बहिनीहरूले कला र संगीत क्षेत्रमा अघि बढ्ने मौका पाउनेछन्। अहिले स्थिति यतिसम्म कमजोर छ कि हामीले कुनै संतीतमय कार्यक्रम गर्नु पर्‍यो भने बाहिरबाट कलाकारहरू ल्याउनु पर्छ। हामी चाहन्छौं कि हाम्रो सिक्किमबाट नै त्यस्ता कलाकारहरूको जन्म होस्, जो भोलि गएर विश्वको संगीत क्षेत्रको विशिष्ट प्रतिभा बन्न सकून्। हामीलाई हाम्रै बिथूवन, मोजार्ट, रफी र लता मंगेशकरहरू चाहिन्छ। हामीले हाम्रा प्रतिभाहरूको खोजी गर्न सक्नुपर्छ - हामीले हाम्रा प्रतिभाहरूलाई चिन्न र चिनाउन सक्नु पर्दछ - हामी को हौं र के हौं भन्ने कुरा पहिले हामी बुझौं। हाम्रो आफ्नोपनको रक्षा गर्नु सिकौं।

खेलकुद विषयमा भन्नु पर्दा सिक्किममा सधैंभरि बाहिरका खेलाड़ीहरू त्याई पैसा दिएर फूटबल खेलाइन्छ। तर हामी चाहन्छौं यस्ता खेलाका लागि हाम्रै प्रतिभाहरू तयार गरिनु पर्दछ। बरू राम्रो प्रशिक्षकहरू ल्याई तालीम तिलौऔं। हाम्रो सिक्किमको बस्तीतिर पनि पेलेहरू हलो जोतिरहेका हुन्छन्। हाम्रै खेल-प्रतिभा-भाइचुङ भोटिया र प्रेम दोर्जीहरूले भारतको खेल मैदानहरू आज आकर्षणीय बनाइरहेकाछन्छ हामीले यस्ता धेरै भाइचुङ र प्रेम दोर्जीहरू खोजेर निकाल्नसक्नु पर्दछ, जो सिक्किमका पाठशालाहरूमा अध्ययनरत होलान् पाखा-खर्कहरूमा गाई-बाख्रा चराउँदै हुन्छन्। आजसम्म हामी प्रत्येक काम कुरोमा बाहिर नै आश्रित छौं। विकास पनि बाहिरबाटै, कला पनि बाहिरबाटै बोक्ने बानी नै परेको छ। के हामीसँग

केही पनि छैन? हामी आफैं केही पनि गर्न सक्दैनौ र जम्मै इम्पोर्टेड मात्रै? हामीले आफ्नो श्रोत-साधन र उपार्जन अनि प्रतिभाहरू जन्ममाउन सके मात्रै केही गर्‍यौं भन्ने संझनु पर्दछ; हामीले आजसम्म गरिइनु पर्ने काम नै गरेका छैनौं। त्यसैले अब आश्रित नबनी प्रत्येक क्षेत्रमा आफ्नो खुट्टामा उभिएर आत्म-निर्भर बन्न सक्नु पर्दछ। यस्तो अवस्थामा हामीले आफूले आफैंलाई चिन्न सक्नु पर्छ- हामीले आफ्नो अस्तित्व र स्वाभिमानलाई चिन्न सक्नु पर्दछ। जब हामी सिक्किमे भएर बाँच्न सकेनौं भने भारतीय भएर पनि बाँच्न सक्दैनौं। जब हामी भारतीय भएर बाँच्न सकेनौ भने विश्वमा मान्छए भएर पनि बाँच्न सक्दैनौं। त्यसैले सिक्किमे भएर बाँच्नका निम्ति हामीले आफ्नो परम्परा र आफ्नोपनको बोली बोल्न सक्नु पर्ने कुरा हामीले बुझ्नसक्नु पर्दछ।

हाम्रो सरकार सिक्किममा साहित्य र कलाको उन्नतिका लागि वचनवद्ध छ। साहित्य र कलाको संरक्षण अनि साहित्यिक र कलाकारहरूलाई आदर-सम्मान गर्नु हामी आफ्नो कर्त्तव्य ठान्दछौं। साहित्यकार र पत्रकारहरूलाई संरक्षण दिई उनीहरूका हक-हितका निम्ति हामीले खुबै राम्रो प्रकारले काम गर्ने सोचेका छौं। पत्रकारहरू गणतन्त्रका अभिन्न अंग हुन्, पत्र-पत्रिकालाई नै प्रजातन्त्रको चौथो खम्बा पनि मानिएको छ। पत्रकारहरूलाई खुल्ला वातावरण दिइएको छ – पत्रकारहरूले डराउनु पर्दैन। स्वतन्त्र पत्रकारिता र स्वतन्त्र कलमको उपज हो प्रजान्त्र। पहिलेको सरकारले लेखक-कलाकार-पत्रकारहरूको कलमको टुप्पो नै भाँचिदिएको थियो। पत्रकारहरूले बोल्ने बोलीमाथि बुजो ठोकिएको थियो भने अहिले खुल्ला वातावरण प्रदान गरेका छौं। हामीले उनीहरूलाई अभिनन्दन गर्न जानेका छौं।

धर्मको सम्बन्धमा सिक्किम एक धर्म-परायण राज्य हो। सिक्किमको प्रत्येक गाउँमा मन्दिर, गुम्पा, चर्च र मस्जिद पाउँदछौं। सिक्किममा प्रत्येक नागरिकलाई आफ्नो विश्वास र आस्थाको स्वतन्त्रता र समानता छ, जो धर्मनिरपेक्षताको एक ज्वलन्त उदाहरण हो। सिक्किमका गुम्पाहरूलाई मात्र चिनाउन सकेको खण्डमा पर्यटनको लागि प्रशस्त आधार तयार हुन सक्नेछ। यसरी हामी धर्म एवं पर्यटन दुदै क्षेत्रलाई एकसाथ बढ़ाउन सक्नेछौं। मन्दिर वा मस्जिद बनाउँदैमा धर्म हुने होइन, धर्म त साँचो ज्ञानको धारणा हो। राम्रो कुरो मनमा लिनु, पवित्र, निश्छल, कोमल र

साँचो विचार मनमा धारण गर्नु नै धर्म हो। हाम्रो सरकारले सबै धर्मको समान विकासको निम्ति सधैं काम गर्नेछ। जसरी सिक्किम धर्मपरायण छ उसरी नै यहाँका जनता पनि धर्म परायण छन्। हुनु जरूरी पनि छ। भौतिक र आध्यात्मिक दुवै विचारलाई अगाड़ि बढ़ाएर लान सकेको खण्डमा निश्चय नै जनताले शान्ति पाउनेछन् भन्ने मेरो विचार छ।

हामी सधैं नयाँ कार्यको थालनी गर्न चाहन्छौं। त्यसैकारण हामीले हाम्रा प्रतिभाहरूको इज्जत गर्न जानेका छौं, हामीले हाम्रा बुज्रुगहरूको सम्मान गर्न जानेका छौं। हामीले गञ्जु लामा, भी० सी० लाई जीवित अवस्थामा नै सम्मान दिएका छौं। उहाँको नाउँबाट राभाङला-तिमी तार्कु सड़कलाई 'गञ्जु लामा पथ' – नामाकरण गरी सम्मान गर्‍यौं। समाज, देश र राज्यमा प्रतिष्ठित व्यक्तिहरूको सम्मान गरिइनु पर्छ भन्ने कुरोको थालनी हामीले गरेका छौं, र भविष्यमा नागरिकहरूमा यो प्रकारको भावना जागृत होस् भन्ने हामी चाहन्छौं। सिक्किमबाट एक कर्मठ राजनीतिज्ञ युवा धर्मदत्त शर्माको पहिलेको सरकारको शासनकालमा हत्य गरिएको थियो। त्यस्ता होनहार, प्रजातन्त्रप्रेमी व्यक्तिको नामाकरण गरी शहीदको सम्मान गर्दै सालिग निर्माण गर्ने कार्य पनि थालनी गर्‍यौं। यसै गरी अन्य वीर योद्धा एवं प्रजातन्त्रप्रेमी महानुभावहरूलाई पनि सम्मान दिने कार्य थालनी हामीले गरेका छौं। जो भविष्यमा गएर एक ऐतिहासिक परम्परा बन्नेछ।

अर्को कुरा आत्म-निर्भरता र आत्म-सम्मान भन्ने चीज मानिसको जीवनमा अति महत्वपूर्ण विषय मानिन्छन्। यो सबैले बुझ्न आवश्यक छ कि यो आत्म-निर्भरता, आत्मसम्मान भन्ने विषयलाई हामी सबैले आत्मसात गर्न जान्नु पर्दछ। अहिलेसम्म सिक्किमका जनताले आत्म-सम्मान र आत्म-निर्भरताको महत्वमाथि ध्यान नदिनुको फलस्वरूप आज उनीहरू अरूमा आश्रित, बोल्न नसक्ने, डराउने र कर्त्तव्य पथदेखि विमुख भएर बाँचिरहेका छन्। यसरी आफ्ना अधिकारहरूदेखि वञ्चित नागरिकहरूलाई बोल्न र लड्नसक्ने बनाउने हाम्रो पार्टीको नीति रहेको कुरा प्रष्ट गर्न चाहन्छु। जो प्रत्येक जनताले बुझ्नु पर्ने विषय छ। सिक्किम एउटा संवेदनशील इलाकाको राज्य भएकोले यहाँको जनताको विकास, उन्नति र शान्तिप्रति केन्द्र सरकारले विशेष ध्यान दिनु पर्दछ। भारत एउटा सिङ्गो देश हो, तापनि सिक्किम

त्यसको शिर हो जसको सुरक्षा र सम्मान गर्न भारत सरकारले जान्नु पर्दछ भन्ने हाम्रो धारणा रहेको छ।

हाम्रो सिक्किमको प्रशासन विषयमा कुरा गर्ने हो भने यहाँ धेरै उच्च पदाधिकारीहरू छन्, जो उच्च पदमा बसेका छन्। तिनीहरूको संख्या कम छैन। हाम्रो सरकारका मन्त्री एवं विधायकहरूको संख्या पनि कम छैन, तर हामी सबै मिलेर सिक्किम र सिक्किमे जनतालाई अघि बढ़ाउन निःस्वार्थ भावनाले काम गर्न सक्नु परेको छ। हामी त्यही दिशामा काम गर्दैछौं। भारत सरकारबाट आएको जति पनि धनराशी छ त्यसलाई जनताको विकासको काममा खर्च गरिनेछ। उक्त विकासका कार्यहरूप्रति विपक्षका साथीहरूले पनि कड़ा निगरानी राखी हामीबाट कुनै त्रुटिहूर हुन गएको खण्डमा सचेत गराई दिनु हुन पनि म आज यस सदनबाट अनुरोध गर्दछु। हामीले यसरी दुवै पक्षबाट मिलेर काम गर्‍यौं भने मात्र जनताले न्याय पाउँछन्, र उनीहरूको विकास सम्भव हुन्छ। यस्तो प्रकारका काम-कुराहरू गर्न ठूलो मन चाहिन्छ, हामीमा ठूलो मन र त्याग हुन आवश्यक छ।

यसै गरी हाम्रो सरकार प्रभावकारी हुनु पर्‍यो - यसका काम कार्यवाहीहरू सबै प्रभावकारी हुनु जरूरी छ। यस कार्यका निम्ति कर्मचारीहरू सचेष्ट रहनु पर्ने कुरा मैले पहिले पनि प्रष्ट पारिसकेको छु। हामी परिवर्तन चाहन्छौं, र परिवर्तनका लागि नै जनताले हामीलाई सरकारमा पठाएका हुन्। पवन चामलिङ मुख्य मन्त्री र उसाका साथीहरू मन्त्री हुँदैमा परिवर्तन आउने होइन। परिवर्तन त विचार र काममा आउनु पर्दछ। व्यवस्थामा पनि परिवर्तन आउँदछ, तापनि परिवर्तनको सही अर्थ जब हाम्रा जनताले हक र अधिकार पाउन थाल्दछन् र त्यस अनुरूप काम गर्न थाल्दछन्, तब मात्र प्रष्टिने छ। हामीले पनि यसै अनुरूप सिक्किमलाई सबै क्षेत्रमा विकसित गरी जनतालाई आत्म-निर्भर बनाउनु परिवर्तन हो। यहाँ सरकारमा परिवर्तन आएको छ र नै हामी सरकारमा छौं। यस विषयमा तपाईंहरूले पनि सोची काम गरिदिनु हुनेछ कि मुख्यमन्त्री बदलिंदैमा परिवर्तन हुँदैन, तर त्यसका लागि व्यवस्था नै बदलेर परिवर्तन ल्याउनु पर्दछ।

## हाम्रो सरकार पसिना बगाएर, पाखुरा बजाएर, मेहन गरेर खानेहरूको हो

४ मार्च, १९९५

### (प्रजातन्त्र दिवस १९९५ – नाम्चीमा श्री पवन चामलिङले दिनुभएको भाषणको रिपोर्ट)

आदरणीय जन-समुदाय!

सिक्किम प्रजातान्त्रिक मोर्चो पार्टीको नीति र कार्यक्रम आजकै दिनदेखि दृढसंकल्पपूर्वक शुभारम्भ गरिएको कुरा तपाईंहरूलाई विदितै छ। यसमा म सबैको सहभागिता र समर्थन माँग्दै नयाँ र सुखी सिक्किम निर्माण गरेर यसलाई सबैको साझा र सुन्दर फूलबारी बनाउने अनुरोध गर्दछु!

आज एस० डी० एफ० सरकार गठन भएको २ महिना २० दिनको यात्रामा बिताएको रमाइलो कथा र संघर्षमय ब्यथा भन्ने सुन्ने मौका पर्‍यो। हामीले दिएको वचन भुलेको छैनौं र हुनसक्छ भोलि पर्सि भुल्न थालौंला र त्यतिखेर विद्यार्थी, कर्मचारी, जनता र बुद्धिजीविहरू होशियार भएर कदाचित् हामीले बाटो बिराए सतर्क पार्नुपर्छ, समस्त सिक्किमे जनतालाई मेरो विनम्र आग्रह हो।

चामलिङ हिजो जस्तो थियो आज पनि त्यस्तै छ। म बद्लिने छैन। संघर्षका समयमा हामी जे भन्थ्यौं, आज त्यही गर्दैछौं। सरकार बनाएर हाम्रा कुरा फेरिका छैनन्।

## लासीमा लासी गाउँ ठूलो
## खानुमा के छ नाउँ ठूलो

हो, आजसम्म हामीले कसैलाई दिन खान नसके पनि आफूले मन पराएको पार्टीको सरकार बनिएर सिक्किमे जनता खुशीले नाँच्तैछन्। अचेल चेली र युवाहरूको इज्जत बढ़ेको छ। गाली र छिः छिः फोहोर कुराहरू बन्द भएका छन्। शिष्ट, सभ्य व्यवहार गर्ने बानी बढ्दैछ। एस० डी० एफ० ले पार लाउँछ के त हो? भन्नेहरू अचेल धमाधम यस पार्टीमा भर्ती भइरहेका छन्। हामी थारा हुञ्जेलसम्म कोही पनि टेर्दैनथे, अहिले ब्याएर ओलन खाने बेलामा सबै आउँदैछन्। हाम्रो पार्टीले अर्को पार्टीका हामीलाई हेप्ने बैगुणीहरूलाई गुणले मार्नेछ। अब अरू पार्टी थारा हुने भए। श्री राम पनि हाम्रातिर आएपछि उता अब रावण मात्र रहेको छ। सिता, लक्ष्मण, लव र कुश पनि सबै यतै आए। अब उता कुम्भकर्णहरू मात्रै छन्। सिक्किममा अब 'राम राज्य' आयो।

खानेलाई बिघौति माठो हुन्छ तर गाईलाई दश महिना गर्भधारण गर्न र ब्याउन अति दुःख हुन्छ, त्यसैले दुःख गरेर हामीले विकास ल्याएका छौं। यो पार्टीले गर्भधारण गर्न र जन्मिन ज्यादै संकट पर्‍यो। ४ मार्च १९९३ मा २२ जना भएर यही नाम्चीकै घुर्बिसे बस्तीमा यो पार्टी जन्मायौं। सर्वप्रथम हाम्रा पार्टीमा ५० जना मान्छे थिए। तपाईंहरूलाई यस पार्टीले जित्छ भन्ने सपना पनि थिएन। सिक्किममा गरीब जनताको राज्य ल्याउने मेरो साँचो विचार थियो, त्यो घुर्बिसेमा जन्मेको पार्टीको सपना अहिले साकार भएको छ।

यो धनी-मानीका इच्छा आकांक्षाले पाँचतारे होटलमा जन्मिएको पार्टी होइन। यसले सिक्किमे गरीबलाई हेप्ने छैन, कल्याण गर्नेछ। यो पार्टी खोलेपछि त्यो बेलाको टाउकेले मेरो घरमा तीन पल्ट 'रेड' गर्‍यो। मेरो छोराछोरी, श्रीमतीलाई सतायो। नाम्चीका कुनै दोकानेले पनि म र मेरा परिवारका सदस्यलाई नगद रूपियाँ तिरेर राशिन, सौदा-पातसम्म दिएनन्। 'नदिनु' भन्ने टाउकेको हुकुम थियो। जसले मलाई राशन पानी दिन्छ त्यसको घर भत्काई दिने र ढ़ाड़ भाँची दिने घम्की दियो। हामी राशन लिन सिंताम, जोरथाङ, मल्लीतिर पुगेका छौं।

मेरी श्रीमती र चेलीहरूलाई टाउकेको आदेश पाएर तत्कालिन गुण्डा र लफंगाहरूले सुसेला मारे। नाम्चीमा गुण्डाहरूले गरीबका खाली खुट्टेका खुट्टा भाँच्ता एक लाख रूपियाँ इनाम पाउँथे। गुण्डाहरूले सिक्किममा धनका लालचमा धेरैलाई मारे र थुप्रैलाई खँजाहा पारे। अब म चाहन्छु तपाईंहरू जस्ता असहाय जनतालाई कहिल्यै कुनै गुण्डाले पनि कुट-पीट, थिचो-मिचो गर्न नपावस्। आजको यो दिन 'प्रजातन्त्र दिवस' का रूपमा सधैं मनाइनेछ। तपाईंहरूले आज यस्ता साँचा कुपा बुझेर मात्र घर जानुपर्छ। आफूले पनि अन्याय गर्नु हुँदैन र अर्काले अन्याय-अत्याचार गर्छ भने सहन पनि हुँदैन।

हामीले इमानदारीसाथ काम गर्न थालिसकेका छौं। चुनाउ पहिले दिएका वचन हामी शतप्रतिशत पूरा गरेरै छोड्नेछौं। मुखले भनेर होइन कामले गरेर देखाउने छौं। बजेट अनुसार कसैलाई नछुट्याई, जुँघा नहेरी, गरीबलाई प्राथमिकता दिनेछौं। काम-धन्दा, व्यापार, नौकरी पहिले गरीबलाई दिने भनेर हामी उफ्रियौं, करायौं, सरकार बनायौं र जसो भनेका छौं-त्यसै गर्छौं। 'यो केटाहरूले सरकार चलाउन सक्छ के' भन्छ अरे पुरानो टाउके। हामी मुखले होइन हातले काम गरेर सरकार चलाउँछौं। म कुनै पनि नतालाई अश्लील गाली गर्दिनँ, मेरो भाषण सुने हुन्छ।
'भूमिपत्र' भन्ने राम्रो राम्रो काम उताकालाई दिन्थ्यो। यताकाले सोधी-खोजी गर्दा बेसी नकरा, ढ़ाड़ भाँचिदिउँला, बंगारा झारी दिउँला, चुप लाग भन्थ्यो। हामी 'भूमिपत्र' को साँचो सुरक्षा गर्न (Local Protection Act) बनाउँनेछौं। अनाहकमा टाउकेका गुण्डाहरूको कुट-पीट खपेर बाँचेका घाइते र खंजाहाहरूलाई हामी महलमपट्टी गर्नेछौं र शहीदहरूलाई पनि सम्मान गर्दैछौं।

चाहे भोट दिनुहोस् या नदिनुहोस् हामी प्रत्येक सिक्किमे असहाय र गरीबलाई आमाले नानीलाई झैं सेक-ताप गर्नेछौं। प्रत्येक कार्यमा सिक्किमका रैथानेलाई प्राथमिकता दिने कानून हामी विधानसभामा पास गरेर केन्द्रको स्वीकृति लिन अनुरोध गर्नेछौं। 'इम्मिग्रेन' ट को कलंक हटाउन केन्द्रसँग कुरा गर्छौं। राई, लिम्बू, गुरूङ, मगर, तामङ, सुनार र भुजेलका अतिरिक्त छेत्री, बाहुन, नेवार, जोगी र थामीलाई पनि राज्यको ओ० बी ० सी० मा अन्तर्भुक्त गर्न यस आयोगका अध्यक्ष अवकाशप्राप्त न्यायमूर्ति श्रीमललाई हामीले सल्लाह दिइसकेका छौं। सिक्किमलाई विशेष राज्यको

दर्जा दिइयोस् र यहाँ लिम्बू र नेपालीको सीट सुरक्षित गर्न केन्द्र सरकारलाई अनुरोध गरिनेछ। भोटे लेप्चाको सम्वैधानिक हकको ग्यारण्टी दिइनेछ। कसैको पनि कुभलो हुने काम हाम्रो पार्टीले कदापि गर्ने छैन।

हामी सामाजिक, न्याय, राजनैतिक न्याय तथा आर्थिक न्याय कायम गर्नेछौं। मानव अधिकार र मौलिक अधिकार उपलब्ध हुनेछ। सबैलाई धर्मकर्म गर्ने अधिकार छ। कामी, दमाई, माझी, सार्कीलाई अघि बढ़ाउने। भोटे लेप्चाबाट उपमुख्य मन्त्री बनायौं। श्री आइतसिंह बराइली हाम्रा उद्योग मन्त्री। पहिलाको सरकारले आस्याङहरू फुर्फर नगर्नू, छाला काढ़ेर डम्फू बजाउँछु भन्थ्यो, श्री पी० एस० तामाङ हाम्रा मन्त्री भए। लिम्बूबाट श्री आर० बी० सुब्बा, श्री सी० बी० सुब्बा, एस० एल० ए०, एल० एल० बी० हामी सबैभन्दा विद्वान, विधानसभाकै अध्यक्ष। श्री गर्जमान गुरूङ कृषि मन्त्री। डा० खरेल बाहुन हुनुहुन्छ, उहाँ हाम्रा स्वास्थ्य मन्त्री। भोटेमा श्री डी० डी० भोटिया, श्री हिस्से लाचुङपा, श्री ठिन्ले छिरिङ सबै मन्त्री। चुनावमा सबै सिक्किमे जातिबाट उम्मेदवार उठायौं। छेत्री मन्त्री बनाउने धोको अधूरै रह्यो, टिकट दिएका थियौं; भोटै जितेन, के गर्ने? सिक्किममा यस्तो मिलेको मन्त्री मण्डल न भूतो न भविष्यति।

आर्थिक क्षेत्रमा हामी सम्पूर्ण सिक्किमलाई अघि बढ़ाउने। सिक्किमे जनतालाई फाइदा हुने कानून बनाउने र नोक्सानी गर्ने कानून हटाउने। ऐन कानून अनुसार राज्य सञ्चालन गर्ने। पञ्चायतलाई पूरा हक दिने। जनताका घर दैलोदेखि सदनसम्म सर्वत्र प्रजातान्त्रिक ढंगले काम गर्ने। पञ्चायती राज कायम गरेर जनताको सेवा गर्ने। हाम्रा जनता गाउँ बस्तीमा छन्, गाउँले जनताको विकास नै सिक्किमको विकास हो। भौतिक विकासले मात्र सर्वाङ्गीन विकास हुँदैन मानवताको विकास गर्न मान्छेको मन र मस्तिष्कको पनि विकास हुनुपर्छ। शारीरिक र मानसिक विकासद्वारा मात्र समाजमा परिवर्तन हुन सक्छ। हामी मानसिक बौद्धिक विकासतिर धेरै ध्यान दिनेछौं। पञ्चायतका सदस्य लगायत हामी सबै जननिर्वाचित जनप्रतिनिधिहरूले जनताको हक र अधिकार बुझ्नुपर्छ। हाम्रो जिम्मेवारी हो जनताको सेवा गर्ने। सिक्किमको धन, दौलत, ढुंगा, माटो हावा, पानी, जंगल, कर्मचारी, सरकार आदि यावत् चीज सिक्किमे जनताकोहो। हामी जनप्रतिनिधि जनताको सेवा गर्ने, निरंकुश

तानाशाह होइनौं। जनताले जति दिन मलाई चौकीमा राख्छन्, बस्छु। म घुस नखाने अनि अरूलाई पनि खान नदिने। बिल्डिङ नबनाउने। ‘जीना भी जनता के लिए और मरना भई जनता के लिए’। मेरा सबै विधायक, मन्त्री साथीहरू र अफसरहरूले मनमा सधैं यस्तो भावना राखे सिक्किममा कोही पनि भोको नाङ्गो रहेने छैन। हामी हाम्रो पार्टीको मात्र होइन सम्पूर्ण सिक्किम र सिक्किमे जनताको विकास गर्छौं। चुनाव आयो, गयो। यो साँढ़े चार लाख जनताको सरकार हो, एस० डी० एफ० को मात्र होइन। म यहाँ आएका प्रत्येक, मान्छेलाई म एकै खाले सिफारिश गर्छु; म संग्राम, झुल्के, कांग्रेस भनेर पक्षपात गर्दिन। एउटा राम्रो सरकार छान्न चुनाव हुन्छ, यसपाली जनताले हामीलाई छाने। अर्कापाली, जनताका राजमा जनता नै राजा, मन परे हामीलाई फेरि छान्छन्, नपरे उनीहरूको खुशी। मलाई कसैले फेरि भोट नदिए घुर्बिसेमा नै बस्छु र फर्सद पाए अलि अलि कविता लेख्छु। महाभारतमा कृष्णले अर्जनुलाई ‘संघे शक्ति कलौ युगे’ भनेका थिए - शक्ति जनताको हातमा हुन्छ, तपाईंहरू झैं शक्तिशाली जनताको सेवा-पूजा गर्न पवन चामलिङ र एस० डी० एफ० कार्यकर्ताहरू पछि हट्ने छैनन।

शिक्षाले मान्छेको पुनर्जन्म हुन्छ। पहिले मान्छे आमाको गर्भबाट पशु झैं जन्मन्छ। दोस्रो जन्म हुन्छ शिक्षाद्वारा चेतनाको विकास भएर। हामी सिक्किममा भारतको सर्वश्रेष्ठ शिक्षण पद्धति लागू गर्ने व्यवस्था गर्नेछौं। गुणात्मक शिक्षाका लागि प्राथमिक शिक्षाको दह्रो घड़ेरी बनाउने; पाँच, आठ र दश क्लासमा फेल हुनेहरूको भीड़ नबढ़ाउने। शिक्षणलाई मर्यादित पेशा पार्ने। अर्कापालि एस० डी० एफ० ले भोट जित्नै पर्छ भन्ने हाम्रो सिद्धान्त होइन, भोलिको सिक्किम र सिक्किमको स्तर बढ़ाउने हाम्रो सिद्धान्त हो। सिक्किम बाहिर गएर उच्च शिक्षा लिन चाहनेलाई व्यवस्था गरिदिन्छौं।

हामी सम्पूर्ण सिक्किम र सिक्किमेलाई धनी, सुखी र शान्ति पार्ने कार्यक्रम लिएर अघि बढ़िसकेका छौं। सम्पूर्ण सिक्किमको विकास हुँदा प्रत्येक जात र थरको पनि स्वतः विकास हुन्छ। हाम्रो सरकारमा सीधा, सोझा, गरीबलाई राम्रो छ। चोट्टा, फटाहा, भ्रष्टचारीलाई साह्रो हुनेछ। यो गरीब लाटा निमुखाको सरकार हो। यस सरकारले जात हेर्दैन, न्याय-अन्याय हेर्छ। हामी सिक्किमे जनता एक भएर बसौं,

बाचौं र बाँच्न दिउँ। नाङ्गै जन्मियौं, नाङ्गै मर्नु पर्छ, हाम्रो एउटै रगतको साइनो छ। धर्ती हाम्री आमा हुन्। हामी सिक्किम माताका सन्तान। 'जीना यहाँ, मरना यहाँ, इसके सिवा जाना कहाँ?' प्रत्येक भगवान शास्त्र र धर्मगुरूलो मनुष्यलाई मानवीय दृष्टिमा बाँच्ने र बस्ने निर्देश दिएका छन्। हामी हाम्रा दूषित विचार र नियमलाई शुद्ध पारौं, मनमा छल कपट नराखौं। यहाँ कोही पनि नराम्रो छैन राम्रो विचार बानी बेहोरा र काम गर्न थालौं, मिलीजुली बसौं। छिमेकीको घरमा चुल्हो तात्तैछ कि छैन हेरौं, छिमेकीको घर पो चुह्यो कि? उसका ओढ्ने ओछ्याउने पो छन् कि छैनन्, हेरौं, र सकेसम्म सहयोग गरौं। नाक र जात हेरेर आपसमा झगड़ा नगरौं।

म मुख्यमन्त्री भएर मिन्तोगाङ पुगेर सरकारी ढिकुटी हेर्दा रित्तो बाससा मात्र भेटियो अनि तुरून्तै गएर दिल्लीबाट एकसय निनानब्बे करोड़ रूपियाँ ल्याएँ। सिक्किमे जनता काम विशेषले वरपर जान पर्दा बसको भाड़ा तिर्न पनि सबैले सक्तैनन्। म हिजोसम्म उकाला ओह्रालामा कुद्दै हिड्ने मान्छेलाई छ वटा गाड़ी किन चाहियो? चारवटा फर्काइ दिएँ, एउटा बिग्रेमा सरकारी काम नरोकियोस् भनेर दुइवटा मात्र राखेको छु। पहिलेका सी० एम० ले कालो ऐना भएको एक करोड़ मूल्यको सरकारी गाड़ी राखेका थिए। उनी त्यसमा प्रायः राती हिंड़थे अरे। हामी त्यस्ता गाड़ीलाई बेचेर गाउँले गरीबलाई अदुवा, युनिफर्म बाँड्दैछौं। अब नचाँहिंदा गाड़ी सिक्किम सरकारले किन्ने छैन। त्यस्तो पैसाले गाउँको विकास गरिनेछ। अफिसरहरूति पनि मंहगा खाले कार्पेट, पर्दा, फर्निचर आदि नकिन्ने। यसो गर्दा कति अफिसरहरू रिसाएका छन् तर हामीलाई चाहिं जनता खुशी भए पुग्छ।

पहिलेको सरकारले 'वर्षगाँठ' मनाउँदा एक करोड़ भन्दा धेर रूपियाँ खर्च गर्थ्यो; अनावश्यक पण्डाल, गेट बनाएर, फूल र सेन्टले सजाएर, जनताको पैसा उड़ाएर। हेर्नोस्, हाम्रो पालोमा पराल ओछ्याएर काम चलायौं, जनताको पैसा जोगायौं, खर्च घटायौं, त्यो बचत रूपियाँ अब गरीब गाउँलेको घरमा पुग्छ। अब आइन्दा गेट नबाउनु - रूक काटिन्छ, कपड़ा, काँटी, रंग मजदूरीको अनावश्यक खर्च हुन्छ। हाम्रा लागि डोकाका डोका फूलको माला नउन्नू, नथुपार्नु; फूल त बोटमा नै फुलेको राम्रो देखिन्छ। कोपिला र चिचिलाको रक्षा गर्नुपर्छ। खादा किनेर हाम्रो लागि खर्च नगर्नू, गरीब जनताले त्यो पैसाले नून किन्नु। मलाई ठूलो मन्त्री नभन्नु, हाम्रो

ठूलो सेवक हो भन्नु। हामीलाई स्वागत गर्ने इच्छा भए खाली हातले थपड़ी बजाइ दिए पर्याप्त हुन्छ, धन खर्च गर्नु पर्दैन। नचाँहिदो खर्च जोगाएर हामी घर नहुनेलाई घर बनाइ दिन्छौं। पढ्ने खर्च नहुनेलाई पढ़ाइ दिन्छौं। रोगीलाई औषधी उपचार गरिदिन्छौं।

प्रत्येक मन्त्रीले आ-आफ्ना विभागको काम फत्ते गर्छन् - मुख्यमन्त्री भेटिरहन पर्दैन। नरसिंह रावकहाँ भारतका सम्पूर्ण जनता जान सक्तैनन् र दर्कार पनि छैन। पञ्चायतका साधारण सदस्य र सबै तहका प्रत्येक कर्मचारीलाई पूरा अधिकार दिइएको छ, उनीहरूले आफ्ना अधिकार क्षेत्र अन्तर्गतका सम्पूर्ण कार्य, गर्छन्, यतिका लागि ठूलो अफिसर वा मन्त्री भेट्ने या जी हजुरी, चाप्लुसी गरीरहन पर्दैन। यो शक्ति विकेन्द्रीकरण सिद्धान्त सिक्किममा पूर्ण रूपमा लागू गरिएको छ।

म सीधा मान्छ। मलाई सीधी मान्छेहरूले भोट दिएर सीधै सरकार बनाउन पठाए। मैले दिल्लीमा सीधै कुरा गरें र एक सय बयानब्बे करोड़ रूपियाँको बजेट ल्याएँ। त्यो पैसा अब सीधा मान्छेहरूका लागि खर्च गरिनेछ र अब बलिया बाङगाहरू पनि सीधी हुन सक्नेछन्।

हामीले अदुवा बाँड्न थालि सक्यौं, कृषि मन्त्री र सम्बन्धित कर्मचारीहरू त्यस काममा लागिसकेका छन्। त्यो अदुवा बजारतिर नकुदोस् — किन्ने बेच्ने दुवैलाई साह्रो पर्नेछ, त्यो रोप्न भनेर दिएको हो र रोपेकै हुनुपर्छ। छ महिनापछि १२ मन फले पनि गरीबको घर खर्च चल्छ। हाम्रो सरकार लुटी खाने चोरहरूको होइन; पसीना बगाएर, पखुरा बजाएर, मेहनत गरेर खानेहरूको हो।

सिक्किममा अब बाख्रे गाई नपाल्ने। ठुल्ठुला फाँचा भएका गाई पाल्ने। आजदेखि असल गाईहरू बाँड़िनेछ। हाम्रो सरकार रहेसम्म यो कार्यक्रम चलिरहनेछ।

'कि गरि छाड्यो कि मरि छाड्यो चामलिङको इरादा' — सिक्किमबाट अत्याचारी सरकार हटाएर हामीले एउटा काम सफल गर्‍यौं; अर्को काम हो गरीबी हटाउने। हामी कृषकलाई हल गोरू पनि बाँड्ने, यो किसान र मजदूरले बनाएको सरकार हो। हाम्रो पालामा गाई बाँध्नेलाई फाइदा हुन्छ, पहिलेको पालामा टाई बाँध्नेले मात्र फाइदा गरे। अब टाई बाँध्नेहरू गाई बाँध्नेहरूदेखि सावधान रहनु। म तपाईंहरूलाई जनता जस्तै हुँ।

गरीब विद्यार्थीलाई आजदेखि नै युनिफर्म बाँड़न शुरू गरियो। सम्पूर्ण स्कूले नानीहरूलाई आजदेखि किताबका अतिरिक्त खाता पनि दिन थालियो। मजदूरलाई हामी प्रति महिना बाह्र सय भन्दा धेर रूपियाँ दिंदैछौं। रम्फू पारीका नेताहरूले "हामीले पनि नसकेको काम पो गर्‍यो त हौ" भन्दैछन् अरे। तर मजदूरहरूले पनि काम कड़ा गर्नु पर्छ, कड़ा दाम पाए झैं।

आरनमा काम गर्ने कामीहरूलाई हामी चाहिने सम्पूर्ण औजार हतियार बाँड्दैछौं। लुगा सिउने दमाईहरूलाई सिलाई मेशिन दिंदैंछौं। यदि मैले यो सीप सिकेको भएदेखि सारा सिक्किममा लुगा सिउने कामको ठेक्का लिने थिएँ। एउटा राम्रो सुट सिउँदा तीन हजारसम्म ज्याला पाइन्छ, यति धेरै पैसा हाम्रा ठूला अफिसरहरूले पनि पाउँदैनन्। तर हाम्रा दमाई दाज्यू भाईहरूले यस पेशाको उच्च स्तर कायम गर्न नसकेर नोटका बिटा अरूका हातमा पर्दैछ। बूढ़ाबूढ़ी, अपांग, असहायलाई आगामी अप्रेल महिनादेखि भत्ता दिइनेछ, इच्छुक व्यक्तिले पञ्चायतसँग सम्पर्क राख्नु होला।

"म मरी जान्छु, छोरी पोइला जाई जान्छे" सम्झेर हात बाँधेर बस्ने अल्छे काम नगर्नेहरूलाई कसैले पाल्न सक्तैन। हात खुट्टा शरीर ठीक हुने मान्छेले काम गरेर खानु पर्छ। काम गर्ने मान्छे भोकले मर्दैन।

हामी सरकारी कर्मचारीहरूप्रति दुर्भावना लिएर जानी बुझी 'भिक्टीमाइज ट्रान्सफर' गर्दैनौं। 'रोटेशन सिस्टम' - मा प्रत्येक तीन वर्षमा प्रत्येक कर्मचारीलाई ट्रान्सफर गर्नेछौं। यसो गर्दा प्रत्येक कर्मचारीले हाम्रो शान्त र सुन्दर सिक्किमको सेरोफेरो घुम्न, देख्न र बुझ्न पाउनेछन्। सिक्किमका सम्पूर्ण कर्मचारीलाई म मर्यादित पार्ने कोशिश गर्दैछु, तपाईंहरू कर्तव्यपरायण भइदिनुहोस्। हामी सबै मिलेर सिक्किम र सिक्किमेको शिर अझै उच्च पारौं।

राज्यको वार्षिक बजेटबाट लगभग एकसय ती करोड़ रूपयाँ गाउँबस्तीमा खर्च गरिंइदैछ। त्यस पैसाले भनेको जस्तो काम होस्। त्यहाँ भ्रष्टचार नजन्मोस्। विकासको प्रत्येक काम ठीकसँग भइरहेको छ कि छैन अब जनता कर्मचारी सरकार सबैले खोजी गर्नुपर्छ। पैसाको दुरूपयोग नहोस्। उत्पादनमूलक अथवा जनतालाई धेरै फाइदा हुने योजनामा धन खर्च गर्नुपर्छ। सम्पत्ति छ भन्दैमा खोलामा बगाउनु

हुँदैन। How you spent is more important than what you spent हाम्रा आलु, अदुवा र गाईका योजना उत्पादनमूलक हुन् जसबाट अधिकांश गरीब गाउँलेलाई उत्तोत्तर फायदा हुन्छ।

हाम्रो कुरा चिराइतो झैं तीतो हुन्छ र काम चाहिं माठो हुन्छ। पहिलेको सरकारले नराम्रो काम र दुर्नीति फैलाएको थियो त्यसको सुधारमा हामी राम्रो काम गरेर देखाउने इरादामा छौं। हामी नयाँ र सुखी सिक्किम निर्माण गर्ने क्रान्तिमा समर्पित छौं र हौं। तपाईंहरू आफ्नो गाउँ-घर, छिमेकमा राजनैतिक झगड़ा नगर्नु होला, सबै मिलेर गरी खानुपर्छ।

हाम्रो पार्टीको प्रथम आन्दोलन, प्रथम प्रचार नाम्चीबाट शुरू भएको थियो र यो वर्षगाँठ कार्यक्रम पनि यसपाली यहीं आयोजित गरियो। प्रजातन्त्रमा पार्टीले सरकार बनाए तापनि पार्टी र सरकार भिन्नभिन्नै चीज हुन्। पार्टीका कार्यकर्ताहरूले मन्त्रीहरूलाई जबर्जस्ती अनुचित काम गर्ने निर्देशन या सिफारिश गर्नु हुँदैन। पार्टीको आफ्नै स्थान र महत्व हुन्छ भन्ने सरकार र मन्त्रीहरूको पनि आफ्नै जिम्मेदार स्थान हुन्छ, सबैले आ-आफ्ना कार्यक्षेत्रभित्र पर्ने काम निर्भीक भएर गर्नुपर्छ। आजको यो सभा सिक्किम सरकारले आयोजना गरेको होइन, सिक्किम प्रजातन्त्रिक मोर्चाले गरेको हो। हामी पार्टी र सरकारलाई मुछेर अनैतिक काम हुन दिने छैनौं। सिक्किमे जनताले कुरा छर्लङ्ग बुझ्नुपर्छ अनि कसैले अन्याय र अत्याचार गर्ने पनि छैन र भोग्नु पनि पर्दैन।

# मेरो राजनीतिको केन्द्रमा सिक्किमे जनता छन्

(राज्य दिवस १६ मई, १९९५ को अवसरमा मुख्य मन्त्रीको सन्देश सिक्किमे जनताको नाममा)

आदरणीय सिक्किमे जन-समुदाय,

राज्य दिवस १९९५ को पुनित अवसरमा सिक्किमे जनतालाई हार्दिक अभिवादन टक्रयाउँदै म आफ्नो सम्बोधन प्रस्तुत गर्न चाहन्छु।

जब-जब समाजमा अन्याय, अत्याचार, शोषण र उत्पीड़न व्याप्त हुन्छ तब-तब जनताले ती सबैका विरूद्ध अविराम संघर्ष गरेको गाथा दुनियाँभरिको इतिहासमा अंकित छ। जन विरोधी र अत्याचारी शासनका विरूद्ध जुझ्न जनताले स्वयं संगठनको निर्माण गर्दछन, सुयोग्य नेतृत्व पैदा गर्दछन् र अत्याचारी शासनलाई धुलिसात गरेर न्याय र स्वतन्त्रताको विजयी ध्वज फहराउने गर्दछन्।

इतिहासको यो बेगिलो प्रवाहलाई थुन्न र छेक्नसक्ने शक्ति कुनै पनि तानाशाही शासक र शासनसँग हुँदैन। चाहे फ्रान्सका लुई होऊन् वा रूसका जार, अमेकिकाका म्याकनमारा हुन् वा बेलायतका माउण्टवेटन, इरानका रेजा पहलवी हुन् वा उगाण्डका इदी अमिन। विद्रोहको आँधीमय शक्तिसँग कोही टिकेन, कोही टिक्तैन। इतिहासको यही गौरवशाली धरोहरबाट अभिप्रेरित भएर सिक्किमे जनताले गरीब राज्यका धनाढ्य शासकहरू र सोझा जनताका धुर्त नेताहरू विरूद्द हाम्रो इतिहासलाई नै नयाँ मोड़ र गति दिन आन्दोलनको संचालन गरे। जसको नेतृत्वमा आज जनताले जनताको सरकार गठन गरेका छन्। यो आन्दोलन र यसको सफलताको सम्पूर्ण श्रेय अरू कसैमा होइन सिक्किमे जनतामा जान्छ। त्यसैले नै हो हामी ढुक्कसाथ भन्छौं सफलताको प्रतिफल पनि सिक्किमे जनता नै साझ रूपमा उपभोग गर्न पाउनु पर्दछ, निश्चय पाउनेछन्।

पुरानो परिपाटी ढलेको छ र नयाँको निर्माण भर्खऐ थालिएको छ। लामो समयदेखि थुप्रिएको भ्रष्टचार, नातावाद, ढिलासुस्ती र लापर्वाहीको मैला-फोहोरको डंगुरलाई सफा नगरी स्वच्छ, सफा र समानतामा आधारित व्यवस्था स्थापना हुन सक्तैन। पुराना जन विरोधी अवशेषहरू हटाउन पनि सम्पूर्ण जनता सजग र एकजुट

हुन जरूरी छ। व्यक्तिगत स्वार्थ, मागी खाने, ठगी खाने प्रवृत्ति आदिले पुरानो शासनमा अत्यन्तै झ्यांगिने अवसर पायो। आज त्यो रोग हाँक बनेर हाम्रो अगाड़ि तेर्सिएको छ। समाजलाई परामुखी, लम्पट र पराधीन बनाएर मुठ्ठिभर मानिस अरबपति बन्ने जनविरोधी संस्कृतिका विरूद्ध सम्झौताहीन सांस्कृतिक आन्दोलन गर्न पर्ने ऐतिहासिक आवश्यकता दृष्टिगोचर भएखओ छ। निजी स्वार्थभन्दा सामाजिक स्वार्थलाई महत्व दिने, आफ्ना हक र अधिकारप्रति सदा सजग रहने र अरूको हक र अधिकारको कदर गर्ने, अन्याय नगर्ने र अन्याय नसहने संस्कृति तथआ जनशक्तिको विकास गर्न हामी कटिबद्ध छौं।

हामी प्रजातान्त्रिक सिद्धान्तमा विश्वास गर्दछौं र दैनिक जीवन र व्यवहारमा पनि त्यसको पालना गर्दछौं। प्रजातान्त्रिक सिद्धान्तप्रतिको अटुट निष्ठाका कारण हाम्रो कसैसँग पनि व्यक्तिगत शत्रुता छैन। विपक्षी राजनैतिक समूहहरूसँगको हाम्रो संघर्ष नीतिगत र वैचारिक संघर्ष हो, व्यक्तिगत झगड़ा होइन। त्यसैले सिक्किम डेमोक्रेटिक फ्रण्टको सरकार सारा सिक्किमे जनताप्रति उत्तरदायी छ। पक्षपात, भेद्भाव, नातावाद, कृपावाद र भ्रष्टचारलाई कुनै पनि हालतमा सहन गरिने छैन। अन्याय जो कसैले गरेको किन नहोस्, हामी अन्यायका विरूद्धमा छौं। भोक-रोग, अशिक्षा र अन्धविश्वास जस्ता घातक रोगले सिक्किम जर्जर बनेको छ। यो साझा समस्याका विरूद्ध सम्पूर्ण पूर्वग्रह त्यागी तमाम जनता एकजुट हुन पर्दछ भन्ने आन्तरिक विश्वासलाई म यहाँ स्पष्ट गर्न चाहन्छु।

विकासोन्मुख भारतको पनि सर्वाधिक पछौटे राज्यहरूमध्ये एक रहेको सिक्किमलाई विकसित, स्वावलम्बी, आत्म-निर्भर र सुखी सिक्किम बनाउने महान अभियानका योद्धाहरू गरीब किसान, विद्यार्थी, मजदूर, व्यपारी, महिला, कर्मचारी, शिक्षक-शिक्षिका र अन्य तहका जनता नै हुन्। जनतामा छिपेको अपार शक्तिलाई सही र ठीक ढंगले उपयोग गरियो भने नयाँ र सुखी सिक्किम बनाउने हाम्रो सपना निश्चय नै विपनामा फेरिनेछ। सिक्किम र सिक्किमे जनताको हितमाथि दाह्रा धसेर आफू मात्र मोटाउने प्रवृति भएकाहरूको स्याल हुइँयामा बहकिएर हामी विभाजित भयौं भने, हाम्रो एकता टुक्रियो भने र हामी यो जनहितको मार्ग छाड़ेर पाखा लाग्यौं भने हाम्रा सन्ततिले धिक्कार्नेछन्। सिक्किम र सिक्किमेको हितलाई सर्वोपरी मानेर

न्याय, समानता र भ्रातृत्वको प्रजातान्त्रिक आदर्शमा हिंड्यौं भने हाम्रो प्रगतिलाई रोक्न कसैसँग पनि छैन।

सिक्किम र सिक्किमे जनता विशेष गरेर गरीब सिक्किमेको हित नै हाम्रो साध्य हो, पार्टी, सरकार, प्रशासन आदि त त्यो साध्याको निम्ति उपयोग गरिने साधन मात्र हुन्। त्यसैले नै हो सरकार सम्हालेको छोटो अवधिभित्रै जनताको हितसँग सरोकार राख्ने दूरगामी महत्वको पाइलाहरू अघि सारिएका छन्। गाउँनै गाउँले भरिएको सिक्किमको वास्तविकतामाथि ध्यान दिएर राज्यको कूल बजेटको ७० प्रतिशत रकम गाउँको निम्ति छुट्टाइएको छ। त्यो रकम कसैले दुरूपयोग गर्न नपावस् र जनताको हितमा खर्च होस् भनेर सारा प्रबन्धहरू मिलाइएको छ।

चोरलाई चौतारा र साधुलाई सुली – को पुरानो प्रचलनले गर्दा नै राज्यमा भ्रष्टचार यति धेरै फैलिएको मूल कारण पत्ता लगाएर दक्ष र इमान्दार कर्मचारीको उचित कदर गर्ने परिपाटी हामीले शुरू गर्ना साथ कर्मचारीहरू नयाँ उत्साह र लगनका साथ काममा जुटेका छन्। असमझदारी र अविश्वास हट्दै गएको छ र स्वाच्छ प्रशासन तथा जनमुखी परियोजनाको सरकारी घोषणाको मर्मलाई कर्मचारीले महसुस गर्न थालिसकेका छन्। ढिलासुस्ती, चाकड़ी-चापलुसी, कसैलाई काखा कसैलाई पाखा गर्ने व्यवहार तथा भ्रष्ट परिपाटी मेट्न सरकार दृढ़ छ र जनताले सजग बनेर सरकारलाई सघाउन थालेका छन्। कर्मचारीहरूको सविधा र सहुलियतको अभिवृद्धिका निम्ति पे – कमिशनको गठन भइसकेको छ र निकट भविष्यमै सुविधा र सहुलियत वृद्धिको घोषणा गरिने कार्यक्रम छ।

सृष्टिको अभिभारा थाम्ने स्नेहका मूहान चेलीहरूको प्रजातान्त्रिक आन्दोलनको पक्षमा गरेको त्याग प्रशंसनीय र प्रेरणादायक छ। जनसंख्याको आधा हिस्सा ओगटेका नारीहरूको सहभागिता नभइदिएको भए हाम्रो अन्दोलन सफल हुने नै थिएन। भनिन्छ नारीहरूको मर्यादा स्तर (Status) नै कुनै पनि समाजको उन्नति र सभ्यता नाप्ने कसौटी हो। नारीहरूलाई पुरूषको खेलौना, नानी जन्माउने मेसिन आदि ठानेर नारीको मर्यादालाई हनन गर्ने हिजोको चलन भत्काउनु हाम्रो प्रमुख कर्त्तव्य हो, अहम, लक्ष्य हो। इज्जतको यो लड़ाइँ चेलीहरू मोर्चामा डट्न थालेका छन् र उनीहरूको यो अभियानलाई सहयोग गर्न हामी जतिसुकै ठूलो बलिदान गर्न

पनि तयार छौं। हामीलाई विश्वास छ सिक्किमे धरतीले पनि क्लारा जेटकिन, रोजा लक्जमवर्ग, मानेस्कोलोडो अस्का (म्याडम क्युरी), इन्द्रेणी थापा, लैला खालेद, फ्लोरेन्स नाइटेंगल, पारिजात र पासाङ ल्हामु शेर्पा, तथा थी क्यू आदि जस्ता वीरंगना र विदुषीहरू पैदा गर्नेछ। यति हो हामीले उचित अक्सर र प्रोत्साहन गर्नु पर्दछ। नारी पुरूष बराबरीको प्रजातान्त्रिक सिद्धान्तको मातहत रहेर नारीलाई पुरूषको दाँजोमा पुर्‍याउन हामीले विशेष सहयोग र अवसर प्रदान गर्ने नीति प्रतिपादन गरेका छौं। नखरा र उत्ताउलो व्यवहारलाई होइन इमान्दारीता, कठोर श्रम र लगनशीलतालाई प्रोत्साहित गर्न हामीले व्यवहारिक रूपमै पाइलाहरू चालेका छौं।

समाजको सबभन्दा सक्रिय, सबल, सम्वेदनशील, जागरूक र हिम्मती हिस्सा भनेका युवा र विद्यार्थीहरू हुन्। युवावर्ग सही मार्गमा अघि नबढ़ेसम्म समाजमा कुनै पनि राम्रो परिवर्तन आउन सम्भव हुँदैन। त्यसैले त हो जानिफकारहरू भन्छन् “Youth are the fighting fists of society” समाजाक खराब पक्षहरूमाथि प्रहार गर्न र असल पक्षहरूको रक्षा गर्न युवाहरूकै बलियो पाखुराको जरूरत पर्दछ। हाम्रो आन्दोलनका महारथीहरू पनि सिक्किमे युवा युवतीहरू नै हुन्। आज सिक्किम उनीहरूकै हातमा आइपुगेको छ। यसलाई कस्तो बनाउने त्यस बारे दिशा निर्देशन मात्र नेतृत्वले प्रदान गर्छ तर त्यसको व्यवहारिक कार्यान्वयन त युवाहरूले नै गर्नु पर्ने हुन्छ। ‘हाँस र मजा गर’ भन्ने उपदेश दिएर युवाहरूलाई जनता तर्साउन कथित कमाण्डो बनाउने प्रचलनका विरूद्ध मैले सधैं भन्ने गरेको छु “जनताको सेवा गर र संसारको सबभन्दा ठूलो आनन्द लेऊ।” एकजोर झिल्के लुगा र एकक्षण मताउने नशाले युवालाई लठ्ठाएर मनमानी शासन गर्ने तानाशाही प्रवृत्तिले तिनै युवाहरूको भविष्यलाई बरबाद पारेको छ। किनभने आउने भविष्यका मालिक आजका सिक्किमे युवा तन्नेरीहरू नै हुन्। म त भन्छु युवा नशामा लठ्ठिने होइन सजग बन्नु पर्दछ। युवाले आँखा चिम्लि दिए भने राज्यमा शोषकले जनतामाथि दाँईमाड्‌ा गर्नेछन्।

विद्यार्थी र युवाहरूको भौतिक, मानसिक, चारित्रिक र सांस्कृतिक उन्नतिका निम्ति सरकारले महत्वाकांक्षी योजनाहरू अघि सारेको छ। आज मैले के पाउँछु भन्दा पनि भोलि सिक्किम कस्तो बन्नेछ भन्ने चिन्ता लिन म युवा र विद्यार्थीहरूलाई हार्दिक अनुरोध गर्दछु। गाउँ-गाउँमा पुस्तकालय, वाचनालय, जिम्नेजियम, रंगशाला

(स्टेडियम) आदिको स्थापना गर्ने काम सरकारले शुरू गर्ने निर्णय लिएको छ। यो अभियानमा सामेल भएर युवाहरूले हाम्रा प्रयत्नहरूको सार्थक परिणति समाजलाई दिने कुरामा म विश्वस्त छु। उद्योग, व्यापार, समाजसेवा, शिक्षा, साहित्य संस्कृति, पर्दा, रंगमञ्च, खेलकुद आदि कुनैपनि रचनात्मक कार्यका निम्ति युवाहरूलाई यथासम्भव सहयोग पुर्‍याउन सरकार सदा तत्पर छ।

साना नानीहरूलाई आवश्यक शैक्षिक, भौतिक, तथा मानसिक वातावरण प्रदान गर्ने काम हामी सबैको हो। बाल्यकालदेखि नै उनीहरूले पुस्तकालय, वाचनालय, जिम्नेजियम, विभिन्न खाले व्यायामशाला आदिमा सिकेर सर्वाङ्गीन विकास गर्न सकून भन्ने उद्देश्य सरकारको रहेको छ।

प्रजातन्त्रमा चौथो खम्बा (Fourth Estate) मानिने पत्रकार, लेखक, कवि, कलाकार, समाजका आँखा शिक्षक, बुद्धिजीवि, डाक्टर, वकिल आदि प्राज्ञले सिक्किमकै इतिहासमा पहिलो पटक निर्विध्न भएर प्राज्ञिक गतिविधि गर्ने वातावरण पाएका छन्। सृजना र सिक्किमे जनताको हित गर्ने बुद्धिजीविहरूको रचनात्मक प्रयत्नलाई यथेष्ट सहयोग गर्ने वचनबद्धता म यहाँ दोहोर्‍याउन चाहन्छु। चाहे विश्वको कुनै पनि सिद्धान्तमा आस्था राख्ने मानिस होऊन् यदि उनीहरू सिक्किमे जनताप्रति इमान्दार छन् भने हामी उनीहरूका सतप्रयासहरूको सदैव कदर गर्नेछौं।

हामी निर्विकल्प भएको स्वांग गर्दैनौं। वादको प्रतिवाद हुन्छ भन्ने कुरा र प्रजातन्त्रमा विपक्ष रहनु पर्दछ भन्ने हाम्रो मान्यता छ। सरकारले भूल गर्न लाग्दा विरोध हुनपर्दछ। हामी विपक्षीहरूको सुझावहरूको कदर गर्दछौं यति हो ती सुझाव र आलोचना रचनात्मक होऊन्। विरोधको निम्ति विरोध गरेर जनताको धन र ध्यान बरबाद नगरियोस्। अधिल्लो शासनमा जस्तो विपक्षीहरूसँग सम्वाद नै नगर्ने, विपक्षीलाई राजनैतिक समूह नै मान्न इन्कार गर्ने अप्रजातान्त्रिक तरिका हामी कदापि अप्नाउने छैनौं। विपक्षीलाई वैचारिक स्तरमै परास्त गर्न हामी सक्षम छौं। वाहुबल प्रजातान्त्रिक चरित्र अनुकूल नभएकाले हामी त्यसको प्रयोग गर्ने छैनौं।

हामीले गर्न सकेको सबभन्दा महत्वपूर्ण कुरा यो भएको छ कि सिक्किम झण्डा हल्लाउनेको मात्र होइन रहेछ, सारा सिक्किमको साझा रहेछ भन्ने ज्ञान जनतामा विकास भएको छ। समाजको निर्माणको निम्ति यो ज्ञान पहिलो पूर्व शर्त हो।

सिक्किम कसैको पेवा होइन र दिल्लीबाट आउने बजेट कसैको दाइजो होइन त्यो त सिक्किमे जनताको साझा अधिकारको कुरा हो भन्ने जनताले छर्लंग बुझेका छन्।

मेरो राजनीतिको केन्द्रमा सिक्किमे जनता हुनुहुन्छ। मेरो निम्ति सिक्किमका सर्वसाधारण जनता नै पूजनीय भएकाले सिक्किम र सिक्किमे जनतालाई बिर्सेर म राजनीतिको कल्पनासम्म गर्न सक्दिनँ। जनताको सेवा नै हाम्रो लक्ष्य, उद्देश्य र आकांक्षा हो। मन्त्रीहरू, विधायकहरू, राजनैतिक कार्यकर्त्ताहरू यही उद्देश्य र आदर्श साक्षी राखेर सत्तामा आएका छन्। यो उद्देश्यबाट विचलित नहुन मैले सबैलाई जोड़दार निर्देशन दिएको छु।

निस्वार्थ जन सेवा गर्दै जाऊ तिमी आदरणीय र प्यारो नेता बनिसकेका हुनेछौ भन्ने सत्यलाई मैले सदैव अनुशरण गर्ने गरेको छु। सुखी, सम्पन्न, आत्ममर्यादाले पूर्ण सिक्किम बनाउने महान अभिभारा पूरा गर्न हामी सबै एकजुट हुनु पर्दछ भन्ने हार्दिक अनुरोध म पुनः एकपटक दोहर्‍याउँछु।

यो गरीबवादी नीति लिएर बनेको सरकार आज तिनै मेरा प्रिय सहयोद्धा साथीहरू, पार्टीका कर्मठ नेता तथा कार्यकर्ताहरू, चेली र युवा, विद्यार्थी तथा सम्पूर्ण लेखक, कवि, कलाकार लगायत जनताको सामुहिक प्रयत्नको प्रतिफल हो। आज म आत्मविश्वासका साथ भन्दछु कि भोलिको नयाँ र सुखी सिक्किमको निर्माणको निम्ति मेरो क्रान्ति अविरल रहनेछ। सिक्किमलाई भारत देशकै एउटा उदाहरणको राज्य बनाउने एस० डी० एफ० सरकारको स्पष्ट लक्ष्यलाई सफल पार्न म राज्य दिवसको अवसरमा दृढ़ संकल्प गर्न सम्पूर्ण सिक्किमे जनता समक्ष हार्दिक अनुरोध गर्दछु।

आज सरकारमा परिवर्तन भएको छ तर हाम्रो आन्दोलनको यात्रा टुंगिएको छैन। हामी हाम्रो क्रान्तिको गन्तव्यमा पुगेकै छैनौं। सिक्किमे जनताका आधारभूत आवश्यकताहरू पूरा गर्ने, सिक्किमलाई, सम्पन्न र समान भएर बाँचेका सिक्किमेहरूको साझा, नयाँ र सुखी सिक्किम बनाउने उद्देश्य बोकेर थालिएको संघर्षले लक्ष्य हासिल गर्न अझ बाँकी छ। हाम्रो क्रान्ति आर्थिक, सामाजिक, राजनैतिक तथा सांस्कृतिक रूपले उन्नत, दासताका सबै बन्धन अनि भावनाहरूबाट मुक्त मानव समाजका निम्ति भएकोले मैले सिक्किमको सन्दर्भमा ताकेको क्रान्ति टुंगिएखओ छैन। यो अविरल र अविराम गतिमा बढ़दै जानेछ र सफलताको शिखरमा पुगेरै छाड्नेछ। हाम्रो क्रान्ति टुंगिएखओ छैन, जारी छ, अनि यो अघि बढ़नेछ।

## म बरू मरि जाउँला, तर गरीबलाई
## कहिल्यै धोका दिन्नँ

(राज्य स्तरीय पञ्चायत सम्मेलन-सिक्किम)

नाम्ची दिनाङ्क — १९ जून, १९९५

(मुख्य मन्त्री श्री पवन चामलिङले दिनुभएको भाषण)

राज्य स्तरीय पञ्चायत सम्मेलन उपस्थित विधानसभा अध्यक्ष, उप-मुख्य मन्त्री, मन्त्री एवं विधायकगण, अधिकारीगण, जिल्ला पञ्चायत अध्यक्ष, उपाध्यक्ष, पंचायत, ग्राम पञ्चायतहरूका सभापति, उप-सभापति, सचिव, सदस्यगण, विभिन्न तहका सरकारी कर्मचारीगण, गाउँले दाज्यू-भाइ, दिदी-बहिनी तथा आदरणीय आमा-बाबुहरू सबैमा मेरो व्यक्तिगत तर्फबाट र सरकारको तर्फबाट हार्दिक अभिवादन टक्राउन चाहन्छु।

यहाँ चारै जिल्ला पञ्चायत अध्यक्ष वा उपाध्यक्षहरूले आ-आफ्ना कुराहरू राखिसक्नु भएको छ, आ-आफ्ना समस्या र गुनानाहरू पोखिसक्नु भएको छ। मैले यहाँ उहाँहरूका प्रश्नको जवाफ दिनु परेको छ, र म दुइ चार कुराहरू गर्न चाहन्छु। मैले बोल्ने कुराहरू बनावटी हुँदैन। म कसैलाई खुशी पार्न वा कसैलाई रिस उठाउनको लागि बोल्दिनँ। हामीले के कुरा गर्दा सिक्किमको भविष्य राम्रो हुन्छ, त्यही कुरो बोल्छु, र त्यस कुरोमा म इमान्दार छु। यही इमान्दारीताको कारणले तपाईं जनताले हामीलाई सरकारमा पुर्‍याउनु भयो। हामी सरकारमा पुगेको ६ महिना हुँदैछ, यस अवधिमा हामीले के कति कामहरू गर्‍यौं, त्यसबारे तपाईंहरूलाई जानकारी दिन चाहन्छौं।

म दुइ जिब्रे मुख्यमन्त्री होइन म जे बोल्छु पक्का कुरो बोल्छु। साँचो कुरा बोल्छु। हामी हुने कामलाई ‘हुन्छ’ भन्छौं, नहुने काम हुन्छ भन्दैनौं। हामी जो भन्छौं, त्यही गर्छौं पनि। हामीले चुनावको बेला आफ्ना कार्यक्रमहरू जनाउँदा धेरै बुद्धिजीवी र कतिपय जनताले पत्याएनन्, एस० डी० एफ० ले भनेका कुराहरू दिन सक्दैन भने। तर हामी आफ्नो उद्देश्यप्रति प्रतिबद्ध थियौं, र छौं। चुनावको घनघोर बाजीमा जनताले हामीलाई विश्वास गरे, पत्याए; औ जम्मा १९ वटा आसनमा हामीलाई विजयी बनाएर पठाए। आज हामी सरकारमा छौं। तर यो सरकार पवन चामलिङ र

मन्त्रीहरूको मात्र होइन, यो सरकार सिक्किमे जनताको सरकार हो। हामीले हिजो जनतालाई भन्यौं, त्यही गर्दैछौं आज। हामी आफ्नो वचनमा/वादामा एक इन्च पनि डग्मगाएका छैनौं। देवकोटाले भने जस्तो "कि गरिछाड्यो कि मरि छाड्यो मर्दको इरादा।" चुनावमा दिएको काम गर्दा एकताबद्ध भएर काम गरौं। हामी सबैको जिम्मेवारी जनताप्रति छ। पवन चामलिङको कर्त्तव्य सेवा हो, पंचायतहरूको कर्त्तव्य पनि जनताको सेवा हो। तपाईंहरू पनि नडग्मगाउनुहोस्।

भाषणमा अहिले अध्यक्ष, उपाध्यक्ष महोदयहरूले यो दिनुपर्छ र त्यो दिनुपर्छ भन्नु भयो, यो पुगेन र त्यो पुगेन भन्नु भयो, तर पञ्चायतले के गरेर जनताको बढ़ी सेवा हुन्छ भन्ने कुरो चाहिं गरिएन। जनताको लागि पञ्चायतले के गरेर जनताको बढ़ी सेवा हुन्छ भन्ने कुरो चाहिं गरिएन। जनताको लागि पञ्चायतले के गर्ने भन्ने कुरै छैन। सबै कुरो राम्रो थियो, तर यै कुरो चाहिं नराम्रो भयो। आज सिक्किममा यही कुराको कमी छ। नेताहरू पनि उस्तै छन्।

हामी रैथाने सिक्किमेहरूको हित संरक्षण गर्न प्रयत्नरत छौं। तर आज सिक्किममा जात-जातको कुरो मात्रै हुने गर्दैछ, धर्मको कुरो मात्र हुने गर्दैछ। तपाईंहरूले आज बुझिदिनुपर्छ जातले र धर्मले हामीलाई सुरक्षा दिंदैन। सुरक्षाको लागि त हक चाहिन्छ, अधिकार चाहिन्छ। हामी त्यसको लागि एकताबद्ध हुनुपर्छ।

हामी भारतीय हौं, हामी राष्ट्रिय मूलश्रोतमा छौं। हामी पक्का भारतीय हौं, तर कसैको नोकर हामी होइनौं। हाम्रो छुट्टै चिन्हारी हुनुपर्छ। आज पञ्चायत, विधायक, मन्त्रीहरूले गणित र विज्ञान पढ़ाउने शिक्षक नियुक्त गर्न नसक्ने भएको छ। पहिलेको सरकारले कन्ट्रयाक्टरमा शिक्षकहरू नियुक्त गरेकोले राज्य बाहिरबाट आएका शिक्षकहरूले मुद्धा (case) चलाएका छन्। अहिले हाईकोर्टले शिक्षकहरूको नियुक्तिमा प्रतिबन्ध लगाइदिएको छ। हामीसित नौकरी पनि छ, बेकारी पनि छ, तर हामी नियुक्ति दिन चाहिं असमर्थ छौं। किनभने हाईकोर्टको आदेश नटेरेमा (contempt of court) अथवा न्यायलयका मानहानी मुद्दा लाग्न जान्छ। अब हामी भोलिका नानीको भविष्य सोचौं।

सिक्किमको मालिक सिक्किमे नै हो, र सिक्किमे नै हुनुपर्छ। हामी सिक्किमेलाई नै सिक्किमको मालिक बनाउन चाहन्छौं। तर आफ्नो मालिक दिल्लीतिर खोज्नेहरू पनि छन्। दिल्लीमा पोल पुर्‍याएर घरभित्रको कुरो बाहिर

लगेर सिक्किमेको सुरक्षा गर्छौं भन्नेहरू पनि छन्। सिक्किम र सिक्किमेको हितको सुरक्षा बाहिरियाहरूले गर्छन् भनेको स्यालले कुखुराको सुरक्षा गर्छ भनेको जस्तै त हो। हामीले मन्त्री परिषद्को बैठक नियुक्ति रैथानेलाई नै दिनुपर्छ वा काममा रैथानेलाई नै लगाउनुपर्छ भन्ने निर्णय गरेका छौं। अब त्यो फायल राज्यपाल कहाँ पठाउँछौं, त्यहाँबाट सही हुनु छ। तपाईंहरूसँग म मलाई फेरि मुख्यमन्त्री बनाउनु होस् भनेर हार-गुहार माग्दिनँ तर सिक्किमेको भविष्य सुन्दर पार्न तपाईंहरूको सहयोग चाहन्छु। सिक्किमेको साझा र सुरक्षित भविष्यको निम्ति म चिन्तित छु, र सबैलाई यो दुरदर्शी विचार लिनुपर्छ।

हामीले गृह मन्त्रीसँग भारतीय रिजर्व सुरक्षा बलको बटालियन सिक्किममा खोल्ने माँग पनि गरेका छौं। पर्यटनको विकासको लागि RAP अथवा प्रतिबन्धित क्षेत्रमा जाने प्रतिबन्ध हटाउने माँग पनि गरेका छौं। पर्यटनको सही विकास हुन सकेको खण्डमा हाम्रा धेरै युवा युवतीहरूले काम पाउनेछन्, जीविकोपार्जन गर्न सक्नेछअ। हामी सिक्किममा हेलिकप्टर सेवा पनि शुरू गर्दैछौं। हामीले यी सबै विषयहरूमा केन्द्रसँग कुराकानी गरिसकेका छौं। यो सिक्किम राज्यले पाउनुपर्ने हक हो, अधिकार हो।

हामी सानो कुरोमा नलागौं। सिक्किमलाई राम्रो गर्ने र राम्रो बनाउनेतिर हामी सबैले सोचौं। जात नखोजौं, अनुहार नहेरौं। कर्म, सिद्धान्त र नीति हेरौं। हामी खर्च घटाउने दिशामा छौं। कुलीन घरानियाँ जिनीस पत्र पनि सक्दो कम खर्चमा चलाउने र जनताको धन बनाउने पक्षमा छौं। हामी यस्तो सोचिरहेका छौं, तर तपाईंहरू उपाध्यक्षलाई गाड़ी चाहियो भन्नु हुन्छ। होला के त?

हामीले सिक्किमलाई राजनैतिक, आर्थिक र सामाजिक न्याय दिने भनेर चुनावको समयमा किटान गरेका थियौं। प्रस्तर युगमा केही नभएको समानता थियो भन्ने हामी इतिहासमा पढ्छौं भने हामी आजका सिक्किमेहरूलाई सबैथोक भएको समानता दिन अनि भोलि आउने सिक्किमलाई एउटा सुरक्षित भविष्य दिन चाहन्छौं। भोकोलाई खान र नाङ्गोलाई आङ ढाक्ने लुगा दिन त पाइन्छ होला? र त्यही हो आर्थिक न्यायको पहिलो कदम।

म सिक्किमे जनतालाई राजनैतिक न्याय दिन्छु वा दिएँ भन्दिनँ। आजकल त "म दिन्छु, म हुँ दिने मान्छे" भन्दा जनता हाँस्न थालेका छन्। किनभने १५ वर्षसम्म

यसो भन्नेहरूले जनतालाई काबू बनाएका छन्। एस० डी० एफ० पार्टीले टिकट वितरण गर्दा होस् वा मन्त्री परिषद् गठन गर्दा होस् सबै सिक्किमे जातिलाई प्रतिनिधित्व दिएर अनि ट्राइबलबाट उप-मुख्यमन्त्री समेत बनाएर सिक्किमको इतिहासमा राजनैतिक न्यायको एउटा नयाँ झण्डा गाड़ेको छ।

हिजोको सरकारमा सिक्किमका गरीब खालिखुट्टेले पाउने सुविधाहरू, विकासहरू गान्तोकमा सेता, पहेंला, हरिया, निला बिल्डिङ भएर उभिन्थे, एम० बी० बुकमै अल्झिन्थे र बीच बाटामै अल्झिन्थे भने हामी सिक्किमेहरूको उन्नतिको काम सिक्किमको गाउँसम्मै पुर्‍याऊँ भन्ने नीति लिएर अघि बढ़िरहेका छौं, र यही नीतिलाई हामीले मुख्य मन्त्री, मन्त्री र विधायक बदली हुनु भनेको मात्र होइन, तर व्यवस्थाभित्र काम गर्ने प्रत्येक कर्मचारी, अफिसरशाही र जनता समेतको सोंचाइमा परिवर्तन हुनुपर्छ।

सिक्किमका पश्चिम र दक्षिण जिल्लालाई खड़ेरीग्रस्त इलाका घोषित गरिएको छ भने पूर्व र उत्तरका कतिपय गाउँहरूलाई पनि कड़ेरीग्रस्त इलाका भनी घोषणा गरेका छौं। प्रतिवर्ष खड़ेरीको कारण दुःख भोग्न पर्ने गरीबहरूलाई केही राहत पुग्न सकोस् भनेर हामीले यस चोटी एक-एक मण्ड चामल वितरण गर्‍यौं। तर कतिपय मानिसहरू जिप्सी लिएर चामल थाप्न गएको पनि थाह पाइयो। कस्तो उदेक लाग्दो मानसिकता! गरीब दुःखी सिक्किमेहरूलाई दिइएको सहुलियत हुने खानेहरूले उठाउँछन् भने गरीब जनताले सुख कसरी पाउलान्? कसै-कसैले त आफ्नो स्वास्नी, कान्छी स्वास्नी, नोकर र आफ्नो नाउँमा गरी चार मण्ड चामल थापेको पनि सुनियो। सिक्किम हाम्रो हो, सिक्किमको हित र भलाई गर्ने भावना किन जाग्दैन हामीमा? यो सिक्किम तपाईंहरूको हो, सिक्किमको असली मालिक तपाईं जनता नै हुनुहुन्छ। सहुलियत बाँड्दा पञ्चायत, विधायक र अफिसरहरूले सही जनतालाई दिऊन, त्यसमा तपाईं जनताले पनि सहयोग गर्नुपर्छ।

प्रतिवर्ष लाग्ने खड़ेरीबाट यी इलाकाहरूलाई मुक्त गर्नु आज एउटा चुनौति भएखओ छ। अनियन्त्रित बन फँड़ानीको कारण नै खड़ेरीको प्रकोप बढ़ेको हुँधआ आज वृक्ष रोपण व्यापक रूपमा गरिइनु जरूरी भएको छ। त्यसै हुनाले सिक्किमको राम्रो भविष्यलाई सुनिश्चित गर्न हामीले कतिपय कदमहरू उठाएका छौं। प्रथमतः हामीले यस वर्षलाई हरित क्रान्ति वर्ष भनेर घोषणा गरेका छौं। हामी सबैले मिलेर

धेरैभन्दा धेरै विरूवा रोप्नुपर्नेछ। यसको साथै दक्षिण र पश्चिम जिल्लाहरूमा गोठ राख्न र गौचरण गर्न प्रतिबन्ध लगाएका छौं। आगामी चार वर्षसम्म गोठ राख्न र गाई चराउन बन्द गरेर हामीले बन-जंगलको सुरक्षा गरी भोलिको सिक्किमलाई हरियो बनाउने उद्देश्य राखेका छौं। पानीका मुहानहरूमा बढ़ीभन्दा बढ़ी बोट-विरूवा लगाएर औ त्यस्ता स्थलहरूमा गाई-बस्तुहरूलाई चर्न नदिएर सधैं पानी प्राप्त गर्ने हाम्रो लक्ष्य हो।

महात्मा गान्धीले भन्नुभएको थियो भारतमा राम-राज्य गाउँबाट आउनेछ। तपाईं पञ्चायतहरू नै सिक्किममा राम-राज्य स्थापना गर्ने प्रथम कर्ताहरू हुनुहुन्छ। हामी जहाँ-जहाँ पञ्चायत भवन छैन, त्यहाँ पञ्चायत भवन बनाउँदैछौं। प्रत्येक पञ्चायत भवनमा पुस्तकालय खोल्ने निर्णय पनि लिएका छौं। पञ्चायतहरू आफैं निर्णय गर्नुहोस् कि असल काम गर्ने मानिस अमर हुन्छ कि हुँदैन? महात्मा गान्धीले सोचेको राम राज्यको सपना आज खोई? गान्धीको देश भारतमा आज जात र धर्मको नाउँमा तातो गोली चल्दैछ। म त चाहन्छु हाम्रा पञ्चायतहरू यति आदर्श र नीतिवान बनून कि उनीहरूका नाउँमा गाउँमा बाटो बनोस् पञ्चायतहरूले निर्णय लिऊन् कि आजदेखि यस गाउँमा रक्सी पिउन बन्द! यो सिक्किम पवन चामलिङको सिक्किम मात्र होइन उसका मन्त्री र विधायक साथीको मात्र सिक्किम होइन, यो सिक्किम सबैको साझा सिक्किम हो। यसलाई बनाउनमा सबैले आफ्नो-आफ्नो योगदान दिनुपर्छ।

हाम्रो राज्यमा विकासको धारणा गलत छ। कुनै पनि विकासको काम भनेको एउटा मान्छेले इष्टिमेट खेदेर उसले त्यस कामको ठीका पाउनु पर्छ भनेको होइन। विकासले त सामूहिक फायदा पो हुनुपर्छ, विकासले त एउटा व्यक्ति नभएर एउटा समाजलाई नै उँभो लगाउन सक्नु पर्दछ। विकास भनेको त बढ़ेर जाने कुरालाई पो भनिन्छ।

म पनि दुःखले जन्माएको छोरा हुँ। दश दिशा ठोक्किएर, पेलिएर म पनि लोहोरो जस्तै भएको छु। आर० के० गोयल र लद्दाखे जस्ता धनाढ्याहरूको दुःख बुझ्न म सक्दिनँ, तर गरीबहरूको दुःख मैले बुझेको छु; र तिनै गरीबहरूको निम्ति केही गरिराख्ने मेरो विचार हो। तर हिजोसम्म गरीब मार्ने प्रतिगामीहरू आज पवन चामलिङको सरकारमा चोट्टाहा र ठगको जमाना गयो भनेर जात र धर्मको कुरा

लिएर एक डल्लो बनेका छन्। हिजोसम्म जनतालाई बोल्न नदिने र गाउँ गाउँमा घारो बोकेर पञ्चायत चुनावतिर गुण्डा पठाउने आज गरीबको पक्षमा बोल्ने पवन चामलिङको विरोध गर्छन्। तपाईंहरूलाई थाह छ कि १५ वर्षसम्म सिक्किमे जनताले आफू खुशी भोट धरी हाल्न पाएनन् - र यसरी लुटियो स्वतन्त्रता! स्वतन्त्रता पनि लुटिएपछि गरीबको अरू के रहन्छ? म तिनै गरीबहरूलाई उनीहरूको आफ्नो जीवन अनि बँचाइको, भोगाइको मालिक बनाउन चाहन्छु, र पञ्चायतका माननीय सदस्यवर्गले पनि जनतालाई कहिल्यै नतर्साइ दिनुहोला, बरू उनीहरूलाई आफ्नो हक र अधिकारको चेतना दिनुहोला। यहाँहरूलाई एउटा समाचार दिन चाहन्छु कि मार्तामका एक जना व्यक्तिले भर्खरै एक विपक्षी नेताको आड़ अड़ेसोमा सिक्किम उच्च न्यायलयमा नेगोसिएसनको काम बन्द गर्नुपर्छ भनी मुद्दा दायर गरेको छ। हामीले त सिक्किमेहरूले काम पाउन् भनेर निगोसिएसनमा दश लाखसम्मको काम वा ठिका बिघा दिने निर्णय लिएका थियौं।

हालमा गरीबमाराहरू सि० बी० आई० केसको डरले एकै डल्लो परेका छन्। हाम्रो दृढ़ संकल्प छ कि पन्ध्र वर्षसम्म गरीब लुट्नेलाई हामी सजाय दिलाएर छोड्छौं, हामी कड़ाकड़ी गर्छौं; र म तपाईंहरूलाई वचन दिन्छु कि म मरिजजाउँला तर म गरीबलाई कहिल्यै धोका दिन्नँ।

हाम्रो राज्यका, नारी आमा वा चेलीहरूलाई प्रत्येक क्षेत्रमा आधा हिस्साका भागीदार बनाउने पक्षमा छौं। यसका निम्ति उनीहरू आफैंले पनि आफ्नो अधिकार प्राप्त गर्ने पहल गर्नुपर्छ। यसपालि हामीले एकै पल्टमा राज्यका अपाङ्ग र वृद्ध-वृद्धाहरूलाई, एक हजार जनालाई पेन्सन दिने निर्णय लिएका छौं।

सरकारी कर्मचारीहरूप्रति पनि हाम्रो रवैया र विचार राम्रो छ। समयगत भएको स्थानान्तरणमा कहीं केही दुःख तकलिफ परेको भए त्यसको पुनर्विचार गरेर मिलाई दिने भनी हामीले वचन दिएका छौं, र मिलाई दिन्छौं।

गाउँ गाउँमा भएका सरकारी संस्थानहरूमा काम गर्ने कर्मचारीहरू, जस्तै ग्राम सेवक, स्वास्थ्य कर्मचारीहरू र प्राथमिक पाठशालाका शिक्षक-शिक्षिकाहरू काममा अनुपस्थित छन् वा राम्ररी काम भएको छैन भन्ने रिपोर्टहरू हामीले पञ्चायतहरूबाट पाउनु पर्ने हो, सो पाएको छैनौं। हामी अझै पनि पार्टीगत कुराहरूमा अल्झिरहेका छौं भने त्यो बड़ो गलत कुरा हो। हामीले त सिक्किमलाई पो सोच्नुपर्छ। यो दुइ दिनको

मानव चोलामा रिस इबी र ईर्ष्या-द्वेष लिएर बाँच्नु व्यर्थ छ। महाकवि देवकोटाले भनेका छन् –

चारै दिनको यो पापी चोला, यो मैलो गुमानी
आखिर उड्छ हावामा एकदिन एकमुट्ठी खरानी!

आज हामीले सिक्किमलाई आर्थिक रूपले आत्मनिर्भर बनाउन बुद्धि पुर्याएर काम गर्नु परेको छ। सर्व भारतीय स्तरमा पर्यटनको क्षेत्रमा प्रतिशपर्धा गरेर सिक्किमलाई विशिष्ट पर्यटन स्थल बनाउने दिशामा हाम्रो ध्यान केन्द्रित हुनु परेको छ। सिक्किमको प्राकृतिक सौन्दर्यलाई बिक्री गरेर नै हामी आर्थिक रूपले स्वावलम्बी हुन सक्नेछौं। सिक्किममा अब उसो तिनो मन्दिर र मूर्तिहरू नबनाऔं। विशाल-विशाल मूर्तिहरू बनाऔं, ताकि पर्यटकहरूको निम्ति आकर्षणको केन्द्र बन्न सकोस्, सारा जगतमा नै सिक्किमको नाउँ सुवास चलोस्। आज सिक्किममा पर्यटकहरूको बाढ़ नै आएको छ, तर पर्यटकलाई देखाउन लायकको चीज भने हामीसँग साह्रै सीमित मात्र छ। हामी ठूला-ठूला चट्टानहरू खोपौं, त्यसैमा ठूला-ठूलाहरू आँकौं चिन्ता त्यस दिशातर्फ पुनु पर्‍यो।

हाम्रो सरकार ग्रामीण हस्त शिल्पलाई प्रोत्साहन दिन दक्षिण, पश्चिम र उत्तर जिल्लाको क्रमशः नाम्ची, गेजिङ र मंगनमा हस्त-शिल्प केन्द्र खोल्ने निर्णय लिएको छ। त्यसको साथमा अन्य दशवटा ससाना केन्द्रहरू पनि विभिन्न स्थानहरूमा खोल्ने निर्णय भइसकेको छ। सिक्किममा रोजगारी बढ़ाउनका लागि यी सबै कार्यहरू हुनु जरूरी भएको छ। हामी सबैको विचार र धारणा सिक्किममा उत्पादन र आय बढ़ाउने कार्यतर्फ हुनु परेको छ।

सिक्किमको जल सम्पदा अपार छ र हालमा रोथोङ्चू परियोजना कार्यान्वयन गर्ने काम धमाधम भइरहेको छ। दुइ-चार जना व्यक्तिहरूले सिक्किमे जनतालाई फायदा हुने यस योजनाको विरोध गर्नका साथै यसभन्दा बृहदाकार टिस्टा परियोजनाको पनि विरोध गर्दैछन्। सिक्किमे जनतालाई के गर्दा राम्रो हुन्छ, त्यही गर्नु भनी मलाई जनताले सरकारमा पठाएका हुनाले म जनताको पक्षमा जनताकै फायदाको लागि काम गर्न डराउने छैन। हाम्रो नीतिको विकल्प हुँदैन भन्ने कुरो मलाई थाह छ र मुख्यमन्त्रीको रूपमा म आफूलाई सिक्किमे जनताको सेवामा पूरै प्रतिबद्ध ठान्दछु।

राज्य सरकारले जनताको काम गर्नलाई शासन विकेन्द्रीकरण गर्ने काम थालेको छ। शिक्षा विभागमा संयुक्त निर्देशक पदका अधिकृतहरू अघिबाटै नियुक्त गरेर जिल्ला-जिल्लामा पठाइ सकिएको छ। भने अरू विभागमा पनि क्रमागत रूपले पठाउँदै जानेछौं।

सिक्किममा इष्टिमेट खेद्ने एउटा अनौठो प्रथा चलेको छ। यो गलत हो। मुख्यमन्त्रीलाई भेटेरै मात्र काम हुन्छ भन्ने सोंचाइ पुरानो र गलत सोंचाइ हो। जनतालाई कहाँ-के विकासको जरूरत छ, त्यो हेरेर कुनै पनि कामको इष्टिमेट सरकार आफैंले बनाउँछ, पास गर्छ, र काम दिन्छ।

गरीबी सबै रोगहरूको माऊ हो। यो गरीबी तब मात्र हट्छ, तब जनताले मागि खाने बानीको सट्टा गरी खाने संकल्प गर्दछन्। हामीले अदुवा बाड्यौं। त्यो अदुवा रोपेर बढ़ाउनु र त्यसबाट बढ़ी फायदा लिनु भनेको गरी खानु हो। गाई दिन्छौं – त्यसलाई स्याहर सुसार गरेर पाल्नु र त्यसबाट हुने हर किसिमका फायदा लिनु भनेको गरी खानु भनेको हो। हाम्रो सरकारमा कसैले पनि फोकटमा पैसा खाने कोशिश गर्नु व्यर्थ छ किनभने यस सरकारले फोकटमा पैसा खान दिने छैन। दशैंको टीका लगाउँदा पनि हाम्रा माता-पिता वा मान्यजनले भन्ने गर्छन्, आशीर्वाद दिने गर्छन् – 'मागिखाने नहुनू, गरी खाने हुनू।'

## हामीले पार्टीको गठन सानो र सीमित स्वार्थले गरेका होइनौं

१२ दिसम्बर १९९५

### (एस० डी० एफ० सरकारको पहिलो वार्षिकी समारोह जोरथाङमा मुख्य मन्त्री तथा पार्टी अध्यक्ष श्री पवन चामलिङको वक्तव्य)

आदरणीय जन - समुदाय,

तपाईंहरूको सरकार एक वर्ष पुगेको उपलक्ष्यमा त तपाईं सम्पूर्ण जनताप्रति हार्दिक अभिवादन र शुभकामना व्यक्त गर्दछु। कठोर संघर्ष र कठिनाइहरू बेहोरेर बनेको गरीब जनगणको सरकार एक वर्ष पुगेको उपलक्ष्यमा तपाईंहरू जुन खुशी र हर्षोल्लास मनाइ रहनु भएको छ, वा जुन हर्षोल्लास मनाउन तपाईंहरू यहाँ उपस्थित हुनु भएको छ, सो खुशीयालीमा म आफू उपस्थित हुन पाएर अत्यन्तै हर्षित भएको छु। र मलाई लाग्छ यही हर्षको प्राप्तिका निम्ति उठाएका दुःखपूर्ण लक्षणहरूलाई पनि हामीले आज स्मरण गर्नु उचित हुनेछ, र म तिनै कठिन लक्षणहरूको स्मरण गर्दै आफ्नो विचार यहाँ राख्दछु।

थाहै भएन कति छिटो एक वर्षको समय पनि बितिसकेछ। सरकार बनेपछिको यो एक वर्षको अवधिभित्र एस० डी० एफ० सरकारले सिक्किमलाई कुन दिशातर्फ लाँदैछ; सिक्किमलाई कसरी र के बनाउन खोज्दैछ अथवा चुनावपूर्वका हाम्रा रचानात्मक विचारहरू आज हामीसँग छन् कि छैनन् आदि-आदि कुराहरूलाई पुनः अवलोकन गर्ने दिन पनि यो भएकोले म यहाँ हाम्रो सरकारका काम क्रियाहरूको पनि छोटो विवरण प्रस्तुत गर्नेछु। सरकारले विगत एक वर्षभित्र गरेका काम कुराहरूबारे मैले धेरै बोलिरहन नपर्ला। किनकि सरकारले आज पर्यन्त गरेका र गरिरहेका कामहरू तपाईं आम जनगणकै आँखा सामु छँदैछ। यद्यपि यो एउटा अवसर हो कि मैले यस विषयमा पुनः प्रकाश पार्नु पर्दछ, र गर्वसँग भन्नु परेको छ कि आदरणीय जनसमुदाय, तपाईंहरूले हामीप्रति र हाम्रो पार्टीप्रति जुन विश्वास र आस्था राख्नु भयो, त्यस विश्वासलाई कहीं – कतै घात नगरी हामीले जनताका कामहरू गरेका छौं र गर्दैछौं। यसै अवसरमा तपाईंहरूको खुशीमा खुशी मिलाएर म हाम्रो यो वचन र

प्रतिबद्धता पनि दोहोर्‍याउन चाहन्छु कि हामी जनतालाई विश्वासघात कदापि गर्ने छैनौं।

आज हाम्रो सरकारको वार्षिकी। यो ऐतिहासिक तिथीकै अवसर पारेर हिजो यसै स्थलमा युवा तथा चेली मोर्चाको प्रथम राज्य स्तरीय सम्मेलन पनि सम्पन्न गरियो। सम्मेलनको क्रममा चेली तथा युवा मोर्चाका नेता तथा कार्यकर्त्ताहरूले आ-आफ्ना विचार, मन्तव्य र गुनासोहरू पनि पोख्नु भयो। हाम्रो सरकार र पार्टीले दिएको यो प्रजातान्त्रिक अधिकारलाई उपभोग गरी व्यक्त गरी व्यक्त गर्नु भएका यहाँहरूका विचार सुनेर मलाई हर्ष लागेको छ र युवा तथा चेलीहरूमा आएको यो जागृतिलाई आन्तरिक ह्रदयबाटै अभिवादन गर्न मलाई इच्छा भएको छ। त्यसैले म यस सरकारको कार्यक्रमहरूबारे बोल्नभन्दा पनि पहिले युवा तथा चेलीहरूको विचार र आग्रहहरू तथा उनीहरूका जिम्मेवारीबारे केही कुरा गरिहाल्न जरूरी ठान्दछु।

मलाई बेहद खुशी लाग्यो कि हिजो सारा सिक्किमबाट आउनु भएका प्रतिनिधि चेलीहरूले जुन कुराहरू राख्नु भयो, जुन विचारहरू व्यक्त गर्नु भयो, त्यसले चेलीहरूमा पलाएको जागरूकता र सक्रियतालाई संकेत गरेको छ। अघिल्ला सरकारहरूले तहस-नहस पारिदिएका चेलीहरूमा इज्जत, शान र गौरवलाई पुनर्स्थापित गर्ने हाम्रो सरकारले चलाएको अभियानमा नारी तथा चेलीहरूको विशाल हिस्सा सक्रियातापूर्वक लागि परेको छ भन्ने सुन्दर नमूना चेलीहरूद्वारा व्यक्त गरिएका विचार र धारणाहरूबाट प्रकट हुन सकेको कुरो म महसुस गर्दछु। आधी धरती ओगटेर र आधी आकाश थामेर बसेका हाम्रा आमा-चेलीहरूले पाउनै पर्ने हक अधिकारलाई कुल्चेर बसेका हिजोका मैमत्त अत्याचारीहरूको सिक्रिबाट चेलीहरूलाई मुक्त गरेर हाम्रो सरकारले उहाँहरूलाई समानताको पहिलो बोध दिन सकेछ भन्ने म महसुस गर्छु। म गम्भीरतापूर्वक आशा गर्छु कि हाम्रा चेलीहरूले यस अधिकारको समुचित ढंगले उपभोग गर्नेछन् र जनता एवं राज्यको निम्ति आफ्नो दायित्वको निर्वाह यथोचित ढंगले गर्नेछन्।

यहाँ धेरै जना चेलीहरू बोल्नु भयो र धेरै कुराहरू राख्न भयो। पचास प्रतिशत अंश चेलीहरूले पाएनन् भन्ने कुरा पनि आए; चेलीहरूका निम्ति उद्यमहरू खोलिनु पर्छ भन्ने प्रसङ्ग पनि उठे; चेलीहरूका निम्ति उद्यमहरू खोलिनु पर्छ भन्ने प्रसङ्ग पनि आए। प्रतिनिधि चेलीहरूबाटै नराम्रा लतहरू त्याग्नु पर्छ; मद-मदिरा तथा जुवा-

तासबाट समाजलाई मुक्त गरिनु पर्छ भन्ने आग्रह पनि गरिए। अझ तानाशाह, व्यभिचारी र अत्याचारीहरू विरूद्ध चेलीहरू एकगठ हुनुपर्छ भन्ने आव्हान समेत चेलीहरूले नै गरेका छन्। सम्पूर्ण चेली तथा युवा-युवतीहरूको पक्षमा काम गरिइनु पर्दछ भन्ने कुराहरू ल्याइएको छ। यी सब एकदमै राम्रा विचार र आग्रहहरू छन्। हाम्रा स्नेह र सृष्टिका मुहान चेलीहरूलाई के विश्वास दिऊँ भने हाम्रा त पाट्री नै राम्रो। हाम्रो विचार राम्रो, भावना राम्रो, कार्यक्रम र नीति राम्रो। तर पार्टीको नीति र कार्यक्रम मात्रै राम्रो भएर हुँदैन। हाम्रो त चेलीहरू, युवाहरू, पार्टीका नेताहरू र कार्यकर्त्ताहरू सबै-सबै हाम्रो हुनु आवश्यक छ। अनुहार चिल्लो-गोरो भएर मान्छे राम्रो हुने होइन। मान्छे राम्रो हुनालाई त विचार राम्रो हुनु पर्‍यो, भावना राम्रो हुनु पर्‍यो, उद्देश्य र लक्ष्य राम्रो हुनु पर्‍यो, बानी-बेहोरा र चरित्र ठीक हुनु पर्‍यो। चाल-चलन नै ठीक नभए त्यो मान्छे राम्रो कसरी हुन्छ? तपाईंहरूले आफू पनि राम्रो र अरूलाई पनि राम्रो बनाउने प्रयत्न गर्नु पर्‍यो। हाम्री ही - बर्मेक – देखि आउनु भएकी प्रतिनिधि फूलमाया मगरले एकदमै राम्रो भाषण राख्नुभयो। उहाँ भन्दै हुनुहुन्थ्यो नहुनेको लागि भाले पनि हात्ती जस्तै हुन्छ। फूलमाया दिदीले एकदमै ठीक भन्नु भयो। उहाँले बनावची कुरो बोल्नु भएन – 'पोलिटिक्स्' गर्नु भएन। जो बोल्नु भयो, आफ्नो जिन्दगानीको भोगाइ बोल्नु भयो, सिक्किमका गरीब-गुर्वा चेलीहरूको प्रतिनिधि बोलि उहाँले बोल्नु भयो। सिक्किममा गरीबी छ भन्ने देखेर - भोगेर नै हामीले राजनीति शुरू गरेका थियौं, गरीबहरूलाई सुखको सास फेर्न ठाऊँ सिर्जना गरिदिने उद्देश्यले नै हामीले एस० डी० एफ० लाई जन्माएका हौं। 'नहुनु सारो कि ढुंग सारो' भन्ने उखान छ। गरीबहरूको त्यही विकटतालाई सोझ्याउने उद्देश्यले हामीले चेलीहरूको सहयोग, समर्थन र सक्रियता चाहेका छौं। त्यसैले चेलीहरू अघि आउनुपर्छ, शर्माएर लजाएर डराएर टाढ़ो बस्नु हुँदैन। राम्रो काम गर्नलाई लाज र भय त्याग्न सक्नुपर्छ। समग्र सिक्किमलाई सुन्दर र समृद्धशाली बनाएर सबै फूलमाया दिदीहरूको मनमा सुखको घाम झल्मल पारिदिने हाम्रो परियोजना र सपना भएकोले तपाईं सम्पूर्ण चेलीहरूको एकताबद्ध प्रयास आज हामीले चाहेका छौं।

दुःख के हो, त्यो भोग्नेहरू नै बुझ्दछन्। आज यी अग्ला-अग्ला बिल्डीङ्गहरूलाई दुःख सोध्यौं भने उनीहरूलाई थाहै छैन। भन्नै पनि हुँदैन। भन्यो भने बिल्डीङ्ग रिसाइहाल्छ। मुटु नभएका, ह्रदय नभएका यी बिल्डीङ्गहरू

रिसाउँछन् चेलीहरू, के गर्नु? बिल्डीङ्गहरू त जात जान्दछन्, धर्म जान्दछन्, आफ्नो स्वार्थ जान्दछन् - बस्, त्यति जान्दछन्। गान्तोकमा बिल्डीङ्गहरूको मिटीङ्ग हुन्छ – चामलिङलाई चेप्टाउनु पर्छ भन्ने गोप्य मिटीङ्गहरू बिल्डीङ्ग गर्दैछन्। तर एक वर्ष भयो चेप्टाउन सकेका छैनन्, र तपाईं चेली र जनताको साथ-समर्थन पाइरहे गरीबको चाहिं दिन फर्किनेरहेछ – चेप्टाउने घोक्राउने त कोनि!

तमाम प्रतिनिधि चेलीहरूको कुराकानी सुनिसकेपछि आज म हाम्रो सरकारको चेलीहरूप्रतिको धारणा अरू व्यापक रूपमा यहाँ प्रस्तुत गर्न चाहन्छु। मैले भनिहालें चेलीहरू आधी धरती र आधी आकाश हुन्। भन्नुको तात्पर्य यस विश्वको दुइ भागमा एक भाग पुरूषहरू को हो भने अर्को एक भाग नारी वा चेलीहरूको हो। जनसंख्याबाट चेलीहरूलाई अलग गरेर जसरी यो विश्वको कल्पना असम्भव छ, त्यसरी नै समाज वा राष्ट्रको हरेक वस्तुमा स्त्रीहरूको हिस्सा र अंश बिना सामाजिक न्यायको कल्पना नै असम्भव बन्दछ। पुरूषहरूको बराबरीको अंश र अधिकार चेलीहरूको हुनुपर्छ भन्ने हाम्रो अटल मान्यता र धारणा छ। नारी तथा चेलीहरूलाई घरको सीमाभित्र थुनिराख्ने, उनीहरूका – कर्मलाई घरेलू, परिधिभित्र कँज्याएर राख्ने पुरानो कदम मिलाई समाज निर्माणको काममा वा सामाजिक-राजनैतिक गतिविधिमा सहभागी बन्ने अवसर हाम्रो सरकारले दिन चाहेको छ। त्यसै कुरोको निम्ति हाम्रो सरकार गठन भएपछि चेलीहरूलाई मान र इज्जत दिइेएको छ, प्रतिष्ठा दिएको छ। चेलीहरूलाई मान र इज्जतसँग बाँच्ने तथा अघि बढ्ने हकको ग्यारेण्टी गर्न हाम्रो सरकार वचनबद्ध छ। अघिल्लो सरकारद्वारा लुटिइएको चेलीहरूको मान र हकहरूलाई आज हामीले पुनर्वहाल गरेका छौं। त्यसका अतिरिक्त पनि हामीले चेलीहरूका निम्ति सरकारी तौरमै विभिन्न नियमहरू सिर्जना गरी शैक्षिक, सामाजिक, आर्थिक, राजनैतिक रूपमा सबल र सक्षम बनाउने दिशामा कदमहरू चाल्न थालेका छौं। तर चेलीहरू! कानून बनेर मात्र हुँदैन ती कानूनहरूबाट फायदा लिन चेलीहरू स्वयं अघि आउनुपर्दछ। होड़ गर्न सक्नुपर्दछ। पंचायतमा चेलीहरूलाई ३० आरक्षण सरकारले दिएको छ, र जिल्ला पंचायतको सभापति पनि कम-से-कम एकजना महिला/चेलीलाई बनाउने निधो सरकारले गरिसकेको छ। प्रसूति भत्ता दिन थालेका छौं, र प्रसूति विदा दुइ महिनाको सट्टा तीन महिना दिने निर्णय लिएका छौं, र प्रसूति विदा दुइ महिनाको सट्टा तीन महिना

दिने निर्णय लिएका छौं। चेलीहरूलाई राम्रो गरौं भन्ने इरादा हो यो माइतिको। आन्दोलनको बेला तपाईंहरूले लगाएको सहयोगको गुण यो माइतिले भूलेको छैन र तपाईं चेलीहरूको सरक्षा गर्ने काममा माइति कदापि पछि हट्ने छैन। तर जाग्नु चाहिं तपाईंहरूले पनि पर्छ। जस्को कि एकजना कविले भनेकै छन् –

**जागेनै ललना यदि तिमी भने**
**जाग्दैन है जाति यो।**

चेली, तपाईंहरू जाग्नु भएन भने तपाईंहरूको त भलो हुँदैन - हुँदैन, हाम्रो सिक्किमे जातिको पनि कल्याण हुँदैन। तपाईंहरू जाग्नु पर्‍यो, हेपिइनु, भएन। सबै क्षेत्रमा तपाईंहरूले समान हक लिएर बाँच्न सक्नुपर्छ। म त चाहन्छु-चेलीहरूलाई धेरैभन्दा धेरै सहुलियत र अवसरहरू दिऊँ, मन्त्री नै चेलीहरूलाई बनाइदिऊँ। तर हेर्नोस्, दुःखको कुरो पोहोर विधान-सभा चुनावमा हामीले चेली उम्मेदवार नै पाएनौं। चेलीहरू थिएनन् होइन, थिए, थुप्रै थिए। तर उठाए हार्नेहरू मात्रै भए। त्सस्तो हुनु भएन। प्रतिश्पर्धा गर्न तपाईंहरूले नै सक्नु पर्छ, त्याग गर्न सक्नुपर्छ एम० एल० ए० मन्त्री हुनु भनेको खेलाँची होइन – त्यागको भावना हुनु पर्‍यो, त्यस्तो, त्यस्तो विचार जन्माउनु पर्‍यो।

म चाहन्छु हाम्रो पार्टी चेलीहरूकै अधीनमा होस्। चेलीहरूले नै चलाउन् यो पार्टी। गाउँतिर चेलीहरू हिंड्नु पर्‍यो, प्रचार-प्रसार गर्नु पर्‍यो। पार्टीका नीति र कार्यक्रमहरू चेलीहरूले बुझ्नु पर्‍यो; जनतालाई त्यो बुझाउनु पर्‍यो। अन्याय नसहने, अत्याचार नसहने पार्टीको नीति अनुरूपको काम गर्न थाल्नु पर्‍यो। पार्टीको नीति बुझेपछि पार्टीप्रति तन-मनले लाग्नु पर्‍यो। ज्यान दिनसम्म तयार हुनुपर्‍यो। तपाईंहरूले प्रत्येक जग्गा गएर चेली मोर्चा गठन गर्नुपर्छ। चेली मोर्चा भोट जित्नलाई मात्र गठन गर्नु होइन। चेली मोर्चा गठन गर्नुपर्छ - अत्याचारको विरूद्ध चेली मोर्चा; अन्यायको विरूद्ध चेली मोर्चा; भ्रष्टचारको विरूद्ध चेली मोर्चा। म तपाईंहरूलाई यो जिम्मेवारी दिन्छु र भन्छु पार्टी सारा सिक्किममा तपाईंहरूले चलाउनु पर्छ। तपाईंहरू नै अघि बढ्नुपर्छ; तपाईंहरूको जाग्ने बेला अबेर नहोस् - म तपाईंहरूलाई यही आव्हान र आत्मबल दिन चाहन्छु।

चेलीहरूसँगै हाम्रा आशा र भरोसाका पुञ्ज युवाहरू छन्। हाम्रो आन्दोलनमा हाम्रा युवाहरूको भूमिका अहम् रूपमा मुखरित नभइदिएको भए हामी हाम्रो आन्दोलनमा सायदै सफल हुन सक्ने थियौं। मलाई आज यो भन्न पाउँदा अत्यन्तै खुशी र गर्व अनुभव हुन्छ कि आज पनि हाम्रो आन्दोलनको, हाम्रो परिवर्तनकामी उद्देश्यको मेरूदण्डका रूपमा हाम्रा तिनै दह्रा, बलिया र बुद्धिमान युवाहरू छन्; र भोलिको सुन्दर सिक्किमको निर्माणका निम्ति यी सम्भावनाका विपुल शक्ति पुञ्ज आज जुर्मुराइ उठ्न थालेको छन्। युवाहरूमा अन्तर्निहीत जोश, जाँगर, समवेदना र विवेकको स्वतन्त्र प्रस्फूटनले मात्र भोलिको नयाँ सिक्किमको सिर्जनाको मार्ग प्रशस्त गरिदिने मेरो विश्वास रहेकाले युवा कार्यकर्ता र साथीहरूप्रति म केही कुराहरू यहाँ राख्दैछु।

जस्तो कि हिजो सम्मेलनको उद्घाटन क्रममा हाम्रा विद्युत मन्त्री श्री हिस्से चालुङपाले भन्नुभयो कि पवन चामलिङ युवा हुन्। म उमेरले युवा नहुँदा नहुँदै पनि मन्त्री श्री लाचुङपाको भनाइलाई म सही ठान्दछु। युवा साथीहरू, म युवा हुँ! म जोश, जाँगर, संकल्प र विचारले आज पनि युवा छु। युवा बन्नुको पूर्वशर्त उमेर मात्रै हो भन्न म सक्दिनँ, युवा बन्नलाई त विचार चाहिन्छ। उमेरको युवाकाल टेकेकैहरू पनि यदि विचार र भावनाले युवा छैनन्, भने मलाई लाग्दैन कि ती युवा हुन्। अहिले युवाहरूका सम्मुख देश र सिक्किमको निम्ति गर्नु पर्ने यथेष्ट काम र जिम्मेवारीहरू छन्। भनाइ छ कि एक युवामा एक दिन एक चोटी मात्रै आउँछ रे। आज सिक्किमको समृद्धि र विकास, पक्षमा; सिक्किमको भाग्य अज्माउने होइन तर भाग्य बनाउने अर्थमा एउटा दिन आएको छ। देशको निर्माण र सुरक्षाको निमित्त सिक्किमले आफ्नो भूमिकाबारे सोंच्न र त्यस भूमिकालाई निर्वाह गर्ने सन्दर्भमा एउटा दिन आएको छ। त्यसैले आजको सन्दर्भमा हाम्रो समाजमा युवा भन्नु भनेको इतिहासले सुम्पिदिएको यही महान जिम्मेवारीको वहन गर्ने इच्छा शक्ति र संकल्पले सुसज्जित बन्नु भनेको हो भन्ने मेरो धारणा छ। यदि कुनै व्यक्ति यो कुराबाट पन्छिएर अलग-थलग बस्छ भने मलाई लाग्दैन कि ती व्यक्ति युवा हुन् र मलाई त यो पनि लाग्दैन कि ती व्यक्तिको राष्ट्र र समाजमा कुनै महत्व र औचित्य छ। त्यसैले साथीहरू म तपाईंलाई आव्हान गर्छु - युवा बन्नुहोस्। प्रकृतिले, समयले र उमेरले

तपाईंहरू युवा नहुनुहोला; तर विचार, कर्म र उद्देश्यले युवा बन्नुहोस्। त्यो तपाईंको हातमा छ।

राष्ट्रको सुरक्षामा प्रहरी बन्न सक्ने र सिक्किमको नव-निर्माणको उद्देश्य समर्पित बन्न सक्ने युवा साथीहरूको अथाह शक्तिप्रति म आशावादी छु। त्यसैले युवाहरूको महत्व र औचित्य अझ छँदैछ र रहनेछ। युवा साथीहरूले के कुरा सधैं मनमा राख्नु पर्‍यो भने हामीले पार्टी गठन गरेका हाम्रो स्वार्थ र सितिमिति उद्देश्य होइनौं। युवाहरूको आवश्यक्ता हिजो अन्दोलनको बेला जति थियो, त्यो सक्रियता र उत्सर्गको भावना आज झनै बेसी चाहिएको छ। सिक्किममा जनगणको पक्षमा उभिएर काम गर्ने र त्यसै उद्देश्यमा उत्सर्गित बन्ने महान उद्देश्यलाई स्वीकार गरी हामीले राजनैतिक यात्रा शुरू गरेका थियौं भने आज हामीले त्यस उद्देश्यलाई प्राप्त गरिसक्यौं भन्ने ठान्नु किमार्थ ठीक हुने छैन। युवा साथीहरूमा जुन असन्तुष्ठि देखिइए ती विशेष गरी नीजि मामिलाहरूसँग सरोकार राख्ने किसिमका छन् भन्ने मलाई लागेको छ। हामीले दबिएका बहुसंख्यक सिक्किमेहरूलाई उठाउँदै सिक्किमलाई स्व-निर्भर बनाउने हो भने त्याग र तपस्या पनि गर्न सक्नुपर्छ। युवाहरू उद्दण्ड र बलवान मात्र हुँदैनन्, अपितु संवेदनशील र विवेकशील पनि हुन्छन् भन्ने कुरा हामीले स्वीकार गर्नुपर्दछ। र यसरी मात्र हामीले आफूलाई युवा बनाउन सक्दछौं र युवाहरूको महान जिम्मेवारीको सही रूपमा बहन पनि गर्न सक्दछौं।

हिजो सम्मेलनमा शहीद धनराज तामाङ, धर्मदत्त शर्मा आदिका प्रसङ्गहरू पनि उठाइए। न्यायको निम्ति, समानताका निम्ति र प्रजातन्त्रको निम्ति जीवनोत्सर्ग गर्ने यी सपूतहरूको स्मरण गरिइनु यहाँ एकदमै उचित र सान्दर्भिक कुरा हुन्छ।

उनीहरूका जीवन र कर्मबाट शिक्षा लिएर अघि बढ्नु आजको युवा पीढ़ीले सिक्नु परेको छ। अधम र अत्याचारीहरूका विरूद्ध गर्जेर जनगणको निम्ति मरिमेट्ने यी शहीदहरू सधैं हाम्रो प्रेरणाको स्रोत रहेका छन्। यी प्रातः स्मरणीय वीरहरूबाट त्याग र बलिदानको भावना आजको युवा पीढ़ीले प्रजातान्त्रिक आन्दोलनको धरोहरको रूपमा आत्मासात गर्नु परेको छ। त्यसो गरेर युवाहरूले एकातर्फ आफ्नो कर्तव्य पूरा गरिरहेका हुनेछन् भने अर्कोतर्फ शहीदहरूप्रति सम्मान गरिरहेका हुनेछन्। त्यसैले युवाहरूले ठीका पाएनौं, काम पाएनौं भन्ने विलौनासम्म मात्र स्वयंलाई सीमित गर्नु भएन। जनताले पाउँदैछन् कि पाएका छैनन्? सरकारको नीति अनुरूप गरीब-युवाहरू लाभान्वित हुँदैछन् कि भइरहेका छैनन् — त्यसैको प्रहरी बनेर युवाहरूले पहिलो काम शुरू गर्नु परेको छ, संघर्ष गरी अघि बढ्नु छ। सानो-सानो कुराहरूमा चित्त दुखाएर युवाहरूको आत्माबल तोड़िएको छ भन्नु युवा-स्पीरिट विरूद्धको कुरो हुन जान्छ।

जे होस् यहाँ थुप्रै कुराहरू आएका छन्। पवन चामलिङको विचार र सिद्धान्त पार्टी कार्यकर्त्ता र आम जनताले मात्र होइन, कतिपय नेताहरूले नै बुझेका छैनन् भन्ने

कुरा पनि आयो। अन्य साथीहरूले हाम्रो आन्दोलन मानसिक भूमिसम्म पुग्नुपर्छ भन्ने आग्रह गरे, र कति साथीहरूले हाम्रो पार्टीका विधायक र युवाहरूबीचमा मिलाप छैन भन्ने कुरा उठाए। भाषण मात्र गरेर हुँदैन, काम पनि गर्नुपर्छ, परिवर्तन अझ व्यापक रूपमा ल्याउनुपर्छ, भ्रष्टचारीहरूसँग सम्झौताहीन संघर्ष गर्नुपर्छ, चोरलाई सूली र साधूलाई चौतारो हुनेपर्छ आदि प्रस्ताव र सुझावहरू विभिन्न साथीहरूबाट यहाँ आएको छ। मलाई खुशी लागेको छ कि पार्टीको नीति र सिद्धान्तप्रति तथा पूरै पार्टीको भावी जीवनप्रति चिन्ता राखेर साथीहरूले यी सुझावहरू ल्याउनु भएको छ। यी समस्याहरू पनि हुन्। यी समस्याहरूको समाधान नगरी अगाड़ि बढ्न सकिंदैन र यिनै समस्याहरूका निराकरणको लागि युवाहरूको बल-विवेक र संकल्प आज हामीलाई चाहिन्छ। युवा साथीहरू कर्मठ बनेर अघि बढ्नु पर्ने आवश्यकता यसैकारणले नै हामीले महसुस गरेका छौं।

युवाहरू आत्तिनु भएन। युवाहरूकै बलमा हाम्रो आन्दोलन आज यहाँसम्म आइपुगेको छ र त्यही बल लिएर अरू उच्चतर चरणमा अघि बढ्नु परेको छ। यो एक वर्षमा सरकारले जे जति कामहरू निष्पादन गर्‍यो, त्यो शत-प्रतिशत ठीकै भयो भनी भन्न सक्दिंन। तर जुन लक्ष्य र जुन दिशामा हाम्रा कामहरू अग्रसर हुनुपर्थ्यो, त्यो अवश्य भएको छ। र त्यस अर्थमा हामीले धेरै काम गर्न सकेका छौं। भविष्यमा आफ्ना गल्तिहरूलाई सँच्याउँदै अघि बढ्नु पर्ने भएकोले युवाहरूले अरू बढ़ी र आज व्यापक काम गर्नु हुनेछ - यही मेरो कामना छ।

अन्तमा पार्टीको लक्ष्य, उद्देश्य, नीति र घोषणा अनुसार काम कुराहरूमा जुट्न म तपाईं समस्त युवा-चेलीहरूलाई पुनः एकचोटि जोड़दार आव्हान गर्दछु।

# हामी जात-जातमा फुट्नु होइन, जुट्न सक्नु पर्छ

**(ओ० बी० सी० मा अन्तर्भुक्त नभएका सिक्किमे नेपालीहरूद्वारा आयोजित सभामा राखिएको वक्तव्य)**
**जिम्नेजियम हल (पाल्जोर स्टेडियम)**
४ जून १९९५.

आदरणीय सिक्किमे जन-समुदाय,

यहाँहरू सबैमा सर्वप्रथम सरकारको तर्फबाट, एस० डी० एफ० पार्टीको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक अभिवादन!

पूर्वक्ता साथीहरूले भन्नु भएाक कुराहरूलाई मनमा राखेर म आफ्ना कुराहरू राख्दछु। सिक्किमेहरूमध्ये जो जति ओ० बी० सी० मा पर्नु भएको छैन, तपाईंहरूको विचार र भावनालाई कदर गर्दै यस सम्बन्धमा सरकारले के-कस्तो नीति अप्नाएको छ सो बारे बोल्न चाहन्छु। तर पाँच महिनाको हाम्रो कलिलो सरकारले रातारात आफ्ना सबै नीति-वाचाहरूलाई पूरा गरिहाल्न सक्दैन, त्यो एकपछि अर्को गर्दै पूरा गरिन्छन् र हामी त्यसै गर्दैछौं। चुनावमा जे-जे वचनहरू हामीले दिएका थियौं, त्यो रतिभर पनि हामीले भूलेको छैनौं। तर विपक्षी दलहरूले हाम्रो तीब्र आलोचना अहिले नै शुरू गरिसकेको छ। सरकारलाई ४० प्रश्न र ६० प्रश्न भन्न थालेका छन्। भर्खर आँखा उघ्रिने उमेर भएको सरकारलाई बिङ्गा लगाउन र ठोकूवा गर्न थालेका छन्। मेरो ख्यालमा यो प्रजातान्त्रिक तरीका होइन, पाँच महिनामै सरकारको सग्लो मूल्याङ्कन गर्न मिल्दैन। यसो गर्नु तद ईर्ष्या मात्र हो। वास्तवमा एस० डी० एफ० सरकारले गरेको अभूतपूर्व कार्यले विपक्षी तिल्मिलाएको मात्र हो यो!

पहिलो कुरा हामी त केवल निमित्त हौं, सरकार जनताको हो। सबै जनताको समान सहभागिता बिना सरकार लङ्गड़ो बन्नेछ।। त्यसैले जबदेखि हामीले सरकार गठन गर्‍यौं, त्यसैले दिनदेखि हामीले सरकारमा जनताको सहभागिता हुनुपर्छ भन्ने कुरोलाई बुलन्द गर्दै आएका छौं। आज तपाईंहरू पनि त्यो निर्णायक घड़ीमा आइपुग्नु भएको छ, र ओ० बी० सी० मा आफ्नो अन्तर्भुक्तिको माग शुरू गर्नु भएको छ - यो एकदमै राम्रो कुरो हो।

म भन्छु, सरकारको काम हुकुम जाहेर गर्नु मात्र होइन। सामाजिक, आर्थिक र राजनीतिक सबै किसिमको समानताको लागि सरकारले नीति निर्धारण गरी काम गर्नु आवश्यक छ। हाम्रो सरकारले यही सत्प्रयासको बाटो खन्न थालेको छ।

तपाईंहरू सबैलाई थाहा छ कि सिक्किमको राजनीतिमा जातिय एकताको कुरा खुब सुन्ने गरिन्छ। यो कुरा रारा नै बनेको छ। जातिय एकताकै नारा लगाएर सिक्किममा धेरै जना नेता बने, मन्त्री बने, धेरैले सुट फेरे, बुट फेरे। तर मलाई लाग्छ जातिय एकता नारा होइन, यो व्यवहारिक विषय हो, अत्यन्त जटिल र अत्यन्त सम्वेदनशील विषय पनि हो।  हरेक मनुष्यलाई भौतिक मात्र होइन आत्मिक सुख पनि चाहिन्छ, अमन-चैन चाहिन्छ। जात-पातको कुरो त सिक्किममा बहुत चल्यो, तर कसैलाई थाह पनि छ त जातिय एकता भनेको के हो? जातिय एकता हल्ला गरेर र ओठमा घ्यू दलेर बोल्दैमा पाइहालिन्छ र? मेरो विचारमा जातिय एकता त्यस्तो पाखण्डपूर्ण प्रलाप गरिने विषय होइन। जबसम्म एउटा जातिले अर्को जातिलाई आफू समान ठान्ने र मान्ने स्थितिको सिर्जना गरिन्न जातिय एकता तबसम्म नै अर्थहीन बनिरहनेछ। जबसम्म आफ्नो सम्प्रदायको समान अर्को सम्प्रदायको भलो चिताइन्न वा चिताउने वातावरणको तयारी गरिन्न जातिय एकता तबसम्म गोहीको आँशु समान झूठ नै ठहरिन्छ। सब जात र सबै धर्मप्रति सहिष्णु बन्न नसकिए के को जातिय एकता? र जबसम्म त्यस्तो वातावरण र स्थिति आउँदैन जनतामा के को अमन-चैन रहन्छ? तपाईंहरू-जस जसलाई ओ० बी० सी० मा अन्तर्भुक्त गरिएन – को मनमा आज एउटा त्रास छ कि अरूहरू ओ० बी० सी० मा अन्तर्भुक्त भएपछि हाम्रो के हुन्छ? के यही हो हाम्रो अमन-चैन? यही हो जातिय एकता?

अझ पनि म एउटा कुरो भन्न चाहन्छु, कि ओ० बी० सी० मा अन्तर्भुक्त पाउँदैमा कोही धनी भइ हाल्दैन, सम्पन्न भइहाल्दैन। तर यसलाई क्षुद्र राजनैतिक स्वार्थमा मुछेर जातिय विभाजन गर्न पनि पाइँदैन। यो एउटा अधिकार हो। तर यहाँ एन० बी० सी० र ओ० बी० सी० गरी सिक्किमलाई विभाजन गरिएको छ। हामीलाई विभाजन होइन, तर चाहिएको छ एकता! तर नाराले एकता आउँदैन। सबैले समान अधिकार नपाएसम्म एकता हज्जारौं पल्ट कराएर पनि आउँदैन। जबसम्म एकले अर्काको डर बोक्नु पर्ने स्थिति अन्त्य हुँदैन, तबसम्म एकता सम्भव छैन। यहाँ आर्थिक कुरो पनि आउँछ, आर्थिक समानता बिना एकता सम्भव छैन। ओ० बी० सी० भनेको त्यसैको एउटा कड़ी हो। सिक्किम डेमोक्रेटिक फ्रण्ट यस कुरो प्रति स्पष्ट छ, म स्पष्ट छु।

आदिकालदेखि नै स्वार्थीहरूले मान्छे-मान्छे बीचमा विभाजन ल्याए, वर्णको विभाजन गरे। सीधा-साधाहरूलाई क्षुद्र, व्यापारको शीप जान्नेलाई वैश्य, बोल्ड-टाइपकालाई क्षत्रीय र बाठाहरूलाई ब्राह्मण बनाए। तर त्यो जमाना आज रहेन। जमाना आज कहीं पुगिसक्यो तर हामी भने त्यहीं छौं। जमाना एक्काइसौं शताब्दीमा

पुग्दैछ, तर हामी जात-पातको कुरामै अल्झिएका छौं। यो कलियुग हो, जातपातको आधारमा हामीले फुट्नु हुँदैन, जुट्नुपर्छ।

आज म तपाईंहरूलाई एउटा आव्हान दिन्छु-सिक्किमलाई नयाँ र राम्रो बाटोमा लिएर जाऔं, सिक्किमलाई राजनैतिक, आर्थिक, शैक्षिक र वैचारिक प्रगतिको दिशामा अघि बढ़ाऔं। हामी हाम्रो कामको लागि एक होऔं। तपाईंहरू एकीकृत भइदिनु भए सबै समान रूपले कसैलाई नछुट्याई विकास गराउने मेरो पवित्र विचार छ। सिक्किम डेमोक्रेटिक फ्रण्ट पार्टी र सरकारको उद्देश्य पनि यही हो।

तपाईंहरूले डर मान्नु पर्दैन कि पवन चामलिङले कसैलाई छुट्याउनेछ। मलाई जनताले जुन कामका लागि पठाएका हुन्, म त्यही काम गर्नेछुछ मलाई जनताबीच फूट गराउन जनताले यहाँ पठाएका होइनन्, जनताको हित गर्न यहाँ पठाएका हुन्। म दुइ जिब्रे छैन, मैले गर्छु भनेपछि गर्छु-गर्छु! जनताले मलाई परिवर्तन गर्न पठाएका हुन्। जनताले न्याय आज पनि पाएका छैनन्! हामी जुन नीति बनाउँछौं त्यो ठीकसँग जनतामा पुगेको छैन, जनतामा बाधा सिर्जना गरिंदैछ। म सिक्किमलाई न्याय दिएरै छाड्नेछु। किनभने मलाई सिक्किमे जातिको माया छ - मेरै स्वास्नी र नानीहरूलाई भन्दा बढ़ी माया छ — सिक्किमका गरीब जातिलाई/पसिना बगाउने जातिलाई।.....सोच्नोस् कुन-कुन सम्प्रदाय र जाति पर्दा हुन् पसिना बगाउने जातिमा।!

आजकल पुराना अत्याचारीहरू मेरो विरूद्ध पर्चा छाप्दैछन्। मेरो नाउँमा ज्योति बाबुका बनावटी चिट्ठीहरू छापेर बाड्दैछन्! याद राख्नोस् मसँग ज्योति बाबुको कुनै चिट्ठी छैन। स्वयं ज्योति बसुले नै त्यसको खण्डन गरिसकेका छन्। तर काग गराउँदै जान्छ, पीनी सुक्दै जान्छ। म कर्म गरिरहन्छु। मेरो निम्ति कर्म नै धर्म हो।

हाम्रो सरकारले गरीब उकास्ने काम गर्दैछ। हाम्रो नीति नै गरीबको भलाइ गर्ने छ। मलाई नानावलीका आरोपहरू लगाउनेलाई अब तपाईंहरूले भन्न सक्नु हुनेछ एस० डी० एफ० सँग गरीबवादी नीति छ। घर नभएकाहरूलाई घर बनाइदिने हो हाम्रो नीति, युनिफर्म बाँट्ने र कर्मचारीको तलब भत्ता बढ़ाउने हो हाम्रो नीति। यो कसैको पैंचो मागेको नीति होइन। सिक्किमे माटो र सिक्किमे हावा पानीको अनुकूल बनाइएको मौलिक नीति हो यो। म धेरै कुरो जान्दिनँ, के गर्दा सिक्किमे जनताको मलाइ हुन्छ, म त्यति मात्र जान्दछु। आज हामीलाई न कसैको डर छ, न कसैको भय। दिल्लीले के भन्ला भन्ने डर पनि छैन। सिक्किम र सिक्किमेको भलाइ के गरी हुन्छ, मलाई त्यति भए भयो। त्यसैले सिक्किम र सिक्किमे प्रति इमान्दारीपूर्वक काम गर्ने हाम्रो मौलिक नीति!

हेर्नोस त आज कति राम्रो छ-सिक्किममा प्रजातन्त्र आएको छ। कसैको डर पनि छैन, कसैको भय पनि छैन। आज अघि जस्तो लाठी मुग्री पनि बज्दैन। बोल्न सक्नु हुन्छ, अधिकार माग्न सक्नु हुन्छ। लेख्न सक्नु हुन्छ। सबै मानवीय

अधिकारहरू पाउनु भएको छ। यो  हो प्रजातन्त्र। जनतालाई हामीले यो अधिकार दिलाएका छौं।

मेरो लागि जनताको फैसला नै सर्वोच्च फैसला हो। हामी सरकारमा आएका छौं तर आफै चाहिं आएका होइनौं। जनताले हुकुम नबक्सेको भए हामी आउने पनि थिएनौं। अब हामीलाई काम गर्न दिनोस्, हामीलाई जोताउनु होस्। हामी नौकर हौं! पाँच वर्ष पूरा जोताउनु होस् र काम लागेन भने फेर्नु होस्। नेता भनेको हल गोरू जस्तो त हो, र जनता चाहिं हली। अब पुरानो कुरो बिर्सिदिऊँ – बिग्रेको काम सपार्ने जिम्मेवारी मेरो!........ ८० साल ओ० बी० सी० नबिगारेको भए यत्रो झमेला आइपर्दैनथ्यो।

हाम्रा पाँच जातिलाई ओ० बी० सी०मा छुट्याइएको छ। अहिले कमिशन बसेको छ। मैले कमिशनलाई कोही नबिराई ओ० बी० सी० मा हाल्नुपर्छ भनी हुकुम दिएको छ। साथै दिल्लीमा केन्द्रीय मन्त्री श्री सीताराम केशरीसँग भेट गरी सिक्किमका सबै जाति शैक्षिक, राजनैतिक, आर्थिक दृष्टिले गरीब छन् र सबैलाई ओ० बी० सी० मा गाभियोस् भनी अर्जी गरेको छु। कुरो अहिले केन्द्राधीन छ।

हाम्रो अवधिभरि हामीलाई काम गर्न दिनोस्, हामी मिलेर काम गरौं। तपाईंहरूलाई म यति नै भन्छु, हामी हाम्रो तर्फबाट हुने सबै काम गर्नेछौं। म गरीबकै साथी हुँ र ओ० बी० सी० भनेको गरीबले नै पाउने सहुलियतको नाउँ हो। छेत्री, बाहुन, नेवार, जोगी, सन्यासी र थामीलाई ओ० बी० सी० मा लगाउनुपर्छ भनी सबभन्दा पहिला मैले नै आवाज उठाएको हुँ र अझै पनि म त्यही माँग गरिरहेको छु। यो पवन चामलिङको मनमा कुनै पाप छैन, म कर्ममा विशवासी मान्छे, कर्म गर्दै जानेछु। अब तपाईंहरू एस० डी० एफ० प्रति भरोसा गर्नुहोस्। तपाईंहरूको लागि म भएँ।

# हाम्रो निम्ति सिद्धान्त ज्यानभन्दा पनि प्यारो हुन्छ

(२०.८.९५ को पाक्योङ जनसभामा दिइएको भाषणमा आधारित)

आदरणीय जन-समुदाय,

सर्वप्रथम यहाँहरू सबैलाई हाम्रो पार्टीको तर्फबाट, हाम्रो सरकारको तर्फबाट, हार्दिक स्वागत, अभिवादन। तपाईंहरू सबैलाई थाहा छ – पुरानो परम्परा ढलेको छ र नयाँ परिपाटीको शुरूवात भएको छ। नयाँ परिपाटी शुरूवात र सूत्रपात गर्नका लागि हामीले यहाँहरू सबैलाई थाहा छ र यस संघर्षमा सहभागी भएर हाम्रो आन्दोलनलाई सहयोग पुर्‍याउने मेरो सबै क्रान्तिकारी साथीहरू यहाँ तपाईंहरू हुनुहुन्छ र तपाईंहरू सबैको संघर्षले गर्दा, तपाईंहरू सबैको सहयोग गर्दा सिक्किममा तपाईंहरूको सरकार गठन भएको छ। यो सरकार गठन भएको आज आठ महीना पूरा भएर नौ महीनाको लगती लाग्दैछ र यो नौ महीनाको अन्तरालमा हामी सरकारमा आएर के-कति काम गर्‍यौं? हामी सरकारमा आएर सिक्किममा के-कति परिवर्तन भयो? यो सरकारले सिक्किमका जन-मानसलाई के-कति सहयोग पुर्‍याउन सक्यो? इत्यादि कुराहरूको साँचो दर्शक वा साँचो जजहरू नै तपाईंहरू आज यहाँ हुनुहुन्छ। हामीले नढाँटीकन, नछलिकन चुनावमा दिएका वचनहरूलाई कार्यरूपमा ल्याएर काम गर्न जोड़दार कोशिश गरिरहेका छौं र कामहरू भइरहेका छन्। यसरी काम गर्दै जाँदा नौ महीनाको अवधिमा धेरै राम्रा कामहरू भएको हामीलाई विश्वास लाग्छ भने केही सानातिना त्रुटिहरू पनि हुन गएका छन् - यो कुरा पनि हामीले अनुभव गरेका छौं। यसरी हामी यो कुरालाई स्वीकारेका छौं, राम्रो काम गर्दै जाँदाखेरि नराम्रो काम पनि एक-दुइवटा हुन्छन् – त्रुटिहरू हुन जान्छन् तिनलाई स्वभाविक कुरा मानेर हामी सपार्न चाहन्छौं।

आज यहाँहरू सबैलाई म वचन दिन चाहन्छु आउने दिनहरूमा कुनैपनि सानो भन्दा सानो पनि त्रुटि नगरिकन जनतालाई केवल राम्रो मात्र गरेर लाने, जनताका पक्षमा सबै सम्भव कामहरू गरेर लाने कोशिश हामी गर्ने छौं। हामीबाट भविष्यमा यस्ता त्रुटिहरू नहोलान् भन्ने विश्वास छ। यसरी हामीले प्रजातन्त्रिक प्रणालीमा सबै

कुरालाई मध्यनजरमा राखेर काम गर्दैछौं। जनताको सरकारलाई संचालन गर्नमा जनताकै सहयोग हामीलाई चाहिन्छ, जनताकै समर्थन चाहिन्छ, हामीलाई जनताकै आशीर्वाद चाहिन्छ, यो कुरालाई तपाईंहरूले मनमा राखेर जानु पर्दछ। यो जनताको सरकार हो र पवन चामलिङलाई सिक्किमको मुख्यमन्त्री तपाईंहरूले बनाउनु भएको हो - यो खालको विचार तपाईंले लिनु पर्नेछ। प्रजातन्त्र स्वतन्त्रताको अर्को नाम हो, प्रजातन्त्र एउटा उत्तरदायित्वको नाम हो, यो जिम्मेवारीको नाम हो। प्रजातन्त्रमा वाक स्वतन्त्रता हुन्छ-सबैलाई खुल्ला बोल्ने अधिकार, आफूलाई लागेका विचार पोख्ने अधिकार, प्रेसले लेख्न पाउने अधिकार, भोट हाल्न पाउने अधिकार, भोटमा उम्मेदवार बन्ने अधिकार, जुनै पार्टीमा पनि लाग्न पाउने अधिकार, जुनै पनि पार्टीलाई समर्थन गर्न पाउने खुल्लापन, यी जम्मै अधिकारहरू प्रजातन्त्रमा हुन्छन्। सबै खुल्ला हुन्छन्, तर खुल्ला भन्दैमा मनपरीचाहिं गर्न पाइँदैन र प्रजातन्त्रमा पनि अनुशासन र नैतिकता हुनु पर्दछ। प्रजातन्त्रबाट अनुशासन र नैतिकता भन्ने चिजलाई झिकिदियौं भने प्रजातन्त्र र राजनीति खालि झूट, फटाहा, मतलबी मानिसहरूका निम्ति एउटा खेल मात्र रहन्छ र यस्तो खालको अवस्था आएपछि जनताको विश्वासले बनिएको सरकारमा अराजकता आउँदछ। दुइ-चार जना ठूलो मुड्की भएको मान्छे, दुइ-चार जना सरकारमा पुगेको मान्छेहरूको मात्र ढलिमलि हुन्छ अनि सम्पूर्ण जनताको वैचारिक हत्या हुन्छ — जनतालाई अन्याय हुन्छ।

दुइ-चार जना ठूलो मड्की भएको मान्छे, दुइ-चार जना सरकारमा पुगेको मान्छेहरूको मात्र ढलिमलि हुन्छ अनि सम्पूर्ण जनताको वैचारिक हत्या हुन्छ — जनतालाई अन्याय हुन्छ। यसो हुँदै प्रजातन्त्रमा साँचो सरकार हामी चलाऔं जुन सरकार खालि धनीको मात्र नभएर, खालि मुख्यमन्त्रीको मात्र नभएर, खालि किसानको मात्र नभएर सबै वर्गका, सबै धर्मका सम्पूर्ण जनताको साझा सरकार होस्। तपाईंहरूलाइ थाहैछ कि अहिले हाम्रा पूर्ववक्ताहरूले धेरै कुरा आफ्नो भाषाण राख्नु भयो। हाम्रा उप-मुख्यमंत्रीले भन्नु भयो, हामी सामाजिक जन्तु हौं भनेर। जन्तुको त समाज हुँदैन - समाज चाहिं प्राणीको हुन्छ र चेतनशील मानिसको हुन्छ। उहाँले भनेको चाहिं हामी सामाजिक प्राणी  हौं — प्राणी भएपछि समाज हुन्छ र समाज भएपछि धर्म, जाति, अस्तित्व हुन्छ अनि मान-सम्मान पनि हुन्छ। हामीलाई हाम्रो समाज प्यारो लाग्छ, धर्म-कर्म पनि प्यारो लाग्छ किनभने हामी सामाजिक प्राणी हौं। सामाजिक प्राणी भएपछि समाजमा सबै धर्मका , सबै जातका, सबै वर्गका मानिसले स्वतन्त्रतासँग बाँच्ने मौका पाउनु पर्दछ। आफ्नो धर्म-संस्कृतिको जोगाड़ गर्न पाउनु पर्दछ, राजनीति गर्न पाउनु पर्दछ। आफ्नो समाजमा बसेर आफ्नो कुनै कुरा

गर्न नपाउने, अस्तित्वका कुरा गर्न नपाउने, आफ्नो भाषा, संस्कृति र धर्मका कुरा गर्न नपाउने खालको हाम्रो समाज भयो भने र सरकार भयो भने साँच्ची नै उप-मुख्यमंत्रीले भन्नु भए जस्तो मान्छे भएर पनि हामी सामाजिक जन्तु नै भयौं - उहाँले साँचो कुरा भन्नु भयो। साँच्चै यस्तै किसिमको विचारले सिक्किममा शासन गरेको थियो। यहाँ सिक्किममा पन्ध्र बीस वर्षसम्म त्यस्तै खालको शासन थियो। आफ्ना व्यक्तिगत कुराहरू गर्न नपाइने, सरकारले भनेका कुराहरू मात्र पर्ने, सरकारले जे गरे पनि हुने खालको सरकार यहाँ चल्यो। तर हामीले सिक्किममा राम्रो खालको सरकार चलाउँ भन्ने सोचेका छौं।

हामीले चुनावको बेलामा वचन दिएको थियौं। हामीले त्यसबेला कम्ति गजबसँग भनेका थियौं त? मैले बहुतपल्ट भनेको छु ‘चामलिङले जब गरीबको लागि कुरा गर्छ, त्यो ढुँगामा खोपेको अक्षर हो।’चामलिङले बोल्यो — करा खतमा छ, मैले बोलेपछि कुरा सकियो, कोशिश गरेको थिएँ। आज त्यस अनुरूप काम हुँदैन के त? त्यसबेला कतिले भनेका थिए कि चुनावको बेलामा भोट फकाएको चामलिङले। नेताहरू त्यसै भन्छन्। जुनै नेता आए पनि भाँड़ामा चामल हाल्दैनन् भनेर कतिले हामीलाई भने पनि। कुरा पक्का पनि हो — नेताले भनेका कुरा कसरी विश्वास गर्नु? नेता के के भन्छन्, भन्छन् — नेताले कति फलाक्छन्-फलाक्छन्। नेता त सही कुरो गर्नु पर्छ। यस्तै प्रकारले नेताहरूपर्ति जनताको विश्वास हराइसकेको थियो सिक्किममा। प्रत्येक चुनावमा भाका फेर्ने, बाचा फर्ने, प्रत्येक मौसममा कोट फेरेजस्तो नेताहरूको वचन फेरिंदै जान्थ्यो। चुनावमा एउटा कुरा गर्‍यो - भरे काम अर्कै गर्‍यो। ‘राजनीति भनेको फोहोर खेल हो’, Politics is a dirty game यो मैला खेल हो, सबले भन्छन् यहाँ। अलिकति नपत्याउने कुरा गर्‍यो भने भनिहाल्छन्, ‘नखेल है मसँग पोलिटिक्स्। तेरो पोलिटिक्स मसँग चल्दैन’ भनेर भन्ने चलन नै चलिसक्यो यहाँ। त्यसको मतलब पोलिटिक्स भनेको नराम्रो चिज हो, ढाँट्ने खेल हो भनेर जनतामा पनि परिसक्यो। त्यसोहुँदा आज एस० डी० एफ० पार्टी र एस० डी० एफ० — को सरकार या त पवन चामलिङ के चाहन्छ भने म सिक्किममा केही पनि दिन नसकुँ, मेरो के छ र दिन पनि सक्नु? मेरोमा केही पनि ता छैन। तर म एउटा कुरा दिन चाहन्छु, विचार दिन चाहन्छु सिक्किमे जनतालाई कि पोलिटिक्स भन्ने कुरा चाहिं नराम्रो होइन — डर्टी गेम होइन। आज यो संसार यति परिवर्तन भएर गयो,

आज एउटा देश पाँचवटा हुँदैन, दुइवटा देश एउटै हुँदैन, एउटा देश स्वतन्त्र हुँदैन, देशले स्वतन्त्रता पाउँदैछ, देशले आजादी पाउँदैछ, देशमा धेरै तरक्की भएर जाँदैछ। यो जम्मै राजनीतिले गर्दा नै हो भने यस्तो खालको सरकारमा परिवर्तन ल्याउने जुन यो पोलिटिक्स छ, अवश्य पनि नराम्रो गेम होइन। पोलिटिक्स गर्नु राम्रो हो, तर यो पोलिटिक्स गर्नेहरू, राजनीति गर्नेहरु उहाँहरू चैं ठीक छैनन्। त्यसकारण म भन्न चाहन्छु, Politics is a clean game, but most of the politicians make it dirty. मैले चुनावको समयमा भनेको थिएँ, सिक्किमजस्तो एउटा गरीब राज्य जहाँका जनताले सबसो भाड़ा तिर्नका लागि पैसा पैंचो माग्नु पर्छ, सर-सापटी गर्नु पर्छ, बसको भाड़ा तिर्ने पैसा छैन, तर त्यो राज्यको मुख्यमन्त्री चाहिं आज इङ्गलैण्डको प्रधानमंत्री जस्तो, इङ्गलैण्डको रानीजस्तो मर्सीडीस गाड़ीमा चढ्नु चै म मान्दिनँ, यसो गर्ने गद्दार नेता हुन् - मैले भनेको हुँ। अनि यसै अनुसार, मुखले भने झैं मर्सीडीज गाड़ी हामीले चढ़नौं। चढ्दै चढ़ेनौं - म चढ्दै चढ़दिन। मेरो टाउको च्वाट्टै काट्छु, चढ़ भन्दा पनि चढ़दिन। सिद्धान्त भन्ने कुरा रूपियाँ पैसा र ज्यान भन्दा पनि प्यारो हुन्छ। मान्छे आफ्नो नीतिको लागि मर्छ, आफ्नो सिद्धान्तको लागि मर्छ – पैसाको लागि होइन र नीति चाहिं ज्यान भन्दा पनि प्यारो हुनु पर्दछ तबमात्र यो संसारमा परिवर्तन आउँदछ, विचारमा पनि परिवर्तन आउन सक्दछ। तर नेता गिरी गर्नु भनेको मुख्यमंत्री हुनु, मुख्यमन्त्री हुनु भनेको चौकिमा बस्नु र आफूभन्दा निमुखाहरूलाई ठग्नु भन्ने ठान्ने डाकूका सरदार जस्ता नेताहरूलाई त नीति र सिद्धान्तका के कुरा गर्नु? मैले आज एउटा मर्सीडीज गाड़ी नचढ़नु भनेको चाहिं सिक्किममा हामीलाई पुग्ने मात्र गरौं भनेको हो। जति हाम्रो पैसा छ, जति हाम्रो धन छ, जति हामीलाई पुग्छ, पुग्ने ढाँचा मात्र गरौं – नपुग्ने नगरौं भनेको हो।

दिल्लीले पनि थाह पायो कि सिक्किममा जनताको पैसा जनतालाई दिने, अझ सरकारी खर्च घटाउने, त्यो खर्च काटेर गाउँ-बस्तीको काम गर्ने, सिक्किममा पुग्दो खालको – चाहिंदो खालको काम गर्ने सरकार आएको छ। भ्रष्टचार नगर्ने, जनतालाई राम्रो गर्ने र प्रजातन्त्रको सुरक्षा गर्ने एउटा सरकार आएको छ भनी दिल्ली प्रभावित छ। यसरी हामीले दिल्लीमा हाम्रो इज्जत, सिक्किमे जनताको इज्जत ऊँचा राखेका छौं। तर हामी भन्दा पहिलाको सरकारमा चैं दिल्लीमा कस्तो इज्जत थियो? 'अरे बापरे.......सिक्किममे इतना आतंक है – जनता बहुत डरते हैं, कितना

चोरी होता है, बहुत भ्रष्टचार होता है, पैसा ले जाता है - सब खा जाता है' भन्ने खालको चर्चा चल्थ्यो पहिलाको सरकारको पालोमा तर अहिले हामीले स्थिति फेरेका छौं। अर्को कुरो हाम्रो सरकारी घरमा, मिन्तोगाङमा साथै सरकारी पार्टीहरूमा रक्सी चलाउन हामीले बन्द गर्‍यौं। यो राम्रो कुराको शुरूवात हो - हामीले राम्रो काम थालेका छौं। तपाईंहरूले यो बुझ्नु पर्दछ कि हामीले यो प्रचार गर्नुको कारण के हो? यसरी मिन्तोगाङमा रक्सी खानु हुँदैन, मंत्रीहरूले खान छाड़े, मुख्यमन्त्रीले खान छाड़े, सरकारी पार्टीहरूमा रक्सी चलाउन बन्द गरे भन्ने सिक्किममा हल्ला होस् भन्ने हो। यो हल्ला पछि हामीले सोचेको प्रत्येक जनताले विवाहमा पनि नचलाउने, मराउमा पनि नचलाउने, सबैले खान छोडून् भनेको हो। अस्ति चुनाउमा भनेका थियौं हामीले कि मुहान सफा छ भने धारामा पनि पानी सङ्लो आउँदछ। माथि ठीक भयो भने मुनि पनि ठीक होस् भन्ने हामीले सोचेका छौं। किनभने मुख्यमन्त्रीको चौकी एउटा गरिमामय चौकी हो। जुनै पनि व्यक्ति, जो पनि व्यक्ति जनताले मुख्यमन्त्री बनाएर पठाएपछि त्यो व्यक्ति त्यहाँ गए खूबै चोखो प्रकारले बस्नु पर्‍यो र मुहान सफा राख्ने यो एउटा तपस्या हामी गर्दैछौं।

आज सिक्किममा प्रेसको स्वतन्त्रता दिएको छ। खुल्ला प्रेस; जस्तो लेख्दा पनि भएकै छ। जम्मै लेख्दैछन् - मलाई पनि गालि गरेर लेख्छन्, खुल्ला लेख्दैछन्। प्रेस भनेको देशको स्वतन्त्रता हो, लेख्न पाउनु पर्छ - हेल्दी क्रिटिसिजम हुनु पर्छ। सरकारले राम्रो काम गरेन भने भन्नु पर्दछ कि यो राम्रो काम गरेन - यस्तो हुनु पर्दथ्यो। तर पीत-पत्रकारिता गर्नु Yello Journalism मनपरि गालि गर्नु मनपरि लेख्नु र झुटा कुरा लेख्नु चाहिं पाइँदैन। प्रजातन्त्रमा नैतिकता चाहिन्छ, प्रजातन्त्रमा अनुशासन चाहिन्छ र प्रजातन्त्रमा सबैले आ-आफ्नो जिम्मेवारी लिनु पर्दछ। म मात्र ठीक भएर हुँदैन, मंत्रीहरूमात्र ठीक भएर हुँदैन, हामी सबै ठीक हुनु पर्दछ। हामी जहाँ-जहाँ छौं - आफ्ना ठाउँमा ठीक बस्नु - अनि हामी समाजका जम्मै वर्ग आफ्ना ठाउँमा ठीक बस्नु पर्दछ - यी सिद्धान्तका कुरा हुन् - यी कसैले ठीक पार्दा ठीक हुने कुरा होइनन्। हामीले जति पनि बिगार्‍यौं त्यसबारे रचनात्मक ढंगमा लेख्नुहोस्। हामीले सपार्‍यौं भने ठीकै छ सर्काएर नलेख्नु। फेरि पत्रकारहरू रिसाउँछन् होला, चम्चे गर्‍यो भन्छन् होला, पत्रिका बिक्दैनन् होला। तर मन परेन भन्दैमा मनपरि पर्चा जस्तो लेख्नु चैं भएन, बेलाबेलामा यस्तो पनि भएको छ।

हामी दिल्ली जाँदा भन्थे मान्छेले कि के पाउँछ हौ बजेट? पाउँदैन, चामलिङले ल्याउन सक्दैन। यो काँग्रेस पनि होइन-कोही पनि होइन। तर दिल्ली गएर हामीले बयालिस प्रतिशत बढ़ी लिएर आयौं अनि यो बयालिस प्रतिशत बजेट आएपछि यसलाई ठीकसँग काममा लगाउने कोशिश गर्दैछौं। योजना बजेटकोयो बयालिस प्रतिशतको सत्तरी भाग चाहिं गाउँ र गाउँलेको विकासमा लगाउने अनि तीस प्रतिशत चाहिं शहर-बजार र अन्यत्र लगाउने काम गर्दैछौं। जबकि पहिलेको सरकारमा तीस प्रतिशतचाहिं गाउँमा लगाएर सत्तरी चाहिं यस्तोमा.......(गोजीमा) थियो। हाम्रो चाहिं सही काममा लगाउने विचार छ। यो सत्तरी प्रतिशत बजेटबाट सबैभन्दा बढ़ी चाहिं गरीबी उन्मूलनमा लगाउँछौं। गरीबहरूलाई गरी खाने बनाउने हाम्रो योजना र कार्यक्रम छ। गरीबहरूलाई कसरी गरी खाने बनाउने दाजु-भाइ? गरीबलाई गरी खाने बनाउनुचाहिं यो सरकारले मात्र सक्दैन। हामी ता पूरा कोशिश गर्छौं नै; तर यसमा गरीबहरूले पनि कोशिश गर्नु पर्दछ। झाँक्री मात्र राम्रो भएर हुँदैन, डाक्टर मात्र हाम्रो भएर हुँदैन, मदौरोले पनि त माँड़ खानु पर्‍यो - अनि मात्र बिमार जाति हुन्छ। तर माड़ नखाइकन बिमारी जाती हुँदैन। अब बिमारीले पनि माँड़ खानु पर्दछ - सरकारले पनि सघाउँछ र जनतामा चेतना आउनु पर्‍यो कि जनताले पनि गरी खानु पर्छ। हाम्रो सरकारमा त्यसै सरकारकै भरोसामा चाहिं हुँदैन — काम गर्नु पर्दछ, मेहनत, गर्नु पर्दछ र तरक्की गर्नु पर्दछ। किनभने विकास भनेको बाटो खन्नु, च्यादर थाप्नु, तीनसय र हजार थाप्नु, चामल र के के थाप्नु मात्र विकास होइन। विकास भनेको सही अर्थमा जनताको आर्थिक अवस्था सुध्रिनु, स्थायी रूपमा आर्थिक आम्दानी बढ़नुलाई मात्र विकास भनिन्छ। जुन दिन सिक्किममा सम्पूर्ण सिक्किमे जनतामा एक छाक खान र एकसरो लगाउनको लागि दुःख हुँदैन, नानीहरू बढ़ाउन र दुःख-सुखमा २/४ पैसाको दुःख हुँदैन तब मात्र हाम्रो आर्थिक अवस्था अलिक राम्रो भएछ, भन्ने ठान्नु पर्दछ र आफ्नो घरबाटै आम्दानी बढ़ेर खान, लाउन र सबैथोक पुग्ने भएपछि मात्र सम्पूर्ण विकास भएछ भन्नु पर्दछ। सही अर्थमा आम्दानी बढ़ाउनुलाई नै विकास भनिन्छ। त्यसैले तपाईंहरूको आम्दानी बढ्ने खालको विकास हामी दिंदैछौं — कोशिश गर्दैछौं। तपाईंहरूलाई थाहा छ कि पहिलेको सरकारमा पनि च्यादर बाँड़िएको थियो २४ पानाले, यसपालिदेखि हामी ३० पानाको दरले च्यादर बाँड्दैछौं र यो च्यादर यही सेप्टेम्बर महीनादेखि सारा

सिक्किममा बाँड़िदैछ। प्रत्येक निर्वाचन क्षेत्रमा २०० घरका दरले च्यादर बाँड़िनेछ। त्यो २०० घरलाई पहिलो चरणमा र अझै हामी दोस्रो चरणको बाँड्ने पनि कोशिशमा छौं। अनि अर्को कुराचाहिं दुहुना गाईहरूको वितरण। धेरै बाख्रे गाईहरू पालेर घाँस काट्नै पर्‍यो, दुःख गर्नै पर्‍यो। निकै साह्रो पो छ गाई पाल्न पनि। तर गाई पालेपछि के के फाइदा हुन्छ भन्ने कुरो तपाईंहरूलाई थाहा छँदैछ। गाई पालेपछि मल हुन्छ। मल भएपछि मकै राम्रो फल्छ, अदुवा राम्रो फल्छ, सबै राम्रै फल्छ। दूध घरमा आउन थालेपछि नानीहरूको स्वस्थ्य राम्रो हुन्छ, आमा-बाबुको स्वस्थ्य राम्रो हुन्छष दूधले फाइदा नै फाइदा छ। स्वस्थ्य राम्रो भएपछि मान्छेको विचार राम्रो हुन्छ, मान्छेको मन खुशी भयो भने मस्तिष्क राम्रो हुन्छ, मस्तिष्क र मन राम्रो भयो भने धेरै राम्रा कामहरू गर्न सकिन्छ, राम्रो कुराहरू मात्र सोंचिन्छ। यस प्रकारले आर्थिक अवस्था राम्रो हुने साथै जनताको धेरैतिरबाट राम्रो हुने हुनाले हामी गाई दिंदैछौं। यसैगरी सुँगुरका पाठाहरू पनि बाँड्दैछौं।

सिक्किममा भूमिहीनहरूलाई जमीन ऐकरका दरले दिने फैसला हामीले गरेका छौं। दक्षिण र पश्चिम जिल्लामा हामीले बाँड्न थालिसकेका छौं। अब पूर्व र उत्तर जिल्लामा पनि के कति जमीन रहेछ भनी छानबिन र जाँच-पड़ताल गरी हामी जमीन बाँड्नेछौं। यो जमीन त्यसलाई बाँड़िन्छ, जो सिक्किमको गरीब रैथाने छ, जसको सब्जेट छ, जसको जमीन छैन। हामी चाहन्छौं कि सिक्किममा कोही पनि सिक्किमवासी ठेगाना बिनाको नहोस्। प्रत्येक मान्छेका निम्ति ड्रेस र एड्रेस चाहिन्छ। ड्रेस भनेको लुगा मानि लिनुहोस्, अस्तित्व मानिलिनुहोस्, अधिकार मान्नुहोस् अनि एड्रेस भनेको एउटा ठेगाना, उसको बस्ने एउटा थान्को चाहियो। मान्छे भएपछि ड्रेस र एड्रेस चाहिन्छ भन्ने हाम्रो विचार छ। यो मानवतावादी काम हो। भूमि नहुनेलाई भूमि दिनु, सबैभन्दा ठूलो दान हो। यस्तै गौदान, अरू के के दान हुन्छन् जो तपाईंहरू नै जान्नु हुन्छ। तर भूमिदान हामीले गर्दैछौं। यसरी जमीन बाँट्ने कुरा गर्दा धेरैले हामीलाई शंकाले हेर्दै छन्। यो चामलिङ्ले कुरा गर्दैछ भन्छन्। बंगालजस्तो पो ठानेको छ कि कसो भन्छन्? तर म बंगाल, बिहार, उत्तरप्रदेश केही पनि जान्दिनँ - म सोझो मान्छे हुँ। म एउटै कुरा जान्दछु कि सिक्किममा के गर्दा सिक्किमे जनतालाई हाम्रो हुन्छ? कसो गर्दाखेरि गरीबलाई सुख हुन्छ, त्यही जान्दछु। अनि त्यसो गर्नु के हुनु पर्छ जान्दिनँ। म गरीबलाई यसो गर्नु भन्दिनँ तर गरीबलाई

उकासौं भन्ने चाहन्छु। गरीबलाई उकास्छु भन्न त पाइन्छ होला नी? राम्रो कुरो गर्न ता पाइन्छ होला नि/? म हाम्रो कुरा गरेर गरीबलाई उकास्न चाहन्छु त्यसो हुँदा धनीहरू डराउँदछन्। चामलिङले के गर्ला हामीलाई भन्छन्। तर म धनीहरूलाई पनि केही गर्दिन। धनीहरूलाई पनि सलाम - राम राम भन्छु, नमस्ते गर्छु र भन्छु कि हजुरहरूको जमीन बेच्नु हुन्छ भने सरकारलाई बेच्नुहोस् है, हामी गरीबहरूलाई बाँड्छौं भन्छु। हामी जबर्जस्ती धनीहरूलाई केही गर्दैनौं। हामी अत्याचारको विरोधमा छौं, अन्यायको विरोधमा छौं अनि ज-जसले अन्याय गर्छ — त्यसको विरोधमा न्याय दिलाउनका लागि कटिबद्ध छौं। सम्पूर्ण जनतालाई न्याय दिनु पर्दछ भने जसले जनतालाई अन्याय गर्छन्, गरेका छन् - उनीहरूलाई सजाय दिनु पर्दछ। अन्याय जसले गर्छ उसको जात अत्याचारी हो। जसले अत्याचार गर्छ, काम बिगार्छ, जो मान्छे कानूनमा दोषी हुन्छ, उसको जातै दोशी हो र यो कुरा पनि तपाईंहरूले मनमा राख्नु हुनेछ। हामी जनताका पक्षमा छौं — न्यायका पक्षमा छौं। तपाईंहरू सबै निश्चित भएर बस्नुहोस्। जसले मनपरि बिगार्छ, भ्रष्टचार गर्छ, जनतालाई अन्याय गर्छ उसैलाई कानून लाग्छ। अनि उसलाई कानून लागेपछि उसले मैले चोरेर कानून लागेको भन्दैन तर जातलाई कानून लगायो भन्छ। चामलिङ र मेरो जात मिलेन त्यसैले कानून लगायो भन्छ। तपाईंहरूले बुझ्नु पर्छ कि जातलाई कानून लाग्दैन - अन्याय गर्नेलाई लाग्छ। जातकै कुरा ल्यायो भने पवन चामलिङ राईको छोरो भए तापनि धनबहादुर राईले मनबहादुर राईलाई गोली हानेर मार्‍यो बने धनबहादुरलाई पक्रिनु पर्‍यो। अनि धनबहादुरलाई जेल हाल्नु पर्‍यो भने राईलाई जेल हाल्यो भन्नु? मर्डररलाई, हत्यारालाई जेल हाल्यो भन्नु पर्दछ। तपाईंहरूले पनि आज यस्तो प्रकारको कुराहरू बुझ्नु पर्दछ, र हामी अन्यायको विरोधमा छौं — न्यायको पक्षमा छौं।

हाम्रो सरकार आएपछि सारा सिक्किममा हामीले ४० हजार मन अदुवाको बीउ बाँड़ेका छौं। यो अदुवाले जनतालाई छिटो फाइदा मिलोस् भनेर हामीले सोचेको - यो पनि गरीबी उन्मूलन गर्ने विचार हो।

अर्को कुरा आज म एउटा कार्यक्रमको घोषणा गर्न चाहन्छु, अस्ति मैले रेडियो सन्देशमा भनेको थिएँ सिक्किममा घर बनाउन नसक्ने पन्ध्र हजार परिवारहरू छन्, उनीहरूका घर बनाइदिने काम हातमा लिएका छौं र यसै वर्ष छ हजार घरहरू

बनाउने हाम्रो कार्यक्रम रहेको छ। पहिलेको पारा होइन – च्यादर मात्र दिने होइन, घर नै बनाइदिने। अनि घर कस्तो भने (२० X २०) बीस बाई बीसको घर, एउटा बेडरूम (सुत्ने कोठा), एउटा ठूलो आमा-बाबु बस्ने कोठा, एउटा छोरा-बुहारी बस्ने काठा, एउटा सिटिङरूम जस्तो र अर्को सानो बरण्डा सहितको चिटिक्क परेको घर बनाउने हाम्रो विचार छ। यो घर कस्तो बनाउने भनी हामीले सोचेका छौं भने भोटे दाजु-भाइको घर - भोटे स्टाइलमा, लाप्चे दाजु-भाइहरूको घर लाप्चे स्टाइलमा र नेपाली दाजु-भाइको नेपाली स्टाइलमा बनाइने छ। यसो गर्दा हाम्रो संस्कृति पनि बाँच्यो, हाम्रो ट्रेडिशन पनि बाँच्यो र हाम्रो सिक्किमको सिक्किमेपन पनि बाँच्यो, त्यस्तो खालको घर बजाउने हाम्रो कार्यक्रम छ। हाम्रो ट्रेडिशन भिलेज नभएको टुरिस्टहरू आउँदा उनीहरूले नेपालीको घरचाहिं कस्तो हुन्छ देखा भन्यो भने को देखाउने? त्यो घर कसको भनेर सोध्यो भने हामीले के भन्ने? हामी त सबै अंग्रेज नै भइहाल्यौं। अहिले त जति मान्छ पढ्दै जान्छ उति अंग्रेज हुँदै जान्छ। ठूलो मान्छे भएर आफ्नो भाषा, संस्कृति सबै भुलिहाल्छ। संस्कृति पनि भुलिहाल्छ, दशैं-तिहार र लाङसा-फाक्सा सबै भुलिहाल्छ। हामी बस्तीमा दशैं-तिहार मनाउँछौं र लाङसा-फाकसा भन्छौं तर शहर बजारतिर र ठूला-बढ़ाकातिर त बीफ भन्छ - बीफ खाउँ है भन्छ, मटन माग्छ।

अर्को दुइवटा बिजुली बत्ती दिने जुन कार्यक्रम छ, यो चाहिं पाँच वर्षभित्र ३० हजार घरहरूलाई दिने भन्ने हामीले सोचेका छौं। खड़ेरी परेका गाउँ जो दक्षिण र पश्चिम जिल्ला अनि पूर्वमा पनि केही गाउँहरू छन् - लाई कड़ेरीग्रस्त भनेर हामीले घोषणा गरेका छौं।

पहिलेको सरकारमा आर्थिक अनुशासन थिएन। तर हामीले आर्थिक क्षेत्रमा अनुशासन ल्याउने कोशिश गर्दैछौं। आर्थिक अनुशासन भनेको के हो? यो पैसा भन्ने त सरकारीको कुनै योजनाबाट पाइन्छ। आज एउटा भाइले दश हजार रूपियाँ पायो भने त्यो दश हजारलाई कसरी लाख रूपियाँ बनाउने भन्ने विषयतर्फ सोच्नु पर्दछ। ठीक ठाउँमा मात्र खर्च गरिनु पर्दछ। दश हजार पायो भने कुनै उद्योग, व्यापार थाल्नु पर्‍यो या त कुनै एउचा सानो जमीन घड़ेरी किन्नु पर्‍यो। तर सिक्किममा के भएको छ भने एक हजार पैसा छ भने दुइ हजारको धम्की दिन थाल्दछ। गोजीमा

पैसा छ भने बिंड़ी खाँदै हिंड्ने भाइले पनि "ए.....महाजन! विल्स छ?" भन्न थालिहाल्छ।

पहिलाको सरकारमा जति पनि पैसा आउँथ्यो, त्यो सबै गलत काममा लाग्थ्यो। भएजति सबै ध्वाप्पै डाल्डा फेक्ट्रीमा लगेर लगाइयो। २ करोड़ रूपियाँ निर्व्याजी एउटा सारस्वत भन्नेलाई दिइयो। त्यो ककसले बाँड़ेर खाए, हिसाब छैन। अधिबाटै दिएको ८ करोड़ रूपियाँ हाम्रो विकासको पैसाबाट खर्च गरियो। त्यो पैसा हाम्रो ठाउँमा कसैलाई दिइएको भए जनताको पैसाको सदुपयोग हुने थियो। यो प्रकारले आज सिक्किममा प्रत्येक जनतालाई एक-एक लाख रूपियाँ बाँकी लगाउने काम विगत १५ वर्षको सरकारमा गरिएको छ। त्यो पैसा हिनामिना भएको छ। कुनै-कुनै डिपार्टमेण्टमा पचास-पचास करोड़को हिसाब छैन, कुनैमा २० करोड़को हिसाब छैन, कुनैमा २ करोड़को हिसाब छैन। नालीमा पानी फ्याँकेझैं मनपरीसँग पैसा फ्याँकेको छ। यस्तो मनपरीको कारणले नै आज सिक्किममा जनता उक्सिन नपाएका हुन्। आज ती जम्मै कुरा हेर्दा आर्थिक क्षेत्रमा जति पनि भ्रष्टचार भएको छ, जति पनि इकोनोमिक अफेन्स भएको छ - सो को जानकारीको लागि आज हामीले एउटा किताब निकालेका छौं White Paper (श्वेत पत्र) छापेर सारा सिक्किममा बाँड़ेका छौं, पंचायतलाई बाँड़ेका छौं, तपाईंहरूले हेर्नुहोस्! त्यो हेरेपछि पहिलेको सरकारले नराम्रो गरेको रहेछ कि राम्रो गरेको रहेछ त्यो थाहा हुन्छ। हामीले सरकारी खर्च घटाउने, गाड़ी घटाउने, अफिसरतिर साहाबहरूको कोठामा महँगो किसिमको कार्पेटहरू हामीले घटाउने काम गरेका छौं/सेक्रेटरीले लगाए पनि त्यसभन्दा मुनिले नगगाउने गर्नेछौं। यस्तो किसिमको सरकारी खर्च घटाउने र गरीब जनताको विकास बढ़ाउने हाम्रो कार्यक्रम छ। यो पनि हामी गर्दैछौं।

अनि युनिफार्म पनि पाउँदैन भन्थे नि! के दिन्छ यसले भन्थे नि! त्यो पनि आयो। हामीले पैसा कहाँबाट ल्यायौं त? पहिले भन्थे नि चामलिङको बाबुको पैसा हो र दिन्छ त्यसले युनिफर्म भन्थे विरोधी पार्टीहरूले। हुन ता चामलिङको बाबुसँग त छैन नै पैसा, मसँग पनि छैन। तर जनताको पैसा थियो, त्यही पैसाको युनिफर्म हामीले दिएको। तर पहिलाको सरकारमा त्यो पैसा कहाँ जान्थ्यो? सिधा कुरा छ त्यो पैसा जम्मै गोजीभित्र जान्थ्यो। काँक्रालाई थांग्रो दियो थाङ्ग्रै धनी। १५ सालसम्म

जनताको भाग्यमाथि बर्मा लुटाई गर्ने मान्छेहरूलाई अहिले गाह्रो पर्दैछ। साह्रो त पर्‍यो नी! के गर्नु र? माया त लाग्छ तर कानूनको कुरो छ!

सिक्किममा हामीले सरकार बनाउँदाखेरि एक पैसा पनि सरकारमा थिएन, जुन कुरा तपाईंहरूलाई थाहा छ। खालि तिजोरी हामीले जिम्मा लिएको। जम्मै बिगारेको रहेछ, खतम गरेको रहेछ। कहीं बाँकी नराखी सकेको रहेछ। अरूणाचलबाट ल्याएको, दिल्ली सरकारबाट ल्याएको उल्टै बाँकी पो ५०० करोड़ रहेछ। करोड़ौं रूपियाँ त त्यसको खालि ब्याज मात्र महीनामा तिर्नु पर्दो रहेछ। त्यस्तो आवस्थाको आर्थिक अवस्था हामीले जिम्मा लिएका थियौं। त्यसैले प्रत्येक कुरामा, प्रत्येक क्षेत्रमा हामी परिवर्तन ल्याउन चाहन्छौं। तर यति बिगारेको रहेछ कि मान्छेको विकास मात्र नभएर मन र विचार पनि बिगारेको रहेछ पहिलाको सरकारले।

आगलागिको घटना र भवितव्यमा एक हजार पहिला पाउँदथ्यो भने त्यसलाई बढ़ाएर हामीले दुइ हजार गर्‍यौं। तपाईंहरूको घरमा आगलागि भयो वा भवितव्य पर्‍यो भने एस० डी० एम० – को अफिसमा झट्टै जानुहोस्-दुइ हजार पाइहाल्नु हुन्छ। सिक्किम हाउस दिल्लीमा पहिले एकदिन बस्दा तिर्नु पर्थ्यो १५० – तर अहिले हामीले ५० मात्र बनायौं। अब तपाई गुरूबा-गुरूआमाहरू घुम्न जानु भयो भने खालि ५० मात्र तिरे पुग्यो, हामीले घटाइदिएका छौं। त्यसैगरि विभिन्न अशक्तहरूलाई जसले ओल्ड एज पेन्सन पनि भन्दछन्, तीन हजार बृद्ध अशक्तहरूलाई सेवा गर्दैछौं। यो राम्रो काममा तपाईंहरूले हात बँटाइ दिनुहोस्, अशक्त र गरीबहरूलाई सेवा गर्ने मौका दिनुहोस् भन्ने म तपाईंहरूलाई निवेदन गर्न चाहन्छु। हामी जान्ने-बुझ्ने भएपछिचाहिं गरीबलाई ठग्ने र लुट्ने होइन – गरीबहरूलाई सहयोग गर्ने हुनु पर्दछ। अनपढ़ र गरीबका लागि हामीले आँखा भइदिनु पर्दछ र अञ्जानकालागि सहयोग गर्ने भइदिनु पर्दछ। यो भावना सबैमा आउनु जरूरी छ भन्ने मेरो विन्ती छ।

गाउँमा राम्रो काम गर्ने कति पञ्चायत होलान, राम्रो फैसलाहरू गर्लान, त्यस्तो पञ्चायतको नाउँ ऊँचा राख्नकालागि तपाईंहरूले एउटा पुस्तकालय उसको नामा खोलिदिनुहोस् “धनबहादुरले फुँएल पुस्तकालय” भनेजस्तो, कति राम्रो सुनिन्छ। गाउँमा कोही दिदीहरू होलान् समाजसेविका, मराउ-पराउमा सघाउने, नानीहरू जन्मिंदा, सारो गारो पर्दा सघाउने सुँड़ेनी दिनी-आमाहरू उनीहरूको मृत्युपछि

संझनामा सड़कको नाम होस्, कुनै जनताकै नाममा जस्तै चन्द्रदेवी भिलेजरोड़। यसो गर्दा प्रत्येक गाउँका मानिसमा समाजप्रति काम गर्ने प्रेरणा मिल्दछ। राम्रो काम गर्नतिर मन जान्छ। हाम्रो गाउँतिर यस्तो विचार रोपिएको छैन। यो त रोप्नु पो पर्दछ त। यस्तो विचार भन्थ्यो पैलाको सरकारले?

अहिले हामी पुलिस दाजुभाईलाई भन्दैछौं कि जनताको र कानूनको रखवाला हुनु पर्छ। कानूनलाई हेर। पुलिस देखेपछि जनताका मनमा एउटा विश्वास आउनु पर्दछ, एउटा ढुक्कको विचार आउनु पर्दछ र राम्रो काम गर्नु भनेर हामीले पुलिसलाई भनेको छौं। एउटा राम्रो विचारलाई अघि बढ़ाउँदै लानु पर्छ। कुरा गहिरो छ यहाँ - हामीमा विचारको क्रान्ति आउनु पर्छ। पवन चामलिङले थालेको 'सम्पूर्ण क्रान्ति' — को उद्देश्य सिक्किमको उन्नति हो। यो सम्पूर्ण क्रान्ति भनेको के हो? खालि सरकार बनाउनु मात्र होइन, अरू पार्टीलाई हराएर एस० डी० एफ० पार्टीलाई सरकारमा ल्याउनु मात्र होइन। क्रान्तिले फाँसीको फन्दा खोलोस्, प्रत्येक समाजलाई छोओस्, प्रत्येक समाजका व्यक्तिलाई छोओस् र मान्छेको विचार, मन अनि मस्तिष्कलाई पनि छोओस्। यसरी सम्पूर्ण क्रान्ति र परिवर्तनका लागि हामीले सोचेका छौं। सम्पूर्ण मानव जातिको उत्थान र विकास अनि मानव जातिको सम्पूर्ण सुख र शान्तिको लागि हामीले चाहेको यो क्रान्ति हो।

अर्को कुरा यसपालिदेखि सारा सिक्किममा राशन कार्ड दिने। राशन कार्ड हामी प्रत्येक घरलाई दिन्छौं। सिक्किमका मान्छेले मात्र पाउँछन्। राशन कार्ड पाए पछि त्यसबाट चिनी पाउने। त्यसैमा नून पनि पाउने, चामल पनि पाउने र त्यसो हुँदा कोटाको सामानहरू जनताले सहीरूपमा पाउनेछन्। हामीले त्यो कार्ड वितरण गर्नुको कारण चाहिं के हो? यो गर्नुको कारण यो हो कि जमाखोरी, नाफाखोरी र काला-बजारीहरूलाई खतम गर्नु। हामी सधैं ड्यूटीमा हुँदैनौं, हाम्रो चिनी त अहिले गान्तोकको चिया पसलतिर पो बिक्री भइराखेको होला। अहिले तपाईंहरू चिनी माग्न जानुहोस् त कम्ति मात्र पाउँछ। खालि खुल्ला र महंगो मात्र पाउँछ। त्यसैले कोटाद्वारा सिक्किममा खाद्य सामग्री कार्डमा दिन थाल्यो भने त्यस्ता जमाखोरीहरूले बोल्न पाउँदैनन् - साँचो जनताले मात्र पाउँछन्। सिक्किममा कति मान्छे छन्, कति चिनी लाग्दो रहेछ, कति चामल लाग्दो रहेछ इत्यादि कुराहरू पत्तो लगाउन भनी हामीले काम गर्न थालेका छौं।

शिक्षाको क्षेत्रमा हामीले गुणस्तर शिक्षामा विशेष जोड़ दिएका छौं। यसपाली हामीले सिक्किममा जति पनि स्कूलहरूलाई अपग्रेड गर्‍यौं, खालि लोअर प्राइमरीलाई नै प्राइमरी बनायौं। हजुरहरूले यी स्कूलहरू अपग्रेड गरिदिनु नभनिकन हामीले गर्‍यौं। तपाईंहरूलाई थाहा भयो होला, जनताको सरकार कस्तो हुँदो रहेछ? नभनिकन फटाफट हामीले गरिदियौं। जुन जुन स्कूलमा ४० जना भन्दा बढ़ी विद्यार्थी छन् ती स्कूलहरूलाई हामीले अपग्रेड गर्‍यौं। तर हामीले जुनियर हाईस्कूल, हाईस्कूल र सिनियर सेकेण्ड्री स्कूल बनायो भने गुरूबाबु हाम्रो छैन - सबै बाहिरबाट, इङलिस् पढ़ाउने बाहिरबाट, हिस्ट्री पढ़ाउने बाहिरबाट, हाम्रोमा छैन। यसैले दक्ष जनशक्ति हामीले तयार गर्नु परेको छ। हामीले सोचेका छौं कि हाम्रो प्राइमरी शिक्षा एकदमै राम्रो होस्। प्राइमरी शिक्षा भनेको फाउण्डेशन हो – जग हो, जगचाहिं एकदमै राम्रो हुनुपर्छ। तपाईंले सोच्नु पर्दछ कि तपाईंको नानी स्कूलमा गएर १० पास, १२ पास गरेर मात्र हुँदैन। उसले एकदमै राम्रो प्रकारले पास गर्‍यो के त? फष्ट डिभिजनमा पास गर्‍यो के त? डिस्टीङशन ल्याएर पास गर्‍यो के त? हाम्रा नानीहरूले स्कूलमा गएर सर्टिफिकेट मात्र ल्याउने होइन तर साँच्चै राम्रोसँग पढ्नु पर्छ भन्ने तपाईंहरूले पनि सोच्नु पर्दछ। त्यसो हुँदा प्राइमरी स्कूल चाहिं हामीले एकदमै राम्रो पारौं भन्ने। विद्यार्थीहरूलाई सरकारले युनिफर्म दिने क्लास ५ सम्म। यो गर्नुको कारण के हो भने स्कूलदेखि नै हामी यस्तो खालको सेन्स अफ डिस्क्रिमिनेशन अथवा कम्पलेक्स (म धनी म गरीब भन्ने भावना) जन्म नगराउने। विद्यार्थीहरूमा सानैदेखि हीनताबोधको जन्म नगराउने र विद्यार्थीहरूले समानरूपले फाइदा पाउने हामीले सोचेका छौं। अनि ग्रेजुएशन गर्नेहरूका निम्ति छात्रवृति ३०० लाई ५०० गर्‍यौं। पोष्ट ग्रेजुएशनका लागि ५०० रूपियाँको सट्टामा ८०० बनायौं अनि पी० एच० डी० गर्न जानेलाई हजार बढ़ाएर पन्ध्र सय गरेका छौं। हाम्रा नानीहरूले पनि 'उद्देश्य के लिनु उड़ी छुनु चन्द्र एक' भने जस्तो उच्च अभिलाषा राख्नु पर्‍यो। हाम्रा नानीहरू पनि जति छन् म गरीब छु, नपढ़नुपर्‍यो कहिल्यै पनि नभन्नु। मान्छेले चिताएपछि गरीबी र केहीले पनि रोक्न सक्दैन। मान्छेको इच्छा शक्तिलाई रोक्न कुनै शक्ति छैन। पक्का इच्छा शक्ति हुन पर्दछ – पक्कका इरादा हुनु पर्दछ अनि मान्छे जहाँ पन पुग्न सक्दछ, यो विचारधारा प्रत्येक नानीहरूले लिनु पर्दछ। म आज तपाईंहरूलाई भनिराख्छु कि नोकरी-चाकरीकै कुरा गरौं भने अब पिउनमा जग्गा छैन,

टाइपिष्टमा जग्गा छैन तर सिक्किममा के को जग्गा छ त? सिक्किममा कलेज खोलिन्छ। सिक्किममा युनिभर्सिटी खोलिन्छ, सिक्किममा इन्जीलिरिंग कलेज खोलिन्छ, सिक्किममा मेडिकल कलेज खोलिन्छ। त्यसैले अब नोकरी त्यहाँ खुल्दैछ। युनिभर्सिटीमा पढ़ाउने प्रोफेसर हामीलाई चाहिएको छ, अब हामीलाई कलेजमा पढ़ाउने लेक्चरर चाहिएको छ, हामीलाई सिनियर सेकेण्ड्री स्कूलमा पढ़ाउने शिक्षक चाहिएको छ, यो कुरा बुझेर तपाईंहरूले अहिले देखिनै आफ्ना नानीहरूलाई त्यतापट्टि तयार पार्नु पर्‍यो। त्यसो हुनाले हाम्रा नानीहरूले उच्च शिक्षामा विशेष कोशिश गर्नु पर्दछ। हाम्रो चाहना छ कि सिक्किमका हाम्रा नानीहरू युपीएससीको इक्जाममा जानु पर्दछ, डी० सी० हुनुपर्‍यो हाम्रा नानीहरू। आइ० ए० एस० हुनु पर्‍यो, आइ० पी० एस० अफिसर हुनु पर्‍यो र यसका लागि हाम्रा नानीहरू जाग्नु पर्दछ। हामी भारतको २२ वाँ राज्यका नागरिक भयौं, हाम्रा सिक्किमे जनताको र नानीहरूको अधिकार भारतको प्रधानमंत्री हुने पनि छ। भारतको फरेन सक्रेटरी हुने हाम्रो अधिकार छ, आइ० ए० एस० अफिसर हुने हाम्रो अधिकार छ - आइ० पी० एस० हुने हाम्रो अधिकार छ। तर अधिकार पाएर मात्र हुँदैन — त्यो अधिकार लिन सक्ने क्षमता हामीमा हुनु पर्दछ। त्यो खालको हामीमा एबीलिटी हुनु पर्दछ, त्यो खालको हामीमा बानी व्यहोरा र योग्यता हुनु पर्दछ त्यो प्रतिश्पर्द्धा गर्नसक्ने हामीमा शक्ति हुनु पर्दछ। यो भावनालाई लिएर सिक्किममा अघि बढ्न सकेनौं भने अरू केही होइन हामी नोकर मात्रै हुन्छौं। तर भारतमा पनि सिक्किमे जनतालाई नोकर होइन - मालिक बनाउँ भन्ने मेरो विचार छ। हाम्रो नानीहरूको हातमा छ, हाम्रो हातमा छ सिक्किमलाई कस्तो बनाउने? हाम्रो सिक्किमलाई नोकर बाँच्ने राज्य बनाउने कि मालिक बाँच्ने राज्य बनाउने, त्यो चैं तपाईं - हाम्रो हातमा छ।

सिक्किमलाई धर्म र संस्कृतिको क्षेत्रमा अघि बढ़ाउनका लागि संस्कृत महा-विद्यालय खोल्ने पनि हामीले निधो लिएका छौं। हामीले लेक्चररहरू र गुरूहरूको बन्दोबस्त गर्दैछौं र आउने सालदेखि राक्दोङ तिन्तेक निर्वाचन क्षेत्रमा एउटा संस्कृत महा-विद्यालय हामी शुरू गर्दैछौं। यहाँहरूलाई थाहा छ कि पहिलेको सरकारहरूले भन्थे कि यो एस० डी० एफ० पार्टीले सरकार बनायो भने चैं बाहुन जातिलाई काँशी पठाउँछ। तर अब बाहुनहरूले काँशी जानु नपर्ने भयो - राक्दोङ तिन्तेक जानु पर्छ,

अब काँशी गइरहनु पर्दैन। केही साल दुःख गर्‍यो भने शास्त्री भइहाल्ने भो, पछि आचार्य र वेदान्तचार्य पनि हुने, हामीले मुखले जे जे भन्यौं त्यही काम गर्‍यौं।

सिक्किममा हामी संगीत र कलाको स्कूल खोल्दैछौं। यो स्कूल खोलेपछि हाम्रा गाउँ-घरका माइला-माइली, साँइला-साँइलीहरूले पनि आफ्नो प्रतिभाको विकास गर्ने मौका पाउनेछन्, र राम्रो कलाको विकास होस् भन्ने सोंचेका छौं। हामी चाहन्छौं कि सिक्किममा हाम्रै कलाकारहरू हुन्। अनि संगीतको क्षेत्रमा, नाटकको क्षेत्रमा र अरू सबै क्षेत्रमा हामी अघि बढ़ौं र भोलि सिक्किममा फिल्म इन्डस्ट्री बनियोस्, हाम्रा नानीहरू फिल्मको क्षेत्रमा, कलाको क्षेत्रमा जाउन्, तरक्की गरून्, राम्रो काममा सिक्किम अघि बढ़ोस्, राम्रो क्षेत्रमा सिक्किमे नाम कमाओस् भन्ने सोंचेर हामी यो स्कूल खोल्दैछौं।

सिक्किममा चारै महकुमामा खेलकूदको विकास होस् भन्ने हाम्रो चाहना छ। सरकारमा आउने बित्तिकै खेलकूदको मंत्रालय हामीले बनायौं - यो पनि तपाईंहरूलाई थाहा छ। साहित्यमा सबैलाई अघि बढ़ाउने, साहित्य र टेक्स्ट बुक लेख्नु तपाईंहरूले, कविता, कथा लेख्नु, रक्सी खाएर घुम्मे समयमा किताब पढ्नु तपाईंहरूले, राम्रा राम्रा किताबहरू पढ्नु-पढ़नमा खूबै ध्यान दिनु पर्दछ तपाईंहरूले। आज तपाईंहरू सिलिगुड़ी जानुहोस् त त्यहाँका मानिसहरू कस्ता छन्? रिक्सा चलाउनेधरि पनि एकछिन फूर्सद भयो भने रिक्सामै बसेर खबरकागज पढ़िरहेको हुन्छ। उनीहरू पान दोकानमा बस्दा पनि केही काम नभए हाम्रो जस्तो तास खेल्दैन...पेपर पढ़िरहेको हुन्छ। हाम्रो सिक्किममा हेर्नुहोस् त! दोकानमा कोही ग्राहक आएनन् भने भन्न थाल्दछ कि आइज है एकछिन कोटपिस खेलौं, त्यहाँबाट छप्छपे खेलौं – झ्याप-झ्यापेतिर लागौं। त्यस्तै हाम्रा ड्राइभरहरू पनि पेसिन्जर पाएन भने तास खेल्न थालिहाल्छन्। तल सिलगड़ीमा हेरौं त – किताब पढ़िरहेको हुन्छ, पत्रिका र उपन्यास पढ़िरहेको हुन्छ। हामीले त हाम्रो ब्यहोरा धेरै फेर्नु पर्नेछ।

सिक्किममा १५ सालसम्म हामीले बनाएको सरकारले हामीलाई नै हेप्यो, हामीले भोट दिएर मुख्यमन्त्री बनाएर पठायौं हामीले नै डराउनु पर्ने, जसले हाम्रो कुरा मान्दैन - हामीलाई सघाउँदैन त्यसलाई ट्रान्सफर गर्छु, त्यसलाई म ठीक पार्छु, च्यादर दिन्नँ-मेरो विकास दिन्नँ भनेर धम्कायो। विकास मुख्यमन्त्रीले दिने उसको गोजीको हुँदैन – त्यो जनताको हो। मुख्यमन्त्रीको विकास बाँड्ने र सरकार चलाउने

जिम्मेवारी मात्र हो, तर जम्मै मालिकचाहिं जनता हुन्। सिक्किमको मालिक पवन चामलिङ होइन, सिक्किमको मालिक मंत्री होइनन्, सिक्किमको मालिक २/४ जना धेरै पैसा हुने र धेरै खेतबारी हुने मान्छे होइनन् – सिक्किमको मालिकचाहिं सम्पूर्ण सिक्किमे जनता हुन्। सिक्किमको मालिक मात्र होइन तपाईंहरू – तपाईंहरू धरतीको नै मालिक हो – तपाईंहरू संसारको मालिक हो। सर्वशक्तिसम्पन्न जनता! तपाईंहरू नै मालिक हुनुहुन्छ। सरकारको शक्तिचाहिं जनतामा हुन्छ, जनताले सरकार बनाउँछ तर सरकारले जनता बनाउँदैन। तर पहिले कस्तो सरकार थियो भने सरकारले जनता बनाउने  र जनताले चाहिं उसलाई बनाएको होइन भन्थ्यो - म आफैं भएको भन्थ्यो। १५ सालसम्म तपाईंहरूको कारणले म छु कहिल्यै नभन्ने। तर आज सरकार कस्तो आएको छ? तपाईंहरूको कारणले हामी छौं। हाम्रो कारणले तपाईहरू होइन। तपाईहरू त सधैं हुनुहुन्छ तर तपाइहरूले गर्दा मात्र आज हामी छौं।

आज यहाँ २/४ जना बगमफूसेहरूले भन्छन्, बगमफूसे भनेको फटाहा र फटाहा भनेको चोटाहा, चोटाहा भनेको जनता नै बेचिखानेहरूले भन्छन् यो सरकार थाम्दैन। पहिले भोटको समयमा भन्थे एस० डी० एफ० पार्टीले जित्दैन – तर हामीले जित्यौं, झूट सावित भइहाल्यो। अहिले भन्दैछ फेरि यो सरकार थाम्दैन। पहिले जित्ने वित्तिकै भन्थ्यो यो सरकार तीन महीना थाम्छ – त्र महीना पनि गयो। त्यस पछि भन्यो १५ अगस्टको सलाम थाप्छु – १५ तारिक पनि सलाम मैले थापें र मेरा साथीहरूले थपे। अहिले भन्दैछन् फेरि कि दशैं मान्न दिन्नँ।

मलाई थाहा छैन कि पवन चामलिङ कति वर्ष मुख्यमन्त्री हुन्छ – कहिलेसम्म बस्छ मलाई थाहा छैन। किन भने यो मेरो हातमा छैन – तपाईंहरूलाई थाहा छ कि म कति साल मुख्यमन्त्री बस्छु। हेर्नुहोस्, चुनाउको समयमा हामी खालि हात थियौं, पवन चामलिङ र एस० डी० एफ० – को हातमा केही थिएन, पैसो थिएन। एकापट्टि १५ साल सिक्किमे जनताको मासी नै चुसेर खाने शोषकहरू अनि अर्कोपट्टि काँग्रेस, केन्द्रमा सरकार भएको एउटा ब्रान्च अनि बीचमा हामी गरीब खालिखुट्टेको पार्टी तपाईंहरूको पार्टी। हामी चुनाउमा लड्यौं - हामीमा शक्ति थियो जनशक्ति। अनि भोट लड्यौं - लड़दाखेरि एउटै पैसा नहुने हामीले भ्वाक्कै जित्यौं। दिल्ली सरकार हुने, दिल्लीको कुरा गर्ने, १५ सालसम्म मातेको राँगो जस्ताहूर ७ चीत अठार दंग

परे। कसले गर्दा — जैंनताले गर्दा! त्यसैले तपाईं सिक्किमे जनताले बुझ्नुपर्दछ कि शक्ति भन्ने कुरा आज मंत्री-मुख्यमंत्री र नेतासँग हुँदैन — जनतासँग हुन्छ भने जनता सबैभन्दा ठूला शक्ति हुन्। तपाईंहरूले त्यो आफ्नो शक्ति बुझ्नुपर्दछ।

हामी कतै जानु छैन - हामी सिक्किमे जनतातिर जानु छ। सिक्किमे जनतातिर! हाम्रो मालिक सिक्किमे जनता हुन्। हाम्रो शक्ति सिक्किमे जनता हुन्, यसो हुँदा आज हामीलाई कता जान्छ भनेर हल्ला गर्ने काम छैन। २/४ जनाले, भन्छन् अरे, त्यो त्यहाँ गएर सरकार बनाइहाल्छ। सरकार बनाइहाल्ने? हामीलाई नहेप्नू। पवन चामलिङ सिक्किममा चौकीको लागि मुख्यमन्त्री भएको छैन — छुइनँ। म सिक्किममा मुख्यमन्त्री र नेता बनेको सिक्किमे जनताका लागि। सिक्किमे जनताका हकको लागि सिक्किमे जनताका अधिकारका लागि, गरीब जनतालाई मुक्ति दिनका लागि म सिक्किमको राजनीतिमा लागेको छु। म सिक्किमे जनताको मान-मर्यादा र इज्जतलाई कञ्चनजंघाजस्तो उच्च बनाउनलाई सिक्किमको राजनीतिमा छु। म चौकीमा होस् वा चौकी बाहिर, सिक्किमे जनताको चौकीदार हुँछ सिक्किमे जनताकालागि यस्ता चौकी त हजार बलिदान गर्न सक्छु। सिक्किमे जनताको फैसलाको विरूद्ध म कुनै काम गर्ने छैन। किनभने मलाई सत्ता भन्दा प्यारो सिक्किमे जनता छ। पवन चामलिङ आज आफ्नो सिद्धान्तकालागि मर्न सक्छ तर सिद्धान्त छाड्दैन। किनभने प्रत्येक मौसममा कोट फेर्ने नेताहरूले सिक्किमे जनतालाई जहिले पनि उल्लू बनाएका छन्। भोट जितेपछि घरि काँग्रेस हुन्छ, घरि कता हुन्छ। सिक्किमे कता लागेर होइन — त्यो हाम्रो खुशी हो। यो स्वतन्त्रता कसैले हामीलाई सिकाउनु पर्दैन। हामीलाई कसैले हेप्ने काम छैन। सिक्किममा मुख्यमन्त्रीको नातामा मेरो पहिलो जिम्मावारी हो सिक्किम र सिक्किमे जनताको मान, मर्यादा, सम्मान, इज्जत र राजनैतिक अधिकार, सामाजिक हक, आर्थिक क्षेत्रमा विकास अनि सिक्किमे जनताको हितको सुरक्षा गर्ने मेरो पहिलो जिम्मावारी हो - मुख्यमन्त्रीको नातामा। त्यसपछि मेरो ड्यूटी हुन्छ भारतको सुरक्षा र अखण्डताका लागि लड्ने र म भारतको एक मुख्यमन्त्रीको नातामा देशको निम्ति सोच्ने। यो जिम्मावारीबाट हामी पछि हट्ने छैनौं, अनि सिक्किमचाहिं हाम्रो घर हो र घर राम्रो भए मात्र देश राम्रो हुन्छ। तर यहाँ सिक्किममा गद्दारहरू पनि छन्। सिक्किमे जनतालाई बेच्ने मान्छेहरू पनि छन्।

अधिकार भन्ने कुराचाहिं झुकेर, दबेर पाइँदैन - हक र अधिकार हामीले लिन सक्नु पर्दछ। हाम्रो हक हामीले लिन सक्नु पर्दछ। किनभने सिक्किमको प्रसंगमा कुरा गर्छु, प्रजातन्त्र सिक्किममा कहिले आएको थियो? जुन दिन सिक्किम भारतमा गाभियो, त्यही दिन सिक्किममा प्रजातन्त्र आयो तर खालि किताबमा आयो, तर जनतामा आएन। तर त्यो साँचो प्रजातन्त्र चाहिं हाम्रो पार्टी आएर हामीले ल्यायौं। किनभने हक लिन सकिएन भने त्यो पाए-नपाएको बराबर हुन्छ। हामीले ल्याएको जनताराज संस्थागत गरेर राख्ने यो जिम्मेवारी मेरो मात्र नभएर सम्पूर्ण सिक्किमे जनताको पनि हो। हामीले लड़ेर, ज्यानको बाजी लगाएर जुन सफा प्रजातन्त्र ल्याएको छौं, यसलाई बचाएर राख्नु प्रत्येक सिक्किमेको जिम्मावारी हो। यो प्रजातन्त्र बचाएर राख्नु हो भने सबैले मर्यादाभित्र बाँच्न पाउनेछन् र यसलाई बचाउन सकेनौं भने शोषकहरूले फेरि पनि शासनमा आएर जनतालाई सताउनेछन् भन्ने कुरा पनि तपाईंहरूले राम्रोसँग बुझ्नु पर्ने समय आएको छ।

स्वास्थ्यको क्षेत्रमा हाम्रो सरकारले काम गर्दैछ। प्रत्येक सिक्किमे जनता स्वस्थ हिउन्। स्वस्थ हुनका लागि आज खालि टेबललेट आएर मात्र हुँदैन। विमार हुंदा इन्जेक्सन दिदैमै मानिस स्वस्थ हुँदैन, तर मानिस स्वस्थ हुनकालागि जनताले पूरा खान पाउनु पर्छ - लाउन पाउन पर्छ, समाज ठीक हुनु पर्दछ। तपाईंहरूले बुझिदिनु पर्दछ कि सबैभन्दा ठूलो रोग चाहिं गरीबी हो। गरीबीको कारणले नै सबै रोग आउँछन् र गरीबीलाई हटाउन सके रोग लाग्दैन। जब मान्छेले राम्रो खान र लाउन पाउँछ, मनमा शान्ति हुन्छ, रोग कम लाग्छ। यो कुरालाई सोचेर हामीले गरीबी हटाउने कुरामा बल गर्दैछौं। हाम्रो सरकार चाहन्छ कि सिक्किममा मानिस विमारी हुँदा खालि टेबलेट मात्र दिनु होइन, इन्जेक्सन मात्र लाउनु होइन र डाक्टर मात्र देखाउने होइन, बाहिर लैजाँदा सहायता दिने मात्र होइन तर सिक्किममा चाहिं हाम्रा मान्छेहरू विमारी नै न होउन्। यसका लागि पनि हामी रोग निरोधक काम गर्न चाहन्छौं। दवाई पानी पुगोस् भनेर परिचालन फाँटवारी थालनी गरेका छौं। सबैभन्दा ठूलो संसारमा मान्छे हो। मलाई यस विषयमा एउटा सानो कुरा भन्न मन लाग्यो।

नेपोलियन बोनापार्ट भन्ने व्यक्तिको नाउँ विशेष गरेर विद्यार्थीहरूलाई थाहा छ - सम्राट नेपोलियन। सम्राज नेपोलियनको राज शासनकालमा उनको पल्टनमा (फौजमा) एकजना क्याप्टेन थिए। उनीचाहिं यति अहंकारी थिए कि क्याप्टेन

भन्नेचाहिं बहुत ठूलो हो भन्ने घमण्डी थिए। क्याप्टेन भन्दा मुनिको मान्छेलाई गन्ती नै नगर्ने त्यस्तो खालको चढ़ेको क्याप्टेन रहेछ। अनि सम्राट नेपोलियन बोनापार्ट चाहिं भयंकर नेता मान्छे भएकाले उनले पनि त्यो कुरा सुनेछन्। एक दिन त्यो क्याप्टेन आउने बाटोमा छद्मभेषमा उभिइ बसेछन् अनि केप्टेन टक्......टक्.....टक.....गर्दै आएछ। अनि त्यो डिसगाइसमा बस्ने नेपोलियनले उसलाई सोधेछन्, “हौ दाज्यू! कति बज्यो?” त्यसो भन्दा क्याप्टेन ठ्याक्क उभिएर भनेछ- “मलाई चिन्दैनस्? म क्याप्टेन हुँ। किन मलाई दाजु भन्छस्?” अनि म चाहिं को हुँ त भनेर नेपोलियनले भनेछन्। तँ को होस् त? कोही होलास्नी? बस्तीको खेतीवाला होलास् - भनी क्याप्टेनले भन्दा नेपोलियनले भनेछन् होइन, ‘म त्यो भन्दा ठूलै हुँ’। उसो भए जम्दार होलास् भन्दा त्यो भन्दा पनि ठूलै हुँ भनी नेपोलियनले भनेछन्। तँ उसोभए क्याप्टेन होस् त भन्दा होइन क्याप्टेन साहाब त्यो भन्दा पनि ठूलै हुँ भन्ने जवाफ क्याप्टेनले पाए पछि क्याप्टेन अलिक लच्किएर भनेछ उसोभए के तपाईं कर्नेल हुनु हुन्छ त? नेपोलियनले अझ ठूलै हुँ भने पछि उसो भए तपाईं अवश्य जर्नेल हुनुहुन्छ होला भन्दा होइन क्याप्टेन साहाव त्यो भन्दा पनि ठूलो हुँ भन्ने जवाफ पाएपछि त्यो भन्दा माथि त “सम्राट नेपोलियन त मै हुँ, तर त्यो भन्दा पनि अझ ठूलै हुँ” भनेछन् त्यति भए पछि थरथर काम्दै क्याप्टेनले सोधेछ, “महाराज! उसो भए तपाईको हुनुहुन्छ त भनी सोद्धा “म मान्छे हुँ” भनेछन्। यसको अर्थ हो मान्छे ठूलो हुन्छ। यस्ता कुराहरू विद्यार्थीहरूले सोच्ने र जान्ने विषय हुन्। यस्ता विचारहरू ल्याउन बहुतै जरूरी छ। हामी राम्रो विचारको शुरूवात गरौं, राम्रो काममा पैसा खर्च गरौं, राम्रो विचारलाई मानौं भन्ने विषयमा हामी सबैले सोच्नु पर्‍यो। मान्छे कर्मले उठ्छ है, जातले होइन, जातले ठूलो हुँदैन – कर्मले हुन्छ। कर्मले हुनुपर्छ। म सानो मान्छए हुँ। म कहिल्यै पनि आफूलाई पवन चामलिङभन्दा माथि सोच्दिनँ। म त्यहाँदेखि ठूलो पनि संझिन्न र सानो पनि संझिदिन। तपाईंहरूले बनाउनु भयो तर आज म आफूलाई मुख्यमन्त्रीको रूपमा मान्दिनँ। म एउटा साधारण मान्छे, याङयाङ बस्ने मान्छे, साधारण मान्छे पवन चामलिङ भनेर। त्यति सोच्छु। सधैं पवन चामलिङ बनेर सोच्छु – कहिल्यै मुख्यमन्त्री भनेर सोच्दिनँ। मलाई के फरक छ पहिलाको भन्दा। आज ममाथि धेरै जिम्मेवारीहरू छन्। धेरै मेरा कर्तव्यहरू छन् – जिम्मेवारी

निभाउनु पर्नेछ। कसरी मैले कर्तव्यको पालन गरूँ? कसरी कर्तव्य पथमा सफल हुँ। एउटा निर्मल धुकधुकी मेरो मनमा बाँचिरहेको छ।

सिक्किममा हामीले कृषिको क्षेत्रमा ज्यादा ध्यान दिनु पर्दछ। पहिलो प्राथमिकता गाउँमा बस्ने मान्छेले खेतीपाती, आफ्नो सुति थाति छोड्नु हुँदैन। मकै छर्नु पर्दछ, धान रोप्नु पर्दछ, अनि धान र मकैमा फाइदा भएन भने अदुवा रोप्नु पर्दछ, अनि अदुवाले पनि फाइदा दिन सकेन भने के रोप्ने? चिया पत्ती रोप्नु पर्छ। चिया पत्तीबाट पनि फाइदा नभए अरू जे जे रोप्न हुन्छ त्यही रोप्दै जानु पर्दछ। राम्भेड़ा रोप्नु पर्दछ। अहिले गान्तोकमा २२ रूपियाँ किलो राम्भेड़ा बिक्छ अनि २२ रूपियाँ किलो रामभेड़ा हुँदा त सिक्किमका मान्छेहरूले खुशी हुनुपर्ने। २२ रूपियाँ किलो राम्भेड़ा भयो भनेपछि मनमनै गुणा गर्न थाल्नु पर्दछ। अब म पनि राम्भेड़ा रोपेर भट्टाभट्टि २२ रूपियाँ किलो बेचेर रूपियाँ कमाउँछु भन्ने सोच्नु पर्‍यो। अब हामी सब यस तर्फ लागौं। यहाँ खोर्सानीधरि पनि पाकिमबाट किनेर घर लानु पर्छ, खोर्सानीमा पनि हामी आत्मनिर्भर छैनौं, केही पनि छैन र सिक्किममा बाहिरबाट चामल आएन भने खान पुग्दैन, यस्तै किसिमले सिक्किममा हामीचाहिं भिखारी भइसकेकाछौं, भिखारी बनायो पहिलाको सरकारले। अब सिक्किमलाई आत्मनिर्भर, सिक्किमलाई माया गर्ने मान्छे-सब्जेक्टको कुरा गर्ने मान्छेले सिक्किम आफ्नै उब्जनीले खान पुग्ने, आफ्नै आम्दानीले सिक्किममा विकास गराउनु पर्दछ। दिल्ली सरकारबाट १० वर्ष चामल नआउँदा पनि आफ्नै मकैले, आफ्नै धानले खान पुग्यो भने भन्नु पर्दछ – सिक्किममा विकास भयो। यो खालको विचार आउनु पर्दछ र कृषि क्षेत्रमा हामीले बल गर्नु पर्नेछ। रशायनिक मलहरू दिने, उपादनहरू दिने, मल पनि सब्सिडी रेटमा दिने कार्यक्रम छ।

गाउँको क्षेत्रलाई एकदम दुःख – तकलिफ हुन्छ भनेर हामी कोशिश गर्दैछौं कि सिक्किमका जति पनि गाउँ छन्, खेती-पाती गर्दा चाहिने २००/४००/५००, केही मल किन्न, केही बीउ किन्न र अलि-अलि बाँकी लागेको बाँकी तिर्नका लागि एउटा बैंक खोलुँ भनेको। सस्तो व्याज पर्ने 'एग्रीकल्चरल एपेक्स' बैंक खोल्ने हाम्रो फैसला भइसकेको छ। अब यो हामीले शुरू गरेपछि झट्टै पैसा चाहिंदा लौ मलाई हजार चाहियो, पाँच सय चाहियो भन्दा फ्याट्ट पाउने, सजिलो। यो लग्यो अनि खेती गर्‍यो

र बालि पाकेपछि ल्यायो - बुझायो गर्ने यो खालको एउटा एग्रीकल्चरल बैंक हामी खोल्दैछौं।

हामी गरीबवादी नीतिमा अड़िएर आएकोले आज संग्रामको मान्छेले गरीबको कुरा गरेको, काँग्रेसको मान्छेले गरीबको कुरा गरेको के नसुहाको? संग्राम र काँग्रेसका मान्छेले गरीबको कुरा गरेको देख्दा गिद्धको घिच्रोमा रूद्राक्षको माला लगाएर हिंड़ेको जस्तो लाग्छ। उनीहरूले गरीबको कुरा गरेनन् तर हामीले गर्‍यौं। यिनीहरूको नीति छैन। हामीले जसो-जसो भन्यौं, त्यसै-त्यसै गर्छन्। एउटै क्यै छैन, कार्यक्रम छैन, नीति छैन। राजनैतिक, सिद्धान्तको अनिकाल लागेको — केही केही छैन। पहिले सरकारमा धम्की दियो, अहिले काँग्रेसमा जान्छु, के भन्दै हिंड्छ? तलबाट पैसा आउँछ तबसम्म उतै माग्न जाउ, जानेको यति हो।

हामीले मजदूरहरूलाई आधी नम्बरी दिन्छौं भनी चुनाउमा भन्यौं तर अहिले त हातमा पो छ हौ आधी नम्बरी त भ्वाक्-भ्वाक्। ५५ रूपियाँसम्म पाउन थाले हाम्रो बाटोमा काम गर्नेहरूले। अहिले त जति पनि बाटामा काम गर्ने हाम्रा मजदूरहरूले १०० रूपियाँ, ५० रूपियाँ भन्न भुले। आजकल ‘तपाईंहरूको के हाल छ कति पाइँदैछ पैसो?’ भन्दा “खोइ हजुर! दिनमा आधा नम्बरी र महीनामा १२ नम्बरी पो थापिंदैछ - बाह्र नम्बरी।” उहिलेको जमानामा हाम्रा बूढ़ा पाकाहरूलाई सोधौं त! हजार रूपियाँ भयो भने हजारे महाजन भन्थे। अहिले हामीले जम्मै सिक्किमका मजदूरहरूलाई हजारे बनायौं, बाह्र सय। अब त पत्याए होलान्, नि? अनि यति राम्रो गर्दा के भयो? सीधै गरीबका घरमा पुग्यो, सीधै। फेदैमा पुग्यो। यो गर्दा अहिले विपक्षीले के भन्छ? लौ है अब कुल्लीको रोज बढ़ायो, अब बस्तीको खेतिवालाहरूले नबस्दा भयो भन्छ। तपाईंहरूले अर्म-पर्म गर्नु, बनीबूतो जसो गर्नु। यो गरीबलाई दिने कुरो हो। गरीबले फायदा पाउँछन्, कुल्लीले फाइदा पाउँछन्, गरीबहरू र मजदूरले फायदा पाउँछन् तर यी पापीहरूको आँखा किन दुखेको? गरीबलाई त कहिल्यै बाँचोस् भन्दैनन्, कहिले खावस् भन्दैनन् यी असतीहरूले। १५ सालसम्म यिनीहरूका पछि लागेकै हो, बढ़ाए यिनीहरूले रोज कहिल्यै? अहिले यस क्षेत्रमा सम्बन्धित भए सबैले काम गर्नु पर्दछ भनेर कुरा गर्दा त्यही मान्छेहरू आएर - लेबर ड्यूटीमा छैन - यसलाई हटाइदिनु भनेर गरीबलाई हेप्यो। यस्तो खालका छन् यिनीहरू। तर हामी गरीबको पक्षमा छौं। गरीबको जातचाहिं गरीब नै हुन्छ — छेत्री, बाहुन, राई, लिम्बू, तामाङ

हुँदैन – गरीबको जातै गरीब। जात त धनीको मात्र हुन्छ। अनि कतिपय जातको कुरा गर्दै हिंड्नेचाहिं धनीहरू नै छन्। खालि धनी। अनि अफिसरहरू पनि जातको कुरा गर्न जो आउँदछ, चिनीहाल्नु कि यसले बेशी चोरेको छ। हाम्रो पैसा खाने चोर रहेछ भनेर चिन्नु सबै जातको कुरो गर्नेहरूलाई। अहिले हाम्रो सरकारले पहिले बिगारेको खोजी गर्दैछौं, केश लाग्दैछ अनि उ चाहिं जात खोज्दै घुम्दैछ। पहिला चोर्दाखेरि भन्यो म त बाहुन है, चोर्दैछु भन्यो? म त राई है, चोर्दैछु है राई दाजु-भाइ भन्यो? चोर्दा आफैं चोर्छ अनि अहिले केश लाग्दाचाहिं जात खोज्छ। जुन औंलामा विष लाग्छ – त्यही झर्दछ भने गरीबलाई राम्रो गर्ने गरीबको सरकार एकदमै बलियो पारेर गरीबको घर बलियो बनाउनु छ भने २/४ जना चोरहरूलाई नहानी भाकै छैन। नहानी भाकै छैन। अनि यो चोरहरूलाई सजाय दिनु भनेर पठाएको होइन तपाईंहरूले हामीलाई? तपाईंहरूले सिक्किम बिगार्नेलाई ठीक पार, जसले बिगार्छ त्यस्तालाई सजाय दे भनेर पठाएको होइन? तपाईंहरूले हामीलाई भोटमा जिताएर चोरसित मिल भनेर पठाएको?

हाम्रो पुलिस भाइ प्रहरीहरू छन् र उनीहरूलाई महीनामा २०० रूपियाँ राशन भत्ता थप दिएका छौं। पुलिस कर्मचारीहरूलाई मेरो बिन्ती छ – पुलिस कहिल्यै पोलिटिक्समा लाग्नु हुँदैन। पुलिसले पोलिटिक्समा लाग्यो भने, जजहरूले पोलिटिक्समा लाग्यो भने जनताको विश्वास घट्छ। जनतालाई अन्याय हुन्छ। पुलिसचाहिं जहिले पनि कानूनको रखलाला भएर, देशको रखवाला भएर, जनताको सुरक्षा गर्ने प्रहरी भएर  देशको प्रहरी भएर बस्नु पर्दछ। पुलिस कहिल्यै पोलिटिक्समा नलाग्नु, जातको पछि पनि नलाग्नु, कानूनको पछि लाग्नु अनि मात्र राम्रो हुन सक्दछ। पहिलाका सरकारले ढीसमीस गरेका पुलिसहरूलाई हामीले पुनः काम दिएकाछौं - हामीले वचन पूरा गरेका छौं र पुलिसहरूले पनि आफ्नो जिम्मेवारी निभाउनु पर्दछ। ड्यूटीमा दुर्घटना भएर मर्‍यो भने पुलिसका मान्छेलाई पहिलाको सरकारले जुन बीस बजार दिने गरेको थियो त्यसलाई बढ़ाएर हामीले एक लाख रूपियाँ दिने गरेका छौं।

सिक्किममा वेतन आयोग बसेको छ र चाँड़ै प्रतिवेदन निस्कने आशा छ। यसबाट धेरै कर्मचारीहरूले फायदा पाउनेछन् भन्ने आशा राखेका छौं। यो सालमा जुलाई महीनादेखि सारा सिक्किमका कर्मचारीहरूलाई राम्रो गर्ने कोशिश गरेका छौं।

इन्टरिम रिलिफका रूपमा हामीले २५% दिन घोषणा गरेका छौं। १५ प्रतिशत पाउँदैछन् र दश प्रतिशत अझै पाउने र नन ग्याजेटेडहरूले १० प्रतिशत थप अब पाउने छन्। भारतमा सबैभन्दा ज्यादा हामीले दिएको छौं र केन्द्र सरकारले खालि १० प्रतिशत मात्र दिंदैछ। ग्याजेटेड पोष्टका मान्छेहरूलाई चाहिं केन्द्र सरकारको बराबरी दिने हामीले निर्णय गरेका छौं। यो इन्टरिम रिलिफको फाइदा पेन्सनभोगीहरूले पनि पाउने छन्। सिक्किमका जतिपनि कर्मचारी हुनुहुन्छ, अफिसरहरू हुनुहुन्छ, तपाईंहरू जहाँ हुनुहुन्छ - इमान्दारी साथमा तपाईंहरूले आफ्नो ड्यूटी गर्नु। तपाईंहरू गुरूबाबु हुनुहुन्छ भने गुरूबाबु गर्नु, एल० डी० सी० हुनुहुन्छ भने एल० डी० सी० गर्नु, एस० डी० एम० छ भने एस० डी० एम० नै गर्नु, पोलिटिक्स नगर्नु। मेरो बिन्ती छ तपाईंहरूलाई। तपाईंहरूले पवन चाललिङको चम्चा गर्नु पर्दैन, पवन चामलिङलाई मिन्तोगङमा भेट्नु पर्दैन, तपाईंहरू जहाँ हुनुहुन्छ ठीकसँग काम गर्नु। तपाईंहरू एस० डी० एफ० पार्टीको नभईदिनुहोस्। तपाईंहरू संग्रामको पनि नभइदिनुहोस् – काँग्रेसको पनि नभइदिनुहोस् – तपाईंहरू सिक्किमे जनताको भइदिनुहोस्। सिक्किमे जनताको भएर काम गरिदिनुहोस्। किनभने मुख्य मन्त्रीदेखि लिएर पिउनसम्म हामी सबै जनताका सेवक हौं, जनताका सँगी हौं, जनताका नोकर हौं र मुख्य मन्त्रीदेखि लिएर पञ्चायतसम्म हामी जनताका लागि हौं। जनताको लागि समर्पित भएर काम गर्नु पर्नेछ। यो भावना जगाउनु पर्दछ। जहाँ छ त्यहाँ बसेर तपाईंहरूले सिक्किमलाई बनाउनु पर्दछ। सिक्किम तपाईं, मेरो, हाम्रो हो। हामी सबैको हो। सिक्किम बनाउनका लागि तपाईं हामी सबैले आ-आफ्नो जिम्मावारी निभाउनु पर्दछ। यो भावना प्रत्येक जनताका मनमा आउनु पर्दछ, बुद्धिजिवीका मनमा आउनु पर्दछ, यो भावना लिएर हामीले काम गरौं।

हाम्रो भएसम्म हामी गर्न सक्दछौं – गर्ने छौं। सकेसम्म कर्मचारीहरूलाई राम्रो गर्ने पक्षमा हामी छौं अनि यसपालिको वेतन आयोगको प्रतिवेदन निस्किएपछि तपाईंले चाल पाउनु हुनेछ, हामीले मुनिकालाई राम्रो गर्ने बेसी, मुनिलाई बेसी बढ़ाउनु र माथिलाई चाहिं त्यतिकै राख्ने। किनभने अहिलेसम्म सिक्किममा माथि मात्र ठूलो भयो-मुनिचाहिं हेरिएन। जराचाहिं कमजोर भयो। हाम्रो चाहिं जरादेखि बलियो बनाउने विचार छ। कमजोर पक्षका लागि बेसी फाइदा हुने खालको हाम्रो यसपालिको वेतन आयोगको सिफारिश बन्नेछ।

राजनीतिक क्षेत्रमा सिक्किममा भोटे, लेप्चा जाति जति हुनुहुन्छ, तपाईंहरूलाई म साँचो कुरा भन्न चाहन्छु। भोटे, लेप्चा दाजुभाइहरूले सिक्किममा सिक्किमलाई राम्रो गर्ने, भोटे-लेप्चालाई सुरक्षा गर्ने नीति सधैं रहिरहनेछ भन्ने मनमा राख्नु पर्नेछ। भोटे-लेप्चा दाजुभाइहरूसँग एउटा कुरा आउनु पर्नेछ — तपाईंहरूले सिक्किमको लागि, राम्रो कुरा सोच्नु पर्नेछ - यो अति जरूरी छ। सिक्किम भारतको २२ वाँ राज्य भयो तापनि हाम्रो यहाँको जो विकास छ, हाम्रो यहाँ जो हक छ, हाम्रो अधिकार छ यी सबै कुराहरू हामीले बचाएर राख्नु पर्दछ भन्ने हाम्रो विचार छ र भोटे-लेप्चाहरूले निष्कृय नबस्नु। भोटे-लेप्चा ट्राइबलहरूलाई फाइदा हुनेछ। ट्राइबलहरूको सुरक्षाको निम्ति रेभेन्यु अर्डर नं १ लाई राख्ने, यसलाई सन्तुलित राख्ने र नेपालीहरूको सुरक्षाको निम्ति पनि हामी सोच्दैछौं अनि भोटे-लेप्चाहरूले सिक्किमको लागि सोच्नु पर्ने दिन आएको छ।

सेडुलकाष्ट दाजुभाइहरूलाई पहिले मुखले दिइन्थ्यो तर यसपालि हामीले पूरा अंशबण्डा दिएका छौं। आफ्नो हकको बैंटवारा गरेर अंश बण्डा छुट्याइदिएका छौं हामीले, अब तपाईंहरूको बण्डा लाग्यो। सौमा छ प्रतिशत। सौवटा जग्गा खुल्यो भने ६ जनालाई नोकरी पनि पाइहाल्ने, पढ़ेको छ भने बाहिर पढ़न जानलाई सीट पनि पाइहाल्ने र हामीले यो बण्डा लगाइदियौं।

यसपाली हाम्रो सिक्किमबाट उच्च शिक्षा हासिल गर्न डाक्टर पढ्ने, इन्जीनियरिंग पढ़ने, हाइयर एजुकेशन जस्तै बी० ए०, बी० एस्सी० गर्ने जति सबैलाई अस्ति हामीले कोटा दिएर पठायौं, त्यतिबेला पढ़न पठाउँदा सबैमा बण्डा लाग्यो। इन्जिनियरिंगमा पनि सेड्युल काष्ट त आइहाल्यो। त्यहाँदेखि डाक्टर पढ्न जानेमा पनि आइहाल्यो - बण्डा लाग्यो। बी० एस्सी० गर्न बी० एड० गर्न पनि बण्डा लाग्यो भट्टाभट्टी, सबैले यसपालि पाउनु भएको छ। यो रिजर्भेशन नभएको भएदेखि सेड्युल काष्टले नपाउने। यसपालि जतिपनि हामीले कोटा दिएका छौं, यसमा कसैलाई पनि मारेका छैनौं हामीले, सबैलाई बराबरी गरेका छौं। ट्राइबलबाट, सेड्युल काष्टबाट, एन० बी० सी० बाट, ओ० बी० सी० बाट कसैलाई पनि अन्याय नगरी बण्डा लगाएका छौं र सबैलाई राम्रो भएको छ।

सिक्किममा ओ० बी० सी० लागु गरिएको छ र हिजोदेखिचाहिं हामीले सिक्किमका छेत्री, बाहुन, नेवार, जोगी, सम्यासी र थामी आदिलाई ओ० बी० सी०

मा दर्ता गर्नु निर्णय लियौं। अब भोलि हामी दिल्ली पनि जाँदैछौं र आज तपाईंहरू सबले मनमा राखिदिनु पर्दछ कि हामीले सिक्किमका जति पनि नेपालीहरू छन्, नेपालीहरू सबैलाई एउटै थान्कोमा राख्नु पर्छ भन्ने हाम्रो विचार छ, किनभने राजनीतिक तवरमा, आर्थिक तवरमा, शैक्षिक तवरमा नेपालीको मनमा एउटा व्यथा छ, एउटै कथा छ र भारत सरकारले अब यस कुरालाई बुझिदिनु पर्छ। तर ८० सालमा मण्डल कमिशन सिक्किममा आउँदा ओ० बी० सी० भनेको चाहिं लोदर हो, स्याल बिग्रियो भने फ्याउरा हुन्छ र मतवाली बिग्रियो भने ओ० बी० सी० हुन्छ भन्दै सिक्किमभरि भाषण गर्दै हिंड्यो। त्यतिबेलाको सरकारले रोकेको हक हामीले जनतालाई दिएका छौं र नपाएकोलाई पनि गाभ्ने फैसला हामीले लिएका छौं यो कुरा तपाईंहरूले बुझ्नु पर्दछ। यो कुरा सिक्किमका नेवार, बाहुन, छेत्री, जोगी, सन्यासी, र थामी नेपाली समुदायका दाजुभाइले बुझ्नु पर्दछ। पहिले जम्मै बिगार्‍यो भण्डारीले, छेत्री- बाहुन, नेवार आदिलाई किन ओ० बी० सी० मा हालेन? तपाईंहरूलाई म भन्छु किन हालेन। जतिबेला यो मान्छे ७९ को इलेक्सनमा लड़ेर १६ सीट जितेर सिक्किममा सरकार बनायो, त्यतिबेला छेत्री-बाहुन, नेवार चाहिं आर० सी० पौड्यालमा लागे भनेर त्यो मान्छेले छेत्री-बाहुन, नेवार, दाज्युभाइलाई हेर्दा आर० सी० पौड्यालकै अनुहार देख्यो। अनि ओ० बी० सी०- मा लगाउनुको सट्टा उल्टा नाक चुच्चे र थेप्चेको नाम लिन थाल्यो। त्यतिबेला ओ० बी० सी० - मा छुट्याएको हो नत्र भने त्यही बेला नेपालीहरूले ओ० बी० सी० - मा मान्यता पाउने थिए र आज यो दुर्दशा हुने थिएन। त्यति बेला यो मान्छेले ती माँग ल्याउनु ता होइन – पाएको पनि रोक्यो र उल्टा लोदर भन्यो। हामी कुनै नराम्रो चाहँदैनौं तर हामी चाहन्छौं सबै मिलेर बसौं, मिलेर बाँचौं, सबैले समान अधिकार पाउन्। कसैलाई काख र कसैलाई पाखा नहोस् भन्ने हाम्रो मानवतावाती विचार छ। अबदेखि उता तपाईंहरूले यो ओ० बी० सी० र एन० बी० सी० – को कुरा नगर्नु। हामीलाई जिम्मा लगाएकोले केबीनेटमा पास गरी सकेका छौं, भोलि दिल्ली जाँदैछौं - अब हामी गर्नेछौं र फाल्तु कुरा अब नसुन्नु। हिजोको जनता-माराले भन्दैछ यो ओ० बी० सी० चाहिं सिक्किमकै सरकारले गर्दा हुन्छ – दिल्ली जानुचाहिं ढाँटेको हो। त्यसो भए यी फटाहाहरू, यी ढँटुवाहरू १५ सालसम्म सरकारमा बस्दाखेरिचाहिं किन गरेनन्? यसले गर्दा हुने

रहेछ त, किन गरेन? १५ सालसम्म मुख्य मन्त्री हुँदा गरेन - अहिले भन्छ यहीं गर्दा हुन्छ। यो कुरा तपाईंहरूले गहिरोसँग बुझ्नु पर्दछ।

सिक्किमका लिम्बू, तामाङ र गुरूङ यी तीन जातिहरू ट्राइबलमा हाल्ने हाम्रो कार्यक्रम छ। यी तीन जातिलाई ट्राइबलमा हाल्ने मांगसमेत लिएर हामी दिल्ली जाँदैछौं। लिम्बू जातिले ट्राइबल पाउनु पर्छ, गुरूङले पाउनु पर्छ र तामाङले पाउनु पर्छ भन्ने हाम्रो कार्यक्रम छ। पहिलाको सरकारले ल्याउन सकेन- पाउन आँटेको रोक्यो तर अब हामी यसलाई अघि बढ़ाउँछौं।

सिक्किमलाई आयकरमुक्त राज्य घोषणा गर्ने हाम्रो कार्यक्रम छ — दिल्ली सरकार अघि यो कार्यक्रम लिएर जाँदैछौं। सिक्किममा आयकर किन लाग्यो? सिक्किममा आयकर लाग्नुको कारण हो पहिलाको सरकार। पहिलाको सरकारमा २/४ जना मान्छेले चोरी गर्‍यो, गिफ्ट र्‍याकेट चलायो, धेरै यहाँको पैसा इन्कम टेक्स छल्नको लागि बाहिर पठाएको र घुस खाएकोले गर्दा आज इन्कम टेक्स लाग्यो। भारत सरकारलाई पनि यो गर्न कर लाग्यो। आज यो इन्कम टेक्स लगाउने मान्छेहरू कोही काँग्रेस भएका छन्, कोही संग्राम भएका छन्, हामी यसका लागि पूरा संघर्ष गर्छौं। किनभने सिक्किममा २/४ जना मान्छेले करचोरी गरेका हुनाले यो लगाउने भनिएको छ तर जसले चोरेको छ त्यसलाई सजाय देउ, जो चोर छ त्यसलाई कानून लगाउ तर २/४ जनाले करचोरी गर्दा सम्पूर्ण सिक्किमे जनतालाई सजाय दिनु भारत सरकारको गलत नीति हुनेछ। हामी धनी हुनका लागि हो - हामी फाइदा लिनका लागि भारतीय भएका हौं, तर टेक्स तिर्नका लागि होइन।

अर्को कुरा सिक्किममा सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा नारी जातिलाई समान हक दिने हाम्रो पार्टीको कार्यक्रम छ र यही अनुसार हामीले काम पनि गरिरहेका छौं। यो तपाईंहरूलाई सबै थाहा भएको कुरो हो। नारी जातिलाई सबै क्षेत्रमा बराबर हक दिने विचार छ। नारीलाई हक दिन्छु मात्र भनेर हुँदैन — लिन सक्नु पनि पर्‍यो। राजनीतिमा आउनु, पर्‍यो, नोकरी-चाकरीमा, शिक्षाको क्षेत्रमा, सामाजिक क्षेत्रमा, सबै क्षेत्रमा नारीहरू अघि बढ़नुपर्‍यो। नारीहरू, आमाहरू किन हेपाइत्मा छन्? कमाउने लोग्ने भएपछि भनेको कुरो मात्रै पर्‍यो! त्यसैकारण नारीहरू शिक्षा क्षेत्रमा अघि बढ़नु पर्दछ, राजनीतिमा अघि बढ्नु पर्छ। नारीहरूले पनि काम-घन्दा र व्यापार क्षेत्रमा अघि बढ़नु पर्दछ, पोलिटिक्समा आउनु पर्दछ। पोलिटिक्समा

आउन शरम नमान्नु - राम्रो काममा अघि आउनु, भाषण गर्नु, नेतागिरी गर्नु, हाम्रो पार्टीमा आउनु, हामीलाई खुशी लाग्छ — तपाईंहरूलाई स्वागत छ। नारीहरूको सुरक्षा दिने हाम्रो पूरा विचार छ।

हाम्रो सरकार आएपछि सिक्किममा कसैले घरमा ढुँगा हान्यो भन्ने सुनिएन। सिक्किममा सरकार आएपछि एस० डी० एफ० पार्टीले सिक्किममा धूलो उड़ाउँछ, मान्छे कुट्छ, यहाँ भयङ्कर आतंक फैलिन्छ भन्ने विपक्षी मान्छेले भन्दथे। एस० डी० एफ० पार्टी भनेको चाहिं सड़ेको पार्टी भन्थे होइन? एस० डी० एफ० पार्टी भनेको चाहिं सड़ेको पार्टी भन्थे होइन, अहिले चाल पाउनु भयो? यो पार्टीचाहिं साँच्चै सड़ेको, गलेको फाटेको र टालेको पार्टी रहेछ त? गरीबका लागि काम गर्नु पर्‍यो नि त। सिक्किम बनाउने, सड़ाउनेहरू बाट मुक्ति दिलाउने पार्टी यो आज भएको छ। यो सरकार आएपछि जनतामा कति शान्ति छ। आज जनता सबै खुल्ला छन्। गरीब निमुखाहरूलाई धम्कि छैन, झगड़ा छैन। संग्रामको पालामा जस्तो पार्टीका मान्छेलाई गालि दिने, धम्कि दिने चलन छैन। त्यस्तो मान्छे हाम्रो पार्टीको नभएर हाम्रो दुश्मन हो — जनताको दुश्मन हो। हाम्रो पार्टीका मान्छेले कसैलाई धम्कि दिनु हुँदैन - यो पार्टी जनतालाई सुरक्षा गर्ने हो, जनतालाई अत्याचार गर्ने होइन। अनि नेता भन्ने कुनै ठाउँको किन नहोस्? गाउँको होस् कि, बजारको होस् कि, स्टेटको होस् कि मुख्यमन्त्री नै किन नहोस्, नेताको काम जनतालाई बाटो देखाउनु हो। नेताले जनताको सुरक्षा गर्नु पर्दछ, जनतालाई राम्रो बाटोमा लालु पर्दछ, जनतालाई खुशी र स्वतन्त्रता दिनु पर्दछ, जनताको मान मर्यादालाई उँचा राख्नु पर्दछ, जनतालाई सुख र शान्ति दिनु पर्दछ नेताले। तर जनतालाई धम्कि दिनु, हेला गर्नु, जनतालाई तर्साउनु — डराउने बनाउने नेता होइन — त्यो डाकू हो।

अर्को कुरा पैलाको जति पनि चोरी केश लागेका, कतिजनालाई सी० बी० आई० लागेको छ। अस्ती गान्तोकमा सी० बी० आई० को फैसला भयो। कस्तो फैसला भयो भने चार्ज फ्रेम भनेको चाहिं केश लागेको छ र यसमाथि अब केश हुन्छ। यो भण्डारीलाई भन्ने ठाउँ छैन उसलाई केश लागेको छ र हिसाब किताब हुँदैछ - सबूत प्रमाणहरू जम्मा हुँदैछन्। भण्डारीले भ्रष्टाचार गर्‍यो उसलाई लाग्यो र जसले चोर्छ-उसलाई लाग्छ। हामीले पनि काम बिगार्‍यौं भने मलाई पनि लाग्छ, मेरा साथीभाइलाई पनि लाग्छ त्यो चाहिं सबैलाई लाग्ने कुरो हो। त्योहुँदा यो जसले चोर्छ

उसलाई लाग्छ। जात नमिलाउँ, नीतिको पछि लागौं, सिद्धान्तको पछि लागौं। यहाँ १५ अगस्तमा सलामी थाप्छु होइन सी० बी० आई० ले पो सलाम दियो त भण्डारीलाई। सी० बी० आई० लाग्यो। अहिले भण्डारी शरमले लुकेर दिल्ली गएर अस्ति आएको छ। दिल्ली गएर लुकेर बस्नु पर्‍यो, यहाँ मुख देखाइसक्नु भएन, सी० बी० आई० परिहाल्यो। उसले ४/५ जना, १०/१२ जना मतियारहरू लिएर गएको रहेछ अस्ति कोर्टमा। सी० बी० आई० केश जित्यो भने जिन्दावाद भनुँला भनेर। केश लाग्यो भनेर फैसला भए पछि त.......के भन्नु र! नीलै भएर फर्किएछ।

हाम्रो सरकार आएपछि सिक्किममा गाउँकै गरीब – दुःखी जनताले पाउन् भनी १० लाखसम्मको काम नेगोसिएशनमा दिइँदैछ। यस्ता काम पाउनु पर्ने गरीब, दुःखी, युवा र चेलिहरूले पाउन्। धनी र चोरहरूका थिचोमिचोमा नपरोस् र हाम्रै मान्छेले गरिखाउन् भनेर १० लाखसम्मको का नेगोसिएशनमा दिने, पंचायतको हकमा दिने भनेर गरेका थियौं। तर यही मान्छेले केश गरेर अहिले सिक्किममा नेगोसिएशन दिने नपाउने बनायो। सिक्किममा नेगोसिएशन पूरै उड़ायो! अब पंचायतको हक पनि खोसियो, गरीब, दुःखीको हक पनि खोसियो, भण्डारीले गरीबको भाग्य खोस्यो। पाइहालेको खानने भाग खोस्यो। पस्किएर खान लागेको भाग खोसेर भण्डारी गयो। यो चुनावमा भोट दिएन भनेर यसले साटो फेरेको होला, हेर्नुहोस् तपाईंहरूले। नेता भएपछि त जनताको हक दिनु पर्दछ हक खोस्नु होइन। यो असतीले चाहिं सिक्किमे जनताको हक खोस्यो।

भ्रष्टचार हामी एकदमै बन्द गर्ने पक्षमा छौं। यसमा गाउँका मानिसहरूले पनि सहयोग गर्नु पर्छ। गाउँमा जतिपनि विकासको काम आउँछ, पानी आउँछ, बाटो आउँछ, कन्स्ट्रक्सनको काम आउँछ, स्कूल रिपेयर, स्कूल बिल्डिङ बनाउने जति पनि कामहरू, भिलेज रोड़हरू पनि आउँछन्, ती कामहरू चाहिं प्रत्येक जनताका विकास हुन्। तपाईंहरूको जिम्मेवारी हो ती कामहरू पंचायतले राम्रो हेर्दैछन् के? एम० एल० ए० - हरूले राम्रो हेर्दै छन् के? कामहरू राम्रोसँग हुँदै छन् के? राम्रोसँग हेर्नु पर्छ र ठीक भएको रहेनछ भने तपाईंहरूले विरोध गर्नु पर्दछ, सरकारलाई भन्नु पर्दछ, खबर दिनु पर्दछ। तपाईंहरूको अधिकार छ, कुनै सरदार आए पनि तपाईंहरूले सोध्नु पर्दछ, कति लाखको काम हो? त्यसले काम गरेर पैसा लाँदैछ कि काम नगरी पैसा लाँदैछ? कति विरूवा रोप्यो? कति देवालहरू लगायो, कति पैह्रोको काम गर्‍यो?

सबै हेर्नु पर्छ - यो तपाईंहरूको पनि जिम्मेवारी हो। काम नगरीकन खानु र जनताको पैसा हिनामिना गर्नु भ्रष्टचार हो। बजेटको पैसा हिनामिना गरेर खानु पनि भ्रष्टचार हो। भ्रष्टचार भनेको चाहिं पैसामा पनि हुन्छ — विचारमा पनि हुन्छ। जनतालाई ठग्नु जनतालाई गल्ती कुरा भन्नु, बाठोले लाटोलाई ढाँट्नु पनि भ्रष्टचार नै हो। मानसिक भ्रष्टचार, आर्थिक भ्रष्टचार रोक्ने राम्रो विचार छ - यसमा तपाईंहरूले हामीलाई साथ दिनु पर्दछ। हामीले मानसिक भ्रष्टचारलाई पूरै रोकेका छौं। तपाईंहरूको मानसिक शोषण र भ्रष्टचार हामी गर्दैनौं। राजनीतिक भ्रष्टचार रोक्ने जिम्मा र हक तपाईंहरूमा छ।

हाम्रो पार्टी भनेको नीतिको पार्टी, सिद्धान्तको पार्टी हो। यो पार्टी राजनैतिक दृष्टि र कार्यक्रम भएको पार्टी हो। यो पार्टीले आफ्नो नीतिलाई मान्छ। हाम्रो पार्टीमा नीति प्यारो छ, हामीलाई हाम्रो जनताको हित प्यारा छ, हामीलाई चौकी र सरकार हाम्रो पार्टी बनाएका छौं यसमा सिद्धान्तवादी नेताहरूको जरूरत छ। हाम्रो पार्टीमा प्रवेश गर्नेहरूलाई खुल्ला छुट र स्वागत छ, तर जातिवाती, भ्रष्टचारी, अन्यायी पृष्ठभूमि भएका नेताहरूलाई हामी पार्टीमा पस्न दिंदैनौं, दिएनौं पनि। यो पार्टीमा सिक्किमे जनताका लागि जग्गा छ। सिक्किमको लागि सोच्ने मान्छेका लागि जग्गा छ सिक्किमे जनताका लागि सोच्ने मान्छेको लागि जग्गा छ। त्यसैले हाम्रो पार्टीमा जोसुकै मान्छे आउन पाउँदैन, छानेर हाम्रो राम्रो नीति मिल्ने मान्छेलाई मात्र हाम्रो पार्टीमा स्थान छ।

यो पार्टीको इज्जत छ, यस पार्टीमा मर्यादा छ, यो पार्टी भनेको सिक्किमे जनताको नीतिको पार्टी हो। हामीलाई प्राणभान्दा प्यारो यो पार्टी छ। तपाईंहरू जो यो पार्टीका हुनुहुन्छ खुशी हुनु पर्दछ। तपाईंहरूले काम पाएको छैन होला, तपाईंहरूले केही पाएको छैन होला, बुझ्नुहोस् हामीले कामको निम्ति पार्टी बनाएको होइन, भ्रष्टचार गर्नका निम्ति यो सरकार बनाएको होइन। हामीले सरकार किन बनायौं? सिक्किममा सिक्किमे जनताको हक पाउनु पर्दछ। यहाँ सिक्किमको गरीबले बाँच्न पाउनु पर्दछ। सिक्किममा मेहनत गर्नेको नाउँ हुनु पर्दछ सिक्किममा सत्यको जीत हुनुपर्दछ। असत्यको हार हुनु पर्दछ। यहाँ धर्मको जीत भएर पापको नाश हुनु पर्दछ भनेर हामीले यो पार्टी त्याएका हौं - उच्च विचार लिएका हौं। हाम्रा नेताहरूले यो पाएन त्यो पाएन भनेर रिसाउनु हुँदैन किनभने अझै ५ वर्ष छ, यो ५ वर्षमा

हामीले जे पाए पनि बराबरी पाउँ, बराबरी पाउनु पर्दछ र बराबरी पाएको छ। सबैको पालो आउँदछ। हेर्दैजाउँ-गर्दैजाउँ, अझै अघि बढ़ौं। हामीले अझै क्रान्ति गर्नु छ, विचारमा परिवर्तन ल्याउनुछ। सिक्किमलाई राम्रो बनाएर यहाँ धेरै परिवर्तन गर्नुछ। आज अफिसरहरूको विचार फेरिन पर्दछ, यहाँ पंचायतहरूको विचार फेरिन पर्दछ, विद्यार्थी, बुद्धिजीविहरूको विचार फेरिनु पर्दछ, जनताको विचार फेरिन पर्दछ, अनिमात्र व्यवस्था फेरिन्छ। त्यसका लागि हामीले संघर्ष गर्नु पर्नेछ। अझै मैले चाहेको, मैले खोजेको, मैले ताकेको, मैले हाँकेको र मैले दिशा निर्देश गरेको जुन परिवर्तनको कुरा छ त्यो पुगेको छैन। हामी हाम्रो लक्ष्यको गन्तव्यसम्म अझै पुगेका छैनौं। हामीले सोचेको सुखी र सम्पन्न सिक्किम अझै बनिएको छैन, त्यसकारण अझै हामीले संघर्ष गर्नु पर्नेछ। अझै हामीले नीतिको लड़ाई लड्नु पर्नेछ। अझ हामीले विचारको लड़ाई लड़नु पर्नेछ। यसका लागि तपाईंहरू सबैजना तत्पर भएर रहनु पर्नेछ भन्ने तपाईंहरूलाई आव्हान गर्न चाहन्छु।

सारा सिक्किममा हाम्रा कार्यकर्ताहरू जिल्ला कमिटी, सेन्ट्रल कमिटीका मेम्बरहरू, तपाईंहरू सारा गाउँ गाउँ गएर जनतालाई हेर्नु पर्दछ, जनतालाई सम्झाउनु-बुझाउनु पर्दछ, जनताको गुनासो बुझ्नु पर्दछ, जनताको दुःख बुझ्नु पर्नेछ। यो कुरा तपाईंहरू सबैले मनमा राखेर सारा सिक्किम तपाईंहरूले घुम्नु हुनेछ र १५ – दिन भित्रमा सबै के के छ रिपोर्ट लिएर आउनु हुनेछ भन्ने पनि म तपाईंहरूलाई निर्देश गर्न चाहन्छु। तपाईंहरू सबैलाई आव्हान पनि गर्न चाहन्छु कि गाउँमा गएर तपाईंहरूले सही चित्र, गाउँको सही रिपोर्ट लिएर आउनु पर्नेछ, गाउँमा के भइरहेको छ, के दुःख छ? के पाए, के पाएनन्? कहाँ के गर्नु पर्ने? कहाँ के पाउनु पर्ने यी कुराहरूलाई मनमा लिएर भोलिदेखि तपाईंहरूले काम गर्नु हुनेछ भनी म आव्हान गर्दछु।

सिक्किममा जो व्यापारी दाजुभाइहरू हुनुहुन्छ, तपाईंहरूलाई हामीले राम्रो सोचेका छौं। तपाईंहरूले पनि राम्रो गरिदिनु भयो भने राम्रो हुनेछ। त्यति हो कि व्यापारीहरूले पनि आफ्नो विचारधारालाई बद्लिएर सबैले सिक्किमको विकास र प्रगतिबारे सोचि दिनु पर्दछ। तपाईंहरूले यहाँ शान्तिपूर्वक बाँच्नु हुँदैछ। हामीले पहिले पनि भनेका थियौं कि 'कम खाना बनारसमे रहना' त्यसैगरि तपाईंहरूले पनि हाम्रो सरकारमा बेसी खाने सोच्नु हुँदैन, कम खाना बनारसमे रहना भनेजस्तो यहाँ सबैले

खान पाउनेछ, शान्तिसँग बस्न पाउने तर धेरै चाहिं नपाउने। हाम्रो सरकारमा तपाईंहरू कुनै पनि कार्यकर्ता कुनै पनि नेता र कुनै साथीहरूले पनि नसंझिनु होला कि म पनि पहिलाको सरकारमा जस्तै करोड़पति हुन्छु, लाखौंलाख कमाउँछु भनेर कुनै कार्यकर्ताले नसंझिनु। हाम्रो कार्यकर्ताहरूले त संझिनु पर्दछ कि सबैले बराबर हक पाउनु पर्दछ। सुरूबुरू चल्ने हुनु पर्दछ, सबैको एउटा सानो छाप्रो होस्, गरीबको पनि एउटा घर होस् भन्ने सोच्नु पर्दछ। यहाँ २/४ बिल्डिङ र टाटा थप्छु भनेर नसोच्नुहोस्, हाम्रो सरकारमा यस्तो हुँदैन। सरकारमा छ भन्दैमा ध्वाप्प खान पाइँदैन। हामी चाहन्छौं के भने सिक्किममा जति पचाउन सकिन्छ – त्यति मात्रै खानु पर्दछ। पहिलाको सरकारमा जस्तो अपच खानेले खायो –नपाउने भोकै बस्यो हुँदैन। हाम्रो सरकारमा कोही भोको नबसोस् र कोही अपच नहोस् भन्ने छ। पहिलाको सरकारमा ज्यादै अपच खायो-अपच खानेलाई हार्ट एट्क अहिले हुँदैछ। कसैलाई डाइबिटीज हुँदैछ, सी० बी० आई० लागेको अपच खाएर हो यो। अफिसरलाई हामी हार्ट एटेक गर्न लगाउँदैनौं बरू निरोगी र स्वस्थ बनाउने, पच्दो स्वस्थ खान दिने अपच खान नलगाउने। यसरी हामीले सबैलाई बराबर गर्ने अनि हाम्रो पार्टीको जति पनि साथीहरू हुनुहुन्छ, तपाईंहरूले पनि थोरै खान पर्दछ पहिलाको सरकारको जस्तै सोच्ने हो भने दुःखी होइन्छ। त्यसो सोच्ने मानिसहरू हाम्रो पार्टीमा भए पनि हाम्रो नीति मिलेन। हाम्रै पार्टीमा भए पनि त्यो मान्छे हाम्रो संघर्ष र विचारको साथी भएन। त्यसो हुँदा हाम्रो पार्टीमा नेताको साथी मात्र होइन, नीतिको साथी चाहिएको छ, विचारको साथी चाहिन्छ। मिल्ने सहयोद्धा र क्रान्तिकारी प्रजातन्त्रका योद्धाहरू हामीलाई चाहिएको छ। यो पनि तपाईंहरूले बुझिदिनु हुनेछ र हामीले चाहेको यही हो।

यो भेटमा सरकारले गरेका काम, गरिने काम, विकासका काम, नीतिका कुरा सबै मैले तपाईंहरूलाई बताएँ, यी कुराहरू तपाईंहरूले मनमा लिई राख्नुहोस्। तपाईंहरूले हाम्रो काम हेर्दै जानुहोस्। हामीले अझै धेरै कामहरू गरेर तपाईंहरूलाई सुख र शान्ति दिने सोचेका छौं। तपाईंहरूले आशीर्वाद दिनुहोस्, हामीलाई सहयोग गर्नुहोस्, हामीलाई प्रेरणा दिनुहोस् र तपाईंहरूको काम अझ बेसी गर्ने हामीमा शक्ति आओस्। हामीले सिक्किम र सिक्किमे जनताको भविष्यलाई राम्रो दिशामा अझै अघि बढ़ाउने हामी शक्ति आओस्। हामीमा पनि साँचो भावना छ, पक्का इरादा छ,

इमान्दारिता छ, कि सिक्किममा राम्रो काम, सिक्किमेलाई राम्रो बाटोमा लैजाउँ, सिक्किमे जनताको साँचो सेवा गरौं। सबै सिक्किमे जनतालाई खुशी राखौं र सबै सिक्किमे जनतालाई सम्पन्न पारौं भन्ने हाम्रो विचार छ। हामी चाहन्छौं प्रत्येक सिक्किमे जनताका अनुहारमा मुस्कान होस्, प्रत्येक सिक्किमे जनताका मनमा शान्ति होस् भन्ने हामी चाहन्छौं र यस विचारलाई अघि बढ़ाउँ र सबैजनाले आज प्राण गरेर जाउँ। प्रत्येक सिक्किमे जनताले यी विचारहरू मनमा लिएर जानुहोस् कि हामी न्यायको समर्थन गरौं। अत्याचारको विरोध गरौं।

# दिशा – निर्देश

(जिल्ला स्तरीय नेता तथा कार्यकर्त्ताहरूको कार्यशालामा पार्टी अध्यक्ष
श्री पवन चामलिङको सम्बोधन,
जनवरी ५, १९९६ – मिन्तोगाङ)

सहयोद्धा साथीहरू!

प्रजातन्त्रको निम्ति मरिमेट्ने संकल्पलाई पुनः एकपटक दृढ़तापूर्वक दोहोर्‍याउँदै तपाईंहरूमा न्यानो अभिवादन व्यक्त गर्दछु।

राज्यको कहाली लाग्दो राजनैतिक परिस्थितिमा गठन गरिएको हाम्रो पार्टी सिक्किम प्रजातान्त्रिक मोर्चाले अब तीन वर्ष पूरा गर्दैछ। हाम्रो नेतृत्वमा छेड़िएको आन्दोलनले सत्ता परिवर्तन गरेपछि हामीले  सत्ता सम्हालेको पनि पूरा एक वर्ष भइसकेको छ। यो छोटो तर अत्यन्त महत्त्वपूर्ण समयावधिलाई गम्भीर रूपले सिंहावलोकन गरी पार्टी, पार्टीको लक्ष्य, पार्टीको कार्यदिशा तथा कार्यप्रणालीप्रति गहन छलफल गर्नु जरूरी भएकोले यहाँ यो सम्बोधन कार्यक्रम राख्नु जरूरी पार्टीले महसुस गरेको कुरा म उपस्थित साथीहरूलाई अघिबाटै स्पष्ट पार्न चाहन्छु।

पार्टी नेतृत्व एवं पार्टी कार्यकर्त्ताहरूको निःस्वार्थ, निश्कपट र निर्भयतापूर्ण एकजुटताको अभिव्याक्तिको रूपमा हाम्रो पार्टी अस्तित्वमा आएको थियो। साझा समस्याहरूलाई साझा ढंगले सम्हाल्न र जनताका वैरीहरूद्वारा खोसिएका जनताका हक-अधिकारहरूलाई रक्षा गर्न हामी पार्टीप्रति आबद्ध बनेका हौं। व्यक्तिगत स्वार्थ, आकांक्षा वा लिप्साले नभएर सामूहिक र साझा प्रगतिको उद्देश्यले पार्टीको गठन एवं परिचालन हामीले गरेका हौं।

त्यसैले सिक्किम डेमोक्रेटिक फ्रण्टको गठन गर्दा यसको मुटुमा सत्ता र चौकी थिएन। र आज पनि हाम्रो पार्टी सत्ताको लागि छैन। र हुनु हुँदैन पनि। गरीबवादी सिद्धान्त, नीति र आदर्शसहित पार्टीको गठन गरिएको हुँदा हामीले सत्ता लोलूपतालाई शुरूबाटै अस्वीकार गरिदिएका हौं। पार्टीको उद्देश्य सत्ताभन्दामाथि जनताको साँचो हित गर्ने भएकैले आज सत्तामा पुगेर मात्रै हामीले सुन्तुष्ट हुनुछैन, सन्तोष र सुखको अनुभूति गर्नु हुँदैन।

हामीले क्रान्तिको नारा दिएर पार्टी शुरू गरेका थियौं। क्रान्ति गरेर सिक्किमलाई नयाँ बाटो दिने उद्देश्यले हाम्रो पार्टीको जन्म र राजनीतिक यात्रा शुरू भएको थियो। क्रान्ति क्षणिक र एकाएक समापन हुने क्रिया नभएर सतत एवं दीर्घजीवी प्रक्रिया हुने हुँदा हाम्रो क्रान्ति अझै सिद्धिएको वा पूरा भएको छैन। हिजो हाम्रो क्रान्ति प्रजातन्त्र पुनर्वहालीको लागि थियो, आज हाम्रो क्रान्ति प्रजातन्त्रको सुदृढ़ीकरण तथा संस्थागत स्थायीकरण गर्ने हुनु पर्दछ।

सिक्किमे जनगणको भयावह वर्तमान जीवन स्थिति र सिक्किमको भावी नियतिप्रति अथवा भविष्यप्रति चिन्ता राखेर, त्यसप्रति सरोकार राखेर हामीले पार्टीको आधारशिला राखेको हुँदा पार्टी त्यस उद्देश्यबाट विचलित बन्नु वा पार्टी त्यस मार्गबाट भड्किनु हामी आफ्नो उद्देश्यमा विफल बन्नु ठहरिनेछ। त्यसैले पार्टीसँग सम्बद्ध यी सबै विषयहरूप्रति हाम्रा पार्टीका नेता तथा कार्यकर्त्ता साथीहरू संवेदनशील र जागरूत रहनु जरूरी छ। पार्टीका जीवन र भविष्यलाई नष्ट हुन नदिन हामी सबैले यी विषयहरूप्रति गम्भीरतापूर्वक आत्म-निरिक्षण र आत्म संशोधन पनि गर्दै जानु जरूरी छ।

नीति र उद्देश्य मात्र ठीक भएर पुग्दैन भन्ने कुरालाई हामीले बुझ्नु परेको छ। तिनलाई सम्प्रेषण गर्ने माध्यम पनि ठीक र सबल हुनुपर्दछ। पार्टी भनेको त्यही माध्यम हो। पार्टी नै ठीक-ठाक छैन भने जति नै राम्रो उद्देश्य र राजनीति भए पनि त्यो जनतासम्म पुग्न सक्दैन। हाम्रा विचार र राजनीति, हाम्रो सिद्धान्त र आदर्श यदि यदि जनतासम्म पुग्दैनन् भने हाम्रो उद्देश्य पनि कुइरोको काग झैं बन्न पुग्दछ। त्यसैले पार्टीलाई ठीक नगरीकन, संगठनलाई मजबुत नपारिकन उच्च आदर्श र विचारहरूलाई कार्यरूपमा सम्पादन गर्न सकिंदैन भन्ने निष्कर्षलाई हाम्रा पार्टीका साथीहरूले दह्रो गरी समात्नु पर्नेछ।

यो ठीक हो कि आज हामी सरकारमा छौं। तर यो भुल्न हुँदैन कि यो सरकार पार्टीले बनाएको सरकार हो। हाम्रो यहाँ सरकारको पार्टी छैन, पार्टीको सरकार छ। सरकार भए पनि सरकार नभए पनि पार्टी रहन सक्दछ, तर पार्टी नै गइसकेपछि सरकार रहने सवाल उठ्दैन। त्यसैले पार्टी-कर्मीहरूको लागि, राजनीति गर्नेहरूका लागि सरकार होइन, तर पार्टी ठूलो हो। सरकारले कुनै दिन पार्टी बनाउने होइन, तर जनता मिलेर पार्टी बनाउँछन् र त्यही पार्टीमार्फत् सरकार बनाउँछन् र

चलाउँछन्। सरकारले त पार्टी पनि चलाउँदैन, तर पार्टीले सरकार चलाउनुपर्छ। हामीले पार्टी नबनाएको भए सत्ता परिवर्तन हुँदैनथ्यो। जनताको रोष र आक्रोशलाई, जनताको असन्तुष्टी र अभावबोधलाई हामीले पार्टी मार्फत् सुसम्बद्ध गर्‍यौं, एकत्रित र घनीभूत पार्‍यौं - र त्यही विष्फोट भएर सत्ता परिवर्तन भयो। यो जनता आफैंले गर्न सक्दैनथे, पार्टी नभई यो सम्भव हुँदैनथ्यो। त्यसैले आज पनि हाम्रो उद्देश्यलाई सरकारमार्फत् सञ्चालन गर्न पार्टी नै प्रहरीको रूपमा जागो रहनु पर्दछ/सरकारलाई सही निर्देशन गर्न पार्टी सदैव सजग रहनु पर्दछ। यसैबाट बुझ्नुपर्दछ पार्टीको महत्त्व र महिना कति उच्च छ।

प्रजातान्त्रिक संघर्षको अग्निकुण्डमा समर्पित भएर होमिने कार्यकर्ताहरूको अतुल त्याग र बलिदानको सद्दे छोरो भएर आज राज्यमा प्रजातन्त्र आएको छ। यहाँहरूले ज्यान र धन-मालको बाजी लगाई बहाल गरेको प्रजातन्त्रलाई रक्षा, सम्बर्द्धन, विकास र विस्तार गर्ने जिम्मेवारी पनि आज पार्टीको हो। पार्टी नेतृत्व र पार्टी-कर्मीहरूको हो। प्रजातन्त्र बहाल भयो भन्नुको अर्थ नै पनि जनतामा जिम्मेवारी आयो भन्ने बुझ्नु पर्दछ। सबै स्तर र सबै क्षेत्रका जनता र नेता-कार्यकर्ता सबैमा आज जिम्मेवारी आएको छ, उत्तरदायित्व बढ़ेको छ। यो सिक्किमको भाग्य बनाउनेहरूको जिम्मेवारी हो; नयाँ, सुखी र परनिर्भर नभएको सुन्दर सिक्किम बनाउनेहरूको दायित्व हो। कार्यकर्ताहरूले हिजोको कठोर बलिदानको कुरोलाई मनमा आलै राखेर प्रजातन्त्रको फल सबै जनतामा बाँड्नु पर्ने जिम्मेवारी साझा जिम्मेवारी ठान्नु पर्नेछ। सबै सिक्किमे आत्म-निर्भर बन्नुपर्छ, सबै गरीब सिक्किमबासी सम्पन्न बन्नुपर्छ, अनि सरकारले दिइ आएको विकासका सहुलियतहरू समान रूपले वितरण गरिनुपर्छ, अभावग्रस्तले नै विकास वितरणमा प्राथमिकता पाउनुपर्छ। उत्पादनमुलक कामहरू थालिनु पर्छ र सबै सिक्किमेहरू मागिखाने नभई गरिखाने बन्नुपर्छ भन्ने कुरा हामीले कदाचित बिर्सनु हुने छैन।

सबैलाई थाहै छ कि सरकार गठन भएको छोटो अवधिमै हाम्रो पार्टी र सरकारले धेरै नै जनपक्षिय कामहरू गरिसकेको छ। चुनाउ अघि जनतालाई दिएका हाम्रा वचनहरू धेरैभन्दा धेरै पूरा भइसकेका छन्। चुनाउ-घोषणा पत्रमा उल्लेखित जनताका पक्षमा गरिनु पर्ने कामहरू धारावाहिक रूपमा पूरा भइराखेका छन्। गरीबी उन्मूलनकारी तथा जनपक्षीय कामहरू राज्यभरि नै जोड़तोड़ ढंगले भएका छन्। यी

कामहरूलाई तपाईंहरूले अरू व्यापक र सबल पारेर लग्नु हुनेछ भन्ने विश्वास मैले लिएको छु।

त्यसको साथै हाम्रो सरकारले गरेका जनपक्षीय कामहरूको सही-सही वितरण गाउँले जनसाधारणलाई दिनु हामीले भुल्नु हुँदैन। सरकारले गरेका र गर्न चाहेका कार्यक्रमहरूको जानकारी जनसाधारणलाई दिएर उनीहरूलाई पनि सरकार र पार्टीका काम कुरोहरूमा सहभागी बन्ने प्रोत्साहन, आँट र प्रेरणा हामीले जगाइदिनुपर्छ। गरीब निमुखा जनताको हितमा काम गर्ने हाम्रो सरकारप्रति जनसाधारणको सम्बन्धलाई हार्दिक र निकट बनाउन तथा उनीहरूका मनमा सरकार आफ्नै हो भन्ने भावना जगाउन हामीले हर-तरहले कोशिश गर्न सक्नु पर्दछ। यो जिम्मेवारी पनि हाम्रा पार्टी-कार्यकर्त्ताहरूको हो।

साँचो र सबल प्रजातन्त्रको पूर्वाधार अनुशासन हुनाले हाम्रा पार्टीका सर्वस्तरीय नेता र कार्यकर्त्ताहरूबाट फलामे अनुशासनको अपेक्षा म गर्दछु। हाम्रा पार्टी-कर्मीहरूबाट अनुशासनको पालन सही ढंगले हुन सक्ने भने हाम्रो प्रजातन्त्र मनपरीतन्त्रमा परिणत हुनेछ, अराजकतामा परिणत हुनेछ-जो कि हामी सबैको लागि दुःखद र अवाञ्छनीय ठहरिनेछ। पार्टीका साथीहरूले आफू स्वयं अनुशासनमा रहेर जनतासमक्ष अनुशासित बन्ने उदाहरण र प्रेरणा पेश गरून् भन्ने मेरो अभिलाषा छ। हाम्रा सभाहरूमा अनुशासनको घोर उल्लंघन हुने गरेको दुःखलाग्दा अनुभवहरू थुप्रै छन्। सभाहरूमा नेता बोलिरहेका र जनताहरू आफ्नै धून अनि भङ्गीमामा घुमिरहेका/डुलिरहेका देखिन्छन्। यस्तो अनुशासनहीनता क्रान्ति गर्ने पार्टीमा हुनु ठीक भएन। हामीले यस्ता खराबीहरूलाई आजै र समय छँदै निर्मूल पारिहाल्नु परेको छ। यसमा पथ-प्रदर्शक र नमूना हाम्रै कार्यकर्त्ताहरूले बन्न सक्नु पर्दछ। सबै जनतालाई मुख्यमन्त्रीले भेट्न सम्भव नहुँदा हाम्रा कार्यकर्त्ताहरूले नै जनतासँग प्रत्यक्ष भेटघाट गरी उनीहरूका सञ्चो-सुविधा, दुःखपीड़ा बुझेर तिनलाई पार्टी कमिटि पुर्‍याउने र साना तिना समस्यहरू आफै सुल्झाउने प्रयत्नसम्म गर्नु पर्दछ।

पार्टीभित्र सबै कार्यकर्त्ताहरूमा माया-स्नेह-श्रद्धा र स्वस्थ प्रतिस्पर्दाको भाव हुनु जरूरी छ। साना ओहोदाकाहरूले ठूला एवं माथिल्ला ओहोदाकाहरूलाई आदर गर्ने र त्यसरी नै माथिल्ला तहकाहरूले तल्ला तहकाहरूलाई माया गर्ने, सिकाउने गर्नु पर्दछ। भ्रातृत्व र आत्मीयतामा बाँधिएर तथा चेली-माइतीको साइनोमा गाँसिएर

पार्टी कार्यकर्त्ताहरूले जनहितको कार्य सम्पदान गरिएको हामी चाहन्छौं। एउटै घर-परिवार जस्तो मेल-मिलाप पार्टी कार्यकर्त्ताहरूमा आउन सक्नु पर्दछ-एकार्काको सुख-दुःखको साथी हामीले बन्न सक्नु पर्दछ। एक आपसमा मैत्रीपूर्ण-सह्रदयी र हार्दिकतापूर्ण सम्बन्ध स्थापित गरेर कामहरू गरिइनु पर्दछ। पार्टी-कर्मीहरूको आपसी मन-मुटावहरू भए एकार्कासँग बसेर सफाई गर्नुपर्छ। त्यस्ता मनमुटावहरू बाहिर सड़कमा उतारेर सार्वजनिक बनाइनु पार्टीको निम्ति घातक हुने हुँदा त्यस्ता कामहरूलाई पार्टी विरोधी काम भनी ठान्नुपर्छ। हामीले लक्ष्यसम्म पुग्नु धेरै ुहँदा होशियारीपूर्वक कदम बढ़ाउनु सक्नु पर्दछ।

सबै कार्यकर्त्ताहरू जनताका केही गरिदिने आशाका पात्र पनि हुन्। हाम्रा सबै कार्यकर्त्ताहरूलाई जनताले भेट्दा केही सहारा पाएको अनुभव गरून् भन्ने म चाहन्छु। जनताले आड़-अड़ेसो पाएको महसुस गरून् भन्ने म चाहन्छु। जनताको के कठिनाइ छ, पार्टी मार्फत जनताको के, कति गर्न सकिन्छ - आदि-आदि कुराहरूमा पार्टी कार्यकर्त्ताहरू सक्रिय बन्न सक्नुपर्छ। साथीहरूले आफ्नो आदर्शलाई जनतामा पेश गरेर जनताकै नजरमा आदर्श कार्यकर्त्ता बन्नु सक्नु भयो भने तपाईंहरूको सफलता त्यही हुनेछ। तपाईंहरू तयार बन्नु होस्-सारा सिक्किमको गाउँ-गाउँ पुगी पार्टीको प्रचार-प्रसार गर्न कम्मर कस्नु होस् र त्यहींबाट जनताको दुःख-कष्ट र वेदनालाई चिनेर-भोगेर फर्किनुहोस् — तपाईं जनताको मान्छे बनिसकेको हुनुहुनेछ-जनताको मान्छे!

मोर्चा सरकार बनेपछि कुनै जात-धर्म-पार्टीको भेदभाव नगरी विकास वितरण गरिएको छ। जरूरत भएकाहरू र गरीबहरू छानी-छानी सहुलियतहरू दिइएको छ। तरै पनि धेरै गरीबहरूले अझै बाटो बिराएका छन् अझै पनि दिग्भ्रमित छन्। जनतामा प्रचार-प्रसारको कमी र जनतालाई मार्गदर्शन गराउने कार्यमा हाम्रा कार्यकर्त्ताहरूको ढिला-सुस्तीले गर्दा यस्तो हुन गएको हो भने त्यो एकदमै नराम्रो हो। हाम्रा कार्यकर्त्ताहरूले यथोचित सूचनाहरू जनता समक्ष पुर्याउन ढिला सुस्ती गर्नु हुँदैन र जनताको मन जितेर सहयोग लिन पछि पर्नु हुँदैन।

हाम्रो पार्टी-पंक्तिभित्र वैचारिक परिवर्तन नभई त्यो जनतामा आउन सक्दैन। त्यसैले विचार, रहन-सहन, काम, सोंचाई र जीवन पद्धतिमा सबभन्दा पहिला परिवर्तन हाम्रै कार्यकर्त्ता र नेताहरूमा आउनु पर्नेछ। त्यति मात्र होइन हाम्रो उत्पादन

पद्धतिमा पनि परिवर्तन ल्याउनु जरूरी छ, त्यसैले हाम्रा साथीहरूले उत्पादन मूलक कामहरू पनि सिक्दै, सिकाउँदै अगाड़ि बढ्नु परेको छ।

राज्यको युवा पीढ़ी सुन्दर सिक्किम र सुखी सिक्किम बनाउने कार्यक्रमका मुख्य निधी र कारीगरहरू हुन्। सिक्किम निर्माणका सही शिल्पी हुनाकै कारण युवा-युवतीहरू ध्वंशात्मक प्रवृतिका वाहक नबनेर सिर्जनात्मकताका स्रोत बन्न सक्नु पर्दछ। सिक्किमलाई कुन ढाँचा र मोडेलमा ढालेर नयाँ सिक्किमको निर्माण गर्ने, त्यसको जिम्मेवारी युवापीढ़ीमा जान्छ। अतः हाम्रा सबै युवा-युवतीहरूले स्वस्थ प्रतिस्पर्द्धाको भावना राखी काम गर्न थालून् – पार्टीका साथीहरूले यो भावना सबै सिक्किमे युवा समुदायमा छरिदिनु पर्नेछ। ब्यांक लोन, ओभर ड्राफ्ट वा यस्तै 'इजी मनी' को मेशो युवाहरूलाई खुवाएर सत्ताको डकार आफू लिने घीनलाग्दो परम्परामा हामी छैनौं – पूर्व सरकारको त्यही षड़यन्त्रपूर्ण प्रलोभनले युवाशक्तिलाई दिशाहीन बनाएको छ। कमाण्डो र गुण्डा बनाएर हाम्रा युवाहरूका भविष्यमा ग्रहण लगाउने, प्रवृतिको पक्षमा पनि हामी छैनौं। हाम्रो चाहना नै युवाहरू सम्पन्न बनून्, परनिर्भर नहोऊन्, आफ्नो खुट्टामा आफै उभेर बाँचून् भन्ने छ। पार्टीका युवा कार्यकर्त्ताहरूले यस कामलाई सार्थक पार्नेछन् भन्ने म विश्वास राख्दछु।

पार्टीलाई बलियो बनाउने जिम्मेवारी सबै पार्टी कार्यकर्त्ताहरूले शिरोपर गर्नु परेको छ। पार्टी गाउँहरूबाट र निम्न स्तरहरूबाट बलियो भएर आएको छ भने मात्रै बलियो बन्न सक्दछ। धेरै समयसम्म पोलिएका, डामिएका र चित्ल्याइएका जनता सिक्किमभरि छन्-हामीले तिनीहरूको हितमा उभिन सक्नु पर्छ-हाम्रा कार्यकर्त्ताहरू उनीहरूका सुख-दुःखका भागीदार भएको हुनुपर्छ। जनताको मान्छे बन्नलाई जनताको मनोभावसङ्ग मिल्न सक्नु पर्दछ, उनीहरूसँगै घुलमिल भएर बाँच्न-हाँस्न सक्नु पर्दछ। यही प्रक्रियामा हाम्रा कार्यकर्त्ताहरू ठूला नेता बन्ने छन् र जनताको सहयोग जितेर पार्टीलाई मजबुत पनि पार्नेछन्।

पार्टीका साथीहरू गाउँमा जानुपर्छ, पार्टीको सदस्यता बढ़ाउनु पर्छ। नयाँ सदस्यता लिने र नवीनीकरण गर्ने काम व्यापक रूपमा गरिइनु पर्छ, र संग्रह गरिएको फण्ड जिल्ला वा केन्द्रीय कार्यालयहरूमा बुझाउनु पर्नेछ।

सदस्यता दिन वा अनुमोदन गर्दै जाँदा सम्बन्धीत गाउँमा भइरहेका विकासकार्यको रिपोर्ट पनि कार्यकर्त्ताहरूले लिनेछन्, गाउँका समस्याहरू बुझ्नेछन् र

तिनलाई पार्टीको माथिल्लो कमिटीमा बुझाउनेछन्। पार्टी कार्यकर्त्ताहरू सरकार र जनताबीचका साँधु पनि हुनाले सरकारका काम न नीतिहरू जनतालाई सुनाउने वा जनताका मर्का र असुविधाहरू सरकारमा पुर्‍याउने गरिइनु पर्दछ। पार्टीका पदाधिकारीहरूले पनि आफ्नो पदको जिम्मेवारी बुझेर पार्टीको हितमा काम गर्नु पर्नेछ। सबैले मिलेर गाउँले सभाहरू गर्ने, कोठे बैठकहरू गर्ने, पार्टीको कार्यशाला र शिवीरहरू राखेर विचारहरू आदान प्रदान गर्ने, भावनाहरू साटासाट गर्ने र जनगणलाई सुशिक्षित बनाउने कामहरू गर्नुपर्छ। हाम्रो सरकारको नीतिलाई मन पराएर हजारौं मानिसहरू पार्टीमा प्रवेश गर्दैछन्। हामीले नयाँ-पुरानो भेदभाव नगरी पार्टी र जनताको हितमा काम गर्नु पर्दछ।

म बारम्बार भन्ने गर्दैछु, मुख्य मन्त्री जनताका हेड-नोकर हुन्। अन्य मन्त्रीहरू जनताका नोकर र सहायक नोकहरू हुन्। विधायक र कार्यकर्त्ताहरू पनि जनताका नोकर नै हुन्। जनताको नोकर हुनुमा सम्मान छ, इज्जत र प्रतिष्ठा छ। हाम्रा जति पनि सरकारी कर्मचारी र पदाधिकारीगण हुनुहुन्छ, उनीहरू पनि जनताका नोकर हुन्। मालिक सबैको जनता हुन् – जनताले कसैबाट दग्दी र तिरष्कार नपाऊन्। जनतालाई न्याय-सुख र शान्ति दिन हामी नोकरहरूबाट कुनै किसिमको अभाव वा कसुर राख्नु हुनेछैन। हाम्रो सोंचाइको केन्द्रमा यो भावना र विचारले स्थान पाएपछि नै सिक्किममा वैचारिक क्रान्तिको साँचो शुरूवात हुनेछ। र त्यसैको आड़-आधारमा अन्य क्रान्तिको जग हाल्न पनि सकिनेछ। साथीहरूले जनताको सेवामा पाइने साँचो सुखको अनुभव गर्ने मानसिकता बनाउनु पर्नेछ। जनताको सेवा गर्दा पाइने सुख पैसाले किनेर पाउन सकिंदैन। त्यो आत्म सुखको निम्ति पार्टी कार्यकर्त्ताहरूले काम गर्नु पर्नेछ। हाम्रा साथीहरूले गाउँले जनताको मनभरि अँटाएर बस्न सक्ने भई काम गरे नै यो अमूल्य सुख प्राप्त हुनेछ। दिनुमा जो सुख छ, लिनुमा त्यो कहाँ? - यो आनन्द प्रत्येकले उठाउन्!

सरकार बनेपछि जनताको काम गरी तेह्र महिनाको यात्रा सफलतापूर्वक हामीले तय गरिसकेका छौं। यो हामी सबैको सफलता हो र गर्वको विषय पनि। विपक्षीहरूले उठाइरहेको फ्याउरे गन्थनसँग र जात-पातको बकवाससँग हाम्रो कुनै मतलब छैन। हामी चुपचाप जनताको काम गर्दै अघि बढ्नेछौं। हाम्रा कार्यकर्त्ताहरू जनतासँग हेलमेल गरी एकाकार बनेर साँचो प्रजातन्त्रको लागि गाउँहरूलाई जगाउँदै

जानेछन्। जनताले हामीमाथि विश्वास र आस्था राखेका हुँदा विश्वासघात हामीले पनि गर्नु हुँदैन। सेवा र समर्पणको भावना मनमा राखेर जनताको काम गर्ने प्रण गरौं, त्यही हाम्रो जित हो, र कर्त्तव्य पनि। कर्त्तव्यको पथमा विचलित नबनौं – जित हाम्रो निश्चित छ - साना-तिना कुराहरूमा हार-हरेश खाने हुत्तिहार नबनौं।

नयाँ सालको शुभेच्छासहित पुनः एकचोटी जुझारू अभिवादन!

# जारी छ क्रान्ति, जारी रहनेछ
## (चौथो प्रजातन्त्र दिवसको संदेश)
## ४ मार्च, १९९६

आदरणीय सिक्किमे जन - समुदाय,

क्रान्तिकारी अभिवादन।

गरीब दुःखीहरूलाई न्याय दिन अनि हाम्रो राज्य सिक्किममा साँचो जनताराज कायम गर्न सिक्किम डेमोक्रेटिक फ्रण्ट पार्टी स्थापना भएको आजदेखि चार वर्षको लग लाग्यो। ४ मार्च, १९९३ को दिन गुम्पा-घुर्बिसेमा हाम्रो पार्टी स्थापित भएर गाउँ-गाउँमा न्याय, समानता र जनताराजको तीन रंगे झण्डा फहराउन थालेपछि १५ वर्षसम्म जनतालाई गारी गर्ने, गरीबको भाग खोसिखाएर माटोउनेहरू विरूद्धको लँड़ाई शुरू भयो। एस० डी० एफ० ले चलाएको लँड़ाई विचारको लँड़ाई थियो, नीतिको लँड़ाई थियो र त्यो लँड़ाई थियो न्याय, समानता र प्रजातन्त्रको। यो संघर्ष गर्ने माँग गरीबहरू, थिचिएका र हेपिएकाहरूको माँग यसकारणले थियो कि पहिले सरकारमा बस्ने मान्छेले आफू र आफ्नै आसेपासेहरू पोसाउने मात्र गर्‍यो। उसले आफूलाई जनताले पाँच वर्षको निम्ति बनाएको सेवक नठानेर जनता नै उसले बनाएको जस्तो गर्‍यो। ३ दिने र अरूले चाहिं थापी खानुपर्ने, मागी खानु पर्ने, उसलाई खुशी पारेपछि कानून थियो। त्यस अपराधीलाई प्रजातन्त्रको क, ख पढ़ाएर हामीले गरीब र निमुखा बनाइएका सिक्किमे जनतालाई साँचो न्याय दिने सरकार बनाएका छौं। अहिले यहाँ कसैको गोजीको कानून नचलेर प्रजातन्त्र र संविधानले दिएको कानून (Rule of Law) चल्छ र अहिले हामी कानूनलाई कदापि गोजीको बन्न दिंदैनौं। यो सरकार जनतालाई अन्याय गरेर चिल्लो-चाप्लो बन्नेहरूको विरोधमा छ। यो गरीबलाई न्याय दिलाउने क्रान्तिको बाटोमा छ। नयाँ विचार, नयाँ सोंचाई र नयाँ व्यवस्था ल्याउने क्रान्तिमा छ अथवा हाम्रो पार्टी र सरकार न्यायको आवाज बनेर अन्यायको विरोधमा उठेको छ। अन्यायलाई खतम गर्ने हाम्रो अभियान भएकैले म बारम्बार भन्ने गर्दछु कि सरकार बनेर पनि हाम्रो क्रान्ति समाप्त भएको छैन। यो जारी छ सिक्किममा हाम्रो पार्टी साथै गरीबको सरकार गठन भएपछि धेरै राम्रा विचारको

बिरूवाहरू हामीले रोपेका छौं। हामी चाहन्छौं कि यी असल विचारहरूलाई जनताले जिम्मा लिऊन्, स्यहारून्, अनि सिक्किमलाई एउटा असल विचारको बगान बनाऊन्। आर्थिक, सामाजिक, सांस्कृतिक, वैचारिक तथा राजनैतिक प्रगति र समानताले नै यसकिसिमको स्थितिको सृजना सम्भव बन्दछ।

सिक्किमेहरूले आफ्नो सोंचाई र विचारलाई नयाँ बनाउने कार्य पनि क्रान्तिकै एउटा हिस्सा हो। पतित/गिरेको तानाशाहले सिक्किममा सड़ेको, डढ़ेको र गलेको विचार मात्र दिएकोले नै हो आज उ आफैं त न्यायलयमा घँड़ा टेक्न पुग्यो-पुग्यो, जनतालाई पनि संगाल पारेर आसे तथा मागी खाने बनायो। हिजो मानवीय र सामाजिक मूल्यहरूको जुन हदको विनाश सिक्किममा हुन पुग्यो, त्यो हाम्रो समयको सबभन्दा कालो पक्षको रूपमा आउँदो समयभरि कुख्यात हुने किसिमको छ। हामीले यस कुराबाट शिक्षा लिएर हाम्रो बर्बादीका सबै बाटाहरूलाई छेक्न सक्नु परेको छ। हामीले व्यक्तिको अथवा आफ्नो मात्र नभएर समूह, समाज, राज्य, वा राष्ट्रकै हक, हितहरूलाई बुझेर तिनको सम्वर्द्धनतर्फ पाइला चाल्नु परेका छ। स्वार्थी, व्यक्तिमुखी र आत्म-केन्द्रीक (Self Centred) विचार र भावनादेखि उक्लेर उदार बन्न सक्नु पर्दछ। सिक्किममा यही विचार परिवर्तन गर्न हामीले तीन वर्षअघि यो पार्टी खोलेका हौं। हामीले आफू खाएर अरूलाई थूक निलाउन होइन, आफू मोटाएर अरूलाई भोकै राख्नलाई होइन तर हामीले त आफूभन्दा गरीब, आफूभन्दा बेसहाराको निम्ति बोलिदिन, लड़िदनलाई यो पार्टी खोलेका हौं भन्ने कुरा पार्टीका सैब नेता, चेली, युवा र समर्थकहरूले आज सम्झिनुपर्दछ। हामीले आफूलाई एकपल्ट फर्केर हेर्नुपर्छ – कहीं हामीले बाटो त बिराएका छैनौं? हामीलाई हाम्रो सिद्धान्त र नीति, हाम्रो गरीबवाद र मानवतावाद हाम्रो ज्यानभन्दा प्यारो छ। प्रिय सहयात्रीहरू! बाटो कदापि नभुल्नुहोला!

सिक्किमे जातिको कुरा नगरेर जातको कुरा गर्नेहरू गत वर्ष यता सातो हराएर गाउँ गाउँमा आफ्नो सातो खोज्न झुट्टा, निराधार अनि जातवादी कमण्डलू लिएर अरख जगाउँदैछन्। नीतिका भिखारीहरू यस्तै हुन्छन्। उनीहरूको सातो यसकारण हरायो कि हामीले सिक्किमका भोटे, लेप्चा, शेर्पा, ट्राइबल-सेडुल्डकाष्टको उचित सुरक्षा साथै सबै सिक्किमेहरूलाई विचारको साइनोले बाँध्यौं - उसले जस्तो घाँटी निमोठेनौं - साङलो लगाएनौं, मान्छेलाई खोलामा बगाएनौं। हामीले त्यसैकारण

हो, आज ती हिजोका सर्वमान्यहरू अमान्य भए, सातो हराएका बटुवा बने। उनीहरू आज झूटको कमण्डलू लिएर मुट्ठीमा आफ्नै ढाँट राजनीतिको खरानी खेलाउँदै घुम्दैछन्। हामीले त कसम खाइसक्यौं। हामी जरा उखेलेरै छोड्छौं गरीब विरोधी अत्याचारी र भ्रष्टचारीहरूको। हामी छोड्दैनौं सिक्किम र गरीबको शुत्रलाई।

म फेरि पनि जोड़ दिएर भन्न चाहन्छु कि हाम्रो क्रान्ति सिक्किमेहरूको समूहबद्ध स्वरको नाउँ हो। यो स्वर अन्याय, अत्याचार र भ्रष्टचारको विरूद्ध लक्ष्यित छ। सिक्किमेहरूको साझा हक-हितको सुरक्षा गर्न हामीले चाहेको हुँदा हाम्रो क्रान्ति एक दुइ जनाको स्वार्थको घैंटो भरिदिने पक्षमा छैन। हाम्रो क्रान्तिले यस किसिमको लक्ष्य राखेकैले हामीले स्वार्थी बनेर, व्यक्तिगत फायदा र धन-दौलतको लालचमा फँसेर आफ्ना सह-नागरिकहरूको हित र हकहरूलाई मिच्न सक्दैनौं। हामी सोच्दछौं कि व्यक्तिगत फायदा र मुनाफाको लागि राजनीति गर्नु बेठीक हो, अनैतिक हो। हाम्रो विचारमा त्यसढंगले राजनीति गर्नु भनेको आफ्नो शरीर बेचेर वेश्याले पैसा कमाउनु जस्तै हो। राजनीतिक नेता र कार्यकर्त्ताहरूले आफ्नो पेशालाई वेश्यावृतिसँग अलग गर्न सक्दैनन् भने त्यो दुर्भाग्यजनक कुरो बन्ने छ। राजनीतिको फाँटमा उत्रेपछि धन कमाउने र मस्ती गर्ने होइन, परन्तु नाउँ र यश कमाउने, अरूलाई सेवा गर्ने ध्याउन्न राख्नु पर्दछ। आफूले लिने नभई अरूलाई दिने प्रवृतिको विकास हाम्रा नेता र कार्यकर्त्ता साथीहरूले अप्नाउनु पर्नेछ - यही आजको हाम्रो क्रान्तिको मूल सार हुनु पर्नेछ।

हामीले सिक्किममा आमदनी बढ़ाउने कुराप्रति विशेष ध्यान दिएका छौं। हामीले खर्च घटायौं, ड्रेश, एड्रेस दिन थाल्यौं। अधिको सरकारले बढ़ाउँथ्यो भने हामीले त चामलको दाम पनि घटायौं। तर खर्च घट्नुले मात्र आमदनी बढ्ने होइन। विकास होइन त्यो। हामीले बीऊ बिजन दिने, वैज्ञानिक खेति गर्ने, पशुपालन, वन-जंगलको रक्षा जस्ता धेरै कामहरू सिक्किमको भविष्यलाई राम्रो सोंचेरै थालेका छौं। सरकारको भकारीमा भएजति सहायता हामीले वितरण गरेका छौं। हामी हाम्रा प्रिय सिक्किमे जनता अझ जाँगरिला, आँटिला र हक्की भएको हेर्न चाहन्छौं।

हाम्रो राज्यको आयस्ता बढ़ाउन हामीले दिगो आमदनी हुने योजना थालेका छौं। हाम्रो सिक्किम सुन्दर छ। अरूले बेचेको सिक्किमको इज्जत हामी फेरि कमाउन चाहन्छौं। त्यसकारण सरकारले पर्यटन (यात्रीहरू घुम्न आउने प्रथा) विकासमा खूब

ध्यान दिंदैछ। एकपल्ट पर्यटनको क्षेत्रमा नाम चलेपछि सिक्किममा पर्यटन उद्योग एउटा दिगो उद्योग बन्नेछ। राज्यले आफ्नो सुन्दरताको भरमा नै असंख्य सम्पत्ति उपार्जन गर्नेछ। यस दिशामा हामीले काम थालेका छौं। सिक्किमलाई नै पर्यटन स्थल बनाउन चहान्छौं।

त्यसरी नै सिक्किममा भएका खोला-नालाबाट बिजुली उत्पादन गरेर पनि यस राज्यले धेरै कमाउन सक्नेछ। सरकारले त्यसैकारण बिजुली कारखानाहरू धमाधम बनाइरहेको छ।

हाम्रो सरकारले शिक्षालाई स्तरीय अथवा प्रभाविलो पार्न प्रशस्त काम गर्दैछ। हाम्रै राज्यमा अब डाक्टरी पढ़ाउने कलेज शुरू हुन लागेको छ भने नाम्चीमा नयाँ कलेज चल्दैछ। राक्दोङ-तिन्तेकमा संस्कृत महाविद्यालय र राज्यमा एउटा विश्वविद्यालय नै स्थापना गर्ने काम पनि हातमा लिइएको छ।

हामीले सिक्किममा महिलाहरूलाई आधा भाग दिने विचार लिएका छौं। सिक्किमे चेलीहरूको हक, इज्जत र मर्यादा कायम गर्ने कसम मैले लिएको छु। यस विचारलाई बचाउन र आफ्नो आधा भाग हक बचाउने काम मेरा आदरणीय चेलीहरूको हो - यो पार्टीको पूरै आधा भाग भइदिने जिम्मेवारि पनि उहाँहरूकै अंशबण्डामा पर्दछ। त्यसरी नै हामीले राज्यका युवाहरूलाई होनहार युवा बन्न प्रत्येक क्षेत्र र इलाकामा, प्रत्येक इलम र होड़मा उत्रिन, प्रतिशपर्धा गर्न र ठीक विचार र कर्मका मालिक बन्न बारम्बार अपील गरेका छौं। मान्छे आफ्नो कर्मले यस दुनियाँमा उभिन पर्दछ र उ विवेकले मात्र टिक्दछ भन्ने विचार धारण गरेर युवाहरु बढ़ी अध्ययनशील, जिज्ञासु अनि स्वावलम्बी वा गरेर खाने बनून् भन्ने मेरो आग्रह छ अनि उनीहरू सिक्किम कसरी राम्रो बनाउने भन्ने ठूलो विचारपट्टी लागून् भन्ने म चाहन्छु/ हाम्रो पार्टी चाहन्छ।

यहाँहरूलाई सरकारले गरेका र गर्न थालेका कामहरू विषयमा हाम्रा विधायकगण र नेताहरूले सविस्तार बताउनुहुनेछ।

आजको दिन हाम्रो चाड़ हो। आजको दिन सिक्किममा गरीबको भाग्य रेखा लेखेको दिन हो भने आजकै दिन हो गरीब विरोधीको हुकुम चलाउने लेखान्त मेटिएको पनि। सिक्किमेहरूको मुखको गाँस लुट्ने पापीको नाममा सिक्किमेहरूले

लामो निशानी लगाइदिएको दिन हो आज र यही दिनलाई गरीबको बोली फुटेको दिन भन्नु पर्छ। कमसेकम यति भन्ने नैतिक साहस गरेको छ पवन चामलिङले।

प्रिय सहयोद्धा चेली, युवा साथीहरू! पार्टीका नेता, नेतृगण र समर्थकहरू! हामीले जुन उच्च विचार लिएर एस० डी० एफ० पार्टी खोलेको थियौं। यो विचार हाम्रो माउ हो। त्यस आमा विचारको रक्षा गर्दै, त्यस महान विचारलाई अघि बढ़ाउन तपाईंहरू चोखो र निःस्वार्थ मन लिएर परिवर्तनको यो पुण्य-कर्ममा सामेल हुनुहुन्छ। त्यस विचारको जबसम्म हिजोको नराम्रो विचार, 'लुटि ल्यायो भुटि खायो' — जस्तो १५ वर्षे शासनको विचारलाई उखेलेर फ्याँक्दैन तबसम्म हाम्रो क्रान्ति जारी रहनेछ। हामी आफू केही बन्नलाई होइन तर सिक्किमलाई सुखी, सम्पन्न र आत्मनिर्भर बनाउन क्रान्तिमा छौं। हामी सरकारमा आएको आज केवल एक वर्ष दुई महीना र तेइस दिन मात्र हुँदैन। यति कम्ति समयमा हाम्रो सरकार धेरै भन्दा धेरै काम गर्न सफल भएको छ। भनिन्छ - रोम एक दिनमा बनेको थिएन - अथवा 'Rome was not built in a day' रोम बनाउँदा पनि निश्चयै धेरै परिश्रम गर्नुपर्‍यो र समय पनि लाग्यो। यदि अहिले नीतिको भिखारी बनेको हिजो गर्जि हिंड्ने तानाशाहले झैं भत्काउने काम गरेको भए रोम भत्काउन त्यति समय कदापि लाग्ने थिएन। मेरो तात्पर्य हो — बिग्रेको व्यवस्थालाई ठीक गर्न अलिक समय त लाग्छ नै। अनि हामीले असल काम थालेकोले तपाईंहरूले निश्चयै त्यो समय हामीलाई दिनुहुनेछ।

सिक्किम प्रजातान्त्रिक मोर्चाले थालेको यो महत काममा सिक्किमे जनगणको व्यापक समर्थन हामीले पाएका छौं। तर नीतिहीन शोषक र जन विरोधी-भ्रष्टचारीहरू जनताको अधिकारको पुनर्वहालीमा छट्पटिएर सरकारको उद्देश्यमा भाँचो हाल्ने काममा ज्यान छाड़ेर लागि परेका छन्। जात नहुने, पार्टी नहुने भ्रष्टचारी र अत्याचारीहरू नीतिको अभावमा जात-जातको कुरा गर्दै गरीबवादी पार्टीको विरूद्ध लाञ्छनाहरू लगाई हिड्दैछन्। यस्ता बेइमान र फटाहाहरूको निम्ति आपत्ति जनताले नै ल्याइदिने छन्। यस्ता-अत्याचारीहरू विपक्षमा मात्र हुन्छन् भन्ने कुरा होइन तर सत्तारूढ़ दलभित्र पनि पसेको हुन सक्छन्। अत्याचारी, व्याभिचारीहरू जहीं बसे पनि आखिर अत्याचारी र भ्रष्टाचारी नै हुन्छन्, तिनलाई नाङ्गोझार पार्ने काम जनताको हो। यस दिशामा सतर्क बनेर अघि बढ़न हामीले सक्नु पर्दछ। जनताको निम्ति गरिएको काम जन-विरोधीहरूका विरूद्ध हुन पुग्दछ। अतः म हाम्रा

पार्टीका सदस्य-समर्थकहरू सबैप्रति आव्हान गर्दछु, कि आगामी समयमा हामीले गर्ने काम, आचरण र व्यवहार नै जन विरोधीहरूको हल्ला र अफवाहको सही जवाफ बन्न सकोस्; न्याय, समानता र प्रजातन्त्रको समवेत आवाज नै आगामी वर्षको स्वर बन्न सकोस्!

गरीबवादी पार्टी चौथो जन्मदिवसको पुनित अवसरमा पुनः एक पटक यहाँहरू सबैमा न्यानो शुभेच्छा र जुझारू अभिवादन टक्राउँदछु।